# दोस्रो आवधिक योजना

## आ.व. २०८०/०८१ देखि २०८४/०८५







**उत्तरगया गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

लहरेपौवा, रसुवा

# दोस्रो आवधिक योजना
## आ.व. २०८०/०८१ देखि २०८४/०८५


**उत्तरगया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

| | | |
|---|---|---|
| प्रकाशक | : | उत्तरगया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लहरेपौवा, रसुवा, बागमती प्रदेश, नेपाल |
| फोन नं. | : | ०१०-५९२७७७ |
| ईमेल | : | info@uttargayamun.gov.np, uttargayarm@gmail.com |
| वेबसाइट | : | www.uttargayamun.gov.np |
| | | |
|---|---|---|
| सर्वाधिकार | : | उत्तरगया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय |

## अध्ययन समुह

| | | |
|---|---|---|
| १. डा. मानबहादुर वि.क | : | टोली प्रमुख तथा योजना विज्ञ; |
| २. श्री उपेन्द्र गौतम | : | अर्थशास्त्री तथा वित्तीय विश्लेषक विज्ञ; |
| ३. डा. चेतबहादुरपरियार | : | शहरी योजना तथा पूर्वाधार विज्ञ; |
| ४. श्री कर्णबहादुर नेपाली | : | समाजशास्त्री/सुशासन/संस्थागत विकास विज्ञ; |
| ५. श्री विकास ज्ञवाली | : | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विज्ञ; |
| ६ श्री सुनिलसन शाक्य | : | वन, वातावरण तथा विपद व्यवस्थापन विज्ञ |
| ७. श्री विष्णु वहादुर खत्री | : | जेसी विज्ञ |
| ८ श्री देवराज मल्ल | : | भौगोलिक सूचना प्रणाली (जीआईएस)/प्राकृतिक स्रोत विज्ञ |
| ९. श्री पुरुषोत्तम ज्ञवाली | : | कम्प्यूटर अपरेटर |

# उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

## मन्तव्य

नेपाली जनताको दशकौं देखिको वलिदानीपूर्ण संघर्षबाट प्राप्त संविधानसभाबाट संविधान जारी भएको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकार सहितको तीन तहको सरकारको व्यवस्था गरेको छ। तहगत सरकारको सञ्चालन सहकारीता, सह अस्तित्व र समानताको सिद्धान्त बमोजिम हुने व्यवस्था छ। संविधान निर्माण पश्चात तीनै तहको सरकार दोस्रो आवधिक निर्वाचन सम्पन्न गरी स्थानीय तहको कार्यकाल दोस्रो वर्षमा प्रवेश गरेको छ। संविधानको मर्म अनुसार नागरिकको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको तिव्र चाहना अनुसारको जग निर्माण गर्ने ऐतिहासिक अवसर अहिले हामी जनप्रतिनिधिहरुले प्राप्त गरेका छौं।

संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी स्वाधिन, समुन्नत तथा समाजवादउन्मुख अर्थ व्यवस्था मार्फत् समृद्ध नेपालको निर्माण गर्ने परिकल्पना गरेको छ । यसैगरी संयुक्त राष्ट्र संघद्वारा, सन् २०१६ देखि २०३० सम्मका लागि विश्वव्यापी विकास एजेण्डाको रूपमा विभिन्न १७ वटा दिगो विकासका लक्ष्यहरू निर्धारण गरिएका छन्। यसै सन्दर्भमा नेपाल सरकारद्वारा जारी गरिएको दीर्घकालिन सोच **सुखी नेपाली समृद्ध नेपाल** र वागमती प्रदेश सरकारद्वारा पहिलो पञ्चवर्षीय योजना मार्फत **सुसंस्कृत सुखी जनता : समाजवाद उन्मुख समृद्ध प्रदेश** को दीर्घकालिन सोचलाई पुरागर्ने दिशामा उन्मुख हुनु सबै स्थानीय तहको जिम्मेवारी रहन्छ। संघीय व्यवस्थाको महत्वपूर्ण आधारको रूपमा रहेको स्थानीय सरकारले पनि स्वाभाविक रूपमा माथि उल्लिखित संविधान र कानुनले निर्देश गरे अनुसारको नीतिसँग समायोजन हुने गरी दिगो विकासका लक्ष्य हासिल गर्न आफ्नो योजनावद्ध आवधिक र दीर्घकालीन योजना तर्जुमा गर्न आवश्यक छ।

उत्तरगया गाउँपालिका रसुवाको आर्थिक तथा हेडलाइट प्रा.लि., नेपालको प्राविधिक सहयोगमा उत्तरगया गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन वातावरण, विपद व्यवस्थापन र संस्थागत विकासका क्षेत्र समेटिने गरी विभिन्न चरणमा गाउँपालिकाका वडा तथा बस्तीहरूमा गइ विज्ञहरूबाट सुझावहरू सङ्कलन गरी उत्तरगया गाउँपालिकाको **समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयावासी** दीर्घकालिन सोच सहितको रणनीतिक योजनाको लक्ष्य उन्मुख दोस्रो पञ्च वर्षीय (आवधिक) योजना निर्माण गरिएको छ।

जैविक विविधताले भरिपूर्ण प्रचुर प्राकृतिक सम्पदा, ऐतिहासिक, धार्मिक र सांस्कृतिक विशेषताहरू भएको उत्तरगया गाउँपालिकामा जनताको सामाजिक न्याय सहितको समृद्धिको तीव्र चाहनाअनुसार योजनाबद्ध विकास गर्न यो आवधिक योजना मार्गचित्र हुनेछ। स्रोत र साधनहरूलाई आधारभूत तहमा रहेका जनताहरूको पहुँच र लाभ पुग्ने गरी उपयोग र विस्तार हुन सकोस। आर्थिक, सामाजिक र वातावरणीय पक्षको नकारात्मक प्रभाव न्यून हुने गरी दिगो विकासको सिद्धान्त अनुसार योजनाहरू तय गर्नको निम्ति यो दस्तावेज तयार गरेका छौं। यो आवधिक योजना उत्तरगया गाउँपालिकालाई समृद्ध बनाउने दोस्रो पञ्च वर्षीय योजना हो। यसमा सबै उत्तरगयावासी आदरणीय दाजुभाई तथा दिदी बहिनीहरु र सरोकारवालाको चासो हुनु जरुरी छ। यो आवधिक योजना तयार गर्नको लागि प्रत्यक्ष, अप्रत्यक्ष रूपमा योगदान गर्नु हुने विज्ञ विद्वानहरू, आम जनसमुदाय, यसमा आ-आफ्नो भूमिकामा रहेर योगदान दिनु हुने हेडलाइट प्रा.लि. नेपालका टोली प्रमुख डा.मानवहादुर बीके लगायत टिमका सम्पूर्ण सदस्यहरू, गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, सुरुदेखि नै सहयोग र सहजीकरण गर्नुहुने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, पहिलो पञ्च वर्षीय योजना निर्माण गरेर दोस्रो पञ्चवर्षीय योजना निर्माणको आधार तैयार गर्नुहुने गाउँपालिकाको पूर्व अध्यक्ष लगायत जनप्रतिनिधि र कर्मचारीहरु लगायत सम्बन्धित सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दछु।

**माधव प्रसाद अर्याल**
अध्यक्ष
उत्तरगया गाउँपालिका, रसुवा

# उत्तरगया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

# मन्तव्य

स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रदान गरेको अधिकारको क्षेत्रभित्र रही स्थानीय तहले प्रभावकारी सेवा प्रवाहको लागि योजनाबद्ध विकास गर्नुपर्ने मान्यताको आधारमा उत्तरगया गाउँपालिकाले समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयावासी भन्ने दीर्घकालीन सोचका साथ उत्तरगया गाउँपालिकाले आवधिक योजना निर्माण गरेको छ। यस आवधिक योजनाले उत्तरगया गाउँपालिकाको समग्र विकासमा ठोस योगदान पुऱ्याउन सक्नेछ भन्ने अपेक्षा लिएको छु। यस गाउँपालिकाको गरिवि निवारण, शिक्षा, स्वास्थ्य, पूर्वाधार लगायतका क्षेत्रमा गुणस्तर अभिवृद्धि सँगै आर्थिक र भौतिक पूर्वाधारका क्षेत्रमा थप जोड दिनुपर्ने भएको छ।

निरपेक्ष गरिबी, वेरोजगारी, युवा पलायन, कृषिमा घट्दो उत्पादकत्व र बढ्दो लागत, बजारीकरणको अभाव लगायत जलवायु परिवर्तनको प्रभाव र त्यसले ल्याउने गरेका नकारात्मक असर नयाँ संक्रामक रोग र महामारी, सामाजिक र लैङ्गिक विभेद प्रमुख  चुनौतीका रुपमा रहेका छन ।उत्तरगया गाउँपालिकाका जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, पत्रकार, सरकारी तथा गैरसरकारी संस्थाहरूले यस गुरु योजनाका लक्ष्यहरूलाई सफल पार्न हरेक वर्ष योजना तर्जुमा, कार्यान्वयन र समीक्षा गर्दा विगतमा भए गरेका प्रसंशनीय कार्यको आत्मबोध गर्ने, अपनत्व ग्रहण गर्ने र समेटेर सँगसँगै लैजाने कार्यमा सहयोग गर्न सवैमा विनम्रता पूर्वक अनुरोध गर्न चाहन्छु।

आवधिक योजनामा भएका योजनाहरूको कार्यान्वयनका पक्षमा गुणस्तरीय सुशासन र हाम्रो मर्यादालाई आत्मसात गर्दै योजनाको सफलताको लागि सकारात्मक र नकारात्मक पक्षको समीक्षा गर्दै गाउँपालिकाले तोकेको लक्ष्य अनुसार कार्यान्वयन पक्ष सफल र सक्षम वनाउनको लागि हामी सबै दृढ संकल्पका साथ अगाडि बढेमा विकासको प्रतिफल सबैले पाउने कुरामा दुईमत छैन। साथै गुरु योजना निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्ण जनता, गाउँ सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी र सहजीकरणमा सहयोग गर्नुहुने हेडलाईट प्रा.लि. र नेपालका सम्पूर्ण टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**चमेली गुरुङ**
उपाध्यक्ष
उत्तरगया गाउँपालिका, रसुवा

# उत्तरगया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

# मन्तव्य

उत्तरगया गाउँपालिकाले दिगो विकासका खाका निर्माण गर्ने र सोही अनुसार प्रभावकारी रुपमा विकास गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउन गाउँपालिकाको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना छनौट गरी आ.व. २०८०/०८१ देखि आ.व. २०८४/०८५ सम्मको ५ वर्षे आवधिक योजना निर्माण भएको छ। यस गाउँपालिकाको २० वर्षे गुरुयोजनाको मूल ध्येय समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयाबासी भन्ने नारालाई साकार पार्न विकास र समृद्धिका लागि पहिचान गरिएका प्राथमिकताहरू, किटान भएका कार्यक्रम तथा योजनाहरू र अनुमानित लागत समेत समेटेर पालिकाका सरोकारवालासँगको प्रत्यक्ष संलग्नतामा विषय विज्ञहरू मार्फत यो दस्तावेज तयार गरिएको छ। यो दस्तावेजमा उल्लेखित कार्यक्रमहरुको लागि गाउँपालिकाको स्रोत साधन मात्र अपुग हुने भएतापनि योजनाहरुको सङ्कलन गर्दा स्थानीय आवश्यकता र प्रस्तावित लक्ष्यमा पुग्नका लागि आवश्यक योजनाहरुको अनुमानति लागत सहित तयार गरिएको र कार्यान्वयनका क्रममा यस दस्तावेजमा उल्लेखित भने केही फरक रकम वास्तविक लागत रहने साथै संघ सरकार, प्रदेश सरकार, साझेदार संस्थाहरु, गाउँपालिका क्षेत्र कार्यक्षेत्र रहेका जलविद्युत आयोजना तथा अन्य योजनाहरुको लगानी साथै निजी क्षेत्रको लगानी समेतमा प्रस्तावित लक्ष्य हासिल हुने अपेक्षा गरिएको छ। यसको प्रभावकारिता स्थानीय स्तरमा त्यतिबेला मात्र देखिन जान्छ जति बेला यी सबै कार्यक्रमहरूमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वःस्फूर्त रूपमा अधिकतम जनसहभागिता, साझेदारी प्राप्त हुने गरी कार्यान्वयनमा जानेछ।

आवधिक योजना तर्जुमाका क्रममा विशेष सहयोग गर्नुहुने आदरणीय गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरू, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यबद्धता प्रर्दशन गर्नुहुने सबै राजनीतिक दलका नेतृत्ववर्गहरू, विषयगत दक्षता ज्ञान सहित रायसुझाव, सल्लाह प्रदान गर्नुहुने विषयगत कार्यालयका प्रमुख एवं राष्ट्रसेवकहरू आवधिक योजना तर्जुमामा खट्ने ५ वटै वडाका सचिव र कर्मचारी साथीहरू प्रति धन्यवाद् दिन चाहन्छु। साथै यस आवधिक योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने माननीयज्यूहरू, जिल्ला समन्वय समिति रसुवाका प्रमुख, रसुवा जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला स्थित सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनीधिहरू, विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरू र योजना तयार पार्ने सेवाप्रदायक हेडलाईट प्रा.लि. नेपालका टोली प्रमुख डा. मानबहादुर बीके लगायत प्राविधिक टिमका सम्पूर्ण सदस्यहरू लाई विशेष आभार प्रकट गर्न चाहन्छु।

**दिपक प्रसाद अधिकारी**
प्रमुख प्रशासकीय अधिकृत

# कृतज्ञता

उत्तरगया गाउँपालिकाको सर्वाङ्गिण विकासका लागि आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासको क्षेत्रगत गहन अध्ययन अनुसन्धान गरी पालिकाको आवधिक योजना निर्माण गरिएको छ। यो आवधिक विकास योजना २०८०/०८१-२०८४/०८५ तयार गरी उत्तरगया गाउँपालिकाको कार्यालयमा प्रस्तुत गरिएको छ।

विश्वव्यापी रूपमा सोच्ने, स्थानीय स्तरमा काम गर्ने (Think Globally, Act Locally) भन्ने मान्यतालाई आत्मसात गर्दै, विकासको योजना निर्माण गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयोग र अभ्यासबाट सिक्दै स्थानीय आवश्यकता र यथार्थतामा आधारित भएर गर्नुपर्दछ। जनप्रतिनिधिको परिकल्पना, जनताको आवश्यकता, श्रोत साधनको उपलब्धता र योजना विद्को विज्ञताका आधारमा विकास आयोजनाहरूलाई प्राथमीकरण गरी योजनावद्ध रूपमा कार्यान्वयन गर्दा दिगो विकासले मूर्त रूप लिन्छ। स्थानीय विकास स्थानीयकै सहभागितामा स्थानीयका लागि भन्ने मान्यतालाई स्वीकार गरी स्थानीय सीप, ज्ञान र प्रविधिको प्रयोग गर्दै मौलिकतामा ह्रास नहुने गरी विकास योजना निर्माण गनुपर्दछ। विकास आयातित र अन्ध अनुकरण हुनुहुँदैन। विकासले स्थानीय आवश्यकताको परिपूर्ति, आर्थिक उपार्जनमा सहयोग, रोजगारीको सृजना गरी जनताको समृद्धिको यात्रा तय गर्न सक्नु पर्दछ। स्थानीय स्रोत साधनको उचित प्रयोग गरी न्यूनतम लागतमा अधिकतम परिणाम निकाल्न सक्नुपर्दछ। विकास समन्यायिक तथा दिगो र स्थानीय कला, संस्कृति र मौलिकताको संरक्षण गरेर गर्नुपर्दछ भन्ने कुरालाई शिरोधार्य गरी यो आवधिक योजना तयार गरिएको छ।

यो आवधिक योजना तयार गर्ने क्रममा जनप्रतिनिधि र प्रतिनिधिमूलक जनसहभागिता, शिक्षा, स्वास्थ्य, कृषि र विकाससँग सरोकार राख्ने सरोकारवालाहरूको सक्रिय सहभागिता, सल्लाह, सुझाव र मार्गनिर्देशका आधारमा तयार गरिएको छ। यो योजना माथिबाट तल (Top-Down) नभई तलदेखि माथि (Bottom-up) को अवधारणामा तयार गरिएको छ। संघीयताको मर्म र भावना अनुसार तयार गरिएको प्रस्तुत योजनाको स्वामित्व उत्तरगयाबासी जनता र तिनीद्वारा निर्वाचित जनप्रतिनिधिले स्वीकार गर्नुहुनेछ भन्ने विश्वास लिएको छु। यो योजना कार्यान्वयनले समृद्ध उत्तरगया र सुखी उत्तरगयाबासीको दीर्घकालीन सोचलाई साकार पार्न सहयोग गर्नेछ।

उत्तरगया  गाउँपालिकाको आवधिक योजना तयार गर्ने अवसर प्रदान गर्ने गाउँपालिकाका परिवारप्रति हेड लाइट प्रा।लि। हार्दिक आभार व्यक्त गर्दछ। योजना निर्माणका क्रममा सकारात्मक र रचनात्मक सल्लाह, सुझाव दिनुहुने सम्पुर्ण व्यक्तित्वहरु गाउँपालिका परिवार, र अध्यक्ष श्री माधवप्रसाद अर्याल उपाध्यक्ष चमेली गुरुङ  प्रमुख प्रशासकीय अधिकृत श्री दिपक प्रसाद अधिकारी विषयगत समितिका संयोजकहरु सम्पुर्ण वडाअध्यक्षहरु कार्यपालिका सदस्यहरु सबै कर्मचारीहरु र राजनीतिक दल लगायतका सबै सरोकारवाला निकायहरु प्रति हेड लाइट प्रा.लि. हार्दिक कृतज्ञता ज्ञापन गर्दछ।

सूचना सङ्कलन तथा कार्यालयीय काममा सहजीकरण गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत श्री दिपक प्रसाद अधिकारी ज्यू, विभिन्न शाखाका शाखा प्रमुखज्यूहरू यो प्रतिवेदन तयार गर्दा महत्वपूर्ण सल्लाह सुझाव प्रदान गर्नु हुने यस आवधिक योजना निर्माणको प्राविधिक टिममा रहनु भएका डा. मानबहादुर वि.के. (पूर्व सचिव, नेपाल सरकार) प्रतिवेदन लेखन समूहका विद्वाा व्यक्तित्वहरु श्री उपेन्द्र गौतम, डा. चेतबहादुर परियार, श्री गणेश कुमार के.सी., पुस्तक चन्द लगायतका विज्ञहरुप्रति हेडलाइट प्रा.लि. हार्दिक साधुवाद व्यक्त गर्दछ।

**अध्ययन समुहको तर्फबाट**

**कर्णबहादुर नेपाली**
समाजशास्त्री/सुशासन/संस्थागत विकास विज्ञ;

# विषय सूची


**परिच्छेद १**

**आवधिक योजनाको परिचय र विधि**

१.१ परिचय १
१.२ पृष्ठभुमी १
१.३ आवधिक योजनाको उद्देश्य १
१.४ कानूनी तथा नीतिगत व्यवस्था २
१.५ अध्ययन विधि २
१.५.१ पूर्व अध्ययनहरूको पुनरावलोकन २
१.५.२ पूर्व योजना तयारी कार्यशाला गोष्ठी ३
१.५.३ आवधिक योजना तर्जुमाका लागि निर्देशक समिति तथा विषयगत उपसमिति गठन ३
१.५.४ तथ्याङक एवं सूचना सङ्कलन ३
१.५.५ तथ्याङक विश्लेषण ४
१.६ योजना तर्जुमाको प्रकृया ५
१.७ प्रारम्भिक मस्यौदा योजना लेखन, प्रस्तुति तथा छलफल ६
१.८ आवधिक योजनाको अन्तिम प्रतिवेदन प्रस्तुति तथा पेश ६
१.९ प्रतिवेदनको संगठन ७
१.१०. उत्तरगया गाउँपालिका विकासका मार्गनिर्देशक सिद्धान्तहरु ७
१.१०.१ राष्ट्रिय सोच ७
१.१०.२ राष्ट्रिय दीर्घकालीन रणनीति ७
१.१०.३ दिगो विकास ७
१.१०.४ पन्ध्रौ योजनासँगको सम्बन्ध ८
१.११ वागमती प्रदेशको दीर्घकालीन सोच ८
१.११.१ वागमती प्रदेशका दीर्घकालीन सोचका प्रमुख क्षेत्रहरु ८

**परिच्छेद २**

**गाउँपालिकाको विकासको विद्यमान अवस्थाको विश्लेषण** ९

२.१ परिचय ९
२.२ भौगोलिक स्थिति ९
२.२.१ अवस्थिति ९
२.२.२ भू-बनोट १०
२.२.३ धरातलीय स्वरूप : ११
२.२.४ हावापानी १२
२.३ प्राकृतिक स्रोत सम्पदा १२
२.३.१ जल प्रवाह प्रणाली १२
२.३.२ प्राकृतिक वनस्पति तथा वन्यजन्तु १३
२.३.३ माटोको बनावट १४
२.३.४ माटोको अम्लीयताको स्थिति १५
२.४ भू-उपयोग तथा मानव बसोबास १६
२.४.१ भू-उपयोग १६
२.४.२ मानव बसोबास १७
२.४.३. भू-स्वामित्वको अवस्था १८
२.५ सामाजिक तथा सांस्कृतिक अवस्था १८
२.५.१ जनसंख्या संरचना तथा वितरण १८

२.५.२ जातजातिगत अवस्था १८
२.५.३ धार्मिक अवस्था १९
२.५.४ जनशक्तिको संरचना १९
२.५.५ बसाइँसराइको वर्तमान अवस्था १९
२.५.६ वैदेशिक रोजगारीमा रहेको जनशक्ति १९
२.५.७ चाडपर्व तथा जात्रा १९
२.५.८ भाषाभाषी तथा भेषभूषा १९
२.५.९ शैक्षिक अवस्था १९
२.५.१० स्वास्थ्य सेवा तथा सुविधाको अवस्था २०
२.६ आर्थिक अवस्था २०
२.६.१ कृषि २१
२.६.२ पशुपंक्षी पालनको अवस्था २१
२.६.३ खाद्यान्न उत्पादन र आमनिर्भरता २१
२.६.४ उद्योग तथा वाणिज्य २२
२.६.५ पर्यटन क्षेत्रको अवस्था २२
२.६.६ वित्तीय संस्थाहरू र सहकारी २२
२.६.७ पारिवारिक आय व्ययको अवस्था २३
२.७ खानेपानी तथा सरसफाइको अवस्था २४
२.८ इन्धन तथा बत्तीको श्रोत र प्रयोगको अवस्था २५
२.९ वन वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था २५
२.१० यातायात तथा परिवहन सुविधाको अवस्था २५
२.११ प्राकृतिक प्रकोप जोखिमका सम्भावित क्षेत्रहरू २६
२.१२ सूचना तथा सञ्चारको पहुँच २७
२.१३. संगठनात्मक तथा मानव संशाधनको अवस्था २८

**परिच्छेद ३**

**सोच तथा विकासको अवधारणा** २९

३.१ उत्तरगया गाउँपालिकाको सोच २९
३.२ समष्टिगत दीर्घकालीन लक्ष्य २९
३.३. समष्टिगत दीर्घकालीन उद्देश्यहरु एवं रणनीतिहरु २९
३.३.१ उद्देश्यहरू २९
३.३.२ समग्र रणनीति तथा कार्यनीतिहरू २९

**परिच्छेद ४**

**आर्थिक विकास योजना** ३५

४.१ वस्तुस्थिति विश्लेषण ३५
४.१.१ कृषि विकास ३५
४.१.२ सिंचाई ३६
४.१.३ पशु विकास ३६
४.१.४ उद्योग, व्यापार तथा व्यवसाय ३६
४.१.५ बैंक, वित्तीय संस्था एवं सहकारी ३७
४.२ लक्ष्य ३७
४.३ उद्देश्य ३७
४.४ रणनीति तथा कार्यनीति ३७
४.५ आर्थिक विकासका कार्यक्रम तथा योजना ३९

**परिच्छेद ५**

**सामाजिक विकास योजना** ५३

५.१ वस्तुस्थिति विश्लेषण ५३
५.१.१ शिक्षा तथा सिप विकास ५३
५.१.२ स्वास्थ्य तथा पोषण ५३
५.१.३ खानेपानी तथा सरसफाई ५४

५.१.४ लैंगिक समानता तथा सामाजिक समावेशिकरण ५४
५.१.५ युवा तथा खेलकुद ५४
५.२ लक्ष्य ५४
५.३ उद्देश्य ५४
५.४ रणनीति तथा कार्यनीति ५५
५.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ५६

**परिच्छेद ६**

**पूर्वाधार विकास योजना** ६९

६.१ वस्तुस्थिति विश्लेषण ६९
६.१.१ सडक तथा यातायात ६९
६.१.२ आवास, भवन तथा शहरी विकास ६९
६.१.३ सूचना तथा संचार ७०
६.२ लक्ष्य ७०
६.३ उद्देश्य ७०
६.४ रनणनीति तथा कार्यनीति ७०
६.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ७१

**परिच्छेद ७**

**उर्जा विकास योजना** ८२

७.१ वस्तुस्थिति विश्लेषण ८२
७.१.१ विद्युत तथा उर्जा ८२
७.२ लक्ष्य ८२
७.३ उद्देश्य ८२
७.४ रणनीति तथा कार्यनीति ८२

**परिच्छेद ८**

**वन तथा वातावरण व्यवस्थापन योजना** ८३

८.१ वस्तुस्थिति विश्लेषण ८३
८.१.१ वन तथा जैविक विविधता ८३
८.१.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन ८४
८.१.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन ८४
८.२ लक्ष्य ८४
८.३ उद्देश्य ८४
८.४ रणनीति तथा कार्यनीति ८५
८.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ८६

**परिच्छेद ९**

**विपद् व्यवस्थापन योजना** ८७

९.१ वस्तुस्थिति विश्लेषण ८७
९.१.१ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ८७
९.२ लक्ष्य ८७
९.३ उद्देश्य ८७
९.४ रणनीति तथा कार्यनीति ८७
९.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना) ८८

**परिच्छेद १०**

**संस्थागत विकास तथा सुशासन योजना**
९९

१०.१ वस्तुस्थिति विश्लेषण ९९
१०.१.१ सुशासन, ऐन कानून तथा जवाफदेहिता ९९
१०.१.२ संस्थागत क्षमता विकास १००
१०.१.३ वित्तीय श्रोत परिचालन १०१

१०.१.४ योजना व्यवस्थापन १०१
१०.२ लक्ष्य १०१
१०.३ उद्देश्य १०१
१०.४ विषयगत रणनीति तथा कार्यनीति १०१
१०.५ प्रमुख रणनीतिक कार्यक्रम आयोजना तथा लगानी योजना १०४

**परिच्छेद ११**

**कार्यान्वयन योजना**
१०८
११.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना १०८
११.२ स्रोत अनुमान तथा प्रक्षेपण १०८
११.३ आय-व्ययको प्रवृत्ति र प्रक्षेपण १०८
११.४ लगानीको स्रोत र व्यवस्था ११२
११.४.१ लगानीको आवश्यकता र स्रोत ११२
११.४.२ आन्तरिक स्रोतको व्यवस्था र परिचालन नीति ११२
११.४.३ अन्तर सरकारी स्रोत परिचालन ११२
११.४.४ जनसहभागिता परिचालन ११२
११.४.५ निजी तथा वित्तीय क्षेत्रको स्रोत परिचालन ११२
११.४.६ संघ संस्थाको स्रोत परिचालन ११२
११.४.७ अन्य स्रोत परिचालन ११२
११.४.८ स्रोत साधनको बाँडफाँट तथा परिचालनका आधारहरू ११२
११.५ सार्वजनिक खर्च र राजश्व परिचालन नीति ११३
११.५.१ सार्वजनिक खर्च नीति ११३
११.५.२ राजश्व नीति ११३
११.६ निजी क्षेत्रको स्रोत परिचालन नीति ११३
११.७ सहकारी क्षेत्रको स्रोत परिचालन नीति ११३
११.८ जनसहभागिता परिचालन नीति ११३
११.९ संघ संस्थाको स्रोत परिचालन नीति ११४
११.१० आवधिक विकास योजना कार्यान्वयन ११४

**परिच्छेद १२**

**अनुगमन तथा मूल्याङ्कन योजना** ११५
१२.१ पृष्ठभूमि ११५
१२.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ११५
१२.३ अनुगमन तथा मूल्याङ्कन विधि तथा प्रक्रिया ११५

## तालिका सूची


| | | | |
|---|---|---|---|
| तालिका १ | : | भौगोलिक अवस्थिति | ९ |
| तालिका २ | : | उत्तरगया गाउँपालिकाको भूबनोटको अवस्था | ११ |
| तालिका ३ | : | उत्तरगया गाउँपालिकाको धरातलीय भिरालोपनाको विवरण | ११ |
| तालिका ४ | : | उत्तरगया गाउँपालिकाको औषत वार्षिक वर्षाको विवरण | १२ |
| तालिका ५ | : | उत्तरगया गाउँपालिकाको परिस्थिति | १४ |
| तालिका ६ | : | उत्तरगया गाउँपालिकाको माटोको बनावट | १५ |
| तालिका ७ | : | माटोको अम्लीयताको स्थिति | १६ |
| तालिका ८ | : | भू-उपयोगको स्थिति | १७ |
| तालिका ९ | : | उत्तरगया गाउँपालिकाको बसोबासको विवरण | १८ |
| तालिका १० | : | जनसंख्या वितरणको अवस्था | १८ |
| तालिका ११ | : | उत्तरगया गाउँपालिका भित्र रहेका बैंक तथा वित्तीय संस्था र सहकारी सम्बन्धी विवरण | २२ |
| तालिका १२ | : | उत्तरगया गाउँबासीहरूका औषत वार्षिक आम्दानीका स्रोतहरू | २३ |
| तालिका १३ | : | परिवारको वार्षिक खर्चका क्षेत्रहरू (रु. हजारमा) | २४ |
| तालिका १४ | : | उत्तरगया गाउँपालिकाको सडकका प्रकार | २६ |
| तालिका १५ | : | उत्तरगया गाउँपालिकाका पहिरो जोखिमका सम्भावित क्षेत्रहरू | २७ |
| तालिका १६ | : | विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रानीति तथा कार्यनीति | ३७ |
| तालिका १७ | : | विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति | ५५ |
| तालिका १८ | : | आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका सामाजिक विकासका कार्यक्रम तथा योजना | ५७ |
| तालिका १९ | : | विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति | ७० |
| तालिका २० | : | आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना | ७२ |
| तालिका २१ | : | विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति | ८२ |
| तालिका २२ | : | विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति | ८५ |
| तालिका २३ | : | विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति | ८८ |
| तालिका २४ | : | आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना | ८९ |
| तालिका २५ | : | विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति | १०२ |
| तालिका २६ | : | प्रमुख रणनीतिक कार्यक्रम आयोजना तथा लगानी योजना | १०५ |
| तालिका २७ | : | प्रक्षेपण गरिएको आवधिक/वार्षिक बजेट (रु.) | १०९ |
| तालिका २८ | : | व्ययको अनुमान/प्रक्षेपण | ११० |
| तालिका २९ | : | आय प्रक्षेपण | १११ |
| तालिका ३० | : | आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया | ११५ |

## नक्सा सूची


| | | | |
|---|---|---|---|
| नक्सा १ | : | उत्तरगया गाउँपालिकाको भौगोलिक तथा प्रशासनिक नक्सा | १० |
| नक्सा २ | : | उत्तरगया गाउँपालिकाको भू-बनोट | १० |
| नक्सा ३ | : | उत्तरगया गाउँपालिकाको धरातलीय स्वरूप | ११ |
| नक्सा ४ | : | उत्तरगया गाउँपालिकाको औषत वार्षिक वर्षा | १२ |
| नक्सा ५ | : | उत्तरगया गाउँपालिकाको जलप्रवाह प्रणाली | १३ |
| नक्सा ६ | : | उत्तरगया गाउँपालिकाको परिस्थितिकीय नक्सा | १४ |
| नक्सा ७ | : | उत्तरगया गाउँपालिकाको माटोको बनोट | १५ |
| नक्सा ८ | : | उत्तरगया गाउँपालिकाको माटोको अम्लीयताको स्थिति | १५ |
| नक्सा ९ | : | उत्तरगया गाउँपालिकामा भू-उपयोगको स्थिति | १६ |
| नक्सा १० | : | उत्तरगया गाउँपालिकाको बसोबासको स्थिति | १७ |
| नक्सा ११ | : | उत्तरगया गाउँपालिकाको सडक सञ्जाल | २६ |
| नक्सा १२ | : | उत्तरगया गाउँपालिकाका पहिरो जोखिमका सम्भावित क्षेत्रहरू | २७ |

# परिच्छेद- १
## आवधिक योजनाको परिचय र विधि

### १.१ परिचय

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको कार्यक्षेत्र र दिएको काम, कर्तव्य, र अधिारलाई योजनावद्ध बनाई कार्यान्वयन गर्न उत्तरगया गाउँपालिकाले आफ्नो आवधिक विकास योजना (२०८०/०८१-२०८४/८५) तयार गरेको छ। उक्त योजनाको यस परिच्छेदमा योजना तर्जुमाको पृष्ठभूमि तथा औचित्य, यसको उद्देश्य, योजना तर्जुमा चरणहरु आदि प्रस्तुत गरिएको छ।

### १.२ पृष्ठभुमी

लामो समयसम्मको राजनैतिक उतारचढाव पछि नेपालमा संविधान सभाबाट नेपालको नयाँ संविधान निर्माण पश्चात संघात्मक शासन प्रणालीको सुरुवात भएको छ। नेपालले संघीय शासन व्यवस्थाको अभ्यास शुरुवात पछि दोश्रो पटक स्थानीय, प्रदेश र संघको निर्वाचन सम्पन्न भएको छ। नयाँ राजनैतिक प्रणालीमा नयाँ जननिर्वाचित पदाधिकारीहरुले स्थानीय सरकारको नेतृत्व लिएका छन्। स्थानीय तह संचालन सम्बन्धी संघीय कानून (स्थानीय सरकार संचालन ऐन, २०७४) ले गाउँपालिका तथा गाउँपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्न पर्ने व्यवस्था गरेको छ। यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी गर्नपर्ने ऐनमा उल्लेख गरिएको छ। यसैगरी योजना तर्जुमा गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने व्यवस्था समेत स्पष्ट गरिएको छ। यसका अतिरिक्त योजना तर्जुमा गर्दा प्राथमिकता दिनुपर्ने विषयहरू समेत तोकेको र स्थानीय तहले कार्यसम्पादनका क्रममा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह सम्बन्धी व्यवस्था स्पष्ट रुपमा उल्लेख गरेको छ।

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भई पुनर्संरचना अनुसार स्थानीय तह लागू भएको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी पश्चात उत्तरगया गाउँपालिकाको दोश्रो आवधिक योजना (२०८०/०८१-२०८४/८५) तर्जुमा भएको हो। स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका विषयमा आफ्नो मापदण्ड तथा कार्यविधि बनाई अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने प्रावधान अनुसार आवधिक गाउँपालिका विकास योजना तर्जुमा कार्यविधि निर्माण गरी सोही अनुसार यो योजना तर्जुमा गरिएको छ। यस योजनाले गाउँपालिकाको दीर्घकालिन सोच निर्धारण गरी, आगामि ५ वर्षमा गाउँपालिकालाई कस्तो अवस्थामा पुर्‍याउने भनेर लक्ष्य किटान र सो प्राप्तिका लागि श्रोत परिचालनको योजना समेत तर्जुमा गरेकोछ। गाउँपालिकाको नतिजामुखी तथा समग्र विकासमा यो योजना महत्वपुर्ण मार्गदर्शक साबित हुने विश्वास लिइएको छ।

नेपालको संविधानको सफल कार्यान्यनका लागि नेपाल सरकारले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को सोचलाई साकार पार्न सबै तहका सरकारहरूको योजना चक्र प्रभावकारी हुन जरूरी छ। तसर्थ संविधानले स्थानीय तहलाई आफ्नो क्षेत्रको प्राकृतिक तथा आर्थिक स्रोत सङ्कलन तथा परिचालनका लागि जिम्मेवार बनाएको छ। यिनै जिम्मेवारीलाई पुरा गर्न स्थानीय तहले आ-आफ्नो क्षेत्रको समष्टिगत विकासका लागि आवधिक योजना बनाई कार्यान्वयन गर्न आवश्यक रहेको छ। जनताको जीवनस्तरमा सुधार ल्याउन गाउँपालिका भित्रका विकासका सम्भावनाहरूको आधार तथा नेपाल सरकारले आन्तरिकीकरणमा जोड दिएको दिगो विकासका लक्ष्यहरूलाई समेत आधारमानी विकासमा लगानीको अभिवृद्धि गर्नका लागि आगामी ५ वर्ष भित्र सामाजिक न्याय सहितको शिक्षित, स्वस्थ तथा समृद्ध र विभेद रहित समाजको निर्माण गर्न तथा उच्च आर्थिक वृद्धि गर्दै गाउँबासीको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य लिएको छ। नेपालको संविधान, संघ तथा प्रदेश सरकारका दीर्घकालीन सोचलाई आत्मसात गर्दै जनताको आवश्यकता, गाउँपालिकाको क्षमता तथा स्थानीय यथार्थताका आधारमा गाउँपालिका भित्रका जनताका आधारभूत र बदलिंदो परिवेशका आवश्यकताहरूलाई मध्यनजर गर्दै हरित उत्थानशील र समावेशी विकासको धारणालाई समेत ध्यानमा राखी उत्तरगया गाउँपालिकाले यो आवधिक योजना २०८०/२०८१ देखि २०८४/२०८५ तयार पारेको छ।

### १.३ आवधिक योजनाको उद्देश्य

गाउँपालिकाको नेतृत्वमा योजनाबद्ध तथा नतिजामुखी विकास प्रकृयामा सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई गाउँपालिकाको एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्न नै यस गाऊँ पालिकाको आवधिक योजनाको मुख्य उद्देश्य हो। यस योजनाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहायअनुसार छन्।

- गाउँपालिकाको विकासको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्न
- गाउँपालिका क्षेत्रको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखी विकासमा साझा उत्तरदायित्व सिर्जना गर्न।
- विगतमा परिचालन हुदै आएको स्रोतको स्थितिको विश्लेषण गरी आगामी दिनमा जनआकांक्षा र आवश्यकता अनुसार गाउँपालिकाको विकास निर्माण कार्यलाई श्रोतसंग सन्तुलन गर्ने तथा विकास निर्माणको लागि आवश्यक थप श्रोत परिचानलमा सहयोग पुर्‍याउनु।
- गाउँपालिकाबासी तथा सरोकारवालाको चाहना अनुसार सहभागितामुलक तथा सर्वपक्षीय अपनत्वको आधारमा गाउँपालिकाको विकासलाई सुत्रपात गर्नु।

- विकासका प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरू तय गर्न ।
- विकास प्रयासहरूको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने ।

## १.४ कानूनी तथा नीतिगत व्यवस्था

स्थानीय तहको आवधिक विकास योजना तर्जुमाका कानूनी तथा नीतिगत आधारका रुपमा नेपालको संविधान, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मुख्य रुपमा रहेको छ । यसका साथै नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु स्थानीय योजना तर्जुमाको कानूनी आधारको रुपमा रहेकाछन् । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्यविस्तृतीकरण प्रतिवेदनमा स्थानीयस्तरका आवधिक विकास योजना र वार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ६ दफा २४ उपदफा १ मा गाउँ/गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने कुरालाई स्पष्ट पारेको छ । ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा देहाय अनुसार गर्नुपर्ने समेत व्यवस्था गरेको छ ।

- नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने
- योजनामा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरूको सूचीसमेत तयार गर्नु पर्ने,
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय वृद्धिजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनु पर्ने,
- योजना तर्जुमा गर्दा आयोजनाहरूको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने,
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने,
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा सम्भाव्यता आयोजना सञ्चालन तथा व्यवस्थापन गर्ने,
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने,
- स्थानीयस्तरका विकास आयोजनाहरूको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने,
- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नु पर्ने र आफ्नो वार्षिक कार्यक्रम तथा बजेट स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने ।
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ स्थानीय तहको योजना तर्जुमा प्रकृयालाई सहज र प्रकृयाबद्ध गर्नको लागि जारी गरिएको हो । यसका अतिरिक्त उत्तरगया गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरूलाई समेत आधारका रुपमा लिइएको छ
- दीगो विकासका लक्ष्यहरू
- पन्ध्रौ योजना २०७६/८१
- राष्ट्रिय भूउपयोग नीति, २०६९
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरू
- बागमती प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७ देखि २०८०/८१)
- उत्तरगया गाउँपालिकाको २० वर्षे गरुयोजना २०८०/०८१-२०९९/२१००
- उत्तरगया गाउँपालिकाको कृषि योजना २०७५ देखि २०८५
- उत्तरगया गाँउपालिकाको उद्यम विकास रणनीतिक योजना (२०७५/०७६ देखि २०७९/०८०)
- उत्तरगया गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन, २०७७
- उत्तरगया गाउँपालिकाको पर्यटन प्रवर्द्धन रणनीतिक योजना, २०७४ - २०७९

## १.५ अध्ययन विधि

### १.५.१ पूर्व अध्ययनहरुको पुनरावलोकन

पूर्व अध्ययनको क्रममा आवधिक योजनासँग सम्वन्धित उत्तरगया गाउँपालिकाको पाश्र्वचित्र, नेपालको संविधान २०७२, स्थानीय तहको आवधिक योजना तयारी निर्देशिका २०७८, पन्ध्रौं योजना, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय विभिन्न नीतिहरू, भू-उपयोग नीति २०७२, विकास सहायता नीति, कृषि, सिंचाई, वन तथा वातावरण सम्बन्धी नीतिहरू, २० वर्षे गाउँपालिकाको आ.व. २०७९/२०८० को नीति, कार्यक्रम तथा बजेट लगायतका दस्तावेज तथा जानकारी तथ्याङ्क तथा नक्साहरूको अध्ययन गरिएको छ । यसका अतिरिक्त उत्तरगया गाउँपालिकामा हाल आवद्ध साविक गाउँ विकास समितिका सूचनाहरू अध्ययन गरिएको छ । मुख्य रूपमा हाल उत्तरगया गाउँपालिका र साविकका गाउँ विकास समितिहरूको आर्थिक, सामाजिक, राजनैतिक, भौतिक तथा भौगोलिक अवस्थाको बारेमा वृहत अध्ययन गरिएको छ । साथै यो योजना तयार पार्दा उत्तरगया गाउँपालिकाबाट प्राप्त तथ्यांकहरू तथा प्रतिवेदनहरू सङ्कलन गरी ती तथ्यांक तथा सूचनाहरूको अध्ययन तथा विश्लेषण गरिएको छ । सूचना सङ्कलनको क्रममा गाउँपालिका का विभिन्न वडाहरू

(साविकका गाउँ विकास समिति) बाट प्राप्त तथ्यांकहरू, ईन्टरनेटबाट प्राप्त सूचनाहरू तथा केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त सूचनाहरूलाई समेत प्रयोग गरिएको छ । उत्तरगया गाउँपालिका क्षेत्रका विविध समस्याहरूका बारेमा विज्ञबाट प्रस्तुत लेखहरू तथा अनुसन्धान प्रतिवेदनहरू समेत अध्ययन गरी समस्याहरूको पहिचान र समाधानका उपायहरूलाई योजनामा समावेश गरिएको छ । यो योजना निर्माणका क्रममा योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवमा आधारित प्रकाशित प्रतिवेदन, जर्नल, लेखहरू र सन्दर्भ पुस्तकहरूको समेत सिंहावलोकन गरिएको छ ।

### १.५.२ पूर्व योजना तयारी कार्यशाला गोष्ठी:

यस गाउँपालिकाको आवधिक योजना तर्जुमाका लागि हेडलाईट प्रालि र उत्तरगया गाउँपालिकाको संयुक्त आयोजनामा पुर्वतयारी कार्यशाला गोष्ठी विस २०८० साल ज्येष्ठ ३ मा भएको थियो । उक्त पुर्वतयारी कार्यशाला गोष्ठी गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्युको अध्यक्षतामा उपाध्यक्ष लगायत कार्यगाउँपालिकाका सदस्यहरू र गाउँपालिकाका शाखा प्रमुखहरू सहित ४४ जनाको उपस्थितिमा एक दिने कार्यशाला गोष्ठी सम्पन्न गरिएको थियो । उक्त कार्यशाला गोष्ठीमा गाउँपालिकाको आवधिक योजना निर्माणका लागि विधि, प्रक्रिया, समय र सरोकारवालाहरूको भूमिका जस्ता पक्षहरूमा छलफल गरी निर्णय गरिएको थियो । तत् पश्चात वडास्तरीय योजना तर्जुमा समुह केन्द्रित छलफल, परिकल्पना तथा सोच निर्माण विकासका उपलब्धिहरुको समीक्षा तथ्याङ्क सङ्कलन विश्लेषण मस्यौदा लेखन लगायतका कार्यहरु सम्पन्न गरिएको थियो ।

### १.५.३ आवधिक योजना तर्जुमाका लागि निर्देशक समिति तथा विषयगत उपसमिति गठन:

आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा पदाधिकारीहरू, राजनैतिक दलका प्रतिनिधिहरू, गाउँपालिकाको विकाससँग सम्बन्धित शाखाका प्रमुखहरू, गैर-सरकारी तथा अन्य संघ-संस्थाका प्रतिनिधिहरू, स्थानीय बुद्धिजीवी, दलित, पिछडिएका वर्ग, अपाङ्ग तथा महिला प्रतिनिधिहरू रहेको निर्देशक समिति गठन गरिएको थियो । गाउँपालिकामा कायम रहेका आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, संस्थागत विकास तथा सुशासन समितिलाई आवधिक योजना तर्जुमाका विषयगत समितिसँग गाउँपालिकामा गरिनुपर्ने विविध विषयगत योजना तथा कार्यक्रम र सो क्षेत्रमा कसरी विकासको खाका तयार गर्न सकिन्छ भन्ने विषयमा समेत विस्तृत छलफल गरिएको थियो । प्रत्येक विषयगत समितिहरूसँग छलफल गरी छलफलको निचोडलाई आवधिक योजनामा समावेश गरिएको छ । यसका साथै यो आवधिक योजना तर्जुमालाई सहजीकरण तथा निरन्तर सुचना र समन्वय गर्न संयोजन तथा सहजीकरण समिति गठन पनि गरियो ।

#### अ. आवधिक योजना तर्जुमा निर्देशक समिति

| | |
|---|---|
| संयोजकः | गाउँपालिकाका अध्यक्ष |
| सदस्यः | गाउँपालिकाका उपाध्यक्ष |
| सदस्यः<br>सदस्यः | १ देखि ५ सम्मका सम्पूर्ण वडा अध्यक्षहरू<br>विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्ने ३ जना प्रतिनिधि |
| सदस्य सचिवः | प्रमुख प्रशासकीय अधिकृत |

#### आ. योजना तर्जुमा संयोजन तथा सहजीकरण समिति

| | |
|---|---|
| संयोजकः | गाउँपालिका उपप्रमुख |
| सदस्यः | प्राविधिक शाखा प्रमुख |
| सदस्यः | शिक्षा शाखा प्रमुख |
| सदस्यः | कृषि शाखा प्रमुख |
| सदस्यः | स्वास्थ्य शाखा प्रमुख |
| सदस्यः | लेखा शाखा प्रमुख |
| सदस्यः | सूचना तथा सञ्चार प्रविधि शाखा प्रमुख |
| सदस्य सचिवः | योजना शाखा प्रमुख |

इ. विषयगत समितिः उत्तरगया गाउँपालिकाले गठन गरी अभ्यास गरिरहेका आर्थिक सामाजिक भौतिक पूर्वाधार वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकासका क्षेत्रगत समितिलाई पूर्णरुपमा आवधिक योजनाको शुरु देखि विभिन्न चरणमा सक्रिय रुपमा सहभागी तथा संलग्न गरियो ।

### १.५.४ तथ्याङ्क एवं सूचना सङ्कलन:

प्रतिवेदन तयारीका क्रममा द्वितीय श्रोतबाट प्राप्त आधिकारिक सूचनाहरूलाई समावेश गरिएको छ । यसका लागि अतिरिक्त अन्य द्वितीय श्रोतहरू जस्तै सिमाना जोडिएका गाउँपालिका तथा गाउँगाउँपालिका महत्वपुर्ण अभिलेखहरु गाउँपालिकाका पूर्व आवधिक योजनाको अध्ययन समेत गरिएको छ । आवधिक योजना तर्जुमा गर्नको लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचनाहरू जस्तैः जनसंख्या, शिक्षा, स्वास्थ्य, आर्थिक विकास, सामाजिक अवस्थालाई उत्तरगया गाउँपालिकाको पार्श्व चित्रबाट सङ्कलन गरिएको छ । उक्त पार्श्व चित्रबाट गाउँपालिकाको वडागत तथ्याङ्कका अलावा सडक, खानेपानी,

विद्युत्, जलसम्पदा, जंगल, जमिन, आदिसँग सम्बन्धित सूचनाहरू प्राप्त गरी प्रयोग गरिएको छ । यसका साथै गाउँपालिकामा वडास्तरीय भेला गरी गुणात्मक तथा मात्रात्मक सूचना समेत सङ्कलन गरिएको थियो । मुख्य सूचनादाताहरुसँग अन्तर्वाता गरी प्राप्त सूचनाहरू, अभिमत र सुझावहरूलाई समेत प्रतिवेदन तयार गर्दा समावेश गरिएको छ । यसका लागि गाउँपालिकाका सबै वडाहरुमा पुगी विभिन्न वस्तीहरुमा समुह केन्द्रित छलफल अवलोकन तथा ट्रान्ज्याक वाक लगायतका अनुसन्धान विधिहरुको प्रयोग गरिएको छ । साथै गत र चालु आवको नीति कार्यक्रम तथा बजेटलाई अध्ययन गरिएको छ । द्धितीय सुचनाको रुपमा उत्तरगया गाउँपालिकामा सक्रिय राजनीतिक दलहरुको घोषणा पत्रको पनि अध्ययन गरिएको छ । साथै जिल्ला स्थित कृषि, पशु, वन, शिक्षा, स्वास्थ्य, ऊर्जा आदिसँग सम्बन्धित कार्यालयहरुबाट प्रकाशित विभिन्न प्रतिवेदनहरु समेतको अध्यन समेत गरिएको छ । राजनैतिक दलका प्रतिनिधि, शिक्षक, बुद्धिजीविहरूसँग व्यापक छलफल तथा अन्तर्क्रियाबाट सुझाव सङ्कलन गर्नुका साथै आवधिक योजनाका दीर्घकालीन सोच, ध्येय र लक्ष्यलाई अन्तिम रूप दिइएको छ ।

### क. श्रोत व्यक्तिहरूसँगको छलफल

गाउँपालिकाको आवधिक योजना तयार गर्ने सिलसिलामा उत्तरगया गाउँपालिकासँग सम्बन्धित विभिन्न व्यक्तिहरूलाई श्रोत व्यक्तिहरूको रूपमा अन्तर्वार्ता लिइ सूचना सङ्कलन गर्ने काम गरिएको छ । आवधिक योजना तर्जुमाको सिलसिलामा गाउँपालिकाका विभिन्न क्षेत्रहरू रोजगारी, व्यवसाय, राजनीति र अध्यापन तथा प्राध्यापनमा संलग्न व्यक्तिहरूसँग छलफल गरिएको थियो । नेपाल सरकारका उच्च तहदेखि जिल्ला र गाउँपालिका स्तरका कर्मचारी तथा केन्द्रीयदेखि स्थानीय स्तरका राजनीतिक नेतृत्वहरूसँग समेत छलफल गरेर उनीहरूको अनुभवजन्य रायसमेत सङ्कलन गरिएको छ । यसरी स्रोत व्यक्तित्वहरूबाट प्राप्त सुझाव, अभिमत र सोचहरूले यो योजना निर्माणमा उल्लेख्य योगदान पुऱ्याएको छ ।

### ख. वडास्तरीय बृहत भेला तथा अपेक्षा सङ्कलन

गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्नको लागि निर्देशक समिति तथा विषयगत समिति गठन पश्चात् विज्ञहरूले तयार पारेका प्रश्नावलीका आधारमा वडास्तरमा कार्यशाला गोष्ठी गरिएको थियो । यसबाट वडागत समस्या पहिचान गर्ने, वडास्तरका कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकीकरण गर्ने तथा समस्या न्यूनीकरणको लागि सुझावहरू सङ्कलन गरिएको थियो । यसरी नै गाउँपालिकाको क्षेत्रगत आधारमा सबै (५ वटा) वडामा वडागत रूपमा क्षेत्रगत प्रतिनिधिहरूको प्रतिनिधित्व हुने गरी छलफल तथा अन्तर्क्रियाबाट आवधिक योजनाका दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य तथा कार्ययोजना निर्धारणमा राय सङ्कलन गरी वडाका अपेक्षा पहिचान समेत गरिएको थियो । त्यसैगरी परामर्शदाताका प्राविधिक समूहहरूबाट विभिन्न समूह विभाजन गरी ती समूहमा सहजीकरण गरी चेकलिष्टबाट आएका आवश्यकता तथा कार्यक्रमहरूको पुनः छलफल र विश्लेषण गरी प्राथमिकताका आधारमा आगामी ५ वर्षको योजनाको मार्गचित्र तयार गरिएको छ । यस मार्गचित्रलाई परामर्शदाताका विज्ञ टोलीबाट सोही क्षेत्रका स्थानीय बुद्धिजीवी, राजनीतिक दलका प्रतिनिधि तथा विषयविज्ञहरूसँगको छलफलबाट कार्ययोजना प्रतिवेदनमाथि टिप्पणी सहित सुझाव समेत सङ्कलन गरिएको थियो ।

### ग. स्थलगत सर्वेक्षण तथा प्रमाणीकरण

परामर्शदाताका तर्फबाट खटिएका विषय विज्ञसहितको स्थलगत अध्ययन समूहले उत्तरगया गाउँपालिकाका प्रत्येक वडा र टोलसमेत भ्रमण गरी स्थलगत सर्वेक्षण तथा अवलोकनको माध्यमबाट तथ्याङ्क सङ्कलन गरेको थियो । सबै वडाहरूमा वडा भेला गरी संकलित तथ्यांकहरू वडामा गठित सम्पर्क समितिसँगको छलफलबाट पुनः अध्यावधिक गरिएको थियो । नापी विभागबाट तयार गरिएको स्थलरूप नक्सालाई आधार नक्साको रूपमा लिई स्क्यान (Scan) गरी GIS software बाट हालसम्मको स्थलगत सर्वेक्षण तथा अवलोकन पश्चात् स्रोत नक्साहरू तयार गरिएको छ । यस सन्दर्भमा मुख्य रूपमा गाउँपालिकामा रहेका भौतिक पूर्वाधारहरू जस्तै सडक, संचार, विद्युत्, खानेपानी आदिका सम्बन्धमा सर्वेक्षण, अवलोकन तथा स्थलगत जाँच गरी नक्सामा समेत अध्यावधिक गरिएको छ । यसरी विविध स्रोतबाट संकलित तथ्यांकबाट गाउँपालिकाको विभिन्न स्रोत नक्साहरू समेत तयार गरिएको छ । वडा भेला मार्फत वडागत आवश्यकता तथा समस्याको पहिचान गरी प्रत्येक वडामा गठित वडा सम्पर्क समिति मार्फत प्राथमिकीकरण गरिएको छ । यही प्राथमिकता क्रमका आधारमा वडागत योजना तर्जुमा गरिएको छ भने रणनैतिक योजनाको लागि विषयगत समिति, विज्ञ तथा निर्देशक समितिमा विस्तृत छलफल गरिएको छ ।

### घ. तथ्यांक सङ्कलन

### १.५.५ तथ्याङ्क विश्लेषण

गाउँपालिकाको रणनैतिक योजना, कार्यक्रम तथा अल्पकालीन र दीर्घकालीन आयोजनाहरू छनौट गर्नको लागि तथ्यांक विश्लेषणको महत्वपूर्ण स्थान हुन्छ । आयोजना छनौटका लागि समष्टिगत विकासका चुनौती र सम्भावनाहरूको सन्दर्भमा प्राप्त तथ्यांक र सूचनाहरूलाई विस्तृत रूपमा विश्लेषण गरिएको छ। स्थलगत अध्ययन भ्रमण, वडा भेला, सामुहिक छलफल, अर्न्तक्रिया र विज्ञहरूको राय सुझावका साथै द्वितीय स्तरका तथ्यांकहरूको आधारमा तपशिल बमोजिम तथ्यांक विश्लेषण गरिएको छ ।

### क. भौगोलिक अवस्थाको विश्लेषण:

उत्तरगया गाउँपालिकाको भौगोलिक अवस्थाको विश्लेषण गर्ने क्रममा यसको भू-भौतिक अवस्था, क्षेत्र, अवस्थिति, भू-स्वरूप, नदीनाला, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएको छ । यसैगरी भौगोलिक अवस्थाको परिणाम स्वरूप उत्पन्न सम्भावना र चुनौतीहरूलाई पनि विश्लेषण गरिएको छ । साथै विश्लेषण गर्ने क्रममा भौगोलिक अवस्थितिले विकासमा पारेको चुनौती, वास्तविकता समेतलाई कसरी योजनागत हिसाबमा समेट्न सकिन्छ, कुन कुन क्षेत्रगत योजनालाई प्राथमिकता दिँदै विकास आयोजनाहरू सञ्चालन गरिनुपर्दछ भन्ने कुरालाई ख्याल गरिएको छ । यसले गर्दा क्षेत्रगत विशिष्टताका आयोजनाहरू तथा रणनैतिक दीर्घकालीन आयोजनाहरूको छनौटमा समेत मद्दत पुगेको छ ।

### ख. सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण:

जनसंख्याको बनावट, जनसंख्या वृद्धि, भाषा, धर्म संस्कृति, रीतिरिवाज, परम्परा, बसाँइसराइ, जनसंख्याको प्रक्षेपण आदि सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण गरिएको छ । यी तथ्याङ्कले भविष्यमा गाउँपालिकाका कार्य कस्तो किसिमको रूपमा विकास गराउने भन्ने कुराको मूल्याङ्कन

र प्रक्षेपण गर्न मद्दत पुग्ने छ। त्यसैगरी अध्ययन क्षेत्रको सामाजिक अवस्था थाहा पाउनका लागि शिक्षा, स्वास्थ्य, सुरक्षा, वातावरणीय अवस्था आदिको विश्लेषण गरिएको छ। यसैगरी भविष्यको लागि विकास निर्माणमा प्राथमिकता दिनुपर्ने क्षेत्र, सामाजिक रूपमा समावेशीकरणको सिद्धान्त अवलम्बन गर्नु पर्ने पक्षहरू, शिक्षा, स्वास्थ्य र सामाजिक पूर्वाधारमा गर्नुपर्ने लगानी जस्ता विषयमा समेत यसले महत्वपूर्ण योगदान पुऱ्याउने छ।

### ग. आर्थिक अवस्थाको विश्लेषण:

आवधिक योजना तर्जुमाको क्रममा गाउँपालिकाको विद्यमान आर्थिक अवस्था र भविष्यको आर्थिक अवस्थाको प्रकृतिलाई समेत विश्लेषण गरिएको छ। गाउँपालिकाको भविष्यमा कस्तो र कुन रूपमा विकास गर्ने, मुख्य आर्थिक गतिविधि के हुने यस्ता आर्थिक गतिविधिबाट गाउँपालिकाको विकासको लागि कस्तो फाइदा पुग्ने भन्ने सन्दर्भमा लेखाजोखा गरिएको छ। मानव बस्तीलाई भविष्यमा कति क्षेत्रमा विस्तार गर्न सकिने, कुन क्षेत्रमा विस्तार गर्न सकिने, छरिएर रहेको कुन कुन बस्तीलाई कहाँ र कसरी एकीकृत गर्ने साथै कस्तो प्रकारको आर्थिक क्रियाकलापमा ध्यान केन्द्रित गर्ने भन्ने विषयमा विश्लेषण गरिएको छ। दिगो योजनाका लागि गाउँपालिकाले खेलेको भूमिका, आर्थिक आम्दानीका श्रोतहरू, बसाँइसराइको प्रभाव आदि कुराहरूमा समेत समीक्षा गरिएको छ । यसका साथै गाउँपालिकाको विगत ५ वर्षको आय व्यय अभिलेखको आधारमा आगामी ५ वर्षको आम्दानीलाई प्रक्षेपण गरी सोको आधारमा आगामी ५ वर्षको गाउँपालिकाको व्ययको योजना तयार गरी गाउँपालिकाको आयोजना छनौट तथा योजना तर्जुमामा समेत यसको विश्लेषण गरिएको छ।

### घ. भौतिक र वातावरणीय अवस्थाको विश्लेषण:

भौतिक विकासका पूर्वाधार मध्ये सडक तथा ढल, यातायात, सञ्चार, नदी नियन्त्रण, पिउने पानीको उपलब्धता, विद्युत् आदिको अवस्थाको अध्ययन तथा विश्लेषण गरिएको छ। गाउँपालिकाले आफ्नो क्षेत्रको व्यवस्थित विकास गर्न आवश्यक पर्ने भौतिक पूर्वाधारहरूको विकासमा जोड दिनु पर्दछ। यस क्रममा दिगो विकास र विस्तारको लागि वातावरणीय पक्षको पनि अध्ययन गरिएको छ। विद्यमान वातावरणीय अवस्थालाई विशेष ध्यान दिई वातावरणीय व्यवस्थापनमा खास गरी भू-क्षय, नदीखोला नियन्त्रण तथा प्रदुषण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन आदिको अध्ययन तथा त्यसको समाधानका लागि विभिन्न विषयमा विश्लेषण गरिएको छ।

### ङ. संस्थागत विकासको विश्लेषण:

यस अन्तर्गत गाउँपालिकाको सेवा प्रवाहको सहजता, स्वच्छ र प्रभावकारी सेवा, असल शासन प्रवर्द्धन, लेखा र अभिलेखहरूको प्रभावकारी व्यवस्थापन, स्थानीय स्रोत तथा साधनको प्रभावकारी उपयोग, अन्य संस्थाहरूसँगको साझेदारी र सञ्जाल, कर्मचारी र जनशक्ति व्यवस्थापन, अभिप्रेरणा र सुदृढिकरण, विकास प्रशासनको ढाँचा र कार्यविधिको विकास आदिको अध्ययन तथा त्यसको समाधानका लागि विभिन्न विषयमा विश्लेषण गरिएको छ।

## १.६ योजना तर्जुमाको प्रकृया

### क. उत्तरगया गाउँपालिकाको अग्रणी क्षेत्र पहिचान र विश्लेषण

प्रत्येक गाउँ वा सहरको भविष्यमा हुने विकासका आ-आफ्नै विशेष सम्भावनाहरू हुन्छन् र यिनै सम्भावनाहरूले बस्तीहरूको विकासको खाका कोर्ने गरेको हुन्छ। यही विशेष सम्भावनालाई अग्रणी क्षेत्र भनिन्छ, जुन उक्त क्षेत्रको विकासका लागि महत्वपूर्ण हुन्छ साथै बस्तीको विकास र विस्तार लाई निर्देशित गर्दछ। आवधिक योजना तयारीको सन्दर्भमा बस्तीको सम्भावित विस्तार र विकासका लागि उत्तरगया गाउँपालिकाका अग्रणी क्षेत्रको पहिचान गरिएको छ। उत्तरगया गाउँपालिकाको मुख्य अग्रणी क्षेत्रहरूमाः कृषि, जलस्रोत, पूर्वाधार, सामाजिक विकास, उद्योग, पर्यटन, वातावरण तथा आर्थिक क्रियाकलाप रहेका छन् । तसर्थ यसै दृष्टिकोणमा गाउँपालिकाको अग्रणी क्षेत्र पहिचान गरिएको छ र सोही आधारमा योजनाहरू समेत तयार पारिएको छ।

### ख. अपेक्षा पहिचान

विकास योजना तर्जुमा र विकास निर्माणको क्रममा समस्याहरूलाई पहिचान गर्दै क्रमवद्ध रूपमा विश्लेषण गरिएको छ। उत्तरगया गाउँपालिकाको समस्या पहिचान गर्दा स्थलगत अध्ययनका क्रममा बस्तीहरूमा देखिएका मुख्य समस्याहरू अवलोकन तथा मुख्य सूचनादाताहरूको छलफलबाट जानकारी प्राप्त गरिएको छ। छलफल तथा अन्तर्क्रियाको क्रममा गाउँपालिकाका प्रतिनिधिहरू, विज्ञ समूहहरू लगायत अन्य निकायका प्रतिनिधिहरू तथा स्थानीय तहका विभिन्न पेशा, वर्ग र समूहहरूसँग आबद्ध विद्वान्, समाजसेवी, शिक्षक, सामाजिक कार्यकर्ता, महिला, सम्बन्धित क्षेत्रका सर्वसाधारणहरूसँग बैठक आयोजना गरी मुख्य समस्याहरू पहिचान गरिएको छ । यस्तो सहभागितामूलक छलफलमा धेरै भन्दा धेरै मानिसको सहभागिता गराउने प्रयास गरिएको थियो। यसले गर्दा वास्तविक आवश्यकता पहिचान सहित योजना तर्जुमा गर्न सहयोग पुगेको महशुस गरिएको छ। यस्तो छलफलबाट एकातिर सम्बन्धित क्षेत्रको प्रमुख समस्या पहिचान गर्न मद्दत पुग्यो भने अर्कोतिर गाउँपालिकाका सम्भावना समेत पहिल्याउन सहयोग पुगेको छ। अपेक्षा पहिचान गर्दा वडागत तहमा देखिएका मुख्य समस्याहरू समेत पहिचान गरिएको थियो। यसले वडागत आयोजना तथा रणनैतिक योजना तर्जुमामा महत्वपूर्ण सहयोग पुगी गाउँपालिकाको ५ वर्षे आवधिक योजना तर्जुमा गर्दा प्राथमिकीकरण गर्न तथा अग्रणी क्षेत्र सहितको कार्ययोजना बनाउन समेत विशेष सहयोग पुगेको छ।

### ग. रणनीतिक योजना तयारी

रणनीतिक योजनाहरूले गाउँपालिकाको दीर्घकालीन समस्या समाधान गर्न मद्दत पुऱ्याउँछ भने यसैका आधारमा गाउँपालिकालाई भविष्यमा कुन दिशातर्फ विस्तार र विकास गर्न सकिन्छ भन्ने कुराको निर्धारण गर्दछ। तसर्थ रणनैतिक योजनाले गाउँपालिकाको अग्रणी स्रोतहरूको आधारमा योजना तर्जुमा गर्न सहयोग पुऱ्याउँदछ भने भू-उपयोग नीतिलाई कार्यान्वयन गरी भविष्यको विकासलाई मार्ग निर्देश गर्न सहयोग गर्दछ। दीर्घकालीन रूपमा गाउँपालिकाको विकासको लागि दीर्घकालीन रणनीतिक योजनाको आवश्यकता पर्दछ जसले गाउँपालिकाको समस्या समाधान तथा विद्यमान मुख्य सम्भावनालाई सम्बोधन गर्न सक्दछ। त्यसैले यस अन्तर्गत गाउँपालिकाको दीर्घकालीन विकासको लागि स्थानीय, प्रादेशिक तथा

राष्ट्रिय महत्व भएका रणनीतिक योजनाहरू प्रस्ताव गरिएको छ। उक्त योजना अनुसारको विकास योजना सञ्चालन गरिने कार्ययोजनाहरू प्रस्ताव गरिएको छ। गाउँपालिकाको दीर्घकालीन सोच निर्धारण गरी सोही अनुसार क्षेत्रगत योजना तर्जुमा गरी मुख्य आयोजनाहरूलाई तर्कबद्ध प्रणाली (Logical Framework Analysis) मा समेत राखिएको छ। यस्ता योजना र कार्यक्रमहरूलाई स्थानीय तहका प्रमुख लगानीकर्ताहरू, छिमेकी गाउँपालिका तथा गाउँपालिकासँग सम्बन्धित वाणिज्य संघसंस्थाहरू, सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थाहरू र स्थानीय राजनैतिक दलहरूसँग छलफल गरी अन्तिम निर्णयमा पुगिएको छ भने उनीहरूको भूमिका र योगदानमा समेत जोड दिइएको छ। यी रणनीतिक योजनाहरूले विद्यमान समस्याहरूलाई सम्बोधन गर्नुका साथै भविष्यमा अग्रणी क्षेत्रहरूलाई ग्रहण गर्दै निरन्तर रूपमा विकास दिगो भै अघि बढाउ मद्दत गर्ने छ। गाउँपालिकाको दीर्घकालीन सोचले निर्धारण गरेको लक्ष्य हासिल गर्न समेत मद्दत पुग्ने अपेक्षा गरिएको छ।

### घ. नक्सांकन तथा विश्लेषण

यस कार्यमा नक्सा तयारी र अद्यावधिकलाई विशेष प्राथमिकता दिई नक्साङ्कनको कार्य सम्पन्न गरिएको छ। गाउँपालिकाको भौतिक पूर्वाधारहरू जस्तै सडक, ढल, खानेपानी, विद्युत्, संचार लगायत पूर्वाधारहरू नक्साङ्कनद्वारा प्रस्तुत गरिएको छ भने सामाजिक पूर्वाधारहरू जस्तै शिक्षा, स्वास्थ्य, खेलकुद, धार्मिक मठमन्दिर लगायतलाई नक्सांकन गरिएको छ। साथै भौगोलिक तथा प्राकृतिक श्रोतहरूको पहिचानको नक्सांकन र वर्तमान भू-उपयोगको स्थिति र प्रस्तावित भू-उपयोगको समेत नक्सांकन सहितको विश्लेषण गरिएको छ। नक्सांकन कार्य गर्दा सर्भे विभागको टोपोसिट, Landsat Image 2022 का तस्बीरहरू, Google Earth Pro, Open street map बाट तथ्यांक प्राप्त गरिएको छ। उक्त तथ्यांकलाई GIS Software प्रयोगबाट तथ्यांक विश्लेषण गरी निम्नानुसारका नक्सा तयार गरिएको छ :

- राजनैतिक तथा प्रशासनिक नक्साङ्कन
- भू बनोट नक्साङ्कन
- नदी प्रवाह प्रणाली नक्साङ्कन
- जलाधार प्रणाली नक्साङ्कन
- जनघनत्व नक्साङ्कन
- सडक पहुँचको नक्साङ्कन
- वर्तमान तथा प्रस्तावित भू-उपयोग नक्साङ्कन
- वनस्पति तथा पर्यावरणीय नक्साङ्कन
- माटो तथा खनिजको नक्साङ्कन
- प्राकृतिक प्रकोप जोखिमका सम्भावित क्षेत्रहरूको पहिचान र नक्साङ्कन

### ङ) विषयगत विकास योजनाहरूको तर्जुमा

विकास योजना भनेको अर्थतन्त्रको सबै विषयगत वा क्षेत्रगत योजनाहरूको समग्रता हो। यस अन्तर्गत भौतिक विकास, आर्थिक विकास, सामाजिक विकास, वातावरण संरक्षण र व्यवस्थापन, विपद् तथा प्रकोप व्यवस्थापन, संस्थागत विकास र वित्तीय विकास योजनाहरू समेटिएका हुन्छन्। गाउँपालिकाको यस आवधिक योजनामा उपरोक्त सबै क्षेत्रगत योजनाहरूलाई वस्तुगत रूपमा विश्लेषण गरी ५ वर्षका लागि विभिन्न लक्ष्यहरू राखी कार्यक्रमहरू प्रस्ताव गरिएको छ। सबै योजनाहरूको कार्यक्रमका उपलब्धिका सूचकहरू, आधारहरू र मान्यताहरू समेटेर तर्कवद्ध ढाँचामा सबै विषयगत योजनाहरू निर्धारण गरिएको छ

### च) योजना कार्यान्वयन रणनीति

योजना तर्जुमा जति महत्वपूर्ण छ त्यत्तिकै कार्यान्वय रणनीति पनि महत्वपूर्ण मानिन्छ। प्रायगरी योजनाहरू बनाइन्छन् तर सही रूपमा कार्यान्वयन हुन नसकेको परिप्रेक्ष्यमा कार्यान्वयन र अनुगमन पक्ष बलियो बनाउनु जरूरी हुन्छ। गाउँपालिकाको आवधिक योजना कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला निकायहरूलाई सजग गराउँदै सम्बद्ध निकायहरूलाई सक्रिय बनाउनु पर्दछ। यसका लागि सबै सरोकारवाला निकायसँग अर्न्तक्रिया गरी कार्यान्वयनमा संलग्न गराउन जोड दिनु पर्दछ भने आयोजनाको लगानीका लागि बहुपक्षीय छलफल गरी बहुक्षेत्रगत लगानी योजनालाई समेत यस योजनामा समावेश गरिएको छ। यस्ता बहुक्षेत्रगत लगानी कार्ययोजनाले कुन निकायले कुन वर्ष कति लगानी गर्ने भन्ने कुराको समेत जानकारी दिन्छ भने सम्बद्ध निकायलाइ बढी उत्तरदायी बनाउन मद्दत गर्दछ।

## १.७ प्रारम्भिक मस्यौदा योजना लेखन, प्रस्तुति तथा छलफल

गाउँ कार्यगाउँपालिकाको मिति २०८०/०३/०५ गते गाउँपालिकामा योजनाको मस्यौदा पेश भएको थियो। उक्त कार्यक्रममा गाउँपालिकाको आवधिक योजनाको मस्यौदा प्रतिवेदन प्रस्तुत गरी गाउँसभाका सदस्यहरूबाट राय, सुझाव सङ्कलन समेत गरिएको थियो। प्रस्तुतीकरणका क्रममा सहभागीहरूबाट आएका सुझावहरूलाई समेत सङ्कलन गरिएको थियो। प्राप्त राय तथा सुझावहरूलाई मस्यौदा प्रतिवेदनमा समावेश गरिएको छ। त्यसैगरी गाउँपालिकाका विषयगत समितिका सदस्यहरू, राजनैतिक दलका प्रतिनिधिहरू, विभिन्न विषयगत कार्यालयका विज्ञहरूको पनि मस्यौदा प्रतिवेदन प्रस्तुतिबाट प्राप्त सुझावहरूलाई योजनाको अन्तिम प्रतिवेदन तयार गरिएको छ।

## १.८ आवधिक योजनाको अन्तिम प्रतिवेदन प्रस्तुति तथा पेश

विभिन्न अन्तर्क्रिया तथा छलफल कार्यक्रमबाट प्राप्त सुझावहरूलाई पुनः आवधिक योजनामा समावेश गरी उत्तरगया गाउँपालिकाको ५ वर्षे आवधिक विकास योजना (२०८०/०८१ देखि २०८४/०८५) अन्तिम प्रतिवेदन २०८०/०३/१५ गते गाउँपालिकाको कार्यालय गाउँसभा हलमा प्रस्तुत गरी अनुमोदनका लागि गाउँसभामा पेश गरिएकोमा सभाले सर्वसम्मत अनुमोदन गरी पारित गरेको छ।

### १.९ प्रतिवेदनको संगठन

यस आवधिक योजनाको प्रतिवेदनलाई बाह्र परिच्छेदमा प्रस्तुत गरिएको छ। प्रथम भागमा आवधिक योजनाको परिचय र विधिलाई समावेश गरिएको छ। द्धितीय भागमा गाउँपालिकाको वस्तुस्थिति विवरण, तेस्रो भागमा गाउँपालिकाको सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरुको विश्लेषण गरिएको छ। त्यसैगरी चौथो भागमा गाउँपालिकाको क्षेत्रगत विकास योजनाहरू क्रमशः आर्थिक, सामाजिक, पूर्वाधार विकास योजना, उर्जा विकास योजना, वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन योजना, संस्थागत विकास तथा सुशासन योजनाको विश्लेषण गरिएको छ। छैटौं भागमा कार्यान्वयन योजना र सातौं भागमा अनुगमन तथा मूल्याङ्कन योजना समेटिएका छन्।

### १.१०. उत्तरगया गाउँपालिका विकासका मार्गनिर्देशक सिद्धान्तहरु

उत्तरगया गाउँपालिकाका लागि तल उल्लेखित विकासका मार्गनिर्देशक सिद्धान्तहरु तथा मुल्यमान्यता पहिचान गरिएको छः

#### १.१०.१ राष्ट्रिय सोच

**"समृद्ध नेपाल, सुखी नेपाली"**

नेपाल एक समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिकहरू बसोबास गर्ने मुलुक हुनेछ।




#### १.१०.२ राष्ट्रिय दीर्घकालीन रणनीति

१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
२. सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् शहर/बस्ती विकास गर्ने,
४. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने,
६. गरिवी निवारण र आर्थिक, सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,
७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलता विकास गर्ने,
८. सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने।

#### १.१०.३. दिगो विकास

- उत्तरगया गाउँपालिकाले दिगो विकासको अवधारणा तथा दीगो विकासको स्थानीयकरणलाई आत्मसात गरी दीगो विकास लक्ष्य हासिल गर्न योगदान दिने गरी आगामी योजना तर्जुमा गर्नेछ
- उत्तरगया गाउँपालिकाले पर्यावरण, सामाजिक तथा आर्थिक दिगोपनालाई उत्तरगयाको आगामी विकासका लागि केन्द्रीय पक्षका रुपमा लिनेछ।
- उत्तरगयाको आगामी विकास निर्माण कार्यलाई वातावरण मैत्री रुपमा अघि बढाई उत्तरगयालाई वातावरणमैत्री विकासको पक्षबाट अग्रणी पालिकाको रुपमा स्थापित गरिनेछ।
- जैविक विविधता, प्राकृतिक स्रोतसाधन एवं सांस्कृतिक सम्पदाको दिगो रुपमा संरक्षण गरी आर्थिक वृद्धिका लागि उपयोग गरिनेछ।
- वातावरण र विकासबीचको सन्तुलनलाई कायम राखी सफा, स्वच्छ तथा हरियाली वातावरण निर्माण गरिनेछ।

- सबैका लागि उच्च गुणस्तरीय, सम्मानित तथा मर्यादित जीवन सुनिश्चित गर्न सामाजिक न्याय, समता, समतामूलक तथा सन्तुलित विकासलाई आधार बनाइनेछ।
- दीगो कृषि, पर्यटन तथा उद्यमशीलतामा आधारित भई दीगो आर्थिक वृद्धि एवं समृद्धि हासिल गरिनेछ




### १.१०.४. पन्ध्रौ योजनासँगको सम्बन्ध

यस योजनाले नेपाल सरकारको पन्ध्रौ राष्ट्रिय योजनाले निर्दिष्ट गरेका राष्ट्रिय दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न सघाउने पक्षलाई केन्द्रबिन्दुमा राखी यस योजनामा दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरु, रणनीति, कार्यनीति र कार्यक्रमहरु तर्जुमा गरिएको छ।

#### राष्ट्रिय लक्ष्य

- उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने।

#### राष्ट्रिय उद्देश्य

- सर्वसुलभ, गुणस्तरीय र आधुनिक पुर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि उच्च दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु
- गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र जवाफदेहि सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढिकरण गर्दै नागरिकलाइ परिष्कृत र मर्यादित जीवनयापनको अनुभुति गराउनु।
- सामाजिक-आर्थिक रुपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वतन्त्रता र राष्ट्रिय हित संरक्षण गर्नु।

## १.११ बागमती प्रदेशको दीर्घकालीन सोच

**"सुसंस्कृत र सुखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेश"**

### १.११.१ बागमती प्रदेशका दीर्घकालीन सोचका प्रमुख क्षेत्रहरु

| १. सुसंस्कार | २. सुख | ३. समृद्धि |
|---|---|---|
| सम्पदाहरुको संरक्षण र विकास | स्वस्थ र सन्तलित पर्यावरण | सर्वसुलभ आधुनिक एवं सघन अन्तर आवद्धता |
| भाषा, कला संस्कृति र साहित्यको संरक्षण र विकास | सुशासन | मानव पुँजी तथा सम्भावनाको पूर्ण उपयोग |
| परिष्कृत तथा मर्यादित जीवन | सबल लोकतन्त्र | उच्च र दिगो उत्पादन तथा उत्पादकत्व |
| सुरक्षित सभ्य र न्यायपूर्ण समाज | राष्ट्रिय एकता सुरक्षा र सम्मान | उच्च र समतामूलक राष्ट्रिय आय |

# परिच्छेद-२
## गाउँपालिकाको विकासको विद्यमान अवस्थाको विश्लेषण

### २.१ परिचय

उत्तरगया गाउँपालिका रसुवा जिल्लाको दक्षिणी पश्चिम क्षेत्रमा अवस्थित छ। साविकका हाकु, डाँडागाउँ, ठूलोगाउँ र लहरेपौवा गरी ४ वटा गा.वि.स. लाई पुनसंरचना गरी वि.सं. २०७३ फागुन २७ गते स्थानीय सरकारका रूपमा स्थापना गरिएको हो। जम्मा ५ वटा वडाबाट सार्वजनिक सेवा प्रवाह गरिरहेको यस गाउँपालिकाको मुख्य प्रशासनिक केन्द्र खाल्टेमा रहेको छ। रसुवाको सदरमुकाम धुन्चेदेखि १९.२ कि.मी. दक्षिणमा पर्ने उत्तरगया गाउँपालिकामा ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक र पर्यटकीय रुपले यस प्रदेशकै फरक विषेशता बोकेको क्षेत्र हो। नेपालकै प्रसिद्ध धार्मिक स्थल उत्तरगया धामबाट उत्तरगया गाउँपालिकाको नामाकरण गरिएको छ। गाउँपालिकाको पूर्वमा कालिका गाउँपालिका, पश्चिममा धादिङ्ग जिल्ला, दक्षिणमा नुवाकोट जिल्ला र उत्तरमा आमाछोदिङ्मो गाउँपालिका पर्दछ। १०४.५१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस गाउँपालिका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिन्छ। एउटा संघीय र दुईवटा प्रादेशिक निर्वाचन क्षेत्र रहेको रसुवा जिल्लामा उत्तरगया गाउँपालिका प्रदेश निर्वाचन क्षेत्र नम्बर 'ख' मा पर्दछ।

रसुवा जिल्लामा विद्यमान ५ वटा स्थानीय तहहरु मध्ये उत्तरगया गाउँपालिका जिल्लाको दक्षिण पश्चिम सिमावर्ती क्षेत्रसँग जोडिएर अवस्थित रहेको छ। प्राकृतिक, धार्मिक, सांस्कृतिक रूपले मनोरम यस गाउँपालिका साबिक लहरेपौवा गाउँ विकास समितिको १ देखि ७ र ९ नं वडा, ठुलोगाउँ गाउँ विकास समिति, डाडागाउँ गाउँ विकास समिति र हाकुगाउँ गाउँ विकास समितिका ८ र ९ नं वडा मिलेर बनेको छ। वागमती प्रदेश अन्तर्गत उच्च पहाडी तथा हिमाली भेगको विशेषता बोकेको यो गाउँपालिकाको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता, विकासका सम्भावनाहरुलाई देहाय बमोजिमका शिर्षकहरुमा व्याख्या गरिएको छ।

### २.२ भौगोलिक स्थिति

#### २.२.१ अवस्थिति

समुन्द्री सतहबाट करिब १००० मिटर देखि ५००० मिटर सम्मको उचाईमा रहेको उत्तरगया गाउँपालिका भौगोगिक अवस्थितिका हिसाबले २७ डिग्री ५८ मिनेट २२ सेकेण्ड देखि २८ डिग्री १० मिनेट ७ सेकेण्ड उत्तरी अक्षांश र ८५ डिग्री ७ मिनेट २० सेकेण्ड देखि ८५ डिग्री १४ मिनेट ३५ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ। उत्तरगया गाउँपालिका रसुवा जिल्लाको दक्षिण पश्चिमी भागमा रहेको छ। यस गाउँपालिकाको पूर्वमा कालिका गाउँपालिका, पश्चिममा धादिङ्ग जिल्ला, दक्षिणमा नुवाकोट जिल्ला र उत्तरमा आमाछोदिङ्मो गाउँपालिकाको सिमाना जोडिएको छ। यस गाउँपालिकाको क्षेत्रफलको विषयमा भने केहि विवाद रहेको देखिन्छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाईट http://mofaga.gov.np/ne; मा स्थानीय पुर्नसंरचना आयोगको प्रतिवेदन, २०७३ लाई आधारमा मानी राखिएको स्थानीय तहहरुको विवरणमा गाउँपालिकाको क्षेत्रफल १०४.५१ वर्ग कि.मि. रहेको छ। सोहि वेवसाईटमा रसुवा जिल्लाको क्षेत्रफल २०८५.०४ वर्ग कि.मि. राखिएको छ। नेपालको क्षेत्रफल १४७,१८१ वर्ग कि.मि. लाई आधार मानी GIS मा विश्लेषण गर्दा रसुवा जिल्लाको क्षेत्रफल १,५४०.८२ बर्ग कि.मि. देखिन्छ। यसैलाई आधार मानी ५ गाउँपालिकाको क्षेत्रफललाई GIS मा विश्लेषण गर्दा उत्तरगया गाउँपालकाको क्षेत्रफल १२१.५७ वर्ग कि.मि. हुन आउछ। यस वस्तुगत विवरणमा यसैलाई आधार मानिएको छ। यसैको आधारमा यो गाउँपालिकाले जिल्लाको कुल क्षेत्रफलको ७.८९ प्रतिशत भुभाग ओगटेको देखिन्छ।

**तालिका १: भौगोलिक अवस्थिति**

| वडा नं. | समावेश साविक गाविस | क्षेत्रफल (बर्ग किमि) | प्रतिशत |
|---|---|---|---|
| १ | हाकु (८,९) र डाँडागाउँ (७-९) | ८१.७७ | ६७.२६ |
| २ | डाँडागाउँ (१-६) र ठूलोगाउँ (८) | १५.४३ | १२.६९ |
| ३ | ठूलोगाउँ (१-७,९) | १२.३९ | १०.१९ |
| ४ | लहरेपौवा (४-७) | ७.५१ | ६.१८ |
| ५ | लहरेपौवा (१-३,९) | ४.४७ | ३.६७ |
| जम्मा | | १२१.५७ | १००.०० |

श्रोतः स्थानीय तह पुर्नसंरचना आयोगको प्रतिवेदन, २०७३

## नक्सा १: उत्तरगया गाउँपालिकाको भौगोलिक तथा प्रशासनिक नक्सा




### २.२.२ भू-बनोट

भूबनोटका दृष्टिले उत्तरगया गाउँपालिकाको अधिकांश भूभाग भिरालो क्षेत्र १०४९१ हेक्टर अर्थात ८८.२९ प्रतिशत रहेको छ। त्यसैगरी उपत्यका ७३४ हेक्टर अर्थात ६.४३ प्रतिशत, चट्टानी क्षेत्र ३८४ हेक्टर अर्थात ३.२३ प्रतिशत, हिमाली क्षेत्र २३८ हेक्टर अर्थात २.०० प्रतिशत र टाकुरा/शिखर क्षेत्र ६ हेक्टर अर्थात ०.०५ प्रतिशत रहेको छ। गाउँपालिकाको क्षेत्रफलका आधारमा यहाँको धरातलीय स्वरूपलाई निम्नानुसार वर्गीकरण गरिएको छ।

**नक्सा २: उत्तरगया गाउँपालिकाको भू-बनोट**



### तालिका २: उत्तरगया गाउँपालिकाको भूबनोटको अवस्था

| क्र.सं. | भू-बनोटको प्रकार | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | माथिल्लो भिरालो क्षेत्र | ५७५२ | ४८.४०% |
| २ | तल्लो भिरालो क्षेत्र | ४७३९ | ३९.८८% |
| ३ | उपत्यका | ७६४ | ६.४३% |
| ४ | चट्टान क्षेत्र | ३८४ | ३.२३% |
| ५ | हिमाली क्षेत्र | २३८ | २.००% |
| ६ | टाकुरा/शिखर/रिज | ६ | ०.०५% |
| | **जम्मा** | **११८८३** | **१००.००%** |

### २.२.३ धरातलीय स्वरूप :

उत्तरगया गाउँपालिकाको धरातलीय स्वरूपलाई विश्लेषण गर्दा ० - १० डिग्री भिरालो भूभाग २५२ हेक्टर अर्थात २.१२ प्रतिशत, १० - २० डिग्री भिरालो भूभाग ११५२ हेक्टर अर्थात ९.६९ प्रतिशत, २० - ३० डिग्री भिरालो भूभाग ३५१७ हेक्टर अर्थात २९.५९ प्रतिशत, ३० - ४० डिग्री भिरालो भूभाग ५६१८ हेक्टर अर्थात ४७.२८ प्रतिशत र ४० डिग्री भन्दा बढी भिरालो भूभाग १३४६ हेक्टर अर्थात ११.३३ प्रतिशत रहेको छ। ३० डिग्री भन्दा माथि रहेका भिरालो भूभाग सम्वेदनशील हुन्छन्। पालिकामा यस्ता सम्वेदनशील क्षेत्रहरु बढी भएको हुँदा त्यस्ता क्षेत्रहरूमा खेतीपाती तथा बस्ती रहँदा पहिरो जाने सम्भावना बढी हुन्छ। उत्तरगया गाउँपालिकाको धरातलीय स्वरूप तलको भौगर्भिक नक्सामा देखाइएको छ।

### नक्सा ३: उत्तरगया गाउँपालिकाको धरातलीय स्वरूप




### तालिका ३: उत्तरगया गाउँपालिकाको धरातलीय भिरालोपनाको विवरण

| भिरालोपन | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| ० - १० डिग्री भिरालो | २५२ | २.१२% |
| १० - २० डिग्री भिरालो | ११५२ | ९.६९% |
| २० - ३० डिग्री भिरालो | ३५१७ | २९.५९% |
| ३० - ४० डिग्री भिरालो | ५६१८ | ४७.२८% |
| > ४० डिग्री भिरालो | १३४६ | ११.३३% |
| **जम्मा** | **११८८३** | **१००.००%** |

### २.२.४ हावापानी

उत्तरगया गाउँपालिकामा विविधतायुक्त हावापानी पाइन्छ। उत्तरगया गाउँपालिका हिमाली जिल्लाको एक गाउँपालिका हो। गहिरो गल्छि र उच्च पहाड हुनु हिमाली भूभागको प्रकृति हो। त्यहि अनुसार यहाँको उचाई पनि त्यस्तै रहेको छ। २९.४३ वर्ग किलोमिटर जमिन खेतियोग्य भूमी रहेको यस गाउँपालिका भित्र काम्लुङ खोला, मैलुङ खोला, त्रिशुली खोला, भाङ्गे खोला, करेली देउढुङ्गा, फन्जु खोला, भ्यागुते खोला, महभिर, अधेरी खोला, काब्रे खोला, फलाखु खोला, लाङटाङ राष्ट्रिय निकुञ्ज तथा सामुदायिक वन क्षेत्र भित्र पाइने सर्पगन्धा, चिराईतो, धुपी जस्ता जडिबुटी यहाँको प्रमुख प्राकृतिक सम्पदाहरु हुन। पर्यटन व्यवसायमा संलग्न ३० जना पर्यटकीय गाईड, वडा नं. ३ मा पैरेगाउँमा होमस्टेको स्वरुपमा होटल संचालन हुनुले पनि पर्यटकीय क्षेत्रको विकासको सम्भावना देखिन्छ। यस गाउँपालिकाको औषत वर्षा १६०१ मि.मि. देखि ३००० मि.मि. रहेको छ। उच्च पहाडी तथा हिमाली क्षेत्रमा अवस्थित रहेकाले तल्लो क्षेत्रका केही भूभाग बाहेक उच्च लेकाली चिसो हावापानी पाइन्छ।

नक्सा ४: उत्तरगया गाउँपालिकाको औषत वार्षिक वर्षा




तालिका ४: उत्तरगया गाउँपालिकाको औषत वार्षिक वर्षाको विवरण

| वार्षिक औसत वर्षा (मि.मि./वर्ष) | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| १६०१-१८०० | ९० | ०.७५% |
| १८०१-२००० | १४१६ | ११.९१% |
| २००१-३००० | ७८४७ | ६६.०४% |
| जम्मा | ११८८३ | १००.००% |

## २.३ प्राकृतिक स्रोत सम्पदा

### २.३.१ जल प्रवाह प्रणाली

उत्तरगया गाउँपालिकाका भएर बग्ने काम्लुङ खोला, मैलुङ खोला, त्रिशुली खोला, भाङ्गे खोला, करेली देउढुङ्गा, फन्जु खोला, भ्यागुते खोला, महभिर, अधेरी खोला, काब्रे खोला, फलाखु खोला गाउँपालिकाका जलप्रवाह प्रणालीका प्रमुख स्रोतहरु हुन्। यी नदी मध्ये मैलुङ खोलाको लम्बाइ ११.१८ कि.मि. रहेको छ भने त्रिशुली खोला लम्बाइ ७.८३ कि.मि रहेको छ। गाउँपालिकाभित्रका सहायक खोलाहरू अधेरी खोला-५.८२ कि.मि., भागे खोला - ५.३८ कि.मि., न्याम न्याम खोला - ४.८२ कि.मि., काम्लुङ खोला - ३.६१ आदि रहेका छन्। मुख्य रूपमा यी खोलाहरू बाहेक थुप्रै पानीका मुहान तथा साना खोलाहरू प्रायः सबै भूभागमा रहेका छन्। व्यावसायिक तरकारीको उत्पादन र तरकारी खेतीका साथै पर्याप्त खाद्यान्न उत्पादनका लागि जलस्रोतको उपयोग आवश्यक मात्रामा हुन सकेको छैन। गाउँपालिका भित्र रहेका पानीका स्रोतहरूलाई प्राकृतिक तथा प्रविधिका माध्यमबाट वैज्ञानिक व्यवस्थापन र दिगो सदुपयोगको नीति अवलम्वन गरी कृषिका लागि सिंचाइ र खानेपानी तथा सरसफाइका लागि उपयोग गर्न सकिने प्रशस्त सम्भावना रहेको छ। नदी प्रवाह प्रणाली र मुख्य खोलाहरूको विवरण तपसिल अनुसार रहेको छ।

नक्सा ५: उत्तरगया गाउँपालिकाको जलप्रवाह प्रणाली




## २.३.२ प्राकृतिक वनस्पति तथा वन्यजन्तु

धरातलीय भू-बनोट, माटोको प्रकृति र हावापानीको अवस्थामा प्राकृतिक वनस्पति तथा वन्यजन्तुको जीवनचक्र निर्भर रहेको हुन्छ । उत्तरगया गाउँपालिकामा मध्य तथा उच्च पहाड र हिमाली क्षेत्रमा पाईने वनस्पति गुँरास, बाँफ, खर्स', ठिङ्गो, खोटे सल्लो, अंगेरी, दार सल्लो, लौठ सल्लो, लाकुरी, भोजपत्र तथा उच्च हिमाली क्षेत्रका कोणधारी बुट्यानहरु पाइन्छन् । सामुदायिक वन क्षेत्र भित्र पाइने सर्पगन्धा, चिराईतो, धुपी जस्ता औषधीय जडीबुटी तथा स्याउ, ओखर, सुन्तला, आरु आदि फलफूलहरू पाइन्छन् । वन्यजन्तु अन्तर्गत बदेल, झारल, बाघ, भालु, मृग, घोरल, रतुवा, चितुवा, बाँदर, स्याल, खरायो, मलसाप्रो, आदि यस क्षेत्रमा पाइने वन्यजन्तुहरू हुन् । त्यसैगरी चराचुरुङ्गीहरूमा मुनाल, डाँफे, कालिज, काग, गिद्ध, तित्रा, चिर, आदि पाइन्छन् । तालिका अनुसार देवदार जङ्गल पाइने परिस्थितिकीले पालिको कुल क्षेत्रफलको २३१७.३ हेक्टर (२४.०९ प्रतिशत) क्षेत्रफल ओगटेको छ। मिश्रित गो ब्रे सल्ला ओक जङ्गल पाइने परिस्थितिकीले २०८९.९ हेक्टर (१४.११ प्रतिशत), खोटे सल्लो-फराकिलो पाते जङ्गल पाइने परिस्थितिकीले १८६८.१ हेक्टर (१९.४२ प्रतिशत), शीतोष्ण हिमाली ओक (oak) जङ्गल पाइने परिस्थितिकीले १३५६.८ हेक्टर (२१.७३ प्रतिशत), लालिगुराँसको जंगल पाइने परिस्थितिकीले १३३२ हेक्टर (१३.८५ प्रतिशत), पहाडी साल पाइने जंगलको परिस्थितिकीले ४२८.९ हेक्टर (४.४६ प्रतिशत), पुर्वी हिमाली ओक लौरिल जंगल पाइने परिस्थितिकीले २१३.४ हेक्टर (२.२२ प्रतिशत) र तल्लो शीतोष्ण ओक (oak) जंगल पाइने परिस्थितिकीले ११.७ हेक्टर (०.१२ प्रतिशत) क्षेत्रफल ओगटेको छ।

नक्सा ६: उत्तरगया गाउँपालिकाको परिस्थितिकीय नक्सा




तालिका ५: उत्तरगया गाउँपालिकाको परिस्थितिकी

| क्र.सं. | परिस्थितिकीय प्रणालीको प्रकार | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | सन्टी- लालिगुराँस वन | १३३२.५ | १३.८५% |
| २ | खोटे सल्लो-फराकिलो पाते वन | १८६८.१ | १९.४२% |
| ३ | पुर्वी हिमाली ओक लौरिल वन | २१३.४ | २.२२% |
| ४ | देवदार (Fir) वन | २३१७.३ | २४.०९% |
| ५ | पहाडी साल वन | ४२८.९ | ४.४६% |
| ६ | तल्लो शीतोष्ण ओक (oak) वन | ११.७ | ०.१२% |
| ७ | शीतोष्ण हिमाली ओक (oak)/कटुस वन | २०८९.९ | २१.७३% |
| ८ | मिश्रित गोब्रे सल्ला ओक वन | १३५६.८ | १४.११% |
| | **जम्मा** | **९६१८.६** | **१००.००%** |

### २.३.३ माटोको बनावट

नेपालमा पाँगो, बलौटे पत्थरिलो, रातो फुस्रो, तलैया र हिमाली गरी जम्मा पाँच प्रकारका माटो पाइन्छन् : यी मध्ये उत्तरगया गाउँपालिकाको अधिकांश पहाडी भिरालो भूभागमा कालो र रातो रंङको फुस्रो प्राङगारिक उर्वरायुक्त माटो महाभारतका ठाडा भीरहरूमा ऋतु अपक्षयबाट टुक्रिएका चट्टानमा सडेका झारपात मिलेर बनेको माटो पाइन्छ। यस प्रकारको माटोमा चुन, नाइट्रोजन जस्ता तत्व कम हुने र माटोको गहिराई पनि कम हुनाले फलफूल, आलु, कोदो, मकै, फापर, उवा, जौ, चिनो, कागुनोका लागि उपयुक्त मानिन्छ। यस प्रकारको माटोमा अम्ल, फलाम तथा तामा खानी जस्ता खनिज तत्व पाइन्छ। उत्तरगया गाउँपालिकाको अधिकांश भू-भागमा दोमट (loam) माटो रहेको छ जसले पालिकाको ११,७३८ हेक्टर (९८.७८ प्रतिशत) ओगटेको छ भने सीमित भागमा पाङ्गो दोमट माटो रहेको छ जसले पालिकाको १४५ हेक्टर (१.२२ प्रतिशत) ओगटेको छ। प्राकृतिक स्रोतहरू मध्ये माटो एक प्रमुख स्रोत हो। धरातलीय र हावापानीको विविधता अनुसार माटो पनि विभिन्न प्रकारको हुन्छ।

नक्सा ७: उत्तरगया गाउँपालिकाको माटोको बनोट




तालिका ६: उत्तरगया गाउँपालिकाको माटोको बनावट

| माटोको बनोट | क्षेत्रफल (हेक्टर) | क्षेत्रफल प्रतिशत |
|---|---|---|
| दोमट माटो | ११७३८ | ९८.७८% |
| पाङ्गो दोमट माटो | १४५ | १.२२% |
| जम्मा क्षेत्रफल | ११८८३ | १००.००% |

### २.३.४ माटोको अम्लीयताको स्थिति

उत्तरगया गाउँपालिकाको जम्मा जमिनको क्षेत्रफल ११८८३ हेक्टर मध्ये ६७७४ हे. अर्थात ५७.०१ प्रतिशत जमिनको माटोको अम्लीयताको श्रेणी ४.५ देखि ५.५, ४२९४ हेक्टर अर्थात ३६.१३ प्रतिशतमा माटोको अम्लीयताको श्रेणी ५.५ देखि ५.७, ६७० हेक्टर अर्थात ५.६४ प्रतिशतमा माटोको अम्लीयताको श्रेणी ५.७ देखि ५.९, १४५ हेक्टर अर्थात १.२२ प्रतिशतमा माटोको अम्लीयताको श्रेणी ५.९ देखि ८.० सम्म रहेको पाइन्छ। यसका आधारमा यो गाउँपालिकाको माटोको अम्लीयताका दृष्टिले उर्वरायुक्त रहेको देखिन्छ। कृषि अनुसन्धान केन्द्रको अध्ययनले ५.५ देखि ६.५ अम्लीयता भएको माटो खेतीका लागि सबैभन्दा उपयुक्त हुने देखाएको छ। तसर्थ, उत्तरगया गाउँपालिकामा खेतीपातीको एकदम धेरै सम्भावना रहेको छ। यहाँको माटोमा मकै, फापर, कोदो, जौं, चिनो, कागुनो, वनलसुन, वेसार, सुन्तला, कागती, निवुवा, भोगटे, आलु, फर्सी, मुला, साग, तोरी, सिमी, गोलभेडा आदि फल्ने राम्रो सम्भावना रहेको छ।

नक्सा ८: उत्तरगया गाउँपालिकाको माटोको अम्लीयताको स्थिति



**तालिका ७: माटोको अम्लीयताको स्थिति**

| क्र.सं. | माटोको अम्लीयता श्रेणी | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | ४.५-५.५ | ६७७४ | ५७.०१% |
| २ | ५.५-५.७ | ४२९४ | ३६.१३% |
| ३ | ५.७-५.९ | ६७० | ५.६४% |
| ४ | ५.९-८.० | १४५ | १.२२% |
| | **जम्मा** | **११८८३** | **१००.००%** |

## २.४ भू-उपयोग तथा मानव बसोबास

### २.४.१ भू-उपयोग

उत्तरगया गाउँपालिकाको भू-भागलाई कृषि, मानव बस्ती, वन जंगल, घाँसे मैदान तथा चरण क्षेत्र, जलाधार क्षेत्र र खनिजजन्य पदार्थका लागि उपयोग भइरहेको छ। भू-धरातल, उचाइ, माटोको प्रकृति, हावापानी, वनस्पति आदिका दृष्टिकोणले भू-उपयोगको सम्भावना विविधतायुक्त रहेको छ। यसले गर्दा यहाँको भू-उपयोगलाई मानवहित, पर्यावरण सन्तुलन, जैविक विविधता आदिका लागि उपयोग गर्न सकिन्छ।

गाउँपालिकाको कुल क्षेत्रफल ११८८३ हेक्टर जमिन मध्ये कृषि तथा बस्तीले ओगटेको क्षेत्रफल २१५४ हेक्टर अर्थात् १८.१३ प्रतिशत रहेको छ। गाउँपालिकाको दक्षिणी क्षेत्रमा कृषि तथा मानव बसोबास योग्य जमिन रहेको छ। यस गाउँपालिकाको कुल क्षेत्रफल मध्ये वन जंगलले ओगटेको क्षेत्रफल ६८६० हेक्टर अर्थात् ५७.७३ प्रतिशत रहेको छ। झाडी क्षेत्रले ओगटेको क्षेत्रफल १७३४ हेक्टर अर्थात् १४.५९ प्रतिशत र घाँसे मैदान क्षेत्रले ओगटेको क्षेत्रफल ९८५ हेक्टर अर्थात् ८.२९ प्रतिशत रहेको छ। गाउँपालिकामा वन जंगलको विस्तार पालिकाको केन्द्र भागदेखि मध्य क्षेत्रबाट विस्तार भई उत्तरी मोहडासम्मको माथिल्लो भूभागमा घना वनजंगल रहेको छ। बाँकी भूभागमा मानव बस्ती र खेतीयोग्य जमिनको आसपासमा विभिन्न प्रजातीका डाले घाँसका वनस्पतिहरु र छिटफुट रुपमा साना तथा ठुला जंगली क्षेत्रहरु रहेको पाइन्छ। यहाँका जंगलमा सल्ला, बाँझ, खस्रु, साज, भिमल, वर, पीपल, पैयु, गुँरास, मेहेल, कोठीमारो, जामुना जातका रुखहरू पाइन्छन्। त्यसैगरी नदी तथा जलवहावले ओगटेको क्षेत्रफल १०२ हेक्टर अर्थात् ०.८६ प्रतिशत, चट्टानले ओगटेको क्षेत्रफल २९ हेक्टर अर्थात् ०.२४ प्रतिशत र ब्यारेन/नाङ्गो भूमिको क्षेत्रफल २० हेक्टर अर्थात् ०.१७ प्रतिशत रहेको छ।

वन क्षेत्रको बाहुल्यता भएको कारण यस गाउँपालिकामा कार्बन उत्सर्जनको मात्रा निकै कम छ भने यसले गर्दा गाउँपालिकाको शून्य हरित गृह ग्यास उत्सर्जनको लक्ष्य पूरा भइरहेको छ। पालिका भित्र नाङ्गो भूमि उत्तर पश्चिम भागमा मात्र भएको तथ्यले यहाँको अधिकतम भू-भागको उपयोग भएको देखिन्छ। खेती गरिएको भूमि निकै कम मात्रामा रहेकाले विभिन्न अन्नबाली, तरकारी तथा फलफूलको उत्पादन प्रर्याप्त रुपमा हुन सकेको छैन।

**नक्सा ९: उत्तरगया गाउँपालिकामा भू-उपयोगको स्थिति**



**तालिका ८: भू-उपयोगको स्थिति**

| क्र.सं. | भू-उपयोगको किसिम | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | वन क्षेत्र | ६८६० | ५७.७३% |
| २ | खेती गरिएको भूमि | २१५४ | १८.१३% |
| ३ | भाडी क्षेत्र | १७३४ | १४.५९% |
| ४ | घाँसे मैदान क्षेत्र | ९८५ | ८.२९% |
| ५ | खोला/नदी क्षेत्र | १०२ | ०.८६% |
| ६ | चट्टान | २९ | ०.२४% |
| ७ | नाङ्गो भूमि | २० | ०.१७% |
| | जम्मा | ११८८३ | १००.००% |

### २.४.२ मानव बसोबास

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार उत्तरगया गाउँपालिकामा ८५५५ जम्मा जनसंख्या रहेको छ भने २,१८८ परिवारले बसोबास गरिरहेका छन् तर गाउँपालिका आफैले सर्वेक्षण गरेको गाउँवस्तुस्थिति विवरण २०७६ अनुसार गाउँपालिकाको कुल घरधुरी २६३२ र जनसंख्या ११४९० रहेको छ। वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ५ मा २८०४ रहेको छ भने सबै भन्दा न्यून वडा नं. ३ मा १६९३ रहेको देखिन्छ। जनगणना २०७८ अनुसार हालको औषत घरपरिवारको आकार ३.९१ हुन आएको छ। भू-उपग्रहीय तस्वीर २०२३ को आधारमा यस गाउँपालिकाभित्र घर, गोठ तथा कार्यालयहरूको संख्या लगभग २३१७ घर प्रयोग गरिरहेका छन्। उत्तरगया गाउँपालिकाको २.८१ हेक्टर ०-१० डिग्री भिरालो जमिनमा ३७३ घर संख्या, ६.२६ हेक्टर १० - २० डिग्री भिरालो जमिनमा १०३० घर संख्या, ४.२५ हेक्टर २० - ३० डिग्री भिरालो जमिनमा ७६९ घर संख्या, ०.८६ हेक्टर ३०-४० डिग्री भिरालो जमिनमा १४१ घर संख्या र ०.०३ हेक्टर ४० डिग्री भन्दा माथिका भिरालो जमिनमा ४ घर संख्या रहेको देखिन्छ। यो तथ्याङ्कलाई हेर्दा ३० डिग्री भन्दा माथिका भिरालो जमिनमा बनेका घरमा बसोबास गर्ने परिवारलाई राज्यले यथाशीघ्र सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने देखिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँका अधिकांश बस्तीका घरहरू ढुङ्गा र माटोको गाऱ्हो र जस्तापाताको छानो भएका छन्। यस गाउँपालिकाका घरहरू बनोटको आधारमा ढुङ्गा र माटोको पर्खाल भएका र जस्ताको छानो भएका सबैभन्दा धैरै १५६० अर्थात् ७१.३ प्रतिशत, आरसीसी पिल्लर भएका ६१५ अर्थात् २८.१ प्रतिशत, र अन्य (खरको छानो, काठको छानो, ढुङ्गाको छानो भएका) १३ अर्थात ०.५९ प्रतिशत घरहरु रहेका छन्।

भवन निर्माण संहिता, २०७२ अनुसार कुनै प्रयोजनका लागि निर्माण गरिने घरहरु भूकम्प प्रतिरोधी हुनुपर्दछ। राष्ट्रिय जनगणना २०७८ को तथ्यांकलाई विश्लेषण गर्दा यहाँ भूकम्प प्रतिरोधी घरहरू अत्यन्त न्यून प्रतिशत मात्र बनेको देखिन्छ। यहाँको मानव बस्तीको बसोबास ढाँचालाई हेर्दा विभिन्न स्थानहरूमा छरिएर रहेका छन्। जनघनत्व ८२ वर्ग किलोमिटर र प्रति परिवार संख्या ३.९१ जना रहेका छन्। यहाँका बस्तीहरू मध्ये कुनै साना छन् भने कुनै बस्तीमा जनसंख्या पनि अत्यधिक रहेको छ। यसका साथै कतिपय बस्तीहरू छरिएर रहेका छन्। छरिएर रहेका घर बस्तीहरूलाई एकत्रित गर्न सकेको खण्डमा बाटो, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य लगायत विभिन्न सेवा सुविधाहरूको पहुँच वृद्धि गर्न सकिन्छ। गाउँपालिकाको बसोबासको अवस्थालाई तपसिलको नक्सामा देखाइएको छ।

**नक्सा १०: उत्तरगया गाउँपालिकाको बसोबासको स्थिति**



तालिका ९: उत्तरगया गाउँपालिकाको बसोबासको विवरण

| जमिनको भिरालो पन | घर संख्या | क्षेत्रफल हेक्टर | क्षेत्रफल प्रतिशत |
|---|---|---|---|
| ० - १० डिग्री भिरालो | ३७३ | २.८१ | १९.७६% |
| १० - २० डिग्री भिरालो | १०३० | ६.२६ | ४४.०८% |
| २० - ३० डिग्री भिरालो | ७६९ | ४.२५ | २९.९१% |
| ३० - ४० डिग्री भिरालो | १४१ | ०.८६ | ६.०६% |
| > ४० डिग्री भिरालो | ४ | ०.०३ | ०.२१% |
| जम्मा | २३१७ | १४.२१ | १००.०३% |

### २.४.३. भू-स्वामित्वको अवस्था

उत्तरगया गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार गाउँपालिका क्षेत्रमा कृषि कार्यका लागि उपयोग गरिएको कूल जग्गा १४९९४ रोपनी रहेको देखिन्छ। जस मध्ये आफ्नो परिवारको नाममा रहेको १३७६९ रोपनी जग्गा उपयोग गर्ने २०६४ घरपरिवार, आफ्नो घरपरिवार बाहेक अरुको नाममा रहेको ६७३ रोपनी जग्गा उपयोग गर्ने घरपरिवार २०१ र अन्य स्वामित्वको ५५२ रोपनी जग्गा उपयोग गर्ने घरपरिवार ७५ रहेका छन्। साथै यहाँ रहेका कुल घरपरिवारहरु मध्येबाट १९ प्रतिशत घरपरिवार कृषि कार्यका लागि जग्गाको उपयोग गर्ने गरेका छैनन्। जग्गा जमिनको प्रयोग मानिसले विभिन्न कार्यका लागि गरेका छन्। आवास, खाद्यान्न उत्पादन, फलफूल तथा तरकारी खेती, घाँस तथा चरण क्षेत्र, काठ, जडिबुटी तथा वनपैदावार, पशुपालन लगायत विभिन्न आर्थिक क्रियाकलापसँग सम्बन्धित क्षेत्रमा भू-स्वामित्वको उपयोग गरिएको छ।

## २.५ सामाजिक तथा सांस्कृतिक अवस्था

उत्तरगया गाउँपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था अन्तर्गत जनसंख्या, बसाँइसराई, जातजाति, भाषाभाषी, चाडपर्व, धर्म, संस्कृति, साक्षरता तथा शैक्षिक स्थिति एवं स्वास्थ्य सम्बन्धी विवरण समावेश गरिएको छ।

### २.५.१ जनसंख्या संरचना तथा वितरण

राष्ट्रिय जनगणना २०७८ अनुसार उत्तरगया गाउँपालिकाको जम्मा जनसंख्या ८,५५५ रहेको छ र जनघनत्व ८२ प्रति वर्ग किलो मिटर रहेको छ। जसमा महिलाको संख्या ४,३२० अर्थात् ५०.५ प्रतिशत र पुरुषको संख्या ४२३५ अर्थात् ४९.५ प्रतिशत रहेको छ। घरधुरीको संख्या जम्मा २,१८८ रहेको छ। गाउँपालिकाको औसत परिवार संख्या ३.९१ जना प्रति परिवार रहेको छ। जनसंख्याको वितरणलाई हेर्दा गाउँपालिका भित्र सबैभन्दा धेरै जनसंख्या वडा नं. ५ मा जम्मा २९१२ रहेको छ। त्यसैगरी क्रमशः वडा नं ४ मा जम्मा २०४८, वडा नं २ मा जम्मा १२७७, वडा नं १ मा जम्मा १२०५, र वडा नं ३ मा सबैभन्दा कम १११३ जनसंख्या रहेको छ।

तर घरपरिवार सर्वेक्षण २०७६ अनुसार गाउँपालिकाको कुल घरधुरी २६३२ र जनसंख्या ११४९० रहेको छ जुन राष्ट्रिय जनगणना २०६८ अनुसार १८४६ र ८२५५ जनसंख्या रहेको थियो। वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ५ मा २८०४ रहेको छ भने सबै भन्दा न्यून वडा नं. ३ मा १६९३ रहेको देखिन्छ। जस अनुसार हालको औषत घरपरिवारको आकार २०६८ मा ४.४७ रहेको थियो भने २०७६ मा ४.३६ हुन आएको छ (तालिका ४)। वर्तमान अवस्थालाई वडागत रुपमा देहाय प्रस्तुत गरिएको छ।

तालिका १०: जनसंख्या वितरणको अवस्था

| वडा नं | घरपरिवार सर्वेक्षण २०७६ अनुसार | | | | | | जनसंख्या वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| | घर परिवार | जनसंख्या | | | औसत परिवार | लैगिंक अनुपात | |
| | | जम्मा | पु | म | | | |
| १ | ६३५ | २६२० | १३३३ | १२८७ | ४.१३ | १०३.५७ | ४.१९ |
| २ | ३९४ | १७८७ | ८९९ | ८८८ | ४.५४ | १०१.२४ | ३.४४ |
| ३ | ४१२ | १६९३ | ८९५ | ७९८ | ४.११ | ११२.१६ | ४.८९ |
| ४ | ४१४ | ४१४ | ४१४ | ४१४ | ४.१४ | ४१४ | ४.१४ |
| ५ | ६०८ | २८०४ | १४२७ | १३७७ | ४.६१ | १०३.६३ | ३.६९ |
| जम्मा | २६ | ११४९० | ५८८९ | ५६०१ | ४.३६ | १०५.४६ | ४.१३ |

श्रोतः गाउँ वस्तुस्थिति विवरण २०७६

### २.५.२ जातजातिगत अवस्था

उत्तरगया गाउँपालिकामा मूलतः आदिवासी जनजाति समुदायको बाहुल्यता रहेको पाइन्छ। उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार यस गाउँपालिमा जनजाति ६६.३० प्रतिशत, ब्राह्मण/क्षेत्री २९.४८ प्रतिशत र दलित ४.२२ प्रतिशत जनसंख्या रहेको छ। यस गाउँपालिकामा बसोवास गर्ने समुदायहरू बहुभाषिक र बहुजातीय भएको हुँदा भाषिक, सामाजिक, सांस्कृतिक, जातिगत र धार्मिक विविधता समेत रहेको छ।

### २.५.३ धार्मिक अवस्था

उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार हिन्दु, बौद्ध, क्रिश्चयन, आदि धर्मावालम्बीहरूको बसोबास रहेको पाइन्छ । यी मध्ये सबैभन्दा बढी बौद्ध ५२.६३ प्रतिशत, हिन्दु ४३.५६ प्रतिशत र क्रिश्चियन ३.८१ प्रतिशत धर्मावलम्बीहरू रहेका छन् । धार्मिक विविधतामा आपसी सहिष्णुताका साथ जीवन निर्वाह गर्नु यस पालिकाको धार्मिक विशेषता हो ।

### २.५.४ जनशक्तिको संरचना

राष्ट्रिय जनगणना २०७८ अनुसार उत्तरगया गाउँपालिकामा सरदर परिवारको आकार ३.९१ रहेको छ। गाउँपालिकामा आर्थिक रूपमा सक्रिय जनसंख्या ७०.७ प्रतिशत रहेको देखिन्छ। यी आर्थिक रूपमा सक्रिय जनसंख्या मध्ये ९२.६ प्रतिशत रोजगार र ७.४ प्रतिशत बेरोजगार रहेको देखिन्छ। पेशाको आधारमा करिब ६३.६ प्रतिशत जनसंख्या कृषि पेशामा आबद्ध रहेको छ। त्यसैगरी रोजगारीको अन्य क्षेत्रहरूमा करिब ४.४ प्रतिशत सरकारी, २३.१ प्रतिशत अन्य संगठित संघसंस्थामा कार्यरत छन् भने ७२.५ प्रतिशत घरायसी काममा संलग्न रहेका छन् ।

### २.५.५ बसाईंसराइको वर्तमान अवस्था

बदलिँदो विश्व परिवेश र मानिसको जीवन शैलीमा आएको परिवर्तनसँगै हरेक मानिसले दिनानुदिन सुखको खोजी गरिरहेका छन् । दुर्गमबाट सुगम स्थानको खोजी गरी सुविधायुक्त जीवन बिताउने क्रममा मानिसले बसाइँसराइ गर्ने गर्दछन्। यो प्रवृत्तिले उत्तरगया गाउँपालिकालाई पनि प्रभावित पारेको छ। भौगोलिक विकटता, यातायातका साधनको सहज र गुणस्तरीय पहुँचको अभाव, शिक्षा, स्वास्थ्य, सुरक्षित आवासको अभावबाट मुक्त भइ सुविधायुक्त जीवन जिउनका लागि यस पालिकाबाट काठमाण्डौं, नुवाकोट, गल्छी लगायत विभिन्न स्थानमा बसाइँसराइ गर्ने गरेका छन्। साठीको दशकदेखि बसाइँसराइ गर्ने प्रवृतिमा परिवर्तन आइ आफ्नो पुर्ख्यौली थलोमा नबस्ने तर त्यहाँको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक आदि अधिकारहरूको उपयोग गर्ने प्रचलनका कारण कानुनी रूपमा बसाइँसराइको अवस्थालाई एकिन गर्न गाह्रो रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार, उत्तरगया गाउँपालिकामा जम्मा २.७ प्रतिशत जनसंख्या अन्य स्थानमा बसाइँसराइ गरी गएको देखिन्छ।

### २.५.६ वैदेशिक रोजगारीमा रहेको जनशक्ति

विकास उन्मुख देशका युवा जनशक्तिको रोजगारीको मूल आधार वैदेशिक रोजगारी रहिआएको छ । उत्तरगया गाउँपालिकाका युवा जनशक्तिको सोचमा आएको परिवर्तन, अस्वस्थ आर्थिक प्रतिष्पर्धा, गुणस्तरीय जीवन निर्वाहका लागि आवश्यक रोजगारीको अभाव, सीप, क्षमता र दक्षता अनुसारको रोजगारीको अभाव, युवा मानसिकतामा बढेको वैदेशिक रोजगारी प्रतिको मोहका कारण युवा शक्ति वैदेशिक रोजगारीमा जाने चलन रहेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार उत्तरगया गाउँपालिकाका नागरिकहरु मध्ये करिब १६.७ प्रतिशत व्यक्ति रोजगारीका लागि नेपालको विभिन्न स्थानमा कार्यरत रहेका छन् भने करिब १६.२ प्रतिशत व्यक्ति विभिन्न देशमा वैदेशिक रोजगारीका सिलसिलामा कार्यरत रहेका छन्। लैगिंक आधारमा हेर्दा ५७.७ प्रतिशत पुरुष र ४२.३ प्रतिशत महिला वैदेशिक रोजगारीका सिलसिलामा विभिन्न देशमा कार्यरत छन्। गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार यस गाउँपालिकाबाट शीक रोजगारीका लागि विभिन्न देश जाने व्यक्तिहरुको कूल संख्या ५३३ जनाहरु रहेका छन्। यी मध्ये सबैभन्दा उच्च संख्यामा खाडी मुलुक जाने ३०७ जना रहेका छन्।

### २.५.७ चाडपर्व तथा जात्रा

सांस्कृतिक विविधतामा आपसी एकतामा रमिरहेको नेपाली समाजमा चाडपर्व तथा जात्राले मनोरञ्जन दिनुका साथै आपसी भातृत्व र सहिष्णुता कायम गरेको हुन्छ। उत्तरगया गाउँपालिका चाडपर्व, स्थानीय मेला तथा जात्राका दृष्टिकोणले सुसम्पन्न रहेको छ। जसमा दशैं, तिहार, ल्होसार, चण्डीपूर्णिमा, बुद्ध जयन्ती, हरितालिका तिज, क्रिस्मस, माघेसंक्रान्ति, रामनवमी, फागुपूर्णिमा आदि रहेका छन्।

### २.५.८ भाषाभाषी तथा भेषभूषा

पहाडी आदीबासी जनजाती, पहाडी ब्राह्मण क्षेत्री र पहाडी दलित जातजातीको मिश्रित बसोवास रहेको यस गाउँपालिकामा विभिन्न समुदायका बीचमा बोलिचालीको माध्यम भाषा नेपाली रहेको छ। तर तामाङ आफ्नो जातीय परम्परा र प्रचलन अनुसार यहाँका मानिसले भेषभूषा र पहिरणको प्रयोग गर्ने गर्छन् । धार्मिक, सामाजिक, सांस्कृतिक र जात्रा तथा पर्वहरुमा आफ्नो परम्परागत जातीय पहिरनमा सजिएर आफ्नो परिचय र पहिचान देखाउन चाहनु यहाँका मानिसको मुख्य विशेषता रहेको छ। भेषभुषाका रुपमा पुरुषहरुले मुख्य रुपमा भाँग्रा, बख्खु, दौरा सुरुवाल, कोट, टोपी, र महिलाले घलेक, सेगापङ्गप, कुर्ता सुरुवाल, गुन्यु, साडी, चोली लगाउने गर्दछन्। उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार गाउँपालिका भित्र मातृ भाषाका रुपमा नेपाली भाषा बोल्ने जनसंख्या ६०.१५ प्रतिशत र मातृभाषाका रुपमा तामाङ भाषा बोल्ने जनसंख्या ३९.८५ प्रतिशत रहेको छ।

### २.५.९ शैक्षिक अवस्था

शिक्षा क्षेत्रको विकास देश विकासको मूल आधार हो । दिगो, गुणस्तरीय र समयसापेक्ष रूपमा शिक्षा क्षेत्रको विकास भएमा देश विकास सहि ढंगले हुन सक्छ। उत्तरगया गाउँपालिकाको दीर्घकालीन विकासका लागि शिक्षा क्षेत्रको विकास कोशेढुंगा सावित हुन्छ। यस गाउँपालिका क्षेत्रभित्र १५ वटा आधारभूत र ४ वटा माध्यामिक विद्यालय गरी जम्मा १९ वटा सामुदायिक विद्यालय रहेका छन्। स्नातक तहको अध्यापन गराउन गाउँपालिकामा क्याम्पस रहेको छ भने एउटा संस्थागत विद्यालय समेत रहेको छ।

गाउँपालिकाभित्र रहेका कुल १९ विद्यालयमा अध्ययन गर्ने तहगत छात्रछात्राहरुको संख्या हेर्दा पूर्व प्राथमिक तहमा १७३ छात्र र १६४ छात्रा गरी ३३७ जना, आधारभूत तहमा ४७४ छात्र र ५११ छात्रा गरी ९८५ जना र माध्यमिक तहमा १२६ छात्र र १७० छात्रा गरी २९६ जना विद्यार्थीहरु रहेको पाइन्छ। समग्रमा गाउँपालिकाभित्र रहेका विद्यालयमा छात्र ७७३ र छात्रा ८४५ गरी जम्मा १६१८ जना विद्यार्थी अध्ययनरत रहेको देखिन्छ।

गाउँपालिका भित्र रहेका विद्यालयहरूको पठनपाठन क्रियाकलापलाई अगाडि बढाउनका लागि गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा स्वीकृत दरबन्दीमा प्राथमिक तहको ६४ जना निम्न माध्यमिक तहको १४ जना माध्यमिक तहको १३ जना त्यसैगरी राहत दरबन्दीमा प्राथमिक तहको ३ जना

निम्न माध्यमिक तहको ५ जना माध्यमिक तहको ५ जना साथै संघीय अनुदानतर्फ निम्न माध्यमिक तहको १ जना र उच्च माध्यमिक तहको ५ जना शिक्षकहरु तथा प्राविधिक प्रशिक्षक ८ जना बालविकास सहजकर्ता २१ जना विद्यालय सहयोगी २२ जना कार्यरत छन् ।

गाउँपालिका भित्रका विद्यालयको भौतिक अवस्थाको विश्लेषण गर्दा यहाँ रहेका विद्यालयहरुमा सबै पक्की भवन रहेका छन् । सबै विद्यालयमा शौचालयको व्यवस्था रहेको छ। सातवटा विद्यालयमा सूचना प्रविधी प्रयोगशाला रहेको छ।

उत्तरगया गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसंख्या ८५५५ को ६१४२ अर्थात ७१.८ प्रतिशत जनसंख्या साक्षर रहेको देखिन्छ। यसमध्ये पुरुष साक्षरता दर ७८ प्रतिशत र महिला साक्षरता दर ६५.६ प्रतिशत रहेको छ।

### २.५.१० स्वास्थ्य सेवा तथा सुविधाको अवस्था

उत्तरगया गाउँपालिका मानव विकास, पूर्वाधार क्षेत्रको विकास र स्वास्थ्य क्षेत्रको विकासका सूचकाङ्कका दृष्टिले राष्ट्रिय आँकडाभन्दा केहि पछि परेको देखिन्छ। भौगोलिक विकटता तथा सामाजिक चेतना, आर्थिक अवस्था, साँस्कृतिक मूल्य, मान्यता र परम्परागत जातीय तथा धार्मिक मान्यताका कारण समुदायका मानिसहरू स्वास्थ्य सेवाबाट बञ्चित भएका छन् ।

उत्तरगया गाउँपालिकामा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न ३ वटा स्वास्थ्य चौकी, ३ वटा सामुदायिक स्वास्थ्य ईकाइ र दुई वटा आयुर्वेदिक औषधालय गरी ८ वटा स्वास्थ्य संस्थाहरू रहेका छन् । यस गाउँपालिकामा सरकारी स्वास्थ्य संस्था, निजी स्तरका क्लिनिक तथा मेडिकलहरूले स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् । सामन्यतः यस गाउँपालिकाका मानिसहरू बिरामी हुँदा सर्वप्रथम स्वास्थ्य चौकी र औषधी पसल जाने गरेका छन् । तथापि अझैपनि केही स्थानमा स्वास्थ्य केन्द्र पुग्न २/३ घण्टा हिड्नुपर्ने बाध्यता रहेको छ।

गाउँपालिका भित्र रहेका ८ वटा स्वास्थ्य संस्थाहरुमा उपलब्ध स्वास्थ्य सेवाको अवस्था हेर्दा सुरक्षित मातृत्व, पोषण तथा परामर्श सेवा सबै संस्थामा उपलब्ध रहेको देखिन्छ। तथापि कुनै पनि स्वास्थ्य संस्थामा रक्तसंचार सेवा, फार्मेसी र आँखा उपचार सेवाको उपलब्धता छैन। गाउँपालिकाभित्र शीघ्र स्वास्थ्य उद्धारका लागि एम्बुलेन्स सेवा सञ्चालनमा रहेको छ। स्वास्थ्य सेवामा कार्यरत जनशक्तिको स्विकृत दरबन्दी जम्मा २३ जनाको रहेकोमा हाल पालिकामा २१ जना स्वास्थ्यकर्मी कार्यरत रहेका छन् भने ४४ जना महिला स्वयं सेविका रहेका छन् ।

राष्ट्रिय स्तरमा निर्धारण गरिएका राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत उत्तरगया गाउँपालिकाले पालिका भित्रका स्वास्थ्य संस्थाहरु मार्फत खोप सेवाका साथै गर्भजाँच, परिवार योजनाका साधनहरू वितरण र परामर्श सेवाहरू प्रदान गरिरहेका छन् । गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार उत्तरगया गाउँपालिका भित्र ५ वर्ष भित्रका बालबालिकाको संख्या ४५५, २ वर्ष मुनिका २१५ जना र १ वर्ष मुनिका १४१ जना बालबालिका रहेका छन् । गाउँपालिका भित्र विसिजी, जापानिज इन्सफलाइटिस, पोलियो, दादुरा रोग विरुद्ध खोप लिने बालबालिकाको संख्या उल्लेख्य देखिन्छ । जसमध्ये ९८ बालबलिकाले विसिजी, १३० बालबालिकाले पेण्टाभ्या लेण्ट, १३० बालबालिकाले पोलियो तेश्रो, १२० बालबालिकाले दादुरा, १११ बालबलिकाले जापानिज इन्सफलाइटिस (जे.ई.) को खोप लिएका छन् । विगत ५ वर्ष भित्रमा गाउँपालिकामा बाल स्वास्थ्य तथा मातृस्वास्थ्यको अवस्था निकै सन्तोषजनक रहेको छ। जसअनुसार गत १ वर्षमा मातृमृत्यु ० रहेको तथा बालमृत्यु दर १ जना रहेको छ, शिशु मृत्यु ५ जना छन् ।

राष्ट्रिय सुरक्षित मातृत्व कार्यक्रमको मुख्य लक्ष्य मातृ तथा नवजात शिशु रोग र मृत्युदर घटाउने, निवारण गर्ने र प्रवर्द्धनात्मक गतिविधि मार्फत् गर्भावस्था, बच्चाको जन्म र प्रशवपछिको अवधिमा मृत्यु निम्त्याउने कारकलाई निदान गरी मातृ तथा नवजात शिशुको स्वास्थ्यमा सुधार गर्नु रहेको छ । गाउँ वस्तुस्थिती विवरण २०७६ अनुसार स्वास्थ्य मापदण्ड अनुसार पूरा अवधी गर्भ परीक्षण गराउन आउने महिलाको संख्या ४९.५ प्रतिशत मात्र रहेको छ। यसरी हेर्दा गर्भवती महिलालाई स्वास्थ्य मापदण्ड अनुसार पूरा अवधी गर्भ परीक्षण गराउनका लागि महिला स्वास्थ्य स्वयम्सेविका मार्फत चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। साथै संस्थागत रुपमा स्वास्थ्य केन्द्रमा सुत्केरी हुनका लागि जनचेतनामूलक सहजीकरण कार्यक्रम सञ्चालन, दक्ष प्रसूतिकर्मीको व्यवस्था, पूर्वाधारको पर्याप्तता गरी सामाजिक मूल्य र मान्यतामा परिवर्तन ल्याउनु पर्ने देखिन्छ । उत्तरगया गाउँपालिकाको आधुनिक परिवार योजना विधिको लागि अस्थाइ गर्भनिरोधक प्रचलन दर (CPR) २४.२३ प्रतिशत मात्र देखिएको छ। गर्भनिरोधक प्रचलन दर कम देखिनुको मुख्य कारण जनचेतनाको कमी, सामाजिक मूल्यमान्यता, वैदेशिक रोजगारी आदि पर्दछन् ।

## २.६ आर्थिक अवस्था

उत्तरगया गाउँपालिकाको आर्थिक अवस्थाको मुख्य मेरुदण्डका रूपमा कृषि व्यवसाय रहेको छ। तथापि अधिकांश कृषकहरू निर्वाहमुखी कृषिमा निर्भर रहेका छन् । यस पालिकाको कृषिलाई व्यावसायिक र आधुनिक कृषि प्रणालीमा जोड दिनुपर्ने देखिन्छ। कृषि क्षेत्रलाई व्यावसायिक र उत्पादनमुखी बनाउन सकेमा आर्थिक समृद्धिका आधारहरू तय हुने, स्वदेशमै रोजगारी सृजना हुने र पालिकाले आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ। मध्य पहाडी क्षेत्रमा उत्पादन गर्न सकिने तरकारी, फलफूल, खाद्यान्न, दलहन तथा नगदे बाली र पशुपंक्षीजन्य उद्यमहरू संचालन गर्नका लागि उपयुक्त भौगोलिक बनावट रहेको पाइन्छ।

ऐतिहासिक, धार्मिक, प्राकृतिक ताल, तलैया, झरना, लेकाली घाँसे मैदान, तटीय क्षेत्रहरुले गाउँपालिकाको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । गाउँपालिकाको विभिन्न भूभाग भएर बग्ने काम्लुङ खोला, मैलुङ खोला, त्रिशुली खोला, भाङ्गे खोला, करेली देउढुङ्गा, फन्जु खोला, भ्यागुते खोला, महभिर, अधेरी खोला, काब्रे खोला, फलाखु खोला र यिनका सहायक खोला तथा नदीको जल उपयोग गरी सिंचाइ, जलविहार, जलविद्युत् जस्ता क्षेत्रमा दिगो उपयोग गर्न सके पालिकाको आर्थिक समृद्धिको आधार निर्माण हुने देखिन्छ। उत्तरगया धाम, पर्यटकीय पदमार्ग, वडा नं. ३ को भूमेस्थान देवीस्थान मन्दिर, ठूलो आँगन बौद्ध स्तुपा र महभीर, वडा नं. ४ मा रहेको ऐतिहासिक घलेगढी, कमारेगढी, वडा नं. २ मा रहेको रमणीय स्थल बाँसथला, भाँगेखोला झरना, साहसिक खेलको रुपमा त्रिशुलीमा जलपर्यटन, वडा नं. २ मा रहेको गुरुङ साँस्कृतिक सूचना केन्द्र जस्ता पर्यापर्यटनका क्षेत्रहरूको संरक्षण, प्रवर्द्धन र प्रचार प्रचार गरी पर्यटकका लागि आकर्षकको केन्द्र बनाउन सकिने देखिन्छ। प्राकृतिक, सामाजिक, सांस्कृतिक र पर्यटन क्षेत्रको विकास र विस्तार गर्न सके पालिका भित्रै रोजगारीको सृजना हुनुको साथै समृद्धिका आधारहरू निर्माण हुन सक्ने देखिन्छ। ठुला तथा साना र परम्परागत

घरेलु उद्योग संचालन तथा व्यवस्थापन गरी पालिकाको आर्थिक क्रियाकलाप संचालन गर्न पासाङ ल्हामु राजमार्गले यस पालिकालाई राष्ट्रिय सञ्जालमा जोडी व्यापार व्यावसायको ढोका खोलेको छ।

### २.६.१ कृषि

उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार गाउँपालिका भित्रको जम्मा जमिन १३२२६ रोपनी मध्ये १२४१७ रोपनी अर्थात् ९३.८८ प्रतिशत जमिनमा खेती गरिएको छ भने २१०७ रोपनी अर्थात् १५.१९ प्रतिशत जमिन बाँझो रहेको छ। उक्त जमिनमा बसोबास गर्ने जनसंख्याको आफ्नो स्वामित्वमा भएको जग्गालाई खेत, पाखो बारी, आवासीय, व्यापारिक र अन्य गरी उपयोग गरिएको छ। खेतीयोग्य जमिन मध्ये ३८ प्रतिशत जमिन खेत र ६२ प्रतिशत जमिन बारी रहेको छ। गाउँपालिकाका पैरेवेसी, वोगटीटार, कैदेलटार लगायतका स्थानहरू खाद्यान्न उत्पादनका दृष्टिले महत्वपूर्ण मानिन्छन्। उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार करिब ७८.४ प्रतिशत परिवारसँग आफ्नो नाममा खेतीयोग्य जमिन रहेको छ। त्यसमध्ये करिब १०.२५ प्रतिशत जमिनमा मात्रै बाह्र महिने सिंचाईको सुविधा रहेका छ। यस गाउँपालिकाका केही वडाहरूमा सीमित परिवारहरूले आफ्ना जमिन अरुलाई कमाउन दिएका छन् भने केहीले अरुको जमिन कमाएका पनि छन्। समग्रमा यस गाउँपालिकामा ७.६ प्रतिशत परिवारहरूले अरुको नाममा रहेको जमिन, २.८ प्रतिशत परिवारहरुले अन्य स्वामित्वको जमिन उपयोग गरेका छन् भने १९ प्रतिशत घरपरिवार कृषि कार्यका लागि जमिनको उपयोग गरेको देखिन्छ।

उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार यस गाउँपालिकामा किसान परिवारले १५८८३६ क्विन्टल अन्नवाली उत्पादन गरी ८४२३७ क्विन्टल बिक्रि गर्ने गरेको देखिन्छ। दलहन वाली २३१३ क्विन्टल उत्पादन गरि ५० क्विन्टल बिक्री र २०८० क्विन्टल उत्पादित तेलहन बालीमा ८० क्विन्टल बिक्री भएको देखिन्छ।

किसान परिवारले सरदर ९४० रोपनी जमिनमा विभिन्न किसिमका तरकारी खेती गरी वार्षिक करिब ११८५० क्विन्टल उत्पादन गरेकोमा बिक्री १७५८ क्विन्टल गरेका छन्। साथै गाउँपालिकामा किसान परिवारले विभिन्न किसिमका मौसमी फलफूल खेती गर्ने गरेको देखिन्छ। सरदरमा उत्पादन करिब ३९९० क्विन्टल र बिक्री ३०२ क्विन्टल रहेको देखिन्छ। बदलिंदो समयसँगै फलफूल उपभोग गर्ने उपभोक्तामा आएको वृद्धि र बजारीकरणसँगै पछिल्लो समय फलफूल खेती प्रति क्रमशः आकर्षण बढदै गइरहेको छ। किसान परिवारहरुले विभिन्न किसिमका नगदे बाली ७०६ रोपनी जमिनमा खेती गरी वार्षिक सरदर करिब १०५२७ क्विन्टल नगदे बाली उत्पादन गर्ने गरेको देखिन्छ। जसमध्ये १९१६ क्विन्टल बिक्री गर्ने गरेको देखिन्छ। यस पालिकाका विभिन्न खेतीयोग्य बस्तीहरूमा अदुवा, अलैची, आलु, भटमास तोरी, प्याज, लसुन, सुन्तला, मौसम, कागती आदि मसला तथा फलफूलजन्य खेती प्रशस्त मात्रामा हुने भएकाले मसलाजन्य तथा फलफूलजन्य खेती गर्ने परिवार संख्या र उत्पादनको अवस्था सन्तोषजनक रहेको देखिन्छ। गाउँपालिकामा मौरीपालन समेत हुने गरेको देखिन्छ।

तथापि उत्पादित वीउविजनको विक्री वितरणका लागि भरपर्दो बजार व्यवस्थाको सुनिश्चितताको अभावमा वीउ उत्पादन कार्यमा ह्रास आइरहेको छ भने परम्परागत कृषि प्रणालीमा आधारित रहेकाले कृषि पेशा केवल जीविकोपार्जनमा मात्र सीमित हुन पुगेको छ। परम्परागत कृषि प्रणालीमा प्रविधिकरण गरी कृषकहरूलाई व्यावसायिक बनाई आधुनिक कृषि प्रणालीमा जोड दिएमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन सकिने सम्भावना रहेको छ।

### २.६.२ पशुपंक्षी पालनको अवस्था

उत्तरगया गाउँपालिकामा पशुपालनको रूपमा गाई, भैंसी, भेडा, बाख्रा, कुखुरा, हाँस, सुँगुर, बँगुर आदि पालन गर्ने प्रचलन रहेको छ। पशु पालनको यो परम्परागत प्रचलनलाई व्यावसायिक बनाउन नसक्दा कृषकहरूले अपेक्षित लाभ लिन सकिरहेका छैनन्। पशुपालनका लागि हावापानी, चरण क्षेत्र, खर तथा डाले घाँसको स्रोत, पानीको पर्याप्तता र परम्परादेखि पशुपालनप्रति स्थानीय कृषकहरूको लगावलाई हेर्दा यो गाउँपालिका पशुपालनका दृष्टिले राम्रो सम्भावना रहेको छ। व्यावसायिक पशुपालन गरी आर्थिक उपार्जनका माध्यमबाट जीवनस्तरमा सुधार ल्याउन कृषकहरूको क्षमता विकास गरी वित्तीय लगानी सुनिश्चित गर्नुपर्ने देखिन्छ।

उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार गाउँपालिकामा ५१.९ प्रतिशत परिवारले पशुपंक्षी पालन गर्दछन्। उत्तरगया गाउँपालिकामा ३० प्रतिशत घरपरिवारले पशुपंक्षीजन्य उत्पादन बिक्री गर्ने गरेको र उत्पादन बिक्रीबाट वार्षिक २० लाख ५२ हजार ९ सय ५३ रुपैया आम्दानी गर्ने गरेको देखिन्छ। गाउँपालिकामा पशुपालन तथा दुधजन्य उत्पादनको अवस्था हेर्दा ३४६ गाई गोरु, ९३१ भैसी तथा राँगा र बंगुर १५३९ वटा रहेका छन्। पशुपालनबाट वार्षिक १३९५ लिटर दुध तथा घ्यू उत्पादन हुने गरेको देखिन्छ। मासुजन्य पशुपंक्षी पालनको अवस्था हेर्दा ५४९१ भेडा बाख्रा, ३५३७१ कुखुरा तथा हाँस र ७३ अन्य मासुजन्य पशुपंक्षी रहेका छन्। यी पशुपंक्षी पालनबाट वार्षिक १६३३५६० किलोग्राम मासुको उत्पादन हुने गरेको र भैसी तथा राँगा र बंगुरबाट २४३७० के.जी. मासुको उत्पादन हुने गरेको देखिन्छ।

### २.६.३ खाद्यान्न उत्पादन र आमनिर्भरता

उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार वार्षिक रूपमा सबैभन्दा बढी मकै उत्पादन हुने गरेको देखिन्छ। दोस्रोमा गहुँ , तेस्रोमा धान तथा  कोदो लगायतका खाद्यान्नहरु उत्पादन हुने गरेको देखिन्छ। १४६८९ रोपनी जमिनमा १५८८३६ क्विन्टल अन्नबाली, १११ रोपनी जमिनमा २३१३ क्विन्टल  दलहन बाली र ४७४ रोपनी जमिनमा २०८० क्विन्टल तेलहन बाली उत्पादन हुने गरेको देखिन्छ। यी उपजहरु बढीमा जम्मा उत्पादनको ०.५३ प्रतिशत विक्रि हुने गरेको देखिन्छ। तरकारी, फलफुल र नगदेबाली खेतीको अवस्था हेर्दा ९४० रोपनी जमिनमा ११८५० क्विन्टल तरकारी, १९६ रोपनी जमिनमा ३९९० क्विन्टल फलफुल र ७०६ रोपनी जमिनमा १०५२७ क्विन्टल नगदेबाली उत्पादन हुने गरेको छ। पारिलो भूबनोट, उर्वरायुक्त पाङ्गो माटो, साना तथा घना जंगलले घेरिएको ठाउँ भएकाले प्रायः माटोमा ओसिलोपना भइराख्ने भूबनोटको विशेषताका कारण खाद्यान्न उत्पादनका हिसाबले यो गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। यस गाउँपालिकामा मकै, गहुँ, कोदो तथा फापर, दलहन तथा ताजा तरकारी उत्पादनले आर्थिक क्षेत्रमा योगदान कायम राखेको छ।

उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिति विवरण २०७६ अनुसार ८.२८ प्रतिशत परिवारलाई एक वर्षभन्दा बढी र २२.३४ प्रतिशत परिवारलाई वर्षैभरी खान पुग्ने खाद्यान्न आफै उत्पादन गर्ने गरेको देखिन्छ। त्यस्तै २१.२७ प्रतिशत परिवारले ९ महिना देखी बर्ष दिन खान पुग्न, २०.९७ प्रतिशतले ७-९ महिनासम्म, ३७.२७ प्रतिशतले ४-६ महिनासम्म र १४.१३ प्रतिशतको आफ्नो उत्पादनले तीन महिना भन्दा कम खान पुग्ने बताएका छन्। समग्रमा यस गाउँपालिकाका किसान परिवारहरूलाई आफ्नो परिवारले उत्पादन गरेको खाद्यान्नले करिब १४.१३ प्रतिशत परिवारलाई ६ महिनासम्मलाई मात्र पर्याप्त हुने देखिन्छ।

### २.६.४ उद्योग तथा वाणिज्य

रसुवा जिल्लाको दक्षिणी पश्चिम भागमा अवस्थित यो पालिका भौगोलिक, यातायात सञ्जालको पहुँच र अन्तरजिल्ला व्यावसायिक पहुँचका दृष्टिकोणले औद्योगिकीकरणका लागि उपयुक्त स्थान रहेको छ। प्राकृतिक स्रोत साधन, खनिजजन्य पदार्थ, बहुमूल्य जडिबुटी, वनपैदावर आदिका दृष्टिले सम्पन्न छ। उद्योग व्यापार तथा वाणिज्य क्षेत्रको विकासका लागि यी स्रोत र साधनहरु महत्वपूर्ण रहेका छन्। उच्च तथा वातावरणीय स्वच्छतायुक्त बस्तीहरूमा पर्यावरण मैत्री उद्योगहरू संचालन गर्नु उपयुक्त मानिन्छ। उद्योग तथा व्यापार व्यवसायको सोच भएका युवाहरू र परम्परागत रूपमा घरेलु तथा कुटिर उद्योग चलाएका व्यक्तिहरूलाई आधुनिक औद्योगिक ज्ञानको विकास गराई स्थानीय स्रोत, साधन, सीप, बजारको माग र संभावित उद्यमीको चाहनालाई एकीकृत गर्न सकेमा नयाँ व्यवसायहरू सञ्चालन गरी आर्यआर्जनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ। उद्यम विकासका लागि पूर्व तयारी कार्य, स्रोत साधनको सर्भेक्षण, लक्षित समूह पहिचान, बजारको माग अध्यावधिक गर्न सके साना तथा कुटिर उद्योग सञ्चालन गर्नसक्ने सम्भावना छ। युवा पुस्तालाई स्वरोजगारमूलक बनाउन साना तथा मझौला उद्योगहरूलाई प्रविधिकरण, वित्तीय सेवामा पहुँच विस्तार र उत्पादित वस्तुको बजारीकरण गर्न आवश्यक उद्यमशील ज्ञान तथा सीपको विकास गराउन सकिने सम्भावना रहेको छ। गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार विभिन्न प्रकारका स्थापित उद्योग ६ वटा छन्। साथै ९ वटा परम्परागत घट्ट, १० वटा सुधारिएको घट्ट र २ वटा विद्युत मिल, ६ वटा कृषि सङ्कलन केन्द्र र एउटा जडिबुटी सङ्कलन केन्द रहेको छ।

### २.६.५ पर्यटन क्षेत्रको अवस्था

उत्तरगया रसुवा जिल्लाको दक्षिण पश्चिमी मोहडामा अवस्थित रहेको छ। होचा, अग्ला, चुच्चे डाडाँकाँडा तथा खोच र ती खोच भएर बग्ने साना ठुला खोलाहरू, उपल्ला पहाडी बस्तीहरू जंगल, सहितका अग्ला पहाडहरू र ती पहाडी बस्तीको स्वच्छ हावा पानी तथा निश्चल पहाडी जीवन शैली यस पालिकाका पर्यटकीय आकर्षणका मुख्य आधारहरू हुन्।

उत्तरगया गाउँपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ। जातीय रूपमा जनजाति, दलित, बाहुन र क्षेत्री समुदायको मिश्रित बसोबास रहे तापनि धार्मिक रूपमा प्रकृति पुजक तामाङ्ग समुदायको बाहुल्यता रहेको छ। यहाँ विभिन्न किसिमका सम्पदाहरू रहेका छन्। ऐतिहासिक तथा धार्मिक आकर्षणका रूपमा उत्तरगया धाम, भुमेदेवी, तिरु महादेव, फिकुरी, भुमेस्थान, ठुलो आँगन बौद्ध स्तुपा र महभीर, घलेगढी, कमारेगढी आदि रहेका छन्।

प्राकृतिक सौन्दर्य र जैविक विविधताको अवलोकन तथा मनोरञ्जनका लागि लाङ्गटाङ्ग राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्रका पर्यटकीय पदमार्गहरु, त्रिशुली खोला, भाँगेखोला झरना आदि रहेका छन्। सांस्कृतिक आकर्षणका रूपमा जातीय परम्परा अनुसार चाडबाड, पूजाआजा, धार्मिक विश्वास, मौलिक सांस्कृतिक मूल्य मान्यता तथा वडा नं. २ मा रहेको गुरुङ साँस्कृतिक सूचना केन्द्र रहेका छन्। यस पालिकाका ऐतिहासिक, धार्मिक, प्राकृतिक र पुरातात्विक महत्वका पर्यटकीय स्थलहरूले आकर्षित गर्ने गरेको छ। बदलिँदो जीवन शैलीसँगै प्राकृतिक जीवनबाट कृत्रिम जीवन बिताइरहेका मानिसहरूलाई आन्तरिक पर्यटकको रूपमा र वाहय पर्यटकहरू समेत यस पालिकामा विभिन्न पर्यटकीय उद्देश्यले भित्रिरहेका छन्। व्यवस्थित रूपमा पर्यटक आगमनको अभिलेखीकरण नहुँदा वास्तविक तथ्याङ्कको अभाव देखिन्छ। यहाँ आउने पर्यटकका लागि आरामदायी सुविधायुक्त स्थानीय मौलिकतामा आधारित होम स्टेको व्यवस्था गर्न सकेमा पर्यटन क्षेत्रको राम्रो विकास हुने देखिन्छ। यी पर्यटकीय स्रोतहरूको व्यवस्थित रूपमा मर्मत सम्भार, संरक्षण, सम्बर्द्धन र विकास गरी प्रचार प्रसार गर्न आवश्यक छ।

### २.६.६ वित्तीय संस्थाहरु र सहकारी

वित्तीय संस्थाहरू बैंक, सहकारी र लघुवित्त आर्थिक क्षेत्रको गतिशिलताका लागि महत्वपूर्ण पक्षहरू हुन्। उत्तरगया गाउँपालिकामा वित्तीय संस्थाका रुपमा एउटा वाणिज्य बैंक, ८ वटा लघु वित्त संस्था र १८ वटा सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन्। गाउँपालिका भित्र ९५ प्रतिशत घरपरिवारले बैङ्क तथा वित्तीय संस्थाहरुमा खाता खोलेर आर्थिक कारोबार गर्ने गरेका छन् भने ५ प्रतिशत घरपरिवारको बैंक तथा वित्तीय संस्थामा अझै पहुँच पुग्न बाँकी रहेको देखिन्छ।

**तालिका ११: उत्तरगया गाउँपालिका भित्र रहेका बैंक तथा वित्तीय संस्था र सहकारी सम्बन्धी विवरण**

| क्र.सं. | बैंक तथा सहकारी संस्थाको नाम र ठेगाना | वडा नं. |
|---|---|---|
| क | वाणिज्य बैंक | |
| १ | हिमालय बैंक | ५ |
| ख | लघु वित्त संस्था | |
| १ | एन आई सि एसिया लघुवित्त वित्तीय संस्था लि. | ५ |
| २ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि. | ५ |
| ३ | सबैको लघुवित्त वित्तीय संस्था लि. | ५ |
| ४ | एन एम बि लघुवित्त वित्तीय संस्था लि. | ५ |

| क्र.सं. | बैंक तथा सहकारी संस्थाको नाम र ठेगाना | वडा नं. |
|---|---|---|
| ५ | सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | ५ |
| ६ | नाडेप लघुवित्त वित्तीय संस्था लि. | ५ |
| ७ | छिमेक लघुवित्त लघुवित्त वित्तीय संस्था लि. | ५ |
| ८ | विन नेपाल लघुवित्त वित्तीय संस्था लि. | ५ |
| ग | सहकारी संस्था | |
| १ | धार्ना भुमिदेवि कृषि सहकारी | १ |
| २ | दोम्साङ फुलबारी कृषि सहकारी संस्था लिमिटेड | १ |
| ३ | डाडाँगाउ सानाकिसान कृषि सहकारी | २ |
| ४ | गोसाइकुण्ड बचत तथा ऋण सहकारी | २ |
| ५ | श्रीदेवि महिला बचत तथा ऋण | ३ |
| ६ | भुमिदेवि बचत तथा ऋण | ३ |
| ७ | कर्मिडाँडा महिला कृषि सहकारी | ४ |
| ८ | लहरेपौवा साना किसान सहकारी संस्था | ४ |
| ९ | उत्तरगया कृषि सहकारी | ५ |
| १० | बेत्रावती कृषि सहकारी | ५ |
| ११ | रुद्र गंगा कृषक बहुउद्देश्य सहकारी संस्था | ५ |
| १२ | मध्यवर्ती संरक्षण बचत तथा ऋण सहकारी संस्था | ५ |
| १३ | कालिका बहुउद्देश्य सहकारी संस्था | ५ |
| १४ | जनजागरण बचत तथा ऋण सहकारी संस्था | ५ |
| १५ | लोकतान्त्रीक महिला सहकारी संस्था लि | ५ |
| १६ | पञ्चशिल महिला महिला सहकारी संस्था | ५ |
| १७ | लालिगुरास महिला बहुउद्देश्य सहकारी | ५ |
| १८ | साथि बहुउद्देश्यीय सहकारी संस्था लि | ५ |

### २.६.७ पारिवारिक आय व्ययको अवस्था

उत्तरगया गाउँबासीका आम्दानीका प्रमुख स्रोतहरू कृषि तथा पशुपालन, व्यापार तथा उद्योग, नोकरी तथा पेन्सन, वैदेशिक रोजगारी र ज्याला/मजदुरी, रहेका छन् । उत्तरगया गाउँपालिकामा कार्यपालिकासँग गरिएको समुह केन्द्रित छलफल अनुसार गाउँपालिकामा सबैभन्दा बढी कृषिबाट करिब रु. ३०८,७००,००० वार्षिक आम्दानी हुने गरेको छ। गाउँपालिका भित्र अन्नबाली, फलफुल, जडिबुटी तथा व्यापार व्यवसायबाट आम्दानी भएको देखिदैन। तसर्थ कृषिजन्य उत्पादन, जडिबुटी प्रसोधन तथा श्रमजन्य कार्यलाई प्रवर्द्धन गर्न सकेमा आम्दानीको क्षेत्र बढ्ने देखिन्छ।

गाउँपालिका अन्तरगत रहेका घरपरिवारलाई वार्षिक आम्दानीको दृष्टिकोणबाट हेर्दा ५० हजार भन्दा कम आम्दानी हुने घरपरिवार ४० प्रतिशत, ५० देखि १५० हजार आम्दानी हुने घरपरिवार ११ प्रतिशत, १५० देखि २५० हजार आम्दानी हुने घरपरिवार १५ प्रतिशत, २५० देखि ५०० हजार सम्म आम्दानी हुने घरपरिवार १३ प्रतिशत र ५ लाख भन्दा माथि आम्दानी हुने घरपरिवार २२ प्रतिशत रहेको देखिन्छ।

**तालिका १२: उत्तरगया गाउँबासीहरुका औषत वार्षिक आम्दानीका स्रोतहरु**

| क्र.स | आम्दानीका स्रोतहरु | पालिकाको अभिलेख अनुसारको घरधुरी | घरधुरी २०७८ | आवद्ध घरधुरी | वार्षिक औषत प्रति परिवार आम्दानी रकम (रु) | वार्षिक पालिकाको औषत आम्दानी रकम (रु) |
|---|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | ३०८८ | २१८८ | १७१५ | १८०,००० | ३०८,७००,००० |
| २ | व्यापार व्यवसाय | ३०८८ | २१८८ | १९८ | ३००,००० | ५९,४००,००० |
| ३ | सेवा नोकरी | ३०८८ | २१८८ | २७५ | ३६०,००० | ९९,०००,००० |
| ४ | ज्याला मजदुरी | ३०८८ | २१८८ | १००० | ९६,००० | ९६,०००,००० |
| ५ | विप्रेषण(विदेशबाट पठाएको रकम) संख्या | ३०८८ | २१८८ | ५९५ | ४०,००० | २३,८००,००० |
| ६ | घर भाडा वापत प्राप्त रकम | ३०८८ | २ | ५० | ६०,००० | ३,००,००० |
| ७ | उद्योग | ३०८८ | २१८८ | ४५ | ६००,००० | २७,०००,००० |
| ८ | ब्याज | ३०८८ | २१८८ | २५ | १२०,००० | ३,०००,००० |
| ९ | पेन्सन | ३०८८ | २१८८ | २०० | २७६,००० | ५५,२००,००० |

| क्र.स | आम्दानीका स्रोतहरु | पालिकाको अभिलेख अनुसारको घरधुरी | घरधुरी २०७८ | आवद्ध घरधुरी | वार्षिक औषत प्रति परिवार आम्दानी रकम (रु) | वार्षिक पालिकाको औषत आम्दानी रकम (रु) |
|---|---|---|---|---|---|---|
| १० | सवारी साधन | ३०८८ | २१८८ | २१८ | ४८०,००० | १०४,६४०,००० |
| | निर्माण व्यावसायि क वर्ग | ३०८८ | २१८८ | २ | ५०,०००,००० | १००,०००,००० |
| | निर्माण व्यावसायि ख | | | ६ | ५०,०००,००० | ३००,०००,००० |
| | निर्माण व्यावसायि ग | | | ७ | १०,०००,००० | ७०,०००,००० |
| | निर्माण व्यावसायि घ | | | ३० | १,०००,००० | ३०,०००,००० |
| ११ | अन्य | ३०८८ | २१८८ | १५ | ६००,००० | ९,०००,००० |
| | जम्मा | | | | | १,२८८,७४०,००० |
| | प्रतिव्यक्ति आय | ० | ० | ० | ० | ११२१६१.७१ |
| | अमेरिकी डलर | | | | | ९५१ |

स्रोतः कार्यपालिकासँग समुह केन्द्रित छलफल २०८०

त्यसैगरी उत्तरगया गाउँपालिकाका परिवारको वार्षिक खर्चका क्षेत्रहरू खानपान, स्वास्थ्य, शिक्षा, आदि रहेका छन् । उल्लेखित शीर्षकहरू मध्ये सबै भन्दा बढी खानपानमा भएको पाइन्छ भने सबैभन्दा कम अन्य कार्यमा खर्च भएको पाइन्छ। वार्षिक खर्चका आधारमा वर्गिकृत विवरण देहाय बमोजिम रहेको छ।

**तालिका १३: परिवारको वार्षिक खर्चका क्षेत्रहरु (रु. हजारमा)**

| क्र.सं. | खर्च विवरण | औषत प्रति परिवार वार्षिक खर्च रकम | घरधुरी | जम्मा खर्च |
|---|---|---|---|---|
| १ | खानबस्न खर्च | १८०००० | ३०८८ | ५५५,८४०,००० |
| २ | पहिरन (लत्ताकपडा) खर्च | २५००० | ३०८८ | ७७,२००,००० |
| ३ | औषधी खर्च | १५००० | ३०८८ | ४६,३२०,००० |
| ४ | पढाइ (बालबालिकाहरूको) खर्च | ५००० | ३०८८ | १५,४४०,००० |
| ५ | ईन्धन खर्च | ६०००० | १५०० | ९०,०००,००० |
| ६ | मनोरञ्जन खर्च | ३०००० | ३०८८ | ९२,६४०,००० |
| ७ | यातायात खर्च | १८००० | ३०८८ | ५५,५८४,००० |
| ८ | चाडपर्व खर्च | २५००० | ३०८८ | ७७,२००,००० |
| ९ | घरभाडा खर्च | ६०००० | १००० | ६०,०००,००० |
| १० | कृषि सामग्री खर्च | १०००० | १७१५ | १७,१५०,००० |
| ११ | सञ्चार खर्च | १२००० | ३०८८ | ३७,०५६,००० |
| १२ | अन्य खर्च | ६००० | ३०८८ | १८,५२८,००० |
| | जम्मा | | ३०८८ | १,१४२,९५८,००० |
| | औषत प्रति व्यक्ति खर्च | | | ८२,८०५ |

स्रोतः कार्यपालिकासँग समुह केन्द्रित छलफल २०८०

## २.७ खानेपानी तथा सरसफाइको अवस्था

संविधानको भाग ३ धारा ३५ को उपधारा ४ मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने व्यवस्था गरेर खानेपानी तथा सरसफाइलाई खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा बहुआयामिक प्रभाव पार्दछ। उत्तरगया गाउँपालिकाले स्वच्छ खानेपानी उपलब्ध गराउन दीर्घकालीन तथा अल्पकालीन योजना बनाई कार्यान्वयन गरिरहेको छ। यद्यपि पूर्णरूपमा गाउँबासीका प्रत्येक घरमा स्वच्छ र शुद्ध खानेपानीको व्यवस्था हुन सकेको छैन । गाउँपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रलाई उच्च प्राथमिकतामा राखी स्वच्छ खानेपानी तथा ढलनिकास सहितको शौचालय व्यवस्था गर्नु पर्ने देखिन्छ।

गाउँबासीहरूले विभिन्न खोला र मुहानको पानी दैनिक उपभोगका लागि प्रयोग गर्दै आएका भएपनि ती खोला र मुहानका पानी सुरक्षित र सफा छैनन् जसको प्रयोगले विभिन्न सरुवा रोग लाग्न सक्छ। उत्तरगया गाउँपालिकामा प्रशस्त पिउने पानीको श्रोत रहेको भए तापनि व्यवस्थित रूपमा सबै घरघरमा पुगेको छैन। कतिपय गाउँमा स्रोत तल र बस्ती अग्लो ठाउँमा भएकोले पनि खानेपानीको समस्या निम्तिएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार उत्तरगया गाउँपालिकामा पानी प्रयोगको स्रोत अनुसार पाइपबाट ९३.६ प्रतिशत, ढुङ्गेधारा/मूलको पानी ४.६ प्रतिशत, ढाकिएको कुवाबाट ०.३ प्रतिशत, नढाकिएको कुवाबाट १.१ प्रतिशत, नदी/खोलाबाट ०.२ प्रतिशत र अन्य श्रोतबाट ०.१ प्रतिशत घर परिवार रहेका छन् । पाइपबाट पानी पुगेको संख्या धेरै देखिए पनि व्यवस्थित रूपमा घरमा पानी पुगेको छैन। यस तथ्याकंलाई हेर्दा अहिले पनि विशेष गरी महिलाहरू एक गाग्री पानी थाप्न लामो दूरीसम्म हिड्न बाध्य छन्। त्यसैगरी पानी थाप्न लामो दुरी हिड्नु पर्ने समस्याले गर्दा बालबालिकाको स्कुल पढाइमा पनि यसले प्रभाव पार्ने देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाभित्र रहेका जम्मा ८,५५५ जनसंख्या मध्ये फल्स् सुविधा भएको र सार्वजनिक ढल निकासमा जडान भएका शौचालय ०.०५ प्रतिशत्, आधुनिक फल्स् सुविधा भएको सेफ्टी ट्याङ्की सहितको शौचालय ६६.० प्रतिशत, सार्वजनिक शौचालय ०.०५ प्रतिशत र खाडल शौचालय २८.६ प्रतिशत परिवारले प्रयोग गरिरहेका छन् भने ५.३ प्रतिशत घरपरिवारको घरमा शौचालयको सुविधा छैन।

## २.८ इन्धन तथा बत्तीको श्रोत र प्रयोगको अवस्था

उत्तरगया गाउँपालिकामा मुख्यतः इन्धनको श्रोत दाउरा रहेको छ। मुख्य इन्धनको रूपमा प्रयोग गर्ने दाउराको स्रोत सामुदायिक, संरक्षित तथा निजी वन रहेका छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार दाउरा प्रयोग गर्ने ६१.१ प्रतिशत, एलपि ग्याँस प्रयोग गर्ने ३८.२ प्रतिशत, वायोग्याँस प्रयोग गर्ने ०.६ प्रतिशत, बिजुली प्रयोग गर्ने ०.१ प्रतिशत र मट्टितेल प्रयोग गर्ने ०.०५ प्रतिशत घर परिवार रहेका छन्। यसैगरी गाउँपालिकाका अधिकांश घरहरू केन्द्रीय प्रसारण तथा साना लघु जल विद्युत आयोजना मार्फत विद्युत जोडिएका छन्। यसैगरी उर्जाका लागि विद्युत् प्रयोग गर्ने ९६.८ प्रतिशत, सोलार प्रयोग गर्ने २.७ प्रतिशत, मट्टितेल प्रयोग गर्ने ०.२ प्रतिशत र अन्य उर्जाको स्रोत (बायोग्याँस आदि) प्रयोग गर्ने ०.३५ प्रतिशत घर परिवार रहेका छन्।

## २.९ वन वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था

वन सम्पदाको संरक्षण, सम्वर्द्धन तथा दिगो उपयोग गर्ने र गाउँपालिकाको आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा योगदान अभिवृद्धि गर्न आवश्यक रहेको छ। स्थानीय स्तरमा विकास निर्माणका क्रममा वातावरण प्रदुषण जस्ता समस्या टड्कारो रूपमा देखिएको छ। वायु र जल प्रदुषणले मानिसमा विभिन्न रोगहरू समेत निम्ताएको छ। प्राकृतिक स्रोत साधनको अनियन्त्रित प्रयोगलाई नियन्त्रण गर्न, विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणीय प्रभावको पूर्व मूल्याङ्कन हुन आवश्यक छ। स्थानीय तहमा मानव अनुकूलको वातावरण निर्माणमा सहयोग जुटाउनु पर्ने आवश्यकता रहेको छ। फोहोरमैला व्यवस्थापन, वृक्षारोपण र संरक्षण, प्राकृतिक स्रोत साधनको समुचित प्रयोग, वातावरण प्रदुषण सम्बन्धी चेतनामूलक कार्यक्रम स्थानीय स्तरबाट सञ्चालन गर्नुपर्दछ।

वन क्षेत्रको स्थानीय अर्थतन्त्रमा उल्लेख्य रूपमा योगदान पुग्ने गरी व्यावसायिक वन व्यवस्थापन र उपयोग गर्न नसक्नु, पूर्वाधार विकास र पर्यावरणीय प्रणालीबीच योजनाबद्ध तरिकाले सन्तुलन कायम गर्न नसक्नु, वन अतिक्रमण, वन पैदावारको चोरी निकासी, नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा सङ्कलन तथा निकासी हुनु, बढ्दो जनसंख्या, शहरीकरण, भू-उपयोगमा आएको परिवर्तन, विस्तारित सडक सञ्जाल, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक पूर्वाधार निर्माणका कारण वायु र पानीजन्य प्रदुषण, बाह्य मिचाहा झार (Invasive plant species) को प्रकोप, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु, वन जंगलको अतिक्रमण तथा ह्रास हुनु, विषादीको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार विकासबीच सामन्जस्यता स्थापित हुन नसक्नु आदि प्रमुख समस्याहरू रहेका छन्।

उत्तरगया गाउँपालिका बाढी, पहिरो र भूक्षयको उच्च जोखिममा रहेको छ। वातावरणीय प्रभाव मूल्याङ्कन बिना नै विकासको काम गर्दा विपद्को जोखिम निम्तिने गरेको छ। मानवीय क्षती हुने विपद उच्च देखि न्यून क्रमशः भुकम्प र पहिरो नै रहेको देखिन्छ। यस सन्दर्भमा उत्तरगया गाउँपालिका गाउँ वस्तुस्थिती विवरण २०७६ अनुसार गाउँपालिकामा प्राकृतिक प्रकोपका कारण विभिन्न समयमा विभिन्न विपद्हरूको सामना गर्नु परेको छ। उत्तरगया गाउँपालिकामा १ वर्षलाई आधारमा मानेर हेर्दा गाउँपालिकामा आगलागी, पहिरो, चट्यांग, र भुकम्प रहेको पाईन्छ। यस पालिका वि.सं. २०७२ सालमा आएको भुकम्पका कारण पनि अति प्रभावित भएकोले भुकम्पका असरहरु अझै पनि कामहरु गर्नुपर्ने आवश्यकता देखिएको छ। उत्तरगया गाउँपालिकाका केही वडाहरूमा बाँदर तथा बदेलको समस्या समेत रहेको छ। बाँदर तथा बँदेल जस्ता वन्यजन्तुले लगाएको अन्नबाली तथा फलफूल नाश गरिदिने हुनाले यसको उचित व्यवस्थापन गर्ने तर्फ ध्यान जानु जरुरी छ।

## २.१० यातायात तथा परिवहन सुविधाको अवस्था

उत्तरगया गाउँपालिकामा सडक सञ्जालको सेवा सुविधा विस्तार क्रमिक रूपमा भइरहेको भए तापनि पूर्णरूपमा सहज हुन सकेको छैन्। उत्तरगया गाउँपालिकाका प्रायः सबै वडा पालिकाको केन्द्रमा बाटो पुगिसकेको छ। गाउँपालिकाका सबै वडालाई ग्रामीण सडकले छोएको छ। ग्रामीण सडक कच्ची भएकाले वर्षामा सवारी चल्न कठिन छ। गाउँपालिकाको अभिलेख अनुसार घरसम्म जाने सडकको अवस्थालाई हेर्दा ४५.२८ प्रतिशत घर परिवारले घरसम्म पुग्न गोरेटो बाटो प्रयोग गर्ने गरेका छन्। गाउँपालिकाको गाउँ वस्तुस्थिती विवरण अनुसार गाउँपालिका क्षेत्रभित्र सडक सञ्जालको कुल लम्बाई करिब ९७ किलोमिटर रहेको छ। गाउँपालिका भित्र रहेका वेत्रावती मैलुङ्ग सडक, पैतिसकिलो तिरु सडक, खरकु घडेरीडाँडा सडक, करुमर्याङ दोभान सडक (वडा नं.१), डाँडागाउँ करुमर्याङ सडक, चुच्चेढुङ्गा बास्कुटे सडक, चिप्लेढुङ्गा सिम्ले सडक, जिरो मैलुङ्ग सडक (वडा नं. २), शान्ति बजार ठुलो गाउँ सडक, सातदोबाटो ठुलोगाउँ सडक (वडा नं. ३), बनुवा मनिगाउँ सडक, बनुवा पैरेबेसी सडक, मानिगाउँ पैरेबेसी सडक (वडा नं. ४), बत्रावती इरपाटे सडक, जिरो सिम्ले सडक (वडा नं ५) सञ्जालले करिब ३६.११ प्रतिशत जनसंख्या लाभान्वित भएको देखिन्छ। यी विभिन्न सडकहरूमा नियमित सार्वजनिक बस सेवा तथा अन्य मोटर, ट्रयाक्टर, ट्रक, मोटरसाईकल आदि यातायातका साधनहरू सञ्चालनमा रहेका छन्। वर्षात्को समयमा बाढी पहिरोको कारणले यातायात नियमित रूपमा सञ्चालन गर्न कठिनाइ हुने गरेको छ। गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न खोला तथा नदीहरुमा निर्मित पुल तथा पुलेसाहरुले गाउँपालिकाका विभिन्न बस्तीहरुलाई एक आपसमा जोड्ने गरेका छन्। यहाँ निर्माण गरिएका ९ वटा झोलुङ्गे तथा ५ वटा पक्की पुल राम्रो अवस्थामा रहेका छन्।

गाउँपालिका क्षेत्रभित्र रहेका पैदल मार्गहरुको कुल लम्बाई करिब ६७.५ किलोमिटर रहेको छ। यस गाउँपालिकाका अधिकतम जनसंख्याले मोटरबाटो भन्दा बढी पैदल मार्गको प्रयोग गर्ने गरेका छन।

नक्सा ११: उत्तरगया गाउँपालिकाको सडक सञ्जाल




तालिका १४: उत्तरगया गाउँपालिकाको सडकका प्रकार

| सडकका प्रकार/Road Type | लम्बाई (कि.मि) | प्रतिशत |
|---|---|---|
| स्थानीय गोरेटो बाटो | ९६.१ | ७१.८४% |
| मुख्य गोरेटो बाटो | २८.४ | २१.२१% |
| हाईवे लोकमार्ग | ५.६ | ४.१८% |
| जिल्ला सडक | १.६ | १.२२% |
| पुल र ट्र्याकहरु | ०.२ | ०.१२% |
| अन्य सडक | १.९ | १.४३% |
| **जम्मा** | **१३३.७** | **१००.००%** |

## २.११ प्राकृतिक प्रकोप जोखिमका सम्भावित क्षेत्रहरु

उत्तरगया गाउँपालिकामा विशेष गरी पहिरोको जोखिम अत्यधिक रहेको छ। भू-बनोट र मोहडाको दृष्टिकोणले पनि यहाँका भू-भाग भिर पाखाले ओगटेको छ। यस्ता भिरपाखामा विशेषतः पहिरो जाने धेरै सम्भावना रहेका छन्। सबैभन्दा धेरै वडा नं. १ मा पहिरो जाने जोखिमका सम्भावित क्षेत्रहरू छन् भने सबैभन्दा कम वडा नं. ५ मा जोखिमका क्षेत्रहरू छन्। यो अन्तर वडा नं १ र २ मा धेरै भिरपाखा र वडा नं ५ मा कम भिरपाखाका भाग हुनाले भएको हो। तसर्थ, यस्ता जोखिमपूर्ण क्षेत्रहरू भने बसोबासका निम्ति उपयुक्त नभएको भन्न सकिन्छ र यस्ता भिरपाखामा भएका बस्तीहरूलाई स्थानान्तरण गर्नु पर्ने आवश्यक देखिन्छ।

पालिकाको क्षेत्रहरू ३० डिग्री भन्दा माथि रहेका भिराला क्षेत्रहरू सम्बेदनशिल हुने भएको हुँदा त्यस्ता क्षेत्रहरूमा खेती पाती तथा बस्ती रहँदा पहिरो जाने सम्भावना बढी देखिने हुँदा त्यस्ता क्षेत्रलाई पहिरो जोखिम क्षेत्रका रूपमा परिभाषित गरिएको छ जुन तल नक्सामा देखाइएको छ।

नक्सा १२: उत्तरगया गाउँपालिकाका पहिरो जोखिमका सम्भावित क्षेत्रहरू




तालिका १५: उत्तरगया गाउँपालिकाका पहिरो जोखिमका सम्भावित क्षेत्रहरू

| क्र.सं. | वडा नं | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १ | १ | ५३१५ | ७६.३२% |
| २ | २ | ७०७ | १०.१५% |
| ३ | ३ | ५५४ | ७.९६% |
| ४ | ४ | २६४ | ३.७९% |
| ५ | ५ | १२४ | १.७८% |
| | जम्मा | ६९६४ | ९९.९९% |

## २.१२ सूचना तथा सञ्चारको पहुँच

राष्ट्रिय जनगणना २०७८ अनुसार उत्तरगया गाउँपालिकामा कुनै पनि घरायसी सुविधाहरू नभएको घरपरिवार १०० अर्थात् ४.६ प्रतिशत रहेको छ भने कुनै एक घरायसी सुविधाहरू भएको घरपरिवार २०८८ अर्थात् ९५.४ प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकामा सञ्चारका साधनको प्रयोग सबैभन्दा बढि साधारण मोबाइल १८५७ घर परिवार र स्मार्ट मोबाइल १३४३ घर परिवारले प्रयोग गरेका छन् । त्यसै गरी सञ्चार सेवाका रूपमा विभिन्न ठाउँमा रेडियो, टेलिफोन, एफएम, पत्रपत्रिका, इन्टरनेट, अतिरिक्त हुलाक कार्यालय, टेलिभिजन आदिको व्यवस्था रहेको छ। तर यी सुविधाहरू पर्याप्त, भरपर्दा र गुणस्तरीय छैनन् ।

## २.१३. संगठनात्मक तथा मानव संशाधनको अवस्था

गाउँ कार्यपालिका सञ्चालनका लागि गाउँपालिकाले तय गरेको संगठनात्मक ढाँचा देहाय बमोजिम रहेको छ।



# परिच्छेद-३
## सोच तथा विकासको अवधारणा

### ३.१ उत्तरगया गाउँपालिकाको सोच

समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयावासी

आगामी २० वर्ष भित्र उत्तरगया गाउँपालिका समुन्नत एवं समृद्ध पालिकाको रुपमा विकास भई सबै नागरिकहरुले सुखी एवं खुशी भएको महसुस गर्नेछन् ।

| १. समृद्ध | २. सभ्य | ३. खुशी |
|---|---|---|
| स्थानीय आर्थिक विकास क्षेत्रको पहिचान र परिचालन | शिक्षित र स्वाबलम्बी | सर्वसुलभ आधुनिक एवं सघन अन्तर आवद्धता |
| मानव संशाधनको विकास तथा उपयोग | सम्पदाहरुको संरक्षण र विकास | पूर्ण लोकतान्त्रिक शासन व्यवस्था |
| उत्पादन र बजारीकरणमा केन्द्रित भौतिक पूर्वाधार निर्माण | भाषा, कला संस्कृति र साहित्यको संरक्षण र विकास | सबैका लागि सरल, सहज, सदाचारयुक्त सार्वजनिक सेवा |
| आर्थिक उपार्जनमा सामाजिक न्याय सहितको समतामूलक सहभागिता र  समानता | परिष्कृत तथा मर्यादित जीवन | आधारभूत आवश्यकता परिपूर्तिको सुनिश्चितताका साथै दिगो जीविकोपार्जनको उपलब्धता र न्यायपूर्ण वितरण |
| उच्च र दिगो उत्पादन तथा उत्पादकत्व  र समतामुलक आय | सुरक्षित न्यायपुर्ण समाज | आधुनिक सुचना र प्रविधिमा अर्थपुर्ण पहुँच |

### ३.२ समष्टिगत दीर्घकालीन लक्ष्य

सक्षम मानव संशाधन, उच्च उत्पादन तथा आयआर्जन,
गुणस्तरीय जीवन, सुरक्षित वातावरण
सुशासित स्थानीय सरकार तथा सघन आवद्धता सहितको
सभ्य, सुव्यवस्थित, आधुनिक एवं दिगो विकास भएको गाउँपालिका

### ३.३. समष्टिगत दीर्घकालीन उद्देश्यहरु एवं रणनीतिहरु

#### ३.३.१ उद्देश्यहरु

उल्लेखित दीर्घकालीन सोच र लक्ष्यलाई मध्यनजर राखी उत्तरगया गाउँपालिकाको आवधिक योजनाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

**उद्देश्य १ :** उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो अभिवृद्धि गर्नु,

**उद्देश्य २ :** स्वस्थ, सशक्त शिक्षित सृजनशील, सीपयुक्त र सुयोग्य मानवीय स्रोतको विकास गर्नु,

**उद्देश्य ३ :** बसोवास, बजार, शहरी सुविधा र अन्तरआवद्धतालाई सहज सुरक्षित र व्यवस्थित बनाउन प्रविधि र वातावरण मैत्री आधुनिक भौतिक पूर्वाधारको विकास गर्नु,

**उद्देश्य ४ :** हरियाली, जैविक विविधता, जमिन र जलस्रोतको समुचित व्यवस्थापन, वातावरण मैत्री विकास तथा जलवायु र विपद् उत्थानशीलता सुनिश्चित गर्नु,

**उद्देश्य ५ :** स्थानीय जनताले प्राप्त गर्ने सार्वजनिक सेवा प्रवाह तथा अवसर सहज, गुणस्तरीय, प्रभावकारी, निष्पक्ष रूपमा समयमै उपलब्ध हुने वातावरण सुनिश्चित गर्नु र संस्थागत विकासका प्रयासहरूलाई पारदर्शी, जवाफदेही, न्यायपूर्ण र परिणाममुखी बनाउनु ।

#### ३.३.२ समग्र रणनीति तथा कार्यनीतिहरु

| उद्देश्य १: संग सम्वन्धित रणनीति तथा कार्यनीतिहरु<br>उद्देश्य १: उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो अभिवृद्धि गर्नु | |
|---|---|
| **रणनीतिहरु** | **कार्यनीतिहरु** |
| • स्थानीय आर्थिक विकासका क्षेत्रको सम्भावना र अवसरको पहिचान गर्ने | • स्थानीय स्रोतको पहिचान र उपयोगको लागि विस्तृत स्रोत सर्भेक्षण र नक्सांकन गर्ने,<br>• विषयगत रुपमा कृषि, पशुपालन, पर्यटन, जलश्रोत आदिका सम्भावनाहरुको पहिचान गरी सदुपयोग गर्न अनुसन्धान गर्ने, |

| | |
|---|---|
| | • खाद्यान्न वालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न माटोको प्रकार र हावापानी अनुसार पकेट क्षेत्र पहिचान तथा निर्धारण गर्ने,<br>• निरपेक्ष गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गर्ने,<br>• कृषि तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापनका लागि प्रविधि मैत्री प्रणाली (Agriculture App) को निर्माण गर्ने, |
| • कृषि तथा पशु क्षेत्रको प्रविधिकरण, व्यावसायिकीकरण र आधुनिकीकरण गर्ने | • कृषि तथा पशु व्यवसायलाई निर्वाहमुखीबाट कृषि उद्यमको रूपमा विकास (Agriculture and Livestock as Enterprise) गर्ने,<br>• व्यावसायिक कृषि, पशु फर्म र कृषक समूह दर्ता तथा नियमनका लागि नीतिगत व्यवस्था गर्ने,<br>• उत्तरगया गाउँबासीको आवश्यकतालाई परिपूर्ति गर्न आवश्यक वस्तुहरूको उत्पादनका लागि **"हाम्रा लागि हाम्रै उत्पादन अभियान"** संचालन गरी पालिकालाई आत्मनिर्भर बनाउने,<br>• तरकारी तथा तरकारीजन्य बीउ उत्पादनलाई प्याकेजिङ्ग, लेवलिङ् र ब्रान्डिङ् गरी भरपर्दो बजारीकरणको सुनिश्चितता गर्ने,<br>• कृषि तथा पशु विकासका लागि पकेट क्षेत्रहरू निर्धारण गर्ने र गाउँपालिकाबाट सम्बद्ध पकेट क्षेत्रहरूमा आवश्यक प्रविधि, प्राविधिक सेवा र वित्तीय सहायता पुऱ्याउने,<br>• कृषि तथा पशु पकेट क्षेत्रहरूको विकास गरी आधुनिक व्यावसायिक खेती र पशु व्यवसाय सञ्चालन गर्नका लागि गाउँपालिकाले उद्यमशील किसानहरूलाई प्रोत्साहन गरी प्राविधिक तथा वित्तीय सहयोग उपलव्ध गराउने,<br>• प्रत्येक वडामा कृषि तथा पशु सम्बन्धी प्राविधिक सेवा र सुबिधा उपलब्ध गराउने,<br>• कृषि तथा पशु उत्पादनमा पकेट क्षेत्रको अवधारणा अनुसार व्यावसायीकरण गर्न यसका लागि तालिम, लागत सहभागिता, बीउ पूँजी, उत्पादन तथा बाली संरक्षणमा आधारित अनुदान प्रदान गर्ने,<br>• तरकारी तथा तरकारीजन्य बीउ उत्पादनका लागि कृषकहरूलाई प्राविधिक तथा आर्थिक सहयोग गरी उत्पादन बढाउने,<br>• कृषि तथा पशु क्षेत्रको व्यावसायीकरण र यान्त्रिकीकरण गर्नका लागि कृषकहरूलाई आवश्यक पुँजी र पूर्वाधारमा सहयोग गर्ने, किसान तथा व्यावसायीहरूलाई सरल कर्जामा पहुँच वृद्धि गर्न वित्तीय संस्थाहरूसँग सहजीकरण गर्ने,<br>• प्राङ्गारिक कृषि क्षेत्रको वर्गीकरण र नमुना कृषि गाउँको पहिचान गरी एकल तथा सामुहिक प्राङ्गारिक खेती प्रणालीको विकासका कार्यक्रम सञ्चालन गर्ने,<br>• कृषि क्षेत्रको विकास र विस्तार गर्दै प्राङ्गारिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्ने,<br>• कृषि क्षेत्रको व्यावसायिकरण र यान्त्रीकरण गर्नका लागि कृषकहरूलाई आवश्यक पूँजी र पूर्वाधारमा सहयोग गर्ने,<br>• गाउँको बेरोजगार समस्याको न्यूनीकरण गर्न पालिकाले कृषि तथा पशुपालनमा आधारित स्वरोजगार कार्यक्रम संचालन गरी १००० युवाहरूलाई विभिन्न किसिमका उद्यम संचालन गराउने,<br>• किसानका उत्पादनहरूलाई पालिकाका मुख्य उत्पादन क्षेत्रदेखि नजिकका ठूला बजार काठमाडौं, त्रिशुली, गल्छी तथा अन्य क्षेत्रमा जोडनका लागि आपूर्ति संजाल निर्माण गर्ने<br>• समान उद्देश्य भएका सहकारीहरूलाई मर्ज गरी पूँजी र सीपलाई एकीकृत गरी परिचालन गर्ने,<br>• पशुहरूको गोठ/खोर सुधार र मुत्र संकलन तथा प्राङ्गारिक मल जैविक विषादीका रूपमा उपयोग गर्न कृषकहरूलाई सहजीकरण गर्ने,<br>• पालिकाकाको उपल्लो स्थानहरूमा व्यवसायिक फलफूल खेती तथा जडिबुटी खेतीको सम्भाव्यता अध्ययन गरी फर्महरू स्थापना गर्ने,<br>• ग्रामीण श्रमको उपयोग वृद्धि गरी कृषि तथा पशु सेवा कार्यकर्ता तयारी र परिचालन गर्ने,<br>• कृषि तथा पशु वीमा कार्यक्रम संचालन गरी कृषकको लगानी जोखिम न्यूनीकरण गर्ने,<br>• कृषि उपजजन्य वस्तुको दिगो सुरक्षा र भण्डारणका लागि शीतगृह निर्माण गर्ने,<br>• कृषिको व्यावसायीकरणलाई मद्दत पुग्ने गरी विभिन्न विकल्पबाट सिंचाई सुविधा वृद्धि गरी हाल सिंचाइ सुविधा भएको जमिनको प्रतिशत बढाउने,<br>• उत्पादित वस्तुको बजारीकरणका लागि त्यस स्थानबाट बजारसम्मको सहज पहुँचका लागि ग्रामीण कृषि सडकको निर्माण गर्ने, |

| | |
|---|---|
| • पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने | • पर्यटन क्षेत्रको विकासका लागि गुरूयोजना निर्माण गरी समग्र उत्तरगया गाउँपालिकाको विद्यमान सामाजिक तथा सांस्कृतिक सम्पदाहरूको अधिकतम उपयोग गर्ने,<br>• पर्यटन गुरूयोजनाका आधारमा पर्यटन स्थलहरूको पहिचान गरी ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, प्राकृतिक, जलसम्पदा, पर्यावरणीय सुन्दरता र प्राचीन संस्कृति तथा सम्पदाहरूको संरक्षण, सम्वर्द्धन र आवश्यक भौतिक पूर्वाधारको निर्माण गरी पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने,<br>• प्रमुख पर्यटकीय पदमार्गहरूको निर्माण, स्तरोन्नति र नक्शाङ्कन गरी प्रमुख पहाडी चुचुराहरूमा पर्यटकीय दृष्यावलोकन स्थलहरू निर्माण तथा होमस्टेको व्यवस्था सहित उत्तरगयाका कम्तिमा ५ वटा गाउँहरूलाई नमुना पर्यटकीय गाउँको रूपमा विकास गर्ने,<br>• पर्यटन क्षेत्रको विकास, विस्तारका लागि दीर्घकालीन गुरूयोजनाका आधारमा निजी क्षेत्रसँग सहकार्य गर्ने, |
| • स्थानीय स्रोतसाधनमा आधारित उद्योग तथा व्यवसायहरूको विकास र विस्तार गर्ने | • गाउँपालिकाभित्र छरिएर रहेका स्थानीय स्रोतसाधनहरूको पहिचान गरी उद्योग तथा व्यवसाय स्थापनाका लागि भौतिक तथा संस्थागत संरचनाको निर्माण गर्ने,<br>• बेरोजगार जनशक्तिलाई स्थानीय आवश्यकताका आधारमा सीप विकास गराइ अधिकतम मात्रामा परिचालन गरी स्वरोजगार बनाउने,<br>• स्थानीय स्तरमा रहेका साना तथा घरेलु उद्योगको व्यावसायिक संचालन गरी विदेश जाने वातावरणको न्यूनीकरण गर्ने,<br>• गाउँपालिकामा उद्योग ग्राम स्थापना गरी स्थानीय स्रोतमा आधारित उद्योगहरू सञ्चालन गर्ने,<br>• स्थानीय औद्योगिक उत्पादनहरु स्थानीय तथा बाह्य बजार प्रवर्द्धन गर्न संकलन केन्द्रहरूको स्थापना गर्ने, |
| • प्राकृतिक स्रोतहरु जल, जमिन, जंगल, जडिवुटी, खनिजको समुचित उपयोग गर्ने | • स्थानीय स्तरमा उपलब्ध जलस्रोतको सिंचाई, जलविद्युत् र पर्यावरण सन्तुलनमा उपयोग गर्ने,<br>• प्राकृतिक रुपमा संरचित वनजंगलको वैज्ञानिक सदुपयोग गरी जडिवुटी र खनिजजन्य उत्पादनको सदुपयोग गरी आर्यआर्जनमा वृद्धि गर्ने,<br>• गाउँपालिका भित्र रहेका बहुमूल्य खनिज तथा जडिबुटीको पहिचान गरी व्यापार प्रवर्द्धनका लागि प्रचार प्रचार गर्ने, |
| **उद्देश्य २: संग सम्बन्धित रणनीति तथा कार्यनीतिहरू**<br>**उद्देश्य २: स्वस्थ, सशक्त शिक्षित सृजनशील, सीपयुक्त र सुयोग्य मानवीय स्रोतको विकास गर्नु** | |
| **रणनीति** | **कार्यनीतिहरु** |
| • सामाजिक सुसम्पन्नता कायम गर्ने, | • गाउँपालिकाको मानव विकास सूचकाङ्क राष्ट्रिय सूचकाङ्कको हाराहारीमा पुऱ्याउने,<br>• गाउँबासीको आर्थिक र सामाजिक पक्षलाई सबलीकरण गर्दै सुसम्पन्नताको विकासलाई सँगसँगै लग्ने, |
| • गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्ने, | • विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन विद्यालयहरूको आधुनिक भौतिक पूर्वाधार, सुविधायुक्त डेस्कबेञ्च, स्मार्ट बोर्ड, विषयगत प्रयोगशालाहरू निर्माण, दक्ष शिक्षक व्यवस्थापन, शैक्षिक सामग्रीहरूको उपलब्धता मूल्याङ्कन प्रकृयामा सुधार गर्ने र गाउँपालिकाबाट निरन्तर अनुगमन गर्ने,<br>• आधारभूत र माध्यमिक शिक्षामा सुधार गरी प्रत्येक वडामा कम्तिमा १ वटा आवासीय नमूना विद्यालय सञ्चालन गर्ने,<br>• निरक्षरता उन्मूलन गर्न साक्षरता कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने,<br>• शिक्षा र स्वास्थ्य क्षेत्रको सुधारमा स्थानीय जनता, गैरसरकारी संस्था र शिक्षा तथा स्वास्थ्य कर्मीहरूसँग सहकार्य गर्ने,<br>• दिगो विकास लक्ष्य अनुसारको शतप्रतिशत साक्षरता वृद्धि गर्ने,<br>• प्रत्येक वडामा दक्ष जनशक्ति र सुविधा सम्पन्न पूर्वाधार सहित स्वास्थ्य संस्थाहरू स्थापना गर्ने भैरहेका स्वास्थ्य संस्थाहरूको स्तर वृद्धि गर्दै १५ शैयाको १ वटा अस्पताल सञ्चालन गर्ने,<br>• प्रत्येक स्वास्थ्य संस्थामा Birthing Centre र आधारभूत प्रयोगशालाको सेवा उपलब्ध गराउने,<br>• स्वास्थ्य सेवालाई बढी सहज र सेवाहरूको स्तरोन्नती गर्ने ।<br>• मातृशिशु मृत्युदरमा उल्लेख्य कमी ल्याउने,<br>• पोषणको अवस्था सुधार गर्न एक घर एक घरबारी कार्यक्रम संचालन गर्ने, |
| • उच्च तथा प्राविधिक शिक्षाको अवसरहरू अभिवृद्धि गर्ने, | • प्राविधिक शिक्षालयलाई बहुउद्देश्यीय विद्यालयमा रूपान्तरण गरी सञ्चालन गर्ने,<br>• विद्यालय छाडेका किशोर किशोरीहरूलाई जीवनउपयोगी सीप विकास तालिम प्रदान गरी स्वरोजगार बनाउने, |

| | |
|---|---|
| • युवाहरूलाई खेलकुदको माध्यमबाट गाउँपालिकाको गौरव वृद्धिमा सरिक गराउने, | • विद्यालय उमेरदेखि नै बालबालिकालाई खेलकुदमा लगाउन खेलकुद शिक्षकको व्यवस्थापन गरी विभिन्न समयमा खेलकुद प्रतियोगिताहरूको आयोजना गर्ने,<br>• खेलकुदलाई विद्यालय शिक्षाको अभिन्न अंग बनाइ गाउँपालिका भित्रका युवा क्लबहरू र उनीहरूका खेलकुद क्रियाकलापहरूलाई भौतिक तथा वित्तीय सहयोग मार्फत सुदृढ गर्ने,<br>• खेलकुदको विकासलाई जोड दिन एक वार्ड एक भलिवल मैदान र एक वार्ड एक कभर्डहल निर्माण र उत्तरगयामा समग्र खेलकुदका लागि भौतिक पूर्वाधार खेल मैदान निर्माण गर्ने, |
| • सामाजिक सुरक्षा र न्याय प्रवर्द्धन गर्ने, | • दलित तथा विपन्नहरूको आवास र जनजीविका सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने,<br>• महिला हिंसा लगायत घरेलु हिंसाहरूको उल्लेख्य रूपमा कमी ल्याउने,<br>• बृद्ध, अपाङ्ग, असक्त र असहायहरूको आत्म सम्मान सहितको सामाजिक सुरक्षा सुनिश्चित गर्ने,<br>• सामाजिक, लैंगिक तथा जातीय विभेद अन्त्य गर्न सो अनुकूलका योजना र गतिविधिहरू अगाडि बढाउने, |
| • परम्परागत मौलिक संस्कृति, भाषा र परम्पराको जगेर्ना गर्ने, | • विभिन्न जातजातिहरूको भाषा, कला र संस्कृतिको संरक्षण र प्रवर्द्धनमा निरन्तर सहयोग गर्ने,<br>• उत्तरगया गाउँपालिकाभित्र हुने कार्यक्रमहरूमा स्थानीय मौलिक संस्कृति र साधनहरूको उपयोग गर्ने, |
| • स्वच्छ खानेपानीको उपलब्धता सुनिश्चित गर्ने, | • स्वच्छ र शुद्ध खानेपानीको व्यवस्था गर्न एक घर एक खानेपानी धारा कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्न संघ, प्रदेश र गैरसरकारी संस्थाहरूसँग साझेदारी गरी हरेक घरमा स्वच्छ र शुद्ध खानेपानी (१ घर १ धारा) को सुविधा सुनिश्चित गर्ने,<br>• सरसफाइलाई जनताको बानीको रूपमा विकास गर्ने, |
| • सेवा, सुविधा र अवसर वितरणमा समावेशीकरण र समन्यायिक सिद्धान्त अवलम्बन गर्ने। | • लैङ्गिक तथा सामाजिक समावेशीकरण व्यावहारिक बनाउन नीतिगत र कार्यक्रम कार्यान्वयनका प्रत्येक चरणमा ध्यान दिने,<br>• विभिन्न जातजातिका भाषा, कला, संस्कृति, भेषभूषा, साहित्य र संस्कारको संरक्षण गरी जात, धर्म, लिङ्ग, वर्ग र वर्णका आधारमा हुने भेदभाव अन्त्य गर्दै सबैले सामाजिक सम्मान पाउने वातावरण निर्माण गर्ने,<br>• गाउँपालिकाको समग्र क्षेत्रको विकासमा सामाजिक रूपमा पछि परेका र पारिएका बहिस्कृत तथा सीमान्तकृत समुदायलाई केन्द्रबिन्दुमा राखिने। |

**उद्देश्य ३ संग सम्बन्धित रणनीतिहरु**
**उद्देश्य ३: बसोवास, बजार शहरी सुविधा र अन्तरआवद्धतालाई सहज सुरक्षित र व्यवस्थित बनाउन प्रविधि र वातावरण मैत्री आधुनिक भौतिक पूर्वाधारको विकास गर्नु,**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| • प्रमुख तथा सहायक सडकहरूलाई राष्ट्रिय मापदण्ड अनुसार निर्माण गर्ने, पुल तथा सामुदायिक भवन निर्माण गर्न प्रदेश तथा केन्द्र सरकारसँग साझेदारी गर्ने, | • उत्तरगया गाउँबासीलाई बाह्रै महिना भरपर्दो र सुरक्षित यात्रा सुनिश्चित गर्न गाउँपालिका भित्रका प्रमुख सडकहरू राष्ट्रिय मापदण्ड अनुसारका बनाई कालोपत्रे गर्ने,<br>• मुख्य सडकबाट वडापालिका केन्द्र र सबै बस्तीहरूमा जोडने ग्रामीण कृषि सडकको निर्माण गर्ने,<br>• आवश्यक स्थानहरुमा मोटरेबल पुल, झुलुङ्गे पुल र सामुदायिक भवनहरू निर्माण गर्ने,<br>• सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाउनका लागि गाउँपालिका र वडा भवनहरू निर्माण गर्ने, |
| • विद्युत्, टेलिफोन र इन्टरनेटको गुणस्तरीय सेवाको सुनिश्चितताको लागि निजी क्षेत्रसँग साझेदारी गर्ने, | • राष्ट्रिय प्रशारण लाइन विस्तारका लागि समन्वय गरी विद्युत् नपुगेका वडा र बस्तीहरूमा विद्युत् पुऱ्याउने,<br>• गुणस्तरीय इन्टरनेट तथा टेलिफोन सेवाका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने, |
| • भौतिक पूर्वाधारहरूको विकासको दीर्घकालीन नीति अवलम्बन गर्ने, | • भौतिक पूर्वाधार विकासको गुरूयोजना तयार गर्ने,<br>• सार्वजनिक सेवा प्रवाहका लागि गाउँ तथा वडाहरूमा आवश्यक भौतिक पूर्वाधारहरूको निर्माण गर्न प्रदेश र संघीय सरकारको पर्याप्त लगानी सुनिश्चित गर्ने,<br>• आकस्मिक विपद् जोखिमलाई उद्धार तथा राहतका लागि पालिकाको केन्द्र भागहरूमा हेलिप्याड निर्माण गर्ने,<br>• सार्वजनिक सेवा प्रवाहलाई सहज, सरल र गुणस्तरीय बनाउन आवश्यक भौतिक पूर्वाधारहरू अत्याधुनिक निर्माण गर्ने,<br>• निर्माण पूर्वाधारहरूको आकस्मिक क्षति पुग्दाको अवस्थामा मर्मत सम्भार गर्न निर्माण लागतको २ प्रतिशतका दरले जम्मा गर्ने गरी मर्मत सम्भार कोष स्थापना गर्ने, |

| | |
|---|---|
| • भू-उपयोगको योजना तयार गरी कार्यान्वयन गर्दै जाने, | • भू-उपयोग योजना अनुसार बस्ती विकासको सम्भाव्यता अध्ययन गर्ने र स्थानीय जनतासँग सहकार्य गर्ने,<br>• उत्तरगयाका नदी वेशीहरूमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने,<br>• पूर्वाधार निर्माण गर्दा बोटविरूवामा हुने क्षतिको परिपूर्तिको लागि सडकको दायाँबायाँ तथा तलमाथि वृक्षारोपण (बायोइन्जिनियरिङ्ग) गर्ने, |

**उद्देश्य ४: संग सम्बन्धित रणनीतिहरु**

**उद्देश्य ४: हरियाली, जैविक विविधता, जमिन र जलस्रोतको समुचित व्यवस्थापन, वातावरण मैत्री विकास तथा जलवायु र विपद् उत्थानशीलता सुनिश्चित गर्नु,**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| • प्राकृतिक, वातावरणीय र सांस्कृतिक स्रोतहरूको सूची (Inventory) अद्यावधिक गर्ने, | • प्राकृतिक, वातावरणीय र सांस्कृतिक स्रोतहरूको अध्ययन गरी स्रोत नक्सांकन र व्यावसायिक प्रर्वद्धन गर्ने,<br>• हराभरा उत्तरगया बनाउन सडक किनारामा वृक्षारोपण गर्नुका साथै सार्वजनिक खाली जमिनमा वृक्षारोपण गरी वनको क्षेत्र बढाउने,<br>• खाली रहेका सार्वजनिक स्थानहरूको संरक्षण, सम्वर्द्धन र दिगो उपयोगको नीति निर्माण गर्ने, |
| • पर्यटन लगायत आर्थिक विकासका कार्यक्रमहरू सञ्चालन गर्दा दिगो विकासको मान्यतालाई अवलम्बन गर्ने, | • प्राकृतिक र सांस्कृतिक सम्पदाहरूलाई पर्यटन र आर्थिक विकास कार्यक्रमहरूसँग आबद्ध गर्ने,<br>• दिगो विकासको अवधारणा अनुसार प्राकृतिक र सांस्कृतिक स्रोतहरूको संरक्षण गर्ने, |
| • प्राकृतिक तथा सांस्कृतिक मौलिकतालाई संरक्षण गर्न स्थानीय रैथाने प्रचलन, प्रविधिको अधिकतम उपयोग गर्ने, | • मौलिक संस्कृति, परम्परा, खानपान, पहिरन, चाडपर्वहरूलाई पवर्द्धन गरी पर्यटन विकास गर्ने ।<br>• आर्थिक विकासका कार्यक्रमहरूमा स्थानीय स्रोत साधन, प्रविधि र ज्ञानको अधिकतम प्रयोग गर्ने, |
| • प्राकृतिक विपत्ती र मानवीय विपद्हरूको न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि गर्ने, | • प्राकृतिक विपत्ती र मानवीय विपद्बारे जनचेतना अभिवृद्धि गर्ने,<br>• विद्यालय स्तरमा प्राकृतिक विपत्ती र मानवीय विपद्बारे नियमित कार्यक्रमहरू सञ्चालन गर्ने,<br>• जलवायु अनुकूलनका उपायहरू अवलम्बन गर्ने,<br>• प्राकृतिक प्रकोपका घटनाको न्यूनीकरणका लागि वन तथा प्राकृतिक वातावरणको उचित संरक्षण गरी वातावरणमा सन्तुलन कायम गर्ने,<br>• मानव सिर्जित कारणहरूबाट हुने मानवीय र स्वास्थ्य सम्बन्धी विपद्हरूमा कमी ल्याउने, |
| • विपद् व्यवस्थापनमा संस्थागत क्षमता अभिवृद्धि गर्न सम्बद्ध संस्थाहरूसँग सहकार्य गर्ने, | • विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा प्रवर्द्धन गर्ने,<br>• विपद् व्यवस्थापनको लागि वडा स्तरमा विपद् कोष खडा गर्ने र कोषको परिचालन मार्फत स्थानीय स्तरमा आइपर्ने विपद्को सामना गर्न भौतिक क्षमता विकास गर्ने,<br>• विपद् पछिको पुर्नस्थापनाको लागि आवश्यक संस्थागत, भौतिक र कानुनी संरचनाको विकास गर्ने,<br>• विपद् पूर्व सूचना प्रणालीको विकास गर्ने,<br>• विपद् व्यवस्थापन तथा उद्धारका लागि क्षमता अभिवृद्धि गर्ने,<br>• जोखिमयुक्त पहिरो भू-क्षय र नदी कटान भएका क्षेत्रहरूको पहिचान गरी समुचित व्यवस्थापन गर्ने, |

**उद्देश्य ५ संग सम्बन्धित रणनीति तथा कार्यनीतिहरु**

**उद्देश्य ५: स्थानीय जनताले प्राप्त गर्ने सार्वजनिक सेवा प्रवाह तथा अवसर सहज, गुणस्तरीय, प्रभावकारी, निष्पक्ष रूपमा समयमै उपलब्ध हुने वातावरण सुनिश्चित गर्नु, र संस्थागत विकासका प्रयासहरुलाई पारदर्शी, जवाफदेही, न्यायपूर्ण र परिणाममुखी बनाउनु,**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| • मानव संसाधनको विकास, परिचालन र सुशासन सहितको चुस्त सेवा प्रवाह गर्ने | • सबै वडा केन्द्रहरूलाई भौतिक र जनशक्तिका हिसाबले साधन स्रोत सम्पन्न बनाउने,<br>• गाउँपालिकामा हुने विकास निर्माणका कामहरूमा स्थानीय भौतिक तथा मानवीय स्रोतहरूको अधिकतम् उपयोग गर्ने,<br>• प्रभावकारी सेवा प्रवाहको वातावरण निर्माण गरी उच्च मनोवलका साथ काम गर्नका लागि कर्मचारीको सेवा सुविधामा वृद्धि गर्ने,<br>• कृषि क्षेत्रको विकासका लागि ग्रामीण कृषि तथा पशु सेवा कार्यकर्ता तयार गरी परिचालन गरेर सेवा प्रवाहमा सहजता ल्याउने, |

| | |
|---|---|
| • गाउँपालिकाको आन्तरिक राजश्व वृद्धि गर्ने उपायहरू खोजी गर्दै वित्तीय आत्म निर्भरतातर्फ अघि बढाउने, | • खानेपानी आपूर्तिलाई चुस्त बनाउन प्रत्येक वडामा खानेपानी उपभोक्ता समूहबाट दुई जना ग्रामीण खानेपानी मर्मत संभार कार्यकर्ता छनौट गरी परिचालन गर्ने,<br>• गाउँपालिकाको आन्तरिक वित्तीय स्रोतको वृद्धिका लागि विभिन्न विकल्पहरूको खोजी गरी क्रमशः लागू गर्ने,<br>• कर तथा शुल्कहरू वृद्धि गर्दा न्यायपूर्ण र दिगो वृद्धिलाई आधार बनाउने,<br>• गाउँपालिकाको आन्तरिक वित्तीय स्रोत वार्षिक बजेटको कम्तिमा १० प्रतिशत पुऱ्याउने, |
| • केन्द्र र प्रदेश तथा अन्य स्रोतहरूबाट प्राप्त वित्तीय स्रोतको मितव्ययी र परिणाममुखी सदुपयोग गर्ने, | • वित्तीय जवाफदेहिता र मितव्ययिता कायम गरी वित्तीय अनुशासनलाई कडाइका साथ पालना गर्ने,<br>• वार्षिक बजेटमा आधारित पूंजीगत विकास खर्च शतप्रतिशत गर्ने, |
| • विकेन्द्रीकरणको अवधारणाअनुसार गाउँपालिकाबाट प्रवाह हुने सेवा र विकास कार्यलाई वडास्तरमा सञ्चालन हुने अवस्था सिर्जना गर्ने, | • गाउँपालिकाबाट हुने सेवा प्रवाहका कार्यहरूलाई क्रमशः वडा केन्द्रहरूमा विकेन्द्रीकरण गर्ने,<br>• गाउँपालिकामा हुने विकास निर्माणमा दोहोरोपन र पक्षपातरहित बनाउन गाउँपालिका कार्यालयले सहभागितात्मक योजनावद्ध विकास गर्ने र योजना वैंक बनाउने,<br>• गाउँपालिका अन्तर्गतका कार्यालय तथा शाखाहरू र वडा कार्यालय निर्माण गरी सेवा प्रवाहलाई सहज बनाउने, |
| • जनसहभागिता र समावेशीतामा आधारित विकास प्रकृया अबलम्बन गर्ने, | • गाउँपालिकाबाट बनाइने ऐन नियमहरू जनमुखी र समावेशी प्रकृतिका बनाउने,<br>• विकास कार्यहरूलाई सहभागितामूलक र समावेशी आधारहरूमा अगाडि बढाउने, |
| • निर्णय प्रक्रिया र सेवा प्रवाहमा पारदर्शीता जवाफदेहिता तथा समयवद्धतालाई अबलम्बन गर्ने, | • आधुनिक डिजिटल प्रविधिको प्रयोगबाट गाउँपालिकालाई सुसज्जित गर्दै सेवा प्रवाहमा सरलीकरण र प्रभावकारिता ल्याउने,<br>• योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा जनताको सहभागिता वृद्धि गर्ने,<br>• Digital Apps मार्फत गाउँपालिकाको सेवा, सुविधाहरू र प्रकृयाहरूको जानकारी सर्बसाधारणलाई गराउने,<br>• गाउँपालिकाबाट प्रदान गरिने नागरिक सेवाहरूमा चुस्तता ल्याउन कर्मचारीहरूको पेशागत दक्षतामा वृद्धि गर्ने, |
| • सार्वजनिक खर्चमा मितव्ययिता, पारदर्शीता र जवाफदेहितालाई अबलम्बन गर्ने, | • विकास निर्माण कार्यहरूको सार्वजनिक लेखा परीक्षण (Public Auditing) गर्ने,<br>• हरेक विकास आयोजनाको सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गर्ने<br>• लेखा परीक्षण गर्ने,<br>• आय व्ययको सार्वजनिक गर्ने, |
| • जनताको जीउधनको सुरक्षालाई उच्चतम् प्राथमिकता दिने । | • जीउधनको सुरक्षाको लागि सुरक्षा व्यवस्था मिलाउने,<br>• जनताको जीउधनको सुरक्षाको प्रत्याभूति गर्न देवानी तथा फौजदारी अपराध कार्यमा कमी ल्याउने, |

# परिच्छेद-४
## आर्थिक विकास योजना

### ४.१ वस्तुस्थिति विश्लेषण

नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आय सम्बन्धी अधिकार संवैधानिक अधिकार कार्यान्वयन तीनै तहको सरकारको भूमिका महत्वपूर्ण रहेको छ। संघीय सरकारका साथै प्रदेश सरकारले तर्जुमा गरेको नीति, कानून, योजना र लक्ष्यमा आधारित भई स्थानीय सरकारले समेत उक्त अधिकारलाई योजनाबद्ध ढंगले सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ। यस तथ्यलाई मनन् गर्दै गाउँपालिकाको समग्र विकासको अग्रणी क्षेत्रको रुपमा रहको कृषि, जलश्रोत तथा पर्यटनको विकास तथा प्रवर्द्धन मार्फत उत्पादन, रोजगारी र आयवृद्धि गर्ने किसिमले योजना तर्जुमा एवं सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ। उत्तरगया गाउँपालिकाको सन्दर्भमा विकासका विभिन्न विषयक्षेत्रमा विकास प्रयासलाई डोऱ्याउन यस सम्बन्धी सम्भावना र अवसर, समस्या तथा चुनौती र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ।

गाउँपालिका क्षेत्रमा १४९९८ रोपनी क्षेत्रफलमा प्रमुख रुपमा धान, गहुँ, मकै, कोदो र तोरी जस्ता वालीको उत्पादन कार्यमा २३४१ घरपरिवार संलग्न रहेको देखिन्छ। प्रमुख बालिहरुको वार्षिक उत्पादन १६३,२२९ क्वीण्टल भैरहेको तथा तरकारी तथा फलफूलको वार्षिक उत्पादन ३,९९० क्वीण्टल हुने गरेको भएतापनि संचालित कृषि कार्य सवै निर्बाहमुखी नै देखिएको छ।स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान दिनसक्ने अमिला जातका फलफूल, नासपाती, अलैंची, अकबरे खुर्सानी तथा कफी खेतीका लागि उपयुक्त हावापानी रहेको देखिएको छ। साथै स्थानीय रैथाने शेर ४५ जातको धान, घैया, पुतली मकै, माले मकै, सेतो मकै, रायो, जुनेलो, फापर, कागुन, कोदो, काँक्रो, कालो भटमास, मस्याङ, ताम्रासिमिको खेती भैरहेको देखिएको छ भने यी बालीहरुको यथोचित संरक्षण तथा प्रवर्द्धन हुन सकेमा स्थानीय अर्थतन्त्रमा उल्लेखनीय योगदान दिनसक्ने देखिन्छ।

खेतीयोग्य जमीन बाँझो रहनु, दुम्सी, बँदेल र बाँदरका कारण वालीनालीको नोक्सानी, लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, स्थानीय रैथाने जातको संरक्षण हुन नसक्नु, पकेट खेती विकास कार्यक्रम प्रभावकारी नहुनु एवम् प्रवर्द्धनात्मक कार्यक्रम संचालन नहुनु, व्यवसायिक ज्ञान तथा सूचनाको कमी, आधुनिक तथा महिलामैत्री प्रविधिको अभाव, कृषि बजारको कमी, वित्तीय संस्थाको कमी, कृषि विमाको अभ्यासको कमी, संकलन केन्द्रको अभाव आर्थिक विकासका सम्भावनाका क्षेत्रहरु प्रचुर भएपनि आवश्यक मुख्य चुनौतीको रुपमा रहेको छ।

संचालित सिंचाई पूर्वाधारको नियमित मर्मत संभार एवं उपलब्ध सिंचाईका श्रोतहरुको उचित व्यवस्थापन गर्न सकेमा एवं कृषि एवं पशुपालनमा व्यवसायिक प्रणाली अपनाउन सकिने एवं व्यवसायिकतामा जोड दिन सकिने सम्भावना प्रशस्त रहेको छ।

धार्मिक पर्यटनको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण क्षेत्रको रुपमा रहेको उत्तरगयाको संरक्षण, प्रवर्द्धन एवं प्रचारप्रसारमा जोड दिन सकेमा तथा गाउँपालिका क्षेत्रमा रहेका अन्य पर्यटकीय महत्वका क्षेत्रको समेत समुचित विकासको सम्भावना प्रशस्त देखिन्छ।

यस गाउँपालिकाको कृषि तथा पशु विकास, पर्यटन विकास र विस्तार, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, बैंक तथा वित्तिय सेवा सुविधा लगायत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको उद्धेश्य, लक्ष्य परिमाण, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ।

#### ४.१.१ कृषि विकास

##### क. सम्भावना, अवसर र विद्यमान अवस्था

दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य लिएको सन्दर्भ तथा संघीय सरकारको घोषणा अनुरुप वि.सं. २०७७ सम्म खाद्यान्नमा आत्मनिर्भर हुने एवम् पाँच वर्षभित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्धता जनाएकोमा यसका लागि मूलभूत रुपमा १५ वर्षीय कृषि विकास रणनीति कार्यान्वयनबाट कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने विश्वास लिइएको छ।

गाउँपालिकाको कृषितर्फको अवस्था विश्लेषण गर्दा कूल १४९९८ रोपनी क्षेत्रफलमा खेती भैरहेको तथा सो कार्यमा १९४१ घरपरिवार कृषि कार्यमा आबद्ध रहेको देखिन्छ। खाद्य सुरक्षातर्फ आफ्नै उत्पादनले वर्षैभरी खान पुग्ने परिवार ७९४ रहेको छ। प्रमुख खाद्यान्नको रुपमा धान, गहुँ, मकै, कोदो, तोरी गरी वार्षिक १६३२२९ क्वीण्टल उत्पादन हुने गरेको, तरकारी तथा फलफूलको वार्षिक उत्पादन ३९९० क्वीण्टल हुने गरेको देखिन्छ। स्थानीय रैथाने शेर ४५ जातको धान, घैया, पुतली मकै, माले मकै, सेतो मकै, रायो, जुनेलो, फापर, कागुन, कोदो, काँक्रो, कालो भटमास, मस्याङ, ताम्रासिमिको समेत खेती भैरहेको छ।

आलुखेतीका लागि करीव २००० रोपनी क्षेत्रफलमा भैरहेको (वडा नं. ४ र ५) मा आलु खेती पकेट घोषणा गरी व्यवसायिक रुपमा नै खेती भैरहको तथा रैथाने जातको आलु वडा नं. १, २ र ३ मा खेती भैरहेको छ। व्यवसायिक तरकारी खेतीको शुरुवात भएको एवं प्लाष्टिक घरमा खेती भईरहेको छ। गाउँपालिकामा ९ वटा कृषि सहकारी, ६ जना कृषि प्राविधिक क्रियाशील रहेको देखिन्छ। आवश्यक जनशक्तिको विकास, बजार पूर्वाधारहरुको विकास तथा वजार संजाल निर्माण गर्नेजस्ता कार्य गर्न सकेमा यस उपक्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ।

### ख. समस्या तथा चुनौती

खेतीयोग्य जमीनको कम्तिमा ४० प्रतिशत खेतीयोग्य जमीन बाँझो रहनु, भएका खेतीमा पनि दुम्सी, बँदेल र बाँदरजस्ता जंगली जनावारको कारण क्षति हुनु, पकेट खेती विकास कार्यक्रम प्रभावकरी नहुनु एव प्रवर्द्धनात्मक कार्यक्रम संचालन नहुनुजस्ता समस्याले यस क्षेत्रको समुचित विकासमा समस्या परेको देखिन्छ । अन्य समस्याहरुमा माटोको नियमित परीक्षण नहुनु, कोल्ड स्टोरको सुविधा नहुनु, दक्ष जनशक्तिको अभाव हुनुजस्ता समस्याहरु पनि विद्यमान रहेका देखिन्छन् ।

स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातीका बीउ बिजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरुले माग र आवश्यकता अनुसारको वोट विरुवा प्राप्त सकेका छैन। रैथाने बीउ विजनको उपलब्धता र संरक्षण नहुँदा वाह्य तथा आनुबांशिक जातिय शुद्धता र गुणस्तर कम हुने बीउविजनको प्रयोग गर्नु पर्ने बाध्यता रहेको छ। सो बीउ विजन समेत समयमा उपलब्ध हुन सकिरहेको अवस्था छैन। जलवायु परिवर्तनको असरका कारण बालीमा देखापर्ने हानिकारक झार तथा किराहरुको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भइरहेको छ।

## ४.१.२ सिंचाई

### क. सम्भावना, अवसर र विद्यमान अवस्था

गाउँपालिका क्षेत्रमा कम्तिमा १० वटा सिंचाई आयोजनाहरुबाट खेतीभूमिमा सिंचाई सुविधा पुगेको देखिन्छ। कुलोबाट करीब ७०० रोपनी क्षेत्रफलमा सिंचाई सुविधा पुगेको छ। हाल सिंचाई सेवा उपलब्ध भैरहेका योजनाहरुमा ठोस्नेघारी सिंचाई, सिंधुरेढुंगा सिंचाई योजना, चाप पँधेरो सिंचाई, बेतेगौंडा सिंचाई, छमाने सिंचाई शालीमभित्ता सिंचाई, लामासोती, महघार, बोगटीटार ठूलो पँधेरा सिंचाई योजना संचालनमा रहेका छन् भने सिंचाईका लागि प्रमुख श्रोतको रुपमा कामलुङ खोला, न्यामन्याम खोला, अँधेरी खोला, भाँगेखोला करुबाटुटी त्रिशुलीजस्ता स्रोतहरुको दीगो व्यवस्थापनबाट खेतीयोग्य भूमीमा सिंचाई सुविधा विस्तार गर्न सकिन्छ।

### ख. समस्या तथा चुनौती

संचालित सबै सिंचाई योजनाको नियमित रुपमा मर्मत सम्भार नहुन, सिंचाईका श्रोतहरुको संरक्षण नहुनु एवं सिंचाई सुविधाबाट बञ्चित क्षेत्रका लागि वैकल्पिक सुविधाको कमी मुख्य चुनौतीको रुपमा देखिन्छ।

## ४.१.३ पशु विकास

### क. सम्भावना, अवसर र विद्यमान अवस्था

गाउँपालिका क्षेत्रमा १३६६ परिवार पशुपालनमा संलग्न रहेको देखिन्छ। पशुपालन गर्ने किसानहरुले वार्षिक रुपमा ५४९१ खसीबोका तथा भेंडापालन गरिहेका तथा सोबाट वार्षिक १२९१४ मेट मासु उत्पादन भैरहेको, व्यवसायिक कुखुपालनबाट वार्षिक १५०४ मेट बराबरको मासु उत्पादन हुने गरेको देखिन्छ। यसैगरी गाउँपालिका क्षेत्रमा कम्तिमा ५ वटा व्यवसायिक बाख्रापालन फर्म रहेको, दैनिक दुध उत्पादन १३९५ लिटर उत्पादन भैरहेको देखिन्छ।

गाउँपालिका क्षेत्रमा चरण क्षेत्रको रुपमा पात्ले, सिस्नेघारी, घुमार, हिउँदेखर्क, खरानेटार, बाँस्तोला, डाँडाखर्क, रत्नौले, चुच्चे, माने, बंसे, भेंडीखोर, तिरु, फिकुरी, पयेंलुंग, पांग्राचेत, रारेखर्क, नयाँवन गरी कम्तिमा २० वटा चरण क्षेत्र रहेको छ। यस क्षेत्रमा क्रियाशील रहेका पशु सेवा प्राविधिक ५ जनाबाट पशुस्वास्थ्य सेवा उपलब्ध भैरहेको छ।

पशु विकासका लागि गाउँपालिका क्षेत्रमा पर्याप्त चरण क्षेत्रको विकास गर्न सकिने, पशुजन्य उत्पादनको वजारको सम्भावना रहेको एवं उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य गर्न सकेमा यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यवसायिक वनाउन सकिने देखिन्छ।

### ख. समस्या तथा चुनौती

उन्नत जातको गाईभैंसी, बाख्रापालन नहुनु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी, उन्नत घाँसको व्यवस्था नहुनु तथा दक्ष प्राविधिकको सेवा विस्तार हुन नसक्नु, सरल कर्जा र बीमाको व्यवस्था नहुनु उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य अझैपनि चुनौतीको रुपमा रहिरहेको छ। एग्रोभेटको अभाव, उन्नत जातको घाँसहरुको कमी, दक्ष जनशक्तिको अभाव, पशु स्वास्थ्य उपकरणको कमी, नश्ल सुधारको कमी, भेटेरीनरी प्रसार सेवाको कमीजस्ता पक्षपनि थप समस्याको रुपमा रहेको छ।

## ४.१.४ उद्योग, व्यापार तथा व्यवसाय

### क) सम्भावना, अवसर र विद्यमान अवस्था

गाउँपालिकामा आर्थिक कारोवार गर्ने व्यापार व्यवसायको संख्या करीव २३३ रहेका, संचालित व्यापार व्यवसायमा ३५९ जना संलग्न रहेको देखिन्छ। गाउँपालिकामा कम्तिमा १५ वटा परम्परागत पानी घट्ट संचालनमा रहेको, १० वटा मिलहरु संचालनमा रहेका, साना ठूलागरी कम्तिमा १५ वटा फर्निचर र ३ वटा ब्लक उद्योग संचालनमा रहेको, हाते नेपाली कागज उद्योग २ वटा संचालनमा रहेको, परम्परागत ढाका बुनाई गर्ने ३ वटा लघु उद्योग संचालनमा रहेको देखिन्छ। यसैगरी वैदेशिक रोजगारबाट रेमिट्यान्सलाई व्यवसायमा लगाउनका साथै वैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी संचालन गर्न सकिने सम्भावना रहेको देखिन्छ।

### ख) समस्या तथा चुनौती

उद्योग संचालन सम्बन्धी पर्याप्त सीप तथा जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालिम पर्याप्त नहुनु, परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसक्नु, उद्योग संचालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु तथा दक्ष जनशक्तिको उपलव्धता स्थानीयस्तरमा नहुनु प्रमुख समस्याको

रुपमा रहेको देखिन्छ। यसका अतिरिक्त उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक सुचना केन्द्रको कमिजस्ता पक्ष पनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ।

#### ४.१.५ बैंक, वित्तीय संस्था एवं सहकारी

##### क. सम्भावना, अवसर र विद्यमान अवस्था

वित्तीय पहुँच तथा सेवाको लागि गाउँपालिकामा हाल १ वटा वैंक शाखा, ८ वटा लघुवित्त, ५ वटा वचत तथा ऋण सहकारी, १३ वटा कृषि सहकारीबाट वित्तीय सेवा उपलब्ध भैरहेको छ। गाउँपालिकाका करीव ९० प्रतिशत घरपरिवार बैंक तथा वित्तीय संस्थासंग आवद्ध रहेको देखिन्छ।

##### ख. समस्या तथा चुनौती

सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तीयसंस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीयहरुमा आम्दानी तथा बचतको मात्रामा अत्यन्तै कमी रहनु यस क्षेत्रको विस्तारका लागि चुनौतीको रुपमा रहेको छ।

### ४.२ लक्ष्य

आर्थिक विकास क्षेत्रको लक्ष्य उत्पादन, रोजगारी र आयमा दीगो वृद्धि गर्नु रहेको छ।

### ४.३ उद्देश्य

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- आधुनिक, व्यवसायिक, अर्गानिक एवं प्रतिस्पर्धी कृषि उत्पादनमा वृद्धि भएको हुनेछ।
- खेतीयोग्य भूमीमा भरपर्दो सिंचाई सुविधा पुगेको हुनेछ।
- पशुपालन व्यवसायिक एवं आधुनिक भई पशुजन्य उत्पादनबाट आयमा वृद्धि भएको हुनेछ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना एवं प्रवर्द्धन भई रोजगारीमा वृद्धि भएको हुनेछ।
- बैंक तथा वित्तीय सेवामा सवैको पहुँच कायम भएको हुनेछ।

### ४.४ रणनीति तथा कार्यनीति

दीर्घकालीन सोचतर्फ उन्मुख भई उत्तरगया विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न उत्तरगया गाउँपालिकाको संस्थागत क्षमता विकास एवं सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारी अभिवृद्धि गरी आवधिक विकास योजनाको प्राथमिकता तथा रणनीति कार्यान्वयन गरिनेछ। यो जनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि विषयगत क्षेत्रगत रुपमा देहायानुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ।

तालिका १६ : विषयगत क्षेत्र/उपक्षेत्रअनुसार राजनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **३. आर्थिक विकास** | |
| **३.१ कृषि तथा पशु विकास** | |
| १. कृषि तथा पशुपन्छी कार्यलाई व्यवसायिकरणका लागि प्रवर्द्धन एवं प्रोत्साहन गर्ने | • स्थानीयस्तरमा वीउ तथा बेर्नाको सहज आपूर्तिका लागि सहकारी तथा निजी क्षेत्रसंगको सहकार्यमा बीउ उत्पादनका लागि प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ।<br>• कृषि, पशुपन्छी, माछा लगायतका पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी आवश्यक सहयोगहरु एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिने छ।<br>• तरकारी, कफी, मसलाबाली, माछा, गाईभैसी र वाख्रापालनमा केन्द्रित गरी नमूना कृषि फर्म मोडेलको रुपमा संचालन गरिनेछ।<br>• वडास्तरमा जैविक खेती प्रवर्द्धन गर्न कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र परिचालन गरिने छ।<br>• घरदैलो गरी पशु स्वास्थ्य सेवा सहज र भरपर्दो बनाइने छ।<br>• कृषि तथा पशुपालन पकेट क्षेत्रहरुमा कृषि तथा पशुजन्य उत्पादन, सङ्कलन, प्रसोधन केन्द्रको विकास गरिनेछ।<br>• पशु विकास पकेट क्षेत्रहरुको सार्वजनिक तथा निजी जग्गामा भुईघाँस तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई गरी पुरा गरिनेछ।<br>• सबै वडाका युवा, लक्षित वर्ग र कृषकहरुको सहभागितामा कृषि उद्यम सिर्जना र विकास सम्बन्धी तालिम संचालन गरिनेछ।<br>• स्थानीय लोपोन्मुख बीउविजन, नश्ल, कृषि तथा पशुपन्छीजन्य जैविक विविधताको संरक्षण र व्यवसायीकरण गरिनेछ।<br>• बाँझो जमीन राख्ने प्रवृतिलाई न्यूनीकरण गर्न अनुदान एवं प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ। यस्ता बाँझो जमीनको पहिचान, बाँझो रहनुको कारण समेत पहिचान गरी उपयुक्त बालीको उत्पादन कार्यमा प्रोत्साहन गरिने छ।<br>• खाद्य तथा तरकारी उत्पादन वृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तार गर्दै जाने नीति लिइने छ। |

| | |
|---|---|
| २. कृषि व्यवसायलाई औद्योगिकरण गर्ने | • संचालित सिंचाई कूलोको नियमित मर्मत सम्भारका लागि आवश्यक कोषको व्यवस्था गरिने छ।<br>• तरकारी, फलफूल, मसलाबाली, दुध उत्पादन पकेट क्षेत्रलाई लक्षित गरी कृषि तथा पशुपन्छीजन्य उपजहरुको सङ्कलन र चिस्यान केन्द्रको विकास र विस्तार गरिनेछ।<br>• स्थानीय उद्यमी, व्यवसायी, सहकारीको साझेदारीमा कृषि प्रशोधन, पशुजन्य उत्पादन प्रशोधन उद्योग तथा केन्द्र स्थापनामा जोड दिइनेछ। |
| ३. कृषि र पशुपंक्षीजन्य उपजको विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वको वृद्धि गर्ने | • जैविक मल तथा विषादीको उत्पादन एवं प्रयोग गर्न कृषकलाई सचेतना, जैविक उत्पादन प्रविधि र प्रसार कार्यक्रम संचालनको व्यवस्था गरिनेछ।<br>• स्थानीय कृषकको माग, विशिष्टकृत स्थानीय जातमा आधारित एक वडामा एक वहुउद्देश्यीय कृषि नर्सरीको स्थापना गरी विरुवाको उपलब्धतालाई सहज गराइने छ।<br>• नास्पाती, स्याउ, आँप, कटहर, भूँईकटहर, केरा, अनार, लिची, अमिला जातका फलफूल, चिया, अलैंची, कफि, टिमुर, मसलाजन्य बाली आदिको पकेट क्षेत्र पहिचान गरी स्थान, माटो र हावापानी अनुसारको बाली छनौट गरी व्यवसायिक उत्पादनको लागि कृषि प्रसार तथा प्रविधि हस्तान्तरण गरिनेछ। |
| ४. दक्ष जनशक्तिको व्यवस्थापन मार्फत प्रभावकारी सेवा प्रवाह गर्ने | • कृषि तथा पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा एक वडा एक कृषि र एक पशु प्राविधिक व्यवस्था गर्दै जाने नीति लिइने छ। |
| ५. कृषकलाई कृषि यान्त्रिकीकरण सहयोग गर्ने | • कृषकलाई अत्यावश्यक यन्त्र उपकरण उपलब्ध गराउन आवश्यक प्रवर्द्धनात्मक तथा प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ।<br>• नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्रसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरुको उपलब्ध गराउने व्यवस्था गरिनेछ।<br>• कृषकहरुको लागि श्रममा आधारित उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणका प्रविधि हस्तान्तरण व्यवस्था गरिनेछ।<br>• कृषि सामग्री, अनुदान, बिमा, ऋण, शित भण्डार, सङ्कलन, प्रशोधन र विक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिवृद्धि गरिनेछ। |
| **३.२. उद्योग र व्यापार** | |
| १. स्थानीय स्रोत साधन, कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने | • कृषि, पशु, माछा र वनमा आधारित उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी उद्योगको स्थापना र संचालन गरिनेछ।<br>• युवालाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरिनेछ।<br>• स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गरिने छ।<br>• उद्यम व्यवसाय संचालनमा एकल महिला, भूमिहीन, अपांगता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिइने छ।<br>• लघु उद्यम प्रवर्द्धन तथा विकासका लागि रणनीतिक योजना तर्जुमा गरिनेछ।<br>• रणनीतिक योजनाका आधारमा रही गाउँपालिकास्तरीय कार्यविधि वनाई लागू गरिनेछ। |
| **३.३. बैक, सहकारी तथा वित्तीय सेवा** | |
| १. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने | • बैंकिङ्ग लगानी कृषि क्षेत्रमा वृद्धि गर्न पैरवी गरिने छ।<br>• वित्तीय साक्षरताका कार्यक्रम संचालन गरिने छ।<br>• आर्थिक कारोवारका लागि बैंक तथा वित्तीयसंस्था मार्फत हुने कारोवारलाई प्रोत्साहन गरिने छ।<br>• सहकारीहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिवृद्धि गरिने छ। |
| **३.४. श्रम र रोजगारी** | |
| १. युवा ताथा वेरोजगार लक्षित गरी उत्पादन, रोजगारी आयमा वृद्धि गर्ने | • वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय संचालनमा प्रोत्साहित गरिने छ।<br>• वैदेशिक रोजगारीमा रहेका परिवार, फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी उद्योग व्यवसाय संचालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम संचालन गरिने छ। |

## ४.५ आर्थिक विकासका कार्यक्रम तथा योजना

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| **वडा नं. १** | | | | | | | | | | | |
| **कृषि विकास क्षेत्र** | | | | | | | | | | | |
| १ | स्याउ खेतीका लागि लागत साझेदारीमा विरुवा वितरण | हजार | १५०० | १००० | १००० | १००० | १००० | ५५०० | २,७५०,००० | दोम्साङ, दलदुंगा, तिरु, च्याम्पे | गा.पा. प्रदेश र संघ |
| २ | व्यवसायिक आलु खेतीको लागि विउ वितरण | घरधूरी | १०० | १०० | १०० | ५० | ५०० | ८५० | ७,६५०,००० | तिरु, करुमऱ्याङ, सिरुचेत, गोगने, | गा.पा. प्रदेश र संघ |
| ३ | सुन्तलाको विरुवा वितरण | ५ हजार | १००० | १००० | १००० | १००० | १००० | ५००० | ३५०,००० | करुमऱ्याङ, गोगने | गा.पा. प्रदेश र संघ |
| ४ | कागतीको विरुवा वितरण | १० हजार | २००० | २००० | २००० | २००० | २००० | १०००० | ६५०,००० | सिरुचेत, करुमऱ्यांग, ब्रागु, गोगने | गा.पा. प्रदेश र संघ |
| ५ | दाँते ओखरका विरुवा वितरण | १५ हजार | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | २,२५०,००० | भेडीगोठ, तिरु, सिरुचेत, करुमऱ्यांग | गा.पा. प्रदेश र संघ |
| ६ | निर्मसी र सतुवाको प्रवर्द्धन | पटक | १ | १ | १ | १ | १ | ५ | ३,०००,००० | ठोस्नेघारी, विभिन्न जंगलमा | गा.पा. प्रदेश र संघ |
| ७ | लप्सीको विरुवा वितरण | ५ हजार | १००० | १००० | १००० | १००० | १००० | ५००० | २५०,००० | चिप्लेटी, करुमऱ्याङ, तिरु, गोगने | गा.पा. प्रदेश र संघ |
| ८ | बुद्धचित्त विरुवा वितरण | ५ हजार | १००० | १००० | १००० | १००० | १००० | ५००० | २५०,००० | सिरुचेत, चिप्लेटी, करुमऱ्याङ, गोगने, तिरु | गा.पा. प्रदेश र संघ |
| ९ | सिस्नुको पाउडर उद्योग | पटक | ० | १ | १ | ० | ० | २ | ५,०००,००० | तिरु करुमऱ्याङ वंशे ब्रागु, गोगने | गा.पा. प्रदेश र संघ |
| १० | कोल्ड स्टोर | ठाउमा | ० | १ | ० | १ | ० | २ | १०,०००,००० | तिरु (सिरुचेत) करुमऱ्याङ, | गा.पा. प्रदेश र संघ |
| ११ | कुरिलो र चिराइतोको नर्सरी, विरुवा उत्पादन, वितरण तथा खेती | १००० रोपनी | ० | १ | १ | १ | १ | ४ | ५,०००,००० | दोम्साङ, दलदुंगा, तिरु | गा.पा. प्रदेश र संघ |
| १२ | आधुनिक मकै बीउ वितरण | घरधूरी | १०० | १०० | १०० | १०० | १०० | ५०० | १,५००,००० | तिरु, करुमऱ्याङ, गोगने, माने | गा.पा. प्रदेश र संघ |
| १३ | लेकाली धानको प्रवर्द्धन | घरधूरी | १०० | १०० | १०० | १०० | १०० | ५०० | ७५०,००० | तिरु, करुमऱ्याङ, गोगने, कामलुङ, सिरुचेत | गा.पा. प्रदेश र संघ |
| १४ | सिमीको बीउ वितरण | घरधूरी | १०० | १०० | १०० | १०० | १०० | ५०० | ३००,००० | तिरु, करुमऱ्याङ, गोगने, कामलुङ, सिरुचेत | गा.पा. प्रदेश र संघ |
| १५ | काउली, बन्दा, साग, गोलभेडा, अन्य मूला, अकबरे, खुर्सानी, अदुवा, बेसार, हरियो तरकारीका लागि बीउ वितरण | १००० रोपनी | २०० | २०० | २०० | २०० | २०० | १००० | ४००,००० | तिरु, गोगने करुमऱ्याङ, सिरुचेत | गा.पा. प्रदेश र संघ |
| १६ | किवी खेतीको प्रवर्द्धन | २५० घरधूरी | ५० | ५० | ५० | ५० | ५० | २५० | ५००,००० | तिरु, गोगने करुमऱ्याङ, सिरुचेत | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **४०,६००,०००** | | |
| | **वडा नं. १** | **पशु विकास** | | | | | | | | | |
| १ | लागत साझेदारीमा भैंसी वितरण | घरधूरी | २० | २० | २० | २० | २० | १०० | ६,०००,००० | तिरु, करुमऱ्याङ, सिरुचेत, गोगने | गा.पा. प्रदेश र संघ |
| २ | लागत साझेदारीमा बाख्रा पालन कार्यक्रम | हजार | ५०० | १००० | १००० | १००० | ५०० | ४००० | २४,०००,००० | तिरु, करुमऱ्याङ, सिरुचेत, चिप्लेटी | गा.पा. प्रदेश र संघ |
| ३ | माछा (असला) पालन | घरधूरी | ५ | ५ | ५ | ५ | ५ | २५ | २५,०००,००० | करुमऱ्याङ, दलदुंगा, नागथान, गरसंगकुना, तुम्बा बखर, कामलुंग | गा.पा. प्रदेश र संघ |
| ४ | कालिज फर्म | फर्म | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | काम्लुङ, करुमऱ्याङ, तिरु, सिरुचेत, गोगने | गा.पा. प्रदेश र संघ |
| ५ | बंगुर, सुँगुर | घरधूरी | २ | २ | २ | २ | २ | १० | ३००,००० | मैलुङ | गा.पा. प्रदेश र संघ |
| ६ | बँदेल पालन | घरधूरी | | १ | | १ | | २ | ६०,००० | करमऱ्यांग र ओली | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| ७ | लोकल कुखुरा पालन | घरधुरी | ४ | ४ | ४ | ४ | ४ | २० | २००,००० | गोगने, काम्लूङ, तिरु, सिरुचेत | गा.पा. प्रदेश र संघ |
| ८ | मासुका लागि कोल्ड स्टोर निर्माण | वटा | ० | १ | ० | १ | ० | २ | १,०००,००० | तिरु, मैलुङ | गा.पा. प्रदेश र संघ |
| ९ | कुखुराको चल्ला बनाउने मेसिन | वटा | ० | ० | १ | ० | ० | १ | ३,०००,००० | करमर्‍यांग | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **६४,५६०,०००** | | |
| | **वडा नं. १, सिचाइ** | | | | | | | | | | |
| १ | दोम्साङ सिंचाई (नालचेत खोला) | पटक | ० | १ | १ | ० | ० | १ | ५०,०००,००० | दोम्साङ | गा.पा. प्रदेश र संघ |
| २ | तिरु दल्दूङ्ग खोला सिंचाई | पटक | | १ | | १ | | १ | १००,०००,००० | तिरु | गा.पा. प्रदेश र संघ |
| ३ | सिरुचेत, काम्लूङ सिंचाई (घट्टे खोला) | पटक | १ | १ | १ | १ | १ | १ | ३०,०००,००० | सिरुचेत | गा.पा. प्रदेश र संघ |
| ४ | गोगने, ब्रागू सिंचाई (दाल्दूङ्ग) | पटक | १ | १ | १ | १ | १ | १ | १०,०००,००० | गोगने, ब्रागू | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१९०,०००,०००** | | |
| | **वडा नं. १, उद्योग** | | | | | | | | | | |
| १ | फर्निचर उद्योग | २ वटा | १ | १ | १ | १ | १ | २ | २,४००,००० | तिरु, करुमऱ्याङ, | गा.पा. प्रदेश र संघ |
| २ | नेपाली कागज उद्योग | १ वटा | | १ | | | | १ | ५,०००,००० | दोम्साङ, तिरु, सल्लेटार | गा.पा. प्रदेश र संघ |
| ३ | डोका बुनाइ | वटा | | | १ | | | १ | ५००,००० | तिरु | गा.पा. प्रदेश र संघ |
| ४ | ढाका, पाङ्गा बुनाइ | वटा | | | | १ | | १ | २००,००० | गोगने | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **८,१००,०००** | | |
| | **वडा नं. १, पर्यटन** | | | | | | | | | | |
| १ | दोम्साङ (महादेव थान) | पटक | ० | १ | ० | ० | ० | १ | १,०००,००० | दोम्सांग | गा.पा. प्रदेश र संघ |
| २ | गणेश हिमाल (कुण्ड) संरक्षण | पटक | ० | ० | १ | ० | ० | १ | १०,०००,००० | गणेश हिमाल कुण्ड | गा.पा. प्रदेश र संघ |
| ३ | फिकुरी (झाँक्रि मेला) पदमार्ग निर्माण र संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | फिकुरी | गा.पा. प्रदेश र संघ |
| ४ | गणेशस्थान (मन्दिर) संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १००,००० | तिरु | गा.पा. प्रदेश र संघ |
| ५ | धार्ना झरना संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १५०,००० | सल्लेटार (ड्याम) | गा.पा. प्रदेश र संघ |
| ६ | तातोपानी दोभानको प्रवर्द्धन केन्द्र | पटक | ० | १ | १ | १ | १ | ४ | १,५००,००० | मैलुंग | गा.पा. प्रदेश र संघ |
| ७ | पाङ्ग्राचेत झाँक्री मेला | ० | | १ | | | | १ | १,२००,००० | तिरु | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२३, ९५०,०००** | | |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | **सहकारी तथा वितीय क्षेत्र** | | | | | | | | | | |
| | **वडा नं. १** | | | | | | | | | | |
| १ | वित्तीय साक्षरता सम्बन्धी क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | वडा नं. १ | गा.पा. प्रदेश र संघ |
| २ | सहकारीहरुको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | वडा नं. १ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२,०००,०००** | | |
| | **वडा नं. १, श्रम तथा रोजगारी** | | | | | | | | | | |
| १ | House wiring, plumber | जना | | ५ | | | | ५ | ५०,००० | वडा नं. १ | गा.पा. प्रदेश र संघ |
| २ | फर्निचर निर्माण तालिम | जना | | ५ | | | | ५ | ५००,००० | करुमऱ्याङ वास्थली | गा.पा. प्रदेश र संघ |
| ३ | युवालाई मोटर साइकल वर्क सप तालिम | जना | ५ | ० | ० | ० | ० | ५ | ७५,००० | मैलुङ | गा.पा. प्रदेश र संघ |
| ४ | गुडीया, फुल बनाउने तालिम | जना | | ५ | | | | ५ | १,०००,००० | सिरुचेत | गा.पा. प्रदेश र संघ |
| ५ | हसिया हतौडा बनाउने तालिम वेल्डिंग सहित | जना | | १० | | | | १० | ५,०००,००० | मैलुंग र सल्लेटार | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **६,६२५,०००** | | |
| | **आर्थिक विकास जम्मा** | | | | | | | | **३३५,८३५,०००** | | |
| **वडा नं. २** | | | | | | | | | | | |
| **कृषि** | | | | | | | | | | | |
| १ | मकैको बीउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | ५११ | ४,४९६,८०० | सबै बस्ती | गा.पा. प्रदेश र संघ |
| २ | धानको बीउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | २०० | १,४०५,२५० | सबै बस्ती | गा.पा. प्रदेश र संघ |
| ३ | रैथाने कोदोको प्रवर्द्धन गर्ने | घरधुरी | १ | १ | १ | १ | १ | ५११ | ३०६,६०० | सबै बस्ती | गा.पा. प्रदेश र संघ |
| ४ | गहुँको बीउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | २०० | ५००,००० | सबै बस्ती | गा.पा. प्रदेश र संघ |
| ५ | आलुको विउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | ४०० | १,०००,००० | सबै बस्ती | गा.पा. प्रदेश र संघ |
| ६ | ओखर व्यावसायिक खेती | घरधुरी | १ | १ | १ | १ | १ | १०० | १०,०००,००० | खड्गु, पाल्ते, | गा.पा. प्रदेश र संघ |
| ७ | कफि व्यावसायिक खेती | घरधुरी | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | भदौरे, डाडागाउँ, भाङ्गे, दियाले | गा.पा. प्रदेश र संघ |
| ८ | केरा व्यावसायिक खेती | घरधुरी | १ | | १ | १ | १ | २० | २,०००,००० | भदौरे, डाडागाउँ, भागे, दियाले | गा.पा. प्रदेश र संघ |
| ९ | अकवरे खुर्सानी (व्यावसायिक खेती) | घरधुरी | १ | १ | १ | १ | १ | १०० | २०,०००,००० | सबै बस्तीमा | गा.पा. प्रदेश र संघ |
| १० | अदुवा, बेसार (व्यावसायिक खेती) | घरधुरी | १ | १ | १ | १ | १ | ४०० | ४,०००,००० | सबै बस्तीमा | गा.पा. प्रदेश र संघ |
| ११ | गोलभेंडा (व्यावसायिक खेती) | घरधुरी | १ | १ | १ | १ | १ | २० | ४,०००,००० | सबै बस्तीमा | गा.पा. प्रदेश र संघ |
| १२ | जुनार (व्यावसायिक खेती) | घरधुरी | १ | १ | १ | १ | १ | १० | १,०००,००० | सबै क्षेत्रमा | गा.पा. प्रदेश र संघ |

| त्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| १३ | एभोकाडो | घरधुरी | १ | १ | १ | १ | १ | १० | ५००,००० | सबै क्षेत्रमा | गा.पा. प्रदेश र संघ |
| १४ | सूर्यमुखी खेती | घरधुरी | १ | १ | १ | १ | १ | १० | २००,००० | सबै क्षेत्रमा | गा.पा. प्रदेश र संघ |
| १५ | कृषि बीमा | घरधुरी | १ | १ | १ | १ | १ | ४०० | ५००,००० | सबै क्षेत्रमा | गा.पा. प्रदेश र संघ |
| १६ | स्याउ खेती प्रवर्द्धन | घरधुरी | १ | १ | १ | १ | १ | ५० | ५,०००,००० | सबै क्षेत्रमा | गा.पा. प्रदेश र संघ |
| १७ | जडिबुटी खेती प्रवर्द्धन व्यवसायिक | घरधुरी | १ | १ | १ | १ | १ | २० | १०,०००,००० | सबै क्षेत्रमा | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **६५,९०८,६५०** | | |
| | **वडा नं. २, पशु विकास** | | | | | | | | | | |
| १ | बाख्रा (व्यावसायिक) | घरधुरी | १ | १ | १ | १ | १ | ५० | १२,५००,००० | सबै बस्ती | गा.पा. प्रदेश र संघ |
| २ | भैंसी (व्यावसायिक दुध डेरी स्थापना) | घरधुरी | १ | १ | १ | १ | १ | २५ | १२,५००,००० | सबै बस्ती | गा.पा. प्रदेश र संघ |
| ३ | उन्नत जातको गाई पालन (व्यावसायिक दुध डेरी स्थापना) | घरधुरी | १ | १ | १ | १ | १ | १० | ५,०००,००० | सबै बस्ती | गा.पा. प्रदेश र संघ |
| ४ | कुखुरा पालन (लोकल, गिरीराज) | घरधुरी | १ | १ | १ | १ | १ | २० | ४,०००,००० | सबै बस्ती | गा.पा. प्रदेश र संघ |
| ५ | बंगुर पालन | घरधुरी | १ | १ | १ | १ | १ | १० | ८,०००,००० | सबै बस्ती | गा.पा. प्रदेश र संघ |
| ६ | बाख्राको उन्नत जातको वीउ बोका र पाठापाठी वितरण गर्ने, खोर व्यावसायिक तरिकाले निर्माण गर्ने) कुखुरा र बंगुर पालनको लागि तालिम र आधुनिक खोर निर्माण गर्ने | घरधुरी | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | सबै बस्ती | गा.पा. प्रदेश र संघ |
| ७ | माछा पालन | जना | | १ | १ | १ | १ | ५ | १,०००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| ८ | मौरी पालन (व्यवसायिक) | जना | | १ | १ | १ | १ | २० | २,०००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| ९ | पशु विमा | | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५१,०००,०००** | | |
| | **वडा नं. २, सिचाई** | | | | | | | | | | |
| १ | सिन्दुरे ढुङ्गा सिंचाई निर्माण | किमी | | १ | १ | १ | १ | ४ | ५०,०००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| २ | करेली खोला सिंचाई | किमी | | १ | १ | | | २ | १०,०००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| ३ | फुन्जो खोला सिंचाई | किमी | | १ | १ | | | १ | ५,०००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| ४ | धारिम ढुङ्गा सिंचाई | किमी | | १ | १ | १ | १ | ५ | ५००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| ५ | जले घारी सिंचाई | किमी | | १ | १ | १ | १ | ५ | ५००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| ६ | भागेखोला, ढिडेबारी सिंचाइ | किमी | १ | १ | १ | १ | १ | ५ | ५००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| ७ | बंशेखोला देखि डाँडागाउँ सिचाइ | किमी | | १ | १ | १ | १ | १२ | २००,०००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| ८ | करुवा टुटी सिचाइ | किमी | | | १ | १ | १ | १.५ | ५००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२६७,०००,०००** | | |
| | **वडा नं. २, उद्योग तथा बाणिज्य** | | | | | | | | | | |
| १ | नेपाली हाते कागज उद्योग | २ वटा | | १ | | १ | | २ | २,०००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| २ | फर्निचर उद्योग | ५ वटा | १ | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| ३ | साबुन उद्योग | वटा | | १ | १ | १ | १ | २ | ५००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| ४ | अगरबत्ती उद्योग | ५ वटा | | १ | १ | १ | १ | २ | ५००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| ५ | सेनेटरी प्याड | वटा | | १ | १ | १ | १ | २ | ५००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| ६ | घरेलु औजार उद्योग (आरन) | ५ वटा | | १ | १ | १ | १ | १ | ५००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| ७ | सिस्नु पाउडर उद्योग | वटा | | १ | १ | १ | १ | २ | ५००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| ८ | बैंक स्थापना गर्ने (२ नं. वडामा बैंकको शाखा खोली सेवा प्रदान गर्ने) | १ वटा | १ | | | | | | ५००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| ९ | अल्लो प्रशोधन उद्योग | १ | | १ | १ | १ | १ | १ | ५००,००० | | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **६,०००,०००** | | |
| | **वडा नं. २, पर्यटन** | | | | | | | | | | |
| १ | चिप्लेटी ढुङ्गा श्रीदेवी मन्दिर व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| २ | डाँडागाउ देखि फिकुरी सम्म पदमार्ग | पटक | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| ३ | देउराली डाँडा व्यवस्थापन तथा प्रवर्द्धन | पटक | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२५,०००,०००** | | |
| | **वडा नं. २, सहकारी तथा वितीय क्षेत्र** | | | | | | | | | | |
| १ | डाँडागाउँ साना किसान कृषि सहकारीलाई कृषि उपज सङ्कलन केन्द्र सहित व्यवस्थित भवन निर्माण गर्ने र यसको कार्य क्षेत्र विस्तार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| २ | बचत तथा ऋण सहकारी संस्थाहरुलाई जनमुखी र सिपमुलक कार्यक्रममा सहभागी गराउने। | पटक | १ | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५०,५००,०००** | | |
| | **वडा नं. २, श्रम तथा रोजगारी** | | | | | | | | | | |
| १ | प्राविधिक शिक्षा कोर्ष | ५० जना | | १ | १ | १ | १ | ४ | १,५००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| २ | सिलाइ बुनाइ तालिम | जना | | १ | १ | १ | १ | २० | १,५००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| ३ | पोते माला बुनाइ तालिम | जना | | १ | १ | १ | १ | १० | ४००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | वार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| ४ | मोबाइल मर्मत तालिम | जना | | १ | १ | १ | १ | ५ | ५००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| ५ | मोटरसाइकल वर्कशप | जना | | १ | १ | १ | १ | ५ | २००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| ६ | ढाका बुनाइ | जना | | १ | १ | १ | १ | ५ | ५००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| ७ | ब्यूटिपार्लर तालिम | जना | | १ | १ | १ | १ | ५ | २००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| ८ | ट्र्याक्टर मर्मत तालिम | जना | | १ | १ | १ | १ | ५ | २००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| ९ | चाइनिज भाषा | जना | | १ | १ | १ | १ | १०० | १,०००,००० | २ नं. वडा | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **६,०००,०००** | | |
| | **वडा नं २ को आर्थिक विकासको जम्मा** | | | | | | | | **४७१,४०८,६५०** | | |

**वडा नं. ३**

**कृषि विकास**

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | केरा खेती गर्ने | घरधुरी | १ | १ | १ | १ | १ | २५ | २,५००,००० | पैरे, छाप, सालीमभित्ता, ठुलोगाउँ | गा.पा. प्रदेश र संघ |
| २ | किवि खेती गर्ने | घरधुरी | १ | १ | १ | १ | १ | १० | १,०००,००० | पाल्ले, भुमेस्थान गैरीखर्क | गा.पा. प्रदेश र संघ |
| ३ | नासपाती खेती | घरधुरी | १ | १ | १ | १ | १ | ५ | ५००,००० | वडा नं. ३ सबै | गा.पा. प्रदेश र संघ |
| ४ | अम्बा खेती गर्ने | घरधुरी | १ | १ | १ | १ | १ | ५ | ५००,००० | ठुलोगाउँ, पैरेगाउँ, छाप | गा.पा. प्रदेश र संघ |
| ५ | दाँते ओखर खेती गर्ने | घरधुरी | १ | १ | १ | १ | १ | ५ | ५००,००० | पाल्ले, भुमेस्थान गैरीखर्क, घुमार | गा.पा. प्रदेश र संघ |
| ६ | एवोकाडो खेती गर्ने | घरधुरी | १ | १ | १ | १ | १ | ५ | ५००,००० | ठुलोगाउँ, लयुङ, गैरीखर्क, पाल्ले, पैर छाप | गा.पा. प्रदेश र संघ |
| ७ | टिमुर खेती गर्ने | घरधुरी | १ | १ | १ | १ | १ | ५ | ५००,००० | घुमार, पाल्ले | गा.पा. प्रदेश र संघ |
| ८ | स्याउ खेती | घरधुरी | १ | १ | १ | १ | १ | ३ | ६००,००० | घुमार | गा.पा. प्रदेश र संघ |
| ९ | मकैको बीउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | ४८७ | २,६७८,५०० | उत्तरगया- ३ सबै | गा.पा. प्रदेश र संघ |
| १० | धानको बीउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | ४० | १४०,००० | पैरे, सालीमभित्ता, वासकुटे खेत, भदौरे | गा.पा. प्रदेश र संघ |
| ११ | गहुँको बीउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | २० | ५०,००० | पैरे, भदौरे, गैरीखर्क गुमार | गा.पा. प्रदेश र संघ |
| १२ | तोरी खेतीका लागि बीउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | २५ | १००,००० | पैरे, ठुलेगाउँ | गा.पा. प्रदेश र संघ |
| १३ | फापर खेतीका लागि बीउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | १५ | १५०,००० | पैरे, ठुलेगाउँ | गा.पा. प्रदेश र संघ |
| १४ | केराउ खेतीका लागि बीउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | ५ | ५०,००० | पैरे, ठुलेगाउँ | गा.पा. प्रदेश र संघ |
| १५ | काउली खेती लागि बीउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | ५ | ५०,००० | पैरे, ठुलेगाउँ | गा.पा. प्रदेश र संघ |
| १६ | अदुवा खेती लागि बीउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | १५ | १५०,००० | पैरे, ठुलेगाउँ | गा.पा. प्रदेश र संघ |
| १७ | बेसार खेती लागि बीउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | १५ | १५०,००० | पैरे, ठुलेगाउँ | गा.पा. प्रदेश र संघ |
| १८ | लसुन खेती लागि बीउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | १० | १५०,००० | ठुलोगाउँ, पैरेगाउँ, छाप | गा.पा. प्रदेश र संघ |
| १९ | अकबरे र अन्य खुर्सानीको विरुवा वितरण | घरधुरी | १ | १ | १ | १ | १ | ६ | १८०,००० | पैरे, ठुलेगाउँ, छाप भदौरे | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| २० | बाझो र खेती योग्य जमिनको भूमि बैंक स्थापना र प्रोत्साहन सहित उपयोग | घरधुरी | १ | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- ३ सबै | गा.पा. प्रदेश र संघ |
| २१ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन (बेमौसमी तथा मौसमी) | घरधुरी | १ | १ | १ | १ | १ | १० | २,०००,००० | उत्तरगया- ३ सबै | गा.पा. प्रदेश र संघ |
| २२ | आलुको बीउ वितरण | घरधुरी | १ | १ | १ | १ | १ | २० | ४००,००० | उत्तरगया- ३ सबै | गा.पा. प्रदेश र संघ |
| २३ | कृषि बीमा | घरधुरी | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | उत्तरगया- ३ सबै | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१४,३४८,५००** | | |
| | **वडा नं. ३, पशु विकास** | | | | | | | | | | |
| १ | भैंसी पालन | घरधुरी | १ | १ | १ | १ | १ | १० | ५,०००,००० | ठुलोगाउँ, पैरे, पात्ले, घुमार, गैरीखर्क | गा.पा. प्रदेश र संघ |
| २ | गाई पालन | घरधुरी | १ | १ | १ | १ | १ | ५ | २,५००,००० | उत्तरगया- ३, पुरै | गा.पा. प्रदेश र संघ |
| ३ | बाखा पालन | घरधुरी | १ | १ | १ | १ | १ | २५ | ७,५००,००० | उत्तरगया- ३, पुरै | गा.पा. प्रदेश र संघ |
| ४ | बंगुर पालन | घरधुरी | १ | १ | १ | १ | १ | ५ | ५००,००० | ठुलोगाउँ, पैरे गाउँ | गा.पा. प्रदेश र संघ |
| ५ | कुखुरा पालन (लोकल र गिरिराज) | घरधुरी | १ | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- ३ पुरै | गा.पा. प्रदेश र संघ |
| ६ | माछा पालन | घरधुरी | १ | १ | १ | १ | १ | ५ | ५०,००० | ठुलोगाउँ, पैरेगाउँ | गा.पा. प्रदेश र संघ |
| ७ | मौरी पालन | घरधुरी | १ | १ | १ | १ | १ | १० | २,१००,००० | ठुलोगाउँ, पैरेगाउँ, छाप, सार्लिमभित्ता | गा.पा. प्रदेश र संघ |
| ८ | बँदेल पालन | घरधुरी | १ | १ | १ | १ | १ | ५ | १,५००,००० | ठुलोगाउँ, पैरेगाउँ, छाप, सार्लिमभित्ता | गा.पा. प्रदेश र संघ |
| ९ | कालिन + टर्की र बट्टाइ पालन | घरधुरी | १ | १ | १ | १ | १ | ५ | ५००,००० | ठुलोगाउँ, पैरेगाउँ, छाप, सार्लिमभित्ता | गा.पा. प्रदेश र संघ |
| | पशु विमा | घरधुरी | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | वडाभरि | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२१,१५०,०००** | | |
| | **वडा नं. ३, सिचाइ** | | | | | | | | | | |
| १ | ठोस्नेघारी भुमेस्थान ठुलोगाउँ भदौरे खेत सिचाइ | कि.मि. | १ | १ | १ | १ | १ | ३ | १००,०००,००० | छिमेर देखि भुमेस्थान | गा.पा. प्रदेश र संघ |
| २ | सिंदुरे ढुङ्गा, ठुलोगाउँ, आङ्रे खेत सिंचाई | कि.मि. | १ | १ | १ | १ | १ | २ | ७०,०००,००० | सिदुरे देखि आङ्गे सम्म | गा.पा. प्रदेश र संघ |
| ३ | महभिर, छापपधेरा, छाप, भदौरे सिंचाई | कि.मि. | १ | १ | १ | १ | १ | २ | १००,०००,००० | महभिर सिंचाई | गा.पा. प्रदेश र संघ |
| ५ | देविथानबाट पैरे पुच्छार टोल सिंचाई | कि.मि. | १ | १ | १ | १ | १ | १ | २०,०००,००० | पैरेगाउँ | गा.पा. प्रदेश र संघ |
| ७ | सालिमभित्ता काफल फेदी सिंचाई निर्माण | कि.मि. | १ | १ | १ | १ | १ | १ | १५,०००,००० | सालिमभित्ता | गा.पा. प्रदेश र संघ |
| ८ | गणेश ढुङ्गा सिंचाई पैरे सिरान टोल सम्म निर्माण | कि.मि. | १ | १ | १ | १ | १ | १/२ | १०,०००,००० | पैरेगाउँ | गा.पा. प्रदेश र संघ |
| ९ | ठुलोगाउँ सिरानटोलबाट छाप भदौरे तोर्मे खोला भलेस्वर सिंचाई | कि.मि. | १ | १ | १ | १ | १ | ३ | ५,०००,००० | उत्तरगया ३ | गा.पा. प्रदेश र संघ |
| १० | छारेखोलाबाट गैरी खर्क सम्म सिचाइ | कि.मि. | १ | १ | १ | १ | १ | ३ | ५,०००,००० | उत्तरगया ३ | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| ११ | छाँगाखर्क हिउँदे खर्क हुँदे घुमार सम्म | कि.मि. | १ | १ | १ | १ | १ | ३ | ५,०००,००० | उत्तरगया ३ | गा.पा. प्रदेश र संघ |
| १२ | सिस्नेरी सिमबाट पैरे सिरान टोलसम्म | मिटर | १ | १ | १ | १ | १ | ६०० | २,५००,००० | उत्तरगया ३ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **३३२,५००,०००** | | |
| | **वडा नं. ३, उद्योग तथा बाणिज्य** | | | | | | | | | | |
| १ | नेपाली कागज उद्योग | वटा | १ | १ | १ | १ | १ | १ | ५०,०००,००० | ठुलोगाउँ साविक ६ | गा.पा. प्रदेश र संघ |
| २ | फर्निचर उद्योग | वटा | | १ | १ | १ | | २ | ५,०००,००० | पैरे गाउँ , ठुलो गाउँ | गा.पा. प्रदेश र संघ |
| ३ | जैतुन, तितेपाथी, धरसिङ्गरे तेल कारखाना | वटा | १ | १ | १ | १ | १ | १ | ५००,००० | ठुलोगाउँ साविक ६ | गा.पा. प्रदेश र संघ |
| ४ | ढाका उद्योग | जना | १ | १ | १ | १ | १ | १७ | ५००,००० | ठुलोगाउँ साविक ६ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५६,०००,०००** | | |
| | **वडा नं. ३, पर्यटन** | | | | | | | | | | |
| १ | पात्ले हुँदै फिकुरी पर्यटन क्षेत्र निर्माण (पदमार्ग) | पटक | १ | १ | १ | १ | १ | १ | ५०,०००,००० | फिकुरी | गा.पा. प्रदेश र संघ |
| २ | भुमेस्थान निर्माण व्यवस्थापन तथा मर्मत | पटक | | १ | १ | | | १ | ५००,००० | भुमेस्थान | गा.पा. प्रदेश र संघ |
| ३ | महभिर संरक्षण, सेल्फी स्पट र घेराबार | पटक | १ | १ | १ | १ | १ | १ | ५,०००,००० | महभिर | गा.पा. प्रदेश र संघ |
| ४ | छहरे झरना (प्याराग्लाडिङ सेन्टर) | पटक | १ | १ | १ | १ | १ | १ | २०,०००,००० | छहरेखोला | गा.पा. प्रदेश र संघ |
| ५ | पात्ले पिकनिक स्पोर्ट | पटक | १ | १ | १ | १ | १ | १ | १०,०००,००० | पात्ले | गा.पा. प्रदेश र संघ |
| ६ | पैरे बाट घुमार पदमार्ग निर्माण | पटक | १ | १ | १ | १ | १ | १ | २०,०००,००० | घुमार | गा.पा. प्रदेश र संघ |
| ७ | होमस्टे प्रवर्द्धन | घरधुरी | १ | १ | १ | १ | १ | १० | २,०००,००० | पैरे र ठुलो गाउँ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१०७,५००,०००** | | |
| | **वडा नं. ३, वित्त तथा सहकारी** | | | | | | | | | | |
| १ | श्रीदेवी महिला बचत तथा ऋण सहकारी संस्था क्षमता विकास तालिम र कार्यालय व्यवस्थापन सहयोग | सहकारी | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | ठुलोगाउँ, छाप | गा.पा. प्रदेश र संघ |
| २ | भुमेदेवी महिला बचत तथा ऋण सहकारी संस्था क्षमता विकास तालिम र कार्यालय व्यवस्थापन सहयोग | सहकारी | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | पैरेगाउँ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२,०००,०००** | | |
| | **वडा नं. ३, श्रम तथा रोजगारी** | | | | | | | | | | |
| १ | सिलाई कटाई तालिम | जना | १ | १ | १ | १ | १ | १० | ५००,००० | ठुलोगाउँ, पैरे, छाप | गा.पा. प्रदेश र संघ |
| २ | इलेक्ट्रिसियन तालिम | जना | १ | १ | १ | १ | १ | १० | ५००,००० | ठुलोगाउँ, पैरे, छाप | गा.पा. प्रदेश र संघ |
| ३ | सिकर्मी, डकर्मी तालिम | जना | १ | १ | १ | १ | १ | २० | १,०००,००० | ठुलोगाउँ, पैरे, छाप | गा.पा. प्रदेश र संघ |
| ४ | मोबाईल रिपेरिङ तालिम | जना | १ | १ | १ | १ | १ | ५ | ५००,००० | ठुलोगाउँ, पैरे, छाप | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| ५ | ड्राइविङ तालिम | जना | १ | १ | १ | १ | १ | २० | १०,०००,००० | ठुलोगाउँ, पैरे, छाप | गा.पा. प्रदेश र संघ |
| ६ | कम्प्युटर सिकाई तालिम | जना | १ | १ | १ | १ | १ | ५० | २,०००,००० | ठुलोगाउँ, पैरे, छाप | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१४,०००,०००** | | |
| | **आर्थिक क्षेत्रको जम्मा** | | | | | | | | **५४७,४९८,५००** | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं. ४** | | | | | | | | | | | |
| **कृषि** | | | | | | | | | | | |
| १ | मकै बाली उत्पादन (बीउ) | घरधुरी | १ | १ | १ | १ | १ | ६०९ | १,२१८,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| २ | धान बाली उत्पादन | घरधुरी | १ | १ | १ | १ | १ | ४०० | १,८००,००० | पैरेवेशी, भलायडाडा, चौरखर्क, मनिगाउँ, बिमिरे, तल्लो ढुंगे | गा.पा. प्रदेश र संघ |
| ३ | गहुँ बाली उत्पादन | घरधुरी | १ | १ | १ | १ | १ | २०० | ३००,००० | पैरेवेशी, भलायडाडा, चौरखर्क, मनिगाउँ, बिमिरे, ढुंगे | गा.पा. प्रदेश र संघ |
| ४ | आलु बाली उत्पादन | घरधुरी | १ | १ | १ | १ | १ | ६०९ | ६,०९०,००० | पैरेवेशी, भलाइडाडा, मनिगाउँ, बिमिरे, चौरखर्क, ढुंगे (साविकाका ४ वटै वडा) | गा.पा. प्रदेश र संघ |
| ५ | कोदो बाली उत्पादन | घरधुरी | १ | १ | १ | १ | १ | ३०० | २२५,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| ६ | जौ बाली उत्पादन | घरधुरी | १ | १ | १ | १ | १ | २०० | ३००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| ७ | तोरी बाली उत्पादन | घरधुरी | १ | १ | १ | १ | १ | २५० | ६२५,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| ८ | बेमौसमी तरकारी खेती | घरधुरी | १ | १ | १ | १ | १ | १०० | ५,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| ९ | फलफूल बाली (कागती, केरा) उत्पादन) | घरधुरी | १ | १ | १ | १ | १ | २०० | ३,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| १० | मसला बाली उत्पादन | घरधुरी | १ | १ | १ | १ | १ | १०० | २००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| ११ | मौसमी तरकारी बाली उत्पादन | घरधुरी | १ | १ | १ | १ | १ | ६०९ | ६०९,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| १२ | व्यावसायिक मौरी पालन | घरधुरी | १ | १ | १ | १ | १ | २५ | ९००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| १३ | स्थानीय रैथाने बाली उत्पादन/ संरक्षण | रोपनी | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | संभावित क्षेत्र | गा.पा. प्रदेश र संघ |
| १४ | कृषि योग्य जमिन पहिचान तथा माटो जाँच र संरक्षण | पटक | १ | १ | | | | २ | १,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| १५ | प्राङ्गारिक मल उत्पादन तथा प्रवर्द्धन | पटक | १ | १ | १ | १ | १ | ५ | २,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| १६ | बाँझो जमिन प्रोत्साहन तथा संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| १७ | व्यावसायिक च्याउ खेती | घरधुरी | १ | १ | १ | १ | १ | २० | १,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| १८ | बालीमा वन्यजन्तुको आक्रमणबाट गरिने रोकथाम नियन्त्रण | घरधुरी | १ | १ | १ | १ | १ | ५ | २०,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| १९ | कृषि बाली बीमाका लागि प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ | २,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **४७,७६७,०००** | | |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | **वडा नं. ४, पशु** | | | | | | | | | | |
| १ | व्यावसायिक भैंसी/गाई पालन | घरधुरी | १ | १ | १ | १ | १ | ३०० | १२०,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| २ | व्यावसायिक बाख्रा पालन | घरधुरी | १ | १ | १ | १ | १ | ५० | ५,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| ३ | व्यावसायिक कुखुरा पालन | घरधुरी | १ | १ | १ | १ | १ | २० | २,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| ४ | व्यावसायिक बंगुर, सुँगुर पालन | घरधुरी | १ | १ | १ | १ | १ | १५ | १,५००,००० | संभावित क्षेत्र (वडा भरी) | गा.पा. प्रदेश र संघ |
| ५ | व्यावसायिक माछापालन | घरधुरी | १ | १ | १ | १ | १ | ५ | २५०,००० | संभावित क्षेत्र | गा.पा. प्रदेश र संघ |
| ६ | व्यावसायिक डाले घाँस तथा आधुनिक मेशिन औजार | रोपनी | १ | १ | १ | १ | १ | ४०० | २०,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| ७ | दुध सङ्कलन केन्द्र | पटक | १ | १ | १ | १ | १ | ५ | ३०,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१७८,७५०,०००** | | |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **वडा नं. ४, सिचाइ** | | | | | | | | | | |
| १ | काभ्रेखोला, चौरखर्क सिंचाई (ट्याङ्की) मर्मत | ओटा | | १ | | | | १ | १,०००,००० | कोलडाँडा, चौरखर्क | गा.पा. प्रदेश र संघ |
| २ | छहरेखोला, ढुङ्गे सिंचाई (ट्याङ्की) | ओटा | १ | १ | १ | | | ३ | १५,०००,००० | ढुङ्गे | गा.पा. प्रदेश र संघ |
| ३ | विमिरे थैलीभर वंशे ढाँड कुवेँरे धारा लिफ्ट सिंचाई | पटक | १ | १ | १ | १ | १ | ५ | १००,०००,००० | बिमिरे कर्मिडाडा, माथिल्लो चौरखर्क | गा.पा. प्रदेश र संघ |
| ४ | तल्लो विमिरे सिम्लाबोट सिंचाई | पटक | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | विमिरे, भलायडाडा ढकाल स्वारा | गा.पा. प्रदेश र संघ |
| ५ | काभ्रेखोला मनिगाउँ सिंचाई | पटक | १ | १ | १ | १ | १ | ५ | १५,०००,००० | मनिगाउँ | गा.पा. प्रदेश र संघ |
| ६ | सिमखोला सिंचाई | पटक | १ | १ | १ | १ | १ | ५ | ३०,०००,००० | मनिगाउँ, कुवापानी भलायडाडा, ढकाल स्वारा | गा.पा. प्रदेश र संघ |
| ७ | कुरकुरे खोला सिंचाई | पटक | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | भलायडाडा, कुवापानी | गा.पा. प्रदेश र संघ |
| ८ | पैरेवेशी सिंचाई (काभ्रेखोला) | पटक | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | पैरेवेशी | गा.पा. प्रदेश र संघ |
| ९ | ढुङ्गे साउने मुल सिंचाई ट्याङ्की (२ लाख लिटर) | पटक | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | ढुङ्गे, चौरखर्क, कोलडाडा | गा.पा. प्रदेश र संघ |
| १० | थोपा सिंचाई | पटक | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| ११ | छहरे माङजुङ्ग खोलाबाट ढुङ्गे कर्मिडाडा सिंचाई (लिफ्ट) | पटक | १ | १ | १ | १ | १ | ५ | २००,०००,००० | ढुङ्गे, कर्मिडाडा, मनिगाउँ, भलायडाडा | गा.पा. प्रदेश र संघ |
| १२ | जमरी खोला सिंचाई ट्याङ्की | पटक | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | मनिगाउँ | गा.पा. प्रदेश र संघ |
| १३ | सिमखोला पाँचमुरे सिंचाई | पटक | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | पाँचमुरे | गा.पा. प्रदेश र संघ |
| १४ | गोगनघारी पैरो सिंचाई ट्यांकी (१ लाख लिटर) | पटक | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | | गा.पा. प्रदेश र संघ |
| १५ | काभ्रेखोला देखि जमरी खोला सम्म सिचाई | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | | गा.पा. प्रदेश र संघ |
| १६ | काभ्रेखोला देखि ढुंगे सम्म सिचाई | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | | गा.पा. प्रदेश र संघ |
| १७ | पधेराखोला सिचाई ट्यांकी निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५४४,०००,०००** | | |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | **वडा नं. ४, उद्योग तथा बाणिज्य** | | | | | | | | | | |
| १ | फर्निचर उद्योग | ओटा | १ | १ | १ | १ | १ | ५ | २,०००,००० | वडा भरी | |
| २ | साबुन उद्योग | ओटा | १ | १ | १ | १ | १ | १ | १०,०००,००० | वडा भरी | |
| ३ | स्थानीय हस्तकला उद्योग | ओटा | १ | १ | १ | १ | १ | ५ | २,०००,००० | वडा भरी | |
| | **जम्मा** | | | | | | | | **१४,०००,०००** | | |
| | **वडा नं. ४, पर्यटन** | | | | | | | | | | |
| १ | घलेगढी, कमारेगढी विकास | वटा | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | ढुङ्गे | गा.पा. प्रदेश र संघ |
| २ | होमस्टे निर्माण | घरधुरी | १ | १ | १ | १ | १ | २० | १,५००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| ३ | स्याउबारी कमेरेगढी, मालिकादेवी भूमेस्थान ठुलोगाउँ हुँदै फिकुरेसम्म पर्यटन पद मार्ग निर्माण (पैरेबेशी, घलेगढी, कमेरे गढी हुँदै स्याउबारी पदमार्ग निर्माण) | वटा | १ | १ | १ | १ | १ | ५ | २०,०००,००० | | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२६,५००,०००** | | |
| | **वडा नं. ४, सहकारी** | | | | | | | | | | |
| १ | एक घर एक सहकारी सदस्य | | १ | १ | १ | १ | १ | ५ | | वडा भरी | गा.पा. प्रदेश र संघ |
| २ | सहुलियत कृषि कर्जा प्रवाहका लागि सिफारिश गर्ने | | १ | १ | १ | १ | १ | ५ | | वडा भरी | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | | | |
| | **वडा नं. ४, श्रम तथा रोजगारी** | | | | | | | | | | |
| १ | वडाभित्र बेरोजगारहरुको तथ्यांक सङ्कलन गरी पालिका अभिलेख बुझाउने | | १ | १ | १ | १ | ५ | प्रत्येक परिवार १ जना | ५००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५००,०००** | | |
| | **आर्थिक विकास क्षेत्रको जम्मा** | | | | | | | | **८११,५१७,०००** | | |
| **वडा नं. ५** | | | | | | | | | | | |
| **कृषि** | | | | | | | | | | | |
| १ | व्यावसायिक तरकारी खेती (आलु, गोलभेंडा, काउली, बन्दा, फर्सी, काक्रो, गाजर, मुला, लसुन, प्याज, रामतोरिया, भण्टा, खुर्सानी, च्याउ खेती, टनेल, प्लाष्टिक) का लागि बीउ बिजन र उत्पादन वा लागत साझेदारी अनुदान सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | बनुवा, छाप, नौविसे, केदलीटार, पैरेवेसी, उपल्लो पौवा, माझगाउँ, लहरेपौवो, सिम्ले, सिम खेत | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| २ | फलफूल खेती (केरा, कफी, आँप, लिचि, लप्सी, बयर कागती एभोकाडो अंगुर आदि | पटक | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | बनुवा, लहरे सिम्ले, कैदलीटार, बोगर ीटार, उपल्लो पौवा | गा.पा. प्रदेश र संघ |
| ३ | खाद्यान्न बाली (धान, मकै, कोदो, गहुँ) को बीउ वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | २,५००,००० | बबनुवा, पौरेवेसी, सिम, नैविस, सिम्ले, बोगटीटार उपल्लो पौवा, माझगाउँ | गा.पा. प्रदेश र संघ |
| ४ | उन्नत जातको विउ विजन (तरकारीको विउ खाद्यान्न बाली, काउली, आलु, गोलभेंडा, काक्रो, खुर्सानी, प्याज, रामतोरिया, धान, मकै, गहुँ, तोरी, कोदो) | ५०० pc, मकै, गहुँ, ५०० के.जी., धान १५०० के.जी, ८०० के.जी. | १ | १ | १ | १ | १ | ५ | २,५००,००० | बनुवा, पौरेवेसी, नौविसे, सिम्ले, अल्लोपौवा, माझगाउँ | गा.पा. प्रदेश र संघ |
| ५ | उत्पादित कृषि उपजको बजारको सुनिश्चितता अस्थायी चिस्यान केन्द्र | पटक | १ | १ | १ | १ | १ | ५ | २,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ६ | गोरु तथा ट्याक्टर वितरणका लागि लागत साझेदारी का कार्यक्रम | घरधुरी | २० | २० | २० | २० | २० | १०० | २,५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ७ | रासायनिक मल ढुवानी अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२५,०००,०००** | | |
| | **वडा नं. ५, पशु विकास** | | | | | | | | | | |
| १ | पशुपंक्षी प्रर्वद्धन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| २ | गाई र भैसी पकेट क्षेत्र प्रवर्द्धन | पटक | १ | १ | १ | १ | १ | ५ | १,५००,००० | उत्तरगया ५ | गा.पा. प्रदेश र संघ |
| ३ | कृषि तथा पशुपन्छी बिमामा पूर्ण अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | २,५००,००० | उत्तरगया ५ | गा.पा. प्रदेश र संघ |
| ४ | दुग्ध सङ्कलन तथा चिस्यान केन्द्र स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | वेत्रावती बनुवा | गा.पा. प्रदेश र संघ |
| ५ | कृषकहरुलाई क्षमता विकास सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | उत्तरगया ५ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **११,०००,०००** | | |
| | **वडा नं. ५, सिचाई** | | | | | | | | | | |
| १ | बेतेगौडा सिंचाई | ५ कि.मी | | १ | १ | १ | १ | ५ | १०,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| २ | जमरी तल्लो छाप सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | १०,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ३ | पहरेखोला बनुवा सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | २,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| ४ | गुहीय खोला बोगटीटार सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | २,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ५ | तल्लो पैरेवेसी बगर सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | १,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ६ | माझगाउँ सिंचाई व्यवस्थापन | वटा | | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ७ | पहरेखोला साउनेपानी पाइप सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | १,५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ८ | पहरेखोला पहरे घारी पाइप सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | १,५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ९ | पहरे खोला छाप सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| १० | अम्वापानी लोप्से सिंचाई (तल्लो ल्होक्से) | वटा | | १ | १ | १ | १ | ५ | १,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ११ | महधार देखि गुहीय खोला सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | ७०,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| १२ | जमरी तल्लो छाप पाइप सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | २,५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| १३ | काभ्रेखोला बनुवा चैकिटार थोपा सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | ५,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| १४ | गुहिय खोला सिम खेत सिंचाई (तल माथि) | वटा | | १ | १ | १ | १ | ५ | १,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| १५ | ढाडे खोला चोकेटार सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| १६ | बोगटीटार लिफ्ट सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | ३,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| १७ | आपेडाडा सिम्ले सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| १८ | गुहिय खोला लहरे सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | १,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| १९ | ठुलो पधेरा गौरीवारी सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | १,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| २० | गुहिय खोला भट्ट टोल सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| २१ | गुहिय खोला थापा टोल सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| २२ | गुहिय खोला माझगाउ सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| २३ | सिम खेत थोपा सिंचाई | वटा | | १ | १ | १ | १ | ५ | १,५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| २४ | अम्वापानी लोक्से (माथिल्लो लोक्से) | वटा | | १ | १ | १ | १ | ५ | १,५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **११९,०००,०००** | | |
| | **वडा नं. ५, उद्योग** | | | | | | | | | | |
| १ | कृषि उत्पादन प्रशोधन उद्योग आलुचिप्स उद्योग टमाटर सस उद्योग लप्सी अचार उद्योग अकबरे खुर्सानी | पटक | १ | १ | १ | १ | १ | ५ | २,५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| २ | दाना उद्योग | पटक | | १ | | | | १ | ५,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ३ | आधुनिक कोल्ड स्टोर उद्योग | पटक | | १ | | | | १ | १०,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ४ | दुध डेरी उद्योग | पटक | | | १ | | | १ | ५,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२२,५००,०००** | | |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| | **वडा नं. ५** | **(पर्यटन)** | | | | | | | | | |
| १ | उत्तरगया धाम संरक्षण र प्रवर्द्धन | पटक | १ | १ | १ | १ | १ | ५ | २००,०००,००० | उत्तरगया- ५ वेत्रावती | गा.पा. प्रदेश र संघ |
| २ | बागे ओडार | पटक | | | १ | | | | १०,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ३ | बनुवा नागपोखरी पर्यटन प्रवर्द्धन | पटक | | १ | | | | | ५,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ४ | गोलोक धाम | पटक | | | | १ | | | २,५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ५ | माझगाउँ पार्क संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | २,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२१९,५००,०००** | | |
| | **वडा नं. ५, सहकारी तथा वितीय क्षेत्र** | | | | | | | | | | |
| १ | कालिका बहुउद्देश्य सहकारी संस्थाको घेराबार र ट्रस निर्माण र रासायनिक मल तथा दुध सङ्कलनमा सहयोग | पटक | | १ | | | | | १०,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| २ | जनजागरण बचत तथा ऋण सहकारी संस्था भवन घेराबार निर्माण | पटक | | १ | | | | | ५००,००० | उत्तरगया ५ बनुवा | गा.पा. प्रदेश र संघ |
| ३ | मध्यवर्ती संरक्षण बचत तथा ऋण सहकारी संस्थाको भवन | पटक | | | | १ | | | ८०,०००,००० | उत्तरगया माँझगाउँ | गा.पा. प्रदेश र संघ |
| ४ | उत्तरगया कृषि सहकारी संस्था भवन निर्माण | पटक | | | | | १ | | ८,०००,००० | वेत्रावती | गा.पा. प्रदेश र संघ |
| ५ | बेत्रावती कृषि सहकारी संस्थाको भवन निर्माण | पटक | | १ | | | | | ८,०००,००० | उत्तरगया ५ बेत्रावती | गा.पा. प्रदेश र संघ |
| ६ | रुद्र गंगा सहकारी संस्था भवन | | | | | १ | | १ | ८,०००,००० | वेत्रावती | गा.पा. प्रदेश र संघ |
| ७ | साथी बहुउद्देश्यीय सहकारी संस्थालाइ फर्निचर र कम्प्युटर | पटक | | | ३ | | | | ५००,००० | वेत्रावती | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२४,५००,०००** | | |
| | **वडा नं. ५, श्रम तथा रोजगारी** | | | | | | | | | | |
| १ | पर्यटन गाइड तालिम केन्द्र | | | | | | | | २००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२००,०००** | | |
| | आर्थिक विकास जम्मा | | | | | | | | ४२१,७००,००० | | |
| | आर्थिक विकासको जम्मा जम्मा बजेट | | | | | | | | २,५८७,९५९,१५० | | |

# परिच्छेद-५
## सामाजिक विकास योजना

### ५.१ वस्तुस्थिति विश्लेषण

#### पृष्ठभूमि

वर्तमान संविधानले शिक्षा, स्वास्थ्य र समाजिक समावेशिकरणका आधारभूत सवालहरुलाई मौलिक हकको रुपमा प्रस्तुत गरेको छ । माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजको पछाडी परेको वा पारिएको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानुनी तथा नीतिगत आधारहरु तयार भई सकेका छन् । सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधार समृद्धिको इन्जिनका रुपमा लिई संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपुर्ण प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ । उत्तरगया गाउँपालिकाको समृद्धिका लागि सक्षम जनशक्ति उत्पादन र यथोचित अवसरहरु उपलब्ध गराउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा रहेका सम्भावना र अवसर, समस्या तथा चुनौती र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

### ५.१.१ शिक्षा तथा सिप विकास

#### क. सम्भावना, अवसर र विद्यमान अवस्था

नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबै खाले विभेदको अन्त्य जस्ता सवालहरुलाई महत्वपूर्ण रुपमा उठान गरेको छ । १५ औं राष्ट्रिय योजनाको दस्तावेजले उपरोक्त विषयलाई समेत उच्च प्राथमिकतामा राखेको छ ।

उत्तरगया क्षेत्र  धार्मिक, साँस्कृतिक, प्राकृतिक रुपले सूपरिचित क्षेत्र हो । कूल साक्षर जनसंख्या ७६ प्रतिशत रहेको यस क्षेत्रमा स्नातक तहको अध्यापन हुने एउटा क्याम्पस, प्राविधिक धारको एउटा विद्यालय गरी १९ वटा सामुदायिक विद्यालय, ३ वटा सामुदायिक सिकाई केन्द्र शैक्षिक पूर्वाधारका रुपमा रहेको छ । यसका अतिरिक्त राजधानी काठमाण्डौंसँगको भौगोलिक निकटताको कारण यस क्षेत्रबाट ठूलो संख्यामा गुणस्तरीय शिक्षा तथा उच्च शिक्षा हासिल गर्न राजधानी काठमाण्डौं जाने गरेको देखिन्छ । यस क्षेत्रको शैक्षिक गुणस्तर र गुणस्तरीय शिक्षामा पहुँच क्रमशः वृद्धि हुँदै गएको देखिन्छ ।

#### ख. समस्या तथा चुनौती

शैक्षिक क्षेत्रमा आधारभूत, माध्यामिक, उच्च शिक्षा र प्राविधिक शिक्षामा विविध समस्या र चुनौतीहरु विद्यमान रहेका छन् । अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात मिलको छैन भने विद्यार्थी संख्या न्यून र भौगोलिक दुरी समेतलाई मध्य नजर गर्दा केही विद्यालय मर्ज गर्नुपर्ने अवस्थामा रहेका छन् । विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगमैत्री पुर्वाधारको व्यवस्था अधिकतम रुपमा भएतापनि पूर्णरुपमा वालमैत्री विद्यालय भने हुन सकेको छैन । शैक्षिक अवस्थाको सम्बन्धमा अभिभावकको चासो यथोचित नभएका कारण विद्यार्थीमा शिक्षा प्रतिको धारण गलत हुने र अनुशासित नहुने अवस्था समेत कहीँ कतै देखिन्छ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षक बीच सुझबुझ तथा समझदारी निर्माणमा कठिनाइ र  हेडमास्टर तथा शिक्षकबीच तहगत बेमेलका कारण शैक्षिक वातावरण सुमधुर थप गतिविधीहरु आवश्यक छ । कतिपय विद्यालयमा विद्यार्थी संख्या बढि तर विषयगत शिक्षक तथा शिक्षक दरवन्दी कम भएको कारण शिक्षण सिकाइमा प्रतिकुलता देखिएको छ । शिक्षक तथा विद्यार्थीको नियमितता, ई लाइब्रेरी, विद्यालयमा घेराबार, शिक्षक तालिम, विज्ञान प्रयोगशाला, कम्पुटर शिक्षक र सूचना प्रविधिको उपयोग र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परेको देखिन्छ ।

### ५.१.२ स्वास्थ्य तथा पोषण

#### क. सम्भावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिका क्षेत्रमा ३ वटा स्वास्थ्य चौकी र ३ वटा ग्रामीण सामुदायिक स्वास्थ्य इकाईले र २ वटा आयुर्वेदिक औषधालयले आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराइ रहेका छन् ।  गाउँपालिका पुर्ण खोप घोषणा भएको छ । वृद्धि अनुगमन गरिएका बालवालिकामा कुपोषण नरहेकोले पोषणको अवस्था सन्तोषजनक रहेको देखाउँछ । यस क्षेत्रमा स्वास्थ्य र पोषण सम्बन्धी क्षेत्रमा क्रियाशिल गैससले महत्वपुर्ण सहयोग पुर्याउँदै आएको छ । स्वास्थ्य तथा पोषणको क्षेत्रमा जनचेतनामा वृद्धि हुँदै गएको देखिन्छ ।

#### ख. समस्या तथा चुनौती

सामाजिक मान्यता लगायत पुर्वाधारको कमी, जनशक्तिको कमी र उच्चस्तरीय सेवामा सिमितताका कारण यस क्षेत्रमा स्वास्थ क्षेत्रमा विभिन्न खालका समस्या र चुनौती विद्यमान रहेका छन् । स्थानीयस्तरमा चिकित्सक/विशेषज्ञ सेवाको उपलब्धता नभएका कारण काठमाण्डौंका स्वास्थ्य संस्थाहरुमा जानुपर्ने वाध्यता रहेको छ । स्थानीयस्तरमा नियमित स्वास्थ्य परिक्षण र गर्भ परिक्षण हुने गरेतापनि विशेषज्ञताको अभावमा नागरिकको पूर्णरुपमा विश्वास जित्न सकिएको छैन । स्वास्थ्य चौकी र गाउँघर क्लिनीकमा आवश्यक कोठा सहितको भवन लगायतका पूर्वाधार तथा समाग्री र वर्थिङ्ग सेन्टरको केही कमी रहेको छ । औषधीको पर्याप्ततामा कमीका कारण उपलब्ध स्वास्थ्य सेवा प्रभावकारी हुन सकेको छैन । दुर्गम क्षेत्रमा

अझैपनि घरमा सुत्केरी हुने अभ्यास थोरै मात्रामा कायम रहेको छ भने आम रुपमा रोग लुकाउने र परिवार नियोजनको साधनको उपयोगमा संकुचित धारणा रहने गरेको छ।

### ५.१.३ खानेपानी तथा सरसफाई

#### क. सम्भावना, अवसर र विद्यमान अवस्था

खानेपानी र सरसफाईका क्षेत्रमा उत्तरगया गाउँपालिकामा पछिल्ला वर्षमा उल्लेखनिय सुधार देखिएको छ। करिव २२.०४ प्रतिशत घरमा निजि पाईप धारा छ भने ७०.४० घरका मानिसले सर्वजनिक पाईप धाराको पानी उपयोग गरेका छन् । दक्षिणी क्षेत्रमा पानी मुहानहरुको पर्याप्त उपलब्धताले खानेपानीको उपयोगमा सहज तुल्याएको छ । यस क्षेत्रमा सबै बासिन्दालाई स्वच्छ खानेपानीको पहुँच वृद्धि गर्न एक घर एक धारा अभियान कार्यान्वयनमा रहेको छ  गाउँपालिका खुला दिशा मुक्त क्षेत्र घोषणा भइसकेकोले पुर्ण सरसफाइका अभ्यासहरु हुँदै गरेका छन् । यस क्षेत्रमा धुवाँ रहित चुलो निर्माण र उपयोग गर्ने  अभ्यास रहेको छ। खानेपानी र सरसफाईको क्षेत्रमा गैरसरकारी क्षेत्रको सहयोग रहेको देखिन्छ। हालको अवस्था हेर्दा स्वच्छ खानेपानी र सरसफाइ सम्बन्धी चेतनामा क्रमशः वृद्धि हुँदै गएको छ।

#### ख. समस्या तथा चुनौती

यस गाउँपालिकामा स्वास्थ्य तथा सरसफाईको क्षेत्रमा सुधारका बावजुद स्वच्छ पानीको उपलब्धता र खानेपानी प्रणाली व्यवस्थित हुन सकेको देखिदैन । खुला दिशा मुक्त भए पनि पूर्ण कार्यान्वयनमा कमी रहेको छ भने सार्वजनिक शौचालयको व्यवस्था नहुँदा असहज अवस्था रहेको छ। सञ्चालित खानेपानी आयोजनाको दिगोपनाको कमी रहेका कारण पुनः लगानी गर्नुपर्ने अवस्था रहेको छ। सार्वजनिक स्थल तथा निजी घरमा फोहोरको व्यवस्थापनमा कमजोरीका कारण प्लास्टिक तथा सिसाजन्य फोहोर सहित कुहिने फोहोर व्यवस्थापन हुन सकेको छैन।

### ५.१.४ लैंगिक समानता तथा सामाजिक समावेशिकरण

#### क. सम्भावना, अवसर र विद्यमान अवस्था

सामाजिक समावेशिकरण र लक्षित वर्गको हितका सम्बन्धमा हालका दिनहरुमा कानुनी तथा नीतिगत व्यवस्था र स्थानीय स्तरमा भए गरेका अभ्यासहरुले केही सकारात्मक परिवर्तन देखा परेका छन् । यस क्षेत्रमा लक्षित वर्गमा अधिकार र अवसरका सम्बन्धमा चेतनाको वृद्धि हुँदै गएको छ । वडास्तरमा लक्षित वर्गको संजालहरु गठन र कृयाशिल रहेका छन् ।  पालिकास्तरमा महिला तथा बालबालिका शाखा स्थापना भइसकेको छ। लक्षित वर्गको हितमा कार्यक्रम सञ्चालन गर्ने गैसस कृयाशिल रहेको देखिन्छ।

#### ख. समस्या तथा चुनौती

उत्तरगया गाउँपालिकामा सामाजिक समावेशिकरणको क्षेत्रमा हालका दिनमा सकारात्मक परिवर्तनहरु देखिएता पनि यथोचित पहल र सुधार हुन सकेको देखिदैन। पालिकास्तरमा लक्षित वर्गको संरचनागत पूर्वाधारको कमी रहेको छ। अपांगता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक, महिला बालवालिका, आदिवासी जनजाति, किशोर किशोरीलेहेर्ने सकारात्मक दृष्टिकोणमा नभएका कारण हिंसाजन्य घटना हुने गरेको देखिन्छ। लक्षित वर्गमा अधिकार र कर्तव्यसम्बन्धी चेतनाको कमी रहेको छ। महिलामा बहुकार्य वोझको अवस्था हालसम्म पनि विद्यमान रहेको छ। लक्षित वर्गको तालिम प्रभावकारी हुन नसक्दा आशातित सुधार हुन सकेको छैन। लक्षित वर्गमा आत्मनिर्भरता र आत्मविश्वासको कमी रहेका छ। सामाजिक सुरक्षा भत्ताको वितरण असजहताका कारण गुनासोसमेत विद्यमान छ। भाषिक समस्याका कारण तामाङ्ग समुदायमा जानकारी हासिल गर्न केही कठिनाई रहेका छ।

### ५.१.५ युवा तथा खेलकुद

#### क. सम्भावना, अवसर र विद्यमान अवस्था

खेलकुदको क्षेत्रमा यस गाउँपालिकाले अन्तराष्ट्रिय स्तरका पनि ख्याती कमाएको छ। यस क्षेत्रको प्रतिनिधित्व गर्ने कुल ५ जना खेलाडी रहेका छन्। खेलकुदको अभ्यासका लागि विद्यालयस्तरीय खेल मैदान रहेका छन्। यस क्षेत्रमा ३ वटा युवा क्लल रहेका छन्। युवाको बैदेशिक रोजगारीको आकर्षणले आय आर्जनको महत्वपूर्ण आधार बनेको छ।

#### ख. समस्या तथा चुनौती

अन्तराष्ट्रियस्तरमा ख्याती कमाएका खेलाडीहरु रहेको यस क्षेत्रमा खेलकुदमा प्रोत्साहनको कमी रहेको छ। पर्याप्त संख्यामा खेलमैदान नरहेको, खेल प्रशिक्षकको व्यवस्था नभएको, खेलाडीको सम्मान गर्ने कार्य नगरिने प्रचलन र नियमित खेल आयोजना नहुने कारणले खेलकुदको विकासमा सकारात्मक प्रभाव परेको छैन। युवा वर्गमा स्थानीयस्तरमा रोजगार हुनु भन्दा वाह्य रोजगारीमा आकर्षण बढि हुनु, स्वरोजगारका अवसरमा कमीका कारण युवा पलायन विद्यमान रहेको छ। युवा बेरोगारीको समस्या यस क्षेत्रमा विद्यमान रहेको देखिन्छ।

## ५.२ लक्ष्य

यस गाउँपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य स्वस्थ, प्रतिस्पर्धी र सीपयुक्त मानव संशाधनको विकास गर्नु रहेको छ।

## ५.३ उद्देश्य

गाउँपालिकाको समाजिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- पूर्व प्राथमिक तथा प्राविधिक शिक्षामा पहुँच तथा विद्यालय शिक्षाको गुणस्तरमा वृद्धि भएको हुनेछ।
- आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा वृद्धि भएको हुनेछ।
- सुरक्षित खानेपानी सुविधामा वृद्धि भई सरसफाइजन्य व्यवहारमा सुधार भएको हुनेछ।

- लक्षित वर्गको निर्णय प्रकृयामा सहभागिता, सामाजिक मर्यादा र आत्मनिर्भरतामा वृद्धि भएको हुनेछ।
| • कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, ढुवानी सेवा, जनसंख्यालाई प्रत्यक्ष फाइदा पुग्ने गरी गुणस्तरीय पूर्वाधार तथा यातायात सेवा विस्तार गर्ने। | • सबै सडकहरुमा नियमित रुपमा मर्मत संभार तथा नालीको व्यवस्था मिलाइनेछ।<br>• पहिरो जाने संभावित स्थानमा बायोइन्जिनियरिङ्ग प्रविधिबाट रोकथाम गरिनेछ।<br>• सडकहरुको स्तरोन्नती गरी वाह्रै महिना यातायात संचालन हुने बनाईनेछ।<br>• सडकहरुको दायाँ बाँया वृक्षारोपण गरी हरित सडकको निर्माण गरिनेछ। |
| • सडकको मापदण्ड, वर्गीकरण, नामाकरण र प्राथमिकताक्रम किटान गरिएको यातायात आवधिक योजना अनुसार सडक सञ्जाल विस्तार गर्ने | • सडक निर्माण गर्दा यातायात आवधिक योजना तयार पारी सडकको प्रकृति अनुसार मापदण्ड निर्धारण, वर्गीकरण तथा प्राथमिकता निर्धारण गरिनेछ।<br>• नयाँ ट्र्याक खोल्दा पूर्व वातावरणीय परीक्षण वा वातातावरणीय प्रभाव मुल्याङ्कन पश्चात विस्तृत अध्ययन प्रतिवेदन तयार गरी खोलिनेछ।<br>• स्थानीय बस व्यवसायी कम्पनीहरुसंग समन्वय गरी यातायात सुलभ बनाइने छ। |
| **६.२ आवास, भवन तथा शहरी विकास** | |
| • सुरक्षित आवास तथा एकिकृत बस्तीको विकास गर्ने | • बस्ती विकास बढ्दै जाने संभावित क्षेत्रहरुमा योजनाबद्ध विकासको लागि एकिकृत शहरी विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ।<br>• पर्यटकीय स्थलहरुमा स्मार्ट भिलेजको अवधारणा अनुसार नमुना गाउँको लागि भौतिक पूर्वाधारको विकास गरिनेछ। |

| | |
|---|---|
| | • असुरक्षित स्थानमा बसोबास गरिरहेका बासिन्दालाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरण लगायत अन्य सम्बद्ध संघसंसस्थाहरुसंग समन्वय गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न पहल  गरिने छ।<br>• भवन निर्माणमा संघीय सरकारद्वारा पारित भवन आचार संहितालाई कार्यान्वयनमा ल्याईनेछ।<br>• सार्वजानिक जग्गाको संरक्षण गरी अनियन्त्रित बसोबासलाई नियन्त्रित गरिनेछ। |
| • गाउँपालिकाको बजार उन्मुख क्षेत्रमा बजार व्यवस्थापनका लागि भौतिक पूवार्धारको विकास गर्ने | • बजार व्यवस्थापनका लागि खानेपानी, बाटो तथा पार्किङ्ग सुविधा जस्ता पूर्वाधारहरुको निर्माण गरिनेछ। |
| **६.३ सूचना तथा संचार** | |
| • इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने | • धार्मिक पार्क तथा पर्यटकीय क्षेत्रहरुमा निशुल्क वाइफाईको व्यवस्था गरिनेछ।<br>• गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गरिनेछ। |
| • सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि बनाउने | • नेपाल टेलिकम तथा अन्य सेवा प्रदायक संस्थाहरुसंग समन्वय तथा सहकार्य गरी गुणस्तरीय भरपर्दो मोबाइल तथा इन्टरनेट सेवाको सुनश्चितता गरिनेछ।<br>• विद्यालय लगायत सरकारी कार्यालयहरुमा ल्याण्डलाइन टेलिफोन जडानका लागि सेवा प्रदायक संस्थामा पहल गरिनेछ।<br>• एफ. एम रेडियो स्थापना गरी सञ्चारको पहुँच बढाइनेछ। |

## ६.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाको पूर्वाधार विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधीमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ।

### तालिका २०: आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| **वडा नं. १ (भौतिक पुर्वाधार) झो.पु** | | | | | | | | | | | |
| ६ | माथिल्लो दलढुङ्गा झो.पु. | १ | | १ | | | | १ | ८,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| ७ | तल्लो दलढुङ्गा झो.पु. | १ | १ | | | | | १ | ८,२००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| ८ | सिन्दीरी खोला झो.पु. | १ | | | | १ | | १ | ८,३००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| ९ | रमाल खोला झो.पु. | १ | | | १ | | | १ | ८,३००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| १० | चिप्लेटी खोला झो.पु. | १ | | | | १ | | १ | ८,३००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| ११ | मैलुङ दोभान त्रिशुली खोला झो.पु. | १ | | | १ | | | १ | ७,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| १२ | तातो पानी दोभान झो.पु. | १ | | | | | १ | १ | ७,३००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| १३ | ओखरफेद गौंडा मने गोम्चेत कृषि सडक | १० किमी | | | १ | | | १ | ४०,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **९५,४००,०००** | | |
| **वडा नं. १, भवन** | | | | | | | | | | | |
| ८ | मैलुङ माथि पहिरो नियन्त्रण | १ | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| ९ | चिहान तथा मरण घर निर्माण | १ | | १ | १ | १ | २ | ५ | १०,०००,००० | सबै ठाउँमा | गा.पा. प्रदेश र संघ |
| ८ | तिरु एकीकृत बस्ती संरचना १२५ धुरी मध्ये बाँकी ४८ घर निर्माण | घरधुरी | ४८ | | | | | ४८ | १४,४००,००० | उत्तरगया- १ तिरु | गा.पा. प्रदेश र संघ |
| ९ | तल्लो पैरेबेसी एकीकृत बस्ती वसेका १७४ घरधुरीको घर निर्माण गर्नुपर्ने | घरधुरी | १७४ | | | | | १७४ | १५०,०००,००० | उत्तरगया- १ तिरु | गा.पा. प्रदेश र संघ |
| १० | शान्ति बजारका २४ घरधुरीका लागि घर निर्माण गर्नुपर्ने | घरधुरी | २४ | | | | | २४ | ३०,०००,००० | उत्तरगया- १ तिरु | गा.पा. प्रदेश र संघ |
| ११ | खोले बेशी एकीकृत बस्ती घेराबार र नाली निर्माण | घरधुरी | | | १ | | | १ | २,०००,००० | किस्पाङ्ग - ५ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२५६,४००,०००** | | |
| **वडा नं. १, ढल तथा पदमार्ग** | | | | | | | | | | | |
| १ | 3A डयाम देखि धार्ना भदौरे पद मार्ग | पटक | १ | १ | १ | १ | १ | २ कि.मि. | ४,०००,००० | धार्ना भदौरे | गा.पा. प्रदेश र संघ |
| २ | मैलुङ सिरुचेत रेलिङ बाटो | पटक | १ | १ | १ | १ | १ | २ कि.मि. | ४,०००,००० | मैलुङ सिरुचेत | गा.पा. प्रदेश र संघ |
| ३ | मैलुङ देखि तिरु रेलिङ बाटो | पटक | १ | १ | १ | १ | १ | ५ कि.मि. | १०,०००,००० | मैलुङ तिरु | गा.पा. प्रदेश र संघ |
| ७ | मैलुङ गोगने रेलिङ पद मार्ग | पटक | १ | १ | १ | १ | १ | ३ कि.मि. | ८,०००,००० | मैलुङ गोगने | गा.पा. प्रदेश र संघ |
| ८ | गोगने दल्दुङ्गा पद मार्ग | पटक | १ | १ | १ | १ | १ | ३ कि.मि. | ८,०००,००० | गोगने | गा.पा. प्रदेश र संघ |
| ९ | दोभान देखि धार्ना पद मार्ग | पटक | १ | १ | १ | १ | १ | ४ कि.मि. | ९,०००,००० | दोभन धार्ना | गा.पा. प्रदेश र संघ |
| १० | गोगने देखि तिरु पद मार्ग | पटक | १ | १ | १ | १ | १ | ३ कि.मि. | ८,०००,००० | गोगने तिरु | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| ११ | गोगने देखि क्रोच्याङ्वा पदमार्ग | पटक | १ | १ | १ | १ | १ | २ कि.मि. | ४,०००,००० | गोगने | गा.पा. प्रदेश र संघ |
| १२ | दोभन देखि स्कुल डाडा पदमार्ग | पटक | १ | १ | १ | १ | १ | ३ कि.मि. | ६,०००,००० | करमराङ | गा.पा. प्रदेश र संघ |
| १३ | भदौरे ओली डाडा देखि डिजो पदमार्ग | पटक | १ | १ | १ | १ | १ | २ कि.मि. | ४,०००,००० | भदौरे ओली | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **६५,०००,०००** | | |
| **वडा नं. १, सडक** | | | | | | | | | | | |
| १ | सलेटार मैलुङ गोगने ब्रागु तिरु सडक | २१ कि.मि. | १ | १ | १ | १ | १ | ५ | १५०,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| २ | मैलुङ लुङम्राङ ग्याङसीलुङ तिरु दल ढुङ्गा सडक निर्माण | २५ कि.मि. | १ | १ | १ | १ | १ | ५ | १५०,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| ३ | ग्याङसीलुङ स्याउचेत करुमराङ कदोखर्क सडक निर्माण | १५ कि.मि. | १ | १ | १ | १ | १ | ५ | १२०,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| ४ | ओलीडाडा घडेरी डाडा काम्लुङसडक निर्माण | १० कि.मि. | १ | १ | १ | १ | १ | ५ | १००,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| ५ | ओली सिरुचेत भदौरे सडक निर्माण | ५ कि.मि. | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| ६ | बरलब डिजो सडक निर्माण | ३ कि.मि. | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| ७ | सल्लेटार चिप्लेटी धार्ना बाँकी सडक निर्माण | १० कि.मि. | १ | १ | १ | १ | १ | ५ | ६०,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| ८ | कम्लुङ कदोखर्क सडक निर्माण | ५ कि.मि. | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| ९ | मैलुङ दोभन देखि कम्लुङ सडक निर्माण | ८ कि.मि. | १ | १ | १ | १ | १ | ५ | ८०,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| १० | ग्याङसीलुङ स्याउचेत दोम्साङ सडक निर्माण | ७ कि.मि. | १ | १ | १ | १ | १ | ५ | ७०,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| ११ | ब्रागु याल्पराङ क्रोच्याङबा सडक निर्माण | १५ कि.मि. | १ | १ | १ | १ | १ | ५ | १५०,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| १२ | दलढुङ्गा तम्तगङ बो ङचेन पंकरचेत सडक निर्माण | २० कि.मि. | १ | १ | १ | १ | १ | ५ | २००,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| १३ | सर्छि ओटर तेन्सीनङ नाकधेन सडक निर्माण | १२ कि.मि. | १ | १ | १ | १ | १ | ५ | १२०,०००,००० | उत्तरगया- १ | गा.पा. प्रदेश र संघ |
| १४ | डुपच्यो देखि जरी खोच्यङ्वा सडक निर्माण | वटा | १ | १ | १ | १ | १ | ५ कि.मी | २०,०००,००० | | गा.पा. प्रदेश र संघ |
| १५ | १ नं. वडा कार्यालय भवन | वटा | | १ | | | | १ | ३०,०००,००० | | गा.पा. प्रदेश र संघ |
| १६ | गुलुङ लुङ खोला देखि माङ्ग्रेन सडक | वटा | १ | १ | १ | १ | १ | २ कि.मी | ५,०००,००० | | गा.पा. प्रदेश र संघ |
| १७ | कम्लुङ चुचे सडक निर्माण | वटा | | | १ | | | | १००,०००,००० | कामलुङ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | | | |
| **वडा नं. १, भवन** | | | | | | | | | | | |
| १ | स्वास्थ्य भवन गोगने | १ | | | | १ | | १ | १५,०००,००० | गोगने | गा.पा. प्रदेश र संघ |
| २ | स्वास्थ्य भवन करुमराङ | १ | | | १ | | | १ | २०,०००,००० | करमराङ | गा.पा. प्रदेश र संघ |
| ३ | स्वास्थ्य भवन सिरुचेत | १ | | | | १ | | १ | २०,०००,००० | सिरुचेत | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५५,०००,०००** | | |
| | **वडा नं. १ भौतिक पुर्वाधार जम्मा** | | | | | | | | | | |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| **वडा नं. २ (भौतिक पुर्वाधार क्षेत्र)** | | | | | | | | | | | |
| **वडा नं. २, सडक तथा पुल** | | | | | | | | | | | |
| १ | स्तरउन्नति सहित कालोपत्रे | कि.मि. | १ | १ | १ | १ | १ | १२ | ४००,०००,००० | शान्तिबजार देखि खड्कु | गा.पा. प्रदेश र संघ |
| २ | पात्लेबाट धादिङको रुविभ्याली जोड्ने सडक | कि.मि. | १ | १ | १ | १ | १ | ३० | ४००,०००,००० | वडा नं. २ | गा.पा. प्रदेश र संघ |
| ३ | मध्य पहाडी लोकमार्गको पूर्णता | कि.मि. | १ | १ | १ | १ | १ | ७ | २,५००,००० | भदौरे खड्कु | गा.पा. प्रदेश र संघ |
| ४ | पक्की पुल निर्माण (कल्भट) | संख्या | १ | १ | १ | १ | १ | ५ | २०,०००,००० | करेली, भाँगे, तिन छाँगे, भ्यागुते, ल्वाङ खोला | गा.पा. प्रदेश र संघ |
| ५ | पदमार्ग निर्माण | कि.मि. | १ | १ | १ | १ | १ | ६ | ३,०००,००० | वडा नं. २ थलुङबाट फिकुरी | गा.पा. प्रदेश र संघ |
| ६ | रेलिङ सहित सिढि बाटो | कि.मि. | १ | १ | १ | १ | १ | ९।५ | २,०००,००० | भार्गौ झरना | गा.पा. प्रदेश र संघ |
| ७ | दुई नम्बर भित्रका सबै शाखा सडकहरुको स्तरउन्नति गर्ने | सडक | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | वडा नं. २ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **८३७,५००,०००** | | |
| **वडा नं. २, झो.पु** | | | | | | | | | | | |
| १ | झोलुङ्गे पुल निर्माण (भाँगेखोला देउराली र करेली खोला दोभान) | संख्या | १ | १ | १ | १ | १ | २ | २०,०००,००० | भांगे- करेली खोला बांस्थला दोभान- देउराली | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२०,०००,०००** | | |
| **वडा नं. २** | | | | | | | | | | | |
| १ | मुख्य सडक ढल निकास | | १ | १ | १ | १ | १ | १ | १००,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१००,०००,०००** | | |
| **भवन** | | | | | | | | | | | |
| १ | १५ सैयाको अस्पताल निर्माण | संख्या | १ | १ | १ | १ | १ | १ | १००,०००,००० | डाडागाउँ | गा.पा. प्रदेश र संघ |
| २ | कृषि, पशु सेवा केन्द्र भवन निर्माण | संख्या | १ | १ | १ | १ | १ | १ | २०,०००,००० | डाडागाउँ | गा.पा. प्रदेश र संघ |
| ३ | पाहुना घर निर्माण (होमस्टे) का लागि प्रवर्द्धन | संख्या | १ | १ | १ | १ | १ | १ | २,५००,००० | डाडागाउँ | गा.पा. प्रदेश र संघ |
| ४ | सार्वजनिक शौचालय निर्माण | संख्या | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | सिम्ले, डाडागाउँ, भांगे, खड्कु, ओखरफेद | गा.पा. प्रदेश र संघ |
| ५ | दुध सङ्कलन केन्द्र निर्माण | संख्या | १ | १ | १ | १ | १ | १ | १२,५००,००० | डाडागाउँ | गा.पा. प्रदेश र संघ |
| ६ | कबर्ड हल निर्माण | संख्या | १ | १ | १ | १ | १ | १ | २०,०००,००० | डाडागाउँ | गा.पा. प्रदेश र संघ |
| ७ | हेलिप्याड निर्माण | संख्या | १ | १ | १ | १ | १ | १ | ५,०००,००० | डाडागाउँ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१६५,०००,०००** | | |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| **वडा नं. २ , उर्जा** | | | | | | | | | | | |
| १ | बिजुली विस्तार | | १ | १ | १ | १ | १ | १ | | बास्तोला रत्नाउले घुमुचेत, माने | गा.पा. प्रदेश र संघ |
| **वडा नं. २** | | | | | | | | | | | |
| १ | सोलार जडान | वटा | | | | | | २०० | १५,०००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१५,०००,०००** | | |
| **वडा नं. २, संचार** | | | | | | | | | | | |
| १ | गुणस्तरीय संचार (टावर व्यवस्थापनका लागि सहकार्य) | पटक | १ | १ | १ | १ | १ | ५ | | तल्लो सिम्ले | गा.पा. प्रदेश र संघ |
| २ | फ्रि वाइफाई | सख्या | १ | १ | १ | १ | १ | ५ | ५००,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| ३ | ल्याण्डलाइन विस्तार | सख्या | १ | १ | १ | १ | १ | ५ | ३००,००० | खड्कु, ओखरफेद, डाडागाउँ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **८००,०००** | | |
| | **भौतिक पुर्वाधार क्षेत्रको जम्मा** | | | | | | | | **१,१३८,३००,०००** | | |
| **वडा नं. ३ भौतिक पुर्वाधार क्षेत्र** | | | | | | | | | | | |
| **वडा नं. ३, सडक** | | | | | | | | | | | |
| १ | शान्ति बजार देखि ठूलोगाउँ सम्म पक्की सडक | १२ कि.मि. | १ | १ | १ | १ | १ | १ | २,४००,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| २ | पाल्ले, गैरी खर्क, घुमार हिउँदेखर्क धारेन ढुंगा, ढुंगेथला, गोंगा हुँदै फिकूरीसम्म सडक निर्माण | १५ कि.मि. | १ | १ | १ | १ | १ | १ | ५००,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ३ | गोरखाली ढाँड देखि चिप्ले ढुङ्गा ग्रावेल सडक | २०० मि. | १ | १ | १ | १ | १ | १ | ५,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ४ | पैरे सिरान टोल सडक विस्तार | ५०० मि. | १ | १ | १ | १ | १ | १ | ५,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ५ | महभीर खोला मोटरेवल पुल निर्माण | ८० मि. | १ | १ | १ | १ | १ | १ | ५००,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ६ | निम्सो खोला पुल | १० मि. | १ | १ | १ | १ | १ | १ | २५०,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ८ | भदौरे खोला मोटरेवल पुल | ३ मि. | १ | १ | १ | १ | १ | १ | ३०,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **३,६९०,०००,०००** | | |
| **वडा नं. ३, झो.पु** | | | | | | | | | | | |
| १ | सिस्नेरी खोला झो.पु. निर्माण | २० मि. | १ | १ | १ | १ | १ | १ | ५,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| २ | छिमेर खोला झो.पु. निर्माण | ७५ मि. | १ | १ | १ | १ | १ | १ | | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ३ | फून्जो खोला झो.पु. निर्माण | १८ मि. | १ | १ | १ | १ | १ | १ | २,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **७,०००,०००** | | |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| **वडा नं. ३, ढल निकास** | | | | | | | | | | | |
| १ | बिसौना वारी देखि छाप टोलसम्म ढल निकास | ३ कि.मि. | १ | १ | १ | १ | १ | १ | १०,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| २ | पैरेगाउँ सिरान टोल देखि पुच्छार ढल निकास | ५० मि. | १ | १ | १ | १ | १ | १ | ५,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ३ | सालिम भित्ता टोल देखि शान्ति बजार सम्म भलेसो निर्माण | ८०० मि. | १ | १ | १ | १ | १ | १ | १,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१६,०००,०००** | | |
| **भवन तथा शहरी विकास** | | | | | | | | | | | |
| १ | वडा नं. ३ को वडा कार्यालय भवन निर्माण | पटक | १ | | | | | १ | १५,०००,००० | वडा कार्यालय | गा.पा. प्रदेश र संघ |
| २ | रेडक्रस भवन निर्माण पुर्णता | पटक | | १ | | | | | ३,०००,००० | रेडक्रस भवन | गा.पा. प्रदेश र संघ |
| ३ | स्वास्थ्य चौकी भवन निर्माण | पटक | | | | | १ | | ५,०००,००० | स्वास्थ्य चौकी भवन | गा.पा. प्रदेश र संघ |
| ४ | श्री देवी म.व. तथा ऋण सहकारी संस्था भवन | पटक | | | | १ | | | २,५००,००० | उत्तरगया ३ | गा.पा. प्रदेश र संघ |
| ५ | भूमेदेवी म.व. ऋण सहकारी संस्था भवन | पटक | | | | | १ | | २,५००,००० | उत्तरगया ३ | गा.पा. प्रदेश र संघ |
| ६ | ईन्द्रदेवी सामुदायिक संस्थाको भवन निर्माण | पटक | | | १ | | | | ५,०००,००० | उत्तरगया ३ | गा.पा. प्रदेश र संघ |
| ७ | भुमेदेवी सामुदायिक पुस्तकालय भवन निर्माण | पटक | | | | १ | | | ५,०००,००० | उत्तरगया ३ | गा.पा. प्रदेश र संघ |
| ८ | भूमेदेवी मा.वि. भवन मर्मत सम्भार | पटक | | | | | | | २,५००,००० | उत्तरगया ३ | गा.पा. प्रदेश र संघ |
| ९ | सरस्वती आभारभूत विद्यालय मर्मत सम्भार | पटक | | | | | | | ५,०००,००० | उत्तरगया ३ | गा.पा. प्रदेश र संघ |
| १० | वृद्धाश्रम निर्माण | पटक | | | | १ | | | ५,०००,००० | उत्तरगया ३ | गा.पा. प्रदेश र संघ |
| ११ | मरण घर सार्ने र निर्माण गर्ने | पटक | | | १ | १ | | | १,०००,००० | उत्तरगया ३ | गा.पा. प्रदेश र संघ |
| १२ | क्रिश्चियन समाधिस्थललाई घेराबार र मर्मत गर्ने। | पटक | | | | १ | १ | | ५००,००० | उत्तरगया ३ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५२,०००,०००** | | |
| **जलविद्युत** | | | | | | | | | | | |
| १ | अधेरी खोलाबाट क्षमता अनुसारको विद्युत उत्पादन | १ मि | १ | १ | १ | १ | १ | १ | १५०,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१५०,०००,०००** | | |
| **वडा नं. ३** | | | | | | | | | | | |
| १ | सुधारिएको घट्ट निर्माण | पटक | | १ | | | | | २,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| २ | सोलार प्यानल वितरण | पटक | १ | १ | १ | १ | १ | १ | २,५००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ३ | विद्युतीय चुलो | पटक | १ | १ | १ | १ | १ | १ | १,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५,५००,०००** | | |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| **वडा नं. ३** | | | | | | | | | | | |
| १ | पूर्व सूचना प्रणालीको विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| २ | टावर लाइन विस्तार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ३०,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **८०,०००,०००** | | |
| | **भौतिक पुर्वाधार क्षेत्रको जम्मा** | | | | | | | | **४,०००,५००,०००** | | |
| **वडा नं. ४ (भौतिक पुर्वाधार विकास क्षेत्र)** | | | | | | | | | | | |
| १ | बोगटीटार चौकिटार बनुवा छाप मानिगाउँ कर्मिडाडा कालिका स्थान सडक स्तरोन्नति सहित कालोपत्रे | वटा | १ | १ | १ | १ | १ | ५ | ९२०,०००,००० | वनुवा छाँप बोगटीटार मनिगाउँ, कर्मिडाडा, ढुङ्गे | गा.पा. प्रदेश र संघ |
| २ | नयाँ पुल, पैरेवेंशी कुवापानी भलायडाडा, मनिगाउँ सडक स्तरउन्नति | वटा | १ | १ | १ | १ | १ | ५ | ३००,०००,००० | पैरेवेंशी कुवापानी भलायडाडा मनिगाउँ | गा.पा. प्रदेश र संघ |
| ३ | ढुङ्गे खेलकुद मैदान घलेगढी अम्फेबाट लामसोरासम्म सडक नयाँ निर्माण | वटा | १ | १ | १ | १ | १ | ५ | १५०,०००,००० | ढुङ्गे, घलेगढी विमिरे अम्फे | गा.पा. प्रदेश र संघ |
| ४ | कर्मिडाडा देखि हेल्थपोष्ट सडक निर्माण र स्तरउन्नति | वटा | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | वि.क. टोल चौरखर्क | गा.पा. प्रदेश र संघ |
| ५ | पाटिदेखि कोलडाडा हुँदै मझुवा जाने सडक | वटा | १ | १ | १ | १ | १ | ५ | ७,०००,००० | कोलडाडा मजुवा वि.क. टोल चौरखर्क | गा.पा. प्रदेश र संघ |
| ६ | साझबोट देखि विमिरे हुँदै ओडारेडाडा जाने सडक | वटा | १ | १ | १ | १ | १ | ५ | ३०,०००,००० | विमिरे | गा.पा. प्रदेश र संघ |
| ७ | लामास्वारा देखि पिरे घारी हुँदै पधेरो टोलसम्म सडक | वटा | १ | १ | १ | १ | १ | ५ | २०,०००,००० | कालिमाटी, पिरियघारी, रातमाटे आचार्य टोल पधेरो टोल | गा.पा. प्रदेश र संघ |
| ८ | चिलाउनेको बोट देखि विमिरे हुँदै भलायडाडा विद्यालय जाने सडक | वटा | १ | १ | १ | १ | १ | ५ | २०,०००,००० | तल्लो विमिरे, दुईतले टोल, विद्यालय | गा.पा. प्रदेश र संघ |
| ९ | पैरेवेंशी पक्की पुल | वटा | १ | १ | १ | १ | १ | ५ | २००,०००,००० | पैरेवेंशी | गा.पा. प्रदेश र संघ |
| १० | चौरखर्क देउराली सडक | वटा | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | | गा.पा. प्रदेश र संघ |
| ११ | घलेगढी देखि राम्चे सडक | वटा | १ | १ | १ | १ | १ | ५ | १००,०००,००० | | गा.पा. प्रदेश र संघ |
| १२ | काभ्रे खोला cause way कल्भर्ट निर्माण | वटा | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | पैरेवेंशी | गा.पा. प्रदेश र संघ |
| १३ | भलायडाडा भऱ्याङ खोलाबाट मैलुङसम्म कृषि सडक | | १ | १ | १ | १ | १ | ५ | ३००,०००,००० | | गा.पा. प्रदेश र संघ |
| १४ | विमिरे अम्फे, छहरेखोला हुँदै राम्चे सडक | | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२,१२२,०००,०००** | | |
| **वडा नं. ४** | | | | | | | | | | | |
| १ | मनिगाउँ झोलुङ्गे पुल | वटा | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | मनिगाउँ | गा.पा. प्रदेश र संघ |
| २ | मजुवा झोलुङ्गे पुल | वटा | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | मजुवाँ | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| ३ | कालिका स्थान जाने बाटो काभ्रेखोला | वटा | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | चिप्लेटि (कृषिपुर) | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१५,०००,०००** | | |
| **वडा नं. ४, ढल निकास** | | | | | | | | | | | |
| १ | ढुङ्गे देखि कर्मिडाडा भलायडाडा हुँदै पैरेवेंशी भलेसो निर्माण | वटा | १ | १ | १ | १ | १ | ५ | १५०,०००,००० | ढुङ्गे देखि पैरेवेंशी सम्मको बस्तीमा | गा.पा. प्रदेश र संघ |
| २ | ढुङ्गे देखि कोलडाडा मनिगाउँ हुँदै काडाँघारी भलेसो निर्माण | वटा | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | ढुङ्गे देखि मनिगाउँ सम्मको वस्तीमा | गा.पा. प्रदेश र संघ |
| ३ | ओडारेडाडादेखि कालिखोला सम्म भलेसो निर्माण | वटा | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | २१०,०००,००० | | |
| **वडा नं. ४, भवन** | | | | | | | | | | | |
| १ | वडा कार्यालय भवन | वटा | १ | १ | १ | १ | १ | १ | २५,०००,००० | कर्मिडाडा | गा.पा. प्रदेश र संघ |
| २ | शित भण्डारण भवन | वटा | १ | १ | १ | १ | १ | ५ | २०,०००,००० | कर्मिडाडा | गा.पा. प्रदेश र संघ |
| ३ | सामुदायिक भवन | वटा | १ | १ | १ | १ | १ | ५ | ४०,०००,००० | पैरेवेंशी, भलामडाडा, कमिडिडा, मनिगाउँ ढुङ्गे | गा.पा. प्रदेश र संघ |
| ४ | पैरेवेंशी विष्णु मन्दिर | वटा | १ | | | | | १ | २,०००,००० | पैरेवेंशी | गा.पा. प्रदेश र संघ |
| ५ | कोलडाडा ज्येष्ठ नागरिक छलफल चौतारी | वटा | | १ | १ | | | १ | १,५००,००० | कोल्डाडा | गा.पा. प्रदेश र संघ |
| ६ | माथिल्लो कर्मीडाँडा छलफल चौतारी निर्माण | | | १ | १ | | | १ | १,०००,००० | | गा.पा. प्रदेश र संघ |
| ७ | मनिगाउँ गुम्बा निर्माण भवन | वटा | | | १ | १ | | १ | ८,०००,००० | मनिगाउँ | गा.पा. प्रदेश र संघ |
| ८ | ढुङ्गे गुम्बा निर्माण भवन | वटा | १ | १ | १ | १ | १ | १ | ८,०००,००० | ढुङ्गे | गा.पा. प्रदेश र संघ |
| ९ | ढुङ्गेमा इन्द्रदेवी मन्दिर | वटा | १ | १ | १ | १ | १ | १ | १,०००,००० | ढुङ्गे | गा.पा. प्रदेश र संघ |
| १० | घलेगढी शिव मन्दिर बुद्ध मन्दिर | वटा | १ | १ | १ | १ | १ | १ | १०,०००,००० | घलेगढी | गा.पा. प्रदेश र संघ |
| ११ | ढुङ्गे खेलकुद मैदान निर्माण | वटा | १ | १ | १ | १ | १ | १ | १०,०००,००० | ढुङ्गे | गा.पा. प्रदेश र संघ |
| १२ | भलायडाँडा खेलकुद मैदान निर्माण | वटा | १ | १ | १ | १ | १ | १ | ५,०००,००० | भलायडाँडा | गा.पा. प्रदेश र संघ |
| १३ | मनिगाउँ खेलकुद मैदान निर्माण | वटा | १ | १ | १ | १ | १ | १ | १०,०००,००० | मनिगाउँ | गा.पा. प्रदेश र संघ |
| १४ | चर्च भवन निर्माण | वटा | १ | १ | १ | १ | १ | २ | ५,०००,००० | तल्लो कर्मीडाँडा र माथिल्लो कर्मीडाँडा | गा.पा. प्रदेश र संघ |
| १५ | मरण पाटी निर्माण भलायडाँडा | वटा | | १ | १ | १ | १ | १ | १,५००,००० | भलायडाँडा | गा.पा. प्रदेश र संघ |
| १६ | गुम्बा निर्माण भलायडाडा | वटा | | १ | १ | १ | १ | १ | २,०००,००० | भलायडाँडा | गा.पा. प्रदेश र संघ |
| १७ | ४ नं वडा कार्यालय प्रवेशद्वार (पैरेवेंशी निग्लिनेपाखा, ढुङ्गे) | वटा | | | १ | १ | १ | ३ | ३,०००,००० | | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| १८ | चौरखर्क सामुदायिक भवन मर्मत तथा टरस निर्माण | वटा | १ | १ | १ | १ | १ | ५ | ३,०००,००० | चौरखर्क | गा.पा. प्रदेश र संघ |
| १९ | ढुंगे सामुदायिक अधुरो भवन सम्पन्न | वटा | १ | १ | १ | १ | १ | ५ | ३,०००,००० | | गा.पा. प्रदेश र संघ |
| २० | फलामका सामग्री निर्माणको आधुनिकीकरण सहित मेशीन औजार र भवन व्यवस्थापनका लागि भवन निर्माण | वटा | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | कर्मीडाँडा | गा.पा. प्रदेश र संघ |
| २१ | कर्मीडाँडा रामसीता मन्दिर | वटा | | १ | | | | | १,०००,००० | | गा.पा. प्रदेश र संघ |
| २२ | सुन्दरादेवी मन्दिर निर्माण मनिगाउँ | वटा | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | मनिगाउँ | गा.पा. प्रदेश र संघ |
| २३ | विमिरे सामुदायिक भवन घेराबार तथा मर्मत | वटा | | | | | | | १,०००,००० | | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१६७,०००,०००** | | |
| **वडा नं. ४, उर्जा** | | | | | | | | | | | |
| १ | विद्युतीय चुल्हो (एक घर एक विद्युत चुल्हो) | वटा | १ | १ | १ | १ | १ | ६५० | २०,०००,००० | | गा.पा. प्रदेश र संघ |
| २ | सौर्य उर्जा उत्पादन स्टेशन | वटा | | १ | १ | १ | १ | ५ | ५०,०००,००० | | गा.पा. प्रदेश र संघ |
| ३ | बायो ग्याँस (२५ प्रतिशत घरधुरीलाईं) | २०० वटा | | १ | १ | १ | १ | २०० | २५,०००,००० | | गा.पा. प्रदेश र संघ |
| ४ | सोलार सडक बाटो | पटक | १ | १ | १ | १ | १ | | | | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **९५,०००,०००** | | |
| **वडा नं. ४, पदमार्ग तथा गोरेटो बाटो** | | | | | | | | | | | |
| १ | पिरेघारी देखि माथिल्लो सडकसम्म सिडी बाटो | पटक | १ | १ | १ | १ | १ | ५ | २,५००,००० | विरेघारी, नेम्बुजङ | गा.पा. प्रदेश र संघ |
| २ | कर्मिडाँडा देखि ढुङ्गे विद्यालय सिंडी बाटो निमाण | पटक | १ | १ | १ | १ | १ | ५ | २,५००,००० | कर्मिडाँडा, ढुङ्गे | गा.पा. प्रदेश र संघ |
| ३ | बिमिरे देखि ढुङ्गे विद्यालय सिंडी बाटो निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | २,५००,००० | बिमिरे, ढुङ्गे | गा.पा. प्रदेश र संघ |
| ४ | तल्लो बिमिरे देखि माथि सडक सम्म सिंडी बाटो | पटक | १ | १ | १ | १ | १ | ५ | २,०००,००० | बिमिरे, कर्मिडाँडा | गा.पा. प्रदेश र संघ |
| ५ | तल्लो कर्मिडाँडा देखि कदमगैरी सिंडी बाटो | पटक | १ | १ | १ | १ | १ | ५ | ३,०००,००० | कर्मिडाँडा, कोतडाँडा | गा.पा. प्रदेश र संघ |
| ६ | फर्निचर देखि नेम्बुजङ ढुंगे सिंडी बाटो | पटक | १ | १ | १ | १ | १ | ५ | १,५००,००० | नेम्बुजाङ, माथिल्लो क्षेत्र | गा.पा. प्रदेश र संघ |
| ७ | काभ्रेखोला मनिगाउँ देखि मजुवा कालिका स्थान सिंडी बाटो | पटक | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | मनिगाउँ, मजुवा | गा.पा. प्रदेश र संघ |
| ८ | जमरी देखि डिँडाडा सिंडी बाटो निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | मनिगाउँ, कर्पिडाँडा | गा.पा. प्रदेश र संघ |
| ९ | ओडारे डाँडा देखि घिमिरे टोल सिंडी बाटो | पटक | १ | १ | १ | १ | १ | ५ | २,५००,००० | बिमिरे | गा.पा. प्रदेश र संघ |
| १० | घट्टे चौतारा देखि कुवापानी भलायडाँडा सिंडी बाटो | पटक | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | पैरेवेंशी, कुवापानी भलायडाँडा | गा.पा. प्रदेश र संघ |
| ११ | मनिगाउँ देखि लामाटोल सिंडी बाटो निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | मनिगाउँ, कोलडाँडा | गा.पा. प्रदेश र संघ |
| १२ | बेतेगौंडा देखि छहरेखोला सम्म गोरेटो बाटो निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | पैरेवेंशी | गा.पा. प्रदेश र संघ |
| १३ | खेलकुद मैदान देखि अम्पे छहरे खोला सिंडी बाटो | पटक | १ | १ | १ | १ | १ | ५ | ४०,०००,००० | ढुङ्गे | गा.पा. प्रदेश र संघ |
| १४ | पैरेवेशी भोगटेघारी पारीपाखा सिंडी बाटो | पटक | १ | १ | १ | १ | १ | ५ | ३०,०००,००० | पैरेवेंशी | गा.पा. प्रदेश र संघ |
| १५ | मनिगाउँ पाँचमुरे सम्म सिंडी बाटो | | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | मनिगाउँ | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | वार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| १६ | कर्मिडाँडा देखि कालिकास्थान जाने गोरेटो बाटो | पटक | १ | १ | १ | १ | १ | ५ | २०,०००,००० | कर्मिडाँडा चौरखर्क | गा.पा. प्रदेश र संघ |
| १७ | भलायडाडा देखि अर्चले पाखा सामुदायिक भवन सम्म गोरेटो बाटो निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | ढुंगे | गा.पा. प्रदेश र संघ |
| १८ | लोटोल देखि स्कुल सिडी बाटो निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | २,०००,००० | ढुंगे | गा.पा. प्रदेश र संघ |
| १९ | पानगिल डाँडादेखि स्कुल सम्म गोरेटो बाटो निर्माण , | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | | गा.पा. प्रदेश र संघ |
| २० | ढुंगे देखि काभ्रेडाँडा सम्म गोरेटो बाटो निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | | गा.पा. प्रदेश र संघ |
| २१ | मनिगाउँ देखि मारुनी टोलसम्म गोरेटोबाटो निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | मनिगाउँ | गा.पा. प्रदेश र संघ |
| २२ | सालको बोट देखि भलायडाँडा स्कुल सम्म गोरेटो बाटो निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | | गा.पा. प्रदेश र संघ |
| २३ | पधेरो टोल देखि लामा गोठ सम्म गोरेटो बाटो निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | | गा.पा. प्रदेश र संघ |
| २४ | आहाल देखि माथिल्लो सडक सम्म सिडी बाटो | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२१०,५००,०००** | | |
| **वडा नं. ४, संचार** | | | | | | | | | | | |
| १ | पूर्व सूचना प्रणाली | वटा | १ | १ | १ | १ | १ | ७ | १०,०००,००० | पैरेवेंशी भलामडाडा, कर्मिडाडा, विमिरे, ढुङ्गे | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१०,०००,०००** | | |
| | **भौतिक विकास क्षेत्रको जम्मा** | | | | | | | | **२,८२९,५००,०००** | | |
| **वडा नं. ५ (भौतिक पुर्वाधार विकास क्षेत्र)** | | | | | | | | | | | |
| **वडा नं. ५, सडक तथा पुल** | | | | | | | | | | | |
| १ | सबै  कृषि तथा भित्री सडक बाटो नाली सहित विस्तार एवं कालोपत्रे | पटक | १ | १ | १ | १ | १ | ५ | २००,०००,००० | उत्तरगया- ५ सबै | गा.पा. प्रदेश र संघ |
| २ | सिढी तथा गोरेटोबाटो ढुङ्गाको जोडाई | पटक | १ | १ | १ | १ | १ | ५ | २५,०००,००० | उत्तरगया- ५ सबै | गा.पा. प्रदेश र संघ |
| ३ | बेत्रावती देखि कालिका स्थान जाने पर्यटकीय सिढी बाटो निर्माण | पटक | १ | १ | | | | ५ | ५,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ४ | सिम्ले काडेपानीबाट बिदुर १० जोड्ने झोलुङ्गे पुल | पटक | १ | १ | १ | १ | १ | ५ | ६,५००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ५ | उत्तरगया धाम जोड्ने सडक बाटो | पटक | | १ | | | | ५ | ५,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ६ | नयाँ सडक खन्ने कार्य : पासांग ल्हामु देखि स्वास्थ्य भवन सम्म जाने | पटक | १ | १ | १ | १ | १ | ४ | ६,०००,००० | | गा.पा. प्रदेश र संघ |
| ७ | पहिरो तिन्त्रण वडा ५ सबै तिर | पटक | १ | १ | १ | १ | १ | ५ | २००,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ८ | तल्लो छाप कृषि सडक देखि पहरेखोलासम्म सीडी बाटो रेलीङ सहित | पटक | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ९ | छाप, पहरे, तल्लो छाप, ढलान बाटो | पटक | १ | १ | १ | १ | १ | ५ | | | गा.पा. प्रदेश र संघ |
| १० | माझगाउँ वरथुम्की सिम्ले सिडी बाटो | पटक | | | | | | ५ | ८,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| ११ | उपल्लो पौवा गोरेटो बाटो | पटक | | | | | | ५ | ५,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| १२ | बनुवा देखि उत्तरगया गाउँपालिका सम्म सिडी बाटो | पटक | | | | | | ५ | १०,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| १३ | बनुवा छाप देखि बोगटीटार बेत्रावती पुरानो मुलबाटो निर्माण | पटक | | | | | | ५ | १०,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहार्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| १४ | बनुवादेखि तल्लो पैरेबेंसी कृषि सडक | पटक | | | | | | ५ | १०,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| १५ | गुह्ये खोला देखि नौविसे नयाँ वस्ती | पटक | | १ | | | | ५ | ३,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| १६ | पाल्या बनदेखि सिम्खेत हुँदै बनुवा जोडने सडक | पटक | | | १ | | | ५ | ३,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| १७ | बनुवा ढाडबारी टोलदेखि अधियारी चौर हुँदै लोक्से हुँदै परेखोला जोडने | पटक | | | | १ | | ५ | ३,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५०४,५००,०००** | | |
| **वडा नं. ५** | | | | | | | | | | | |
| १ | सामुदायिक भवन निर्माण | वटा | १ | १ | १ | १ | १ | ७ | ३५,०००,००० | ५ नं. वडाको गाउँटोल | गा.पा. प्रदेश र संघ |
| २ | स्वास्थ्य इकाई भवनमा बर्थिङ सेन्टर सुविधा | वटा | | १ | | | | १ | १०,०००,००० | वडा नं. ५ बोगटीटार | गा.पा. प्रदेश र संघ |
| ३ | खेलकुद मैदान निर्माण | वटा | १ | १ | १ | १ | १ | ४ | ४,०००,००० | वडा नं. ५ | गा.पा. प्रदेश र संघ |
| ४ | ५ नं. वडा भवन निर्माण | वटा | | १ | | | | १ | ४०,०००,००० | वडा नं. ५ माझगाउँ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५४,०००,०००** | | |
| **वडा नं. ५, उर्जा** | | | | | | | | | | | |
| १ | सबै विद्यालयमा सौर्य ऊर्जा जडान | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | उत्तरगया ५ | गा.पा. प्रदेश र संघ |
| २ | निर्माणाधीन जलविद्युत कम्पनीको स्थानीय बासीलाई शेयर वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | | उत्तरगया ५ | गा.पा. प्रदेश र संघ |
| ३ | उत्तरगया- राम मन्दिर देखि उपल्लो पौवा चापेसम्म सोलार सहितको व्यवस्थित गोरेटो बाटो | पटक | १ | १ | १ | १ | १ | ५ | २,५००,००० | उत्तरगया ५ | गा.पा. प्रदेश र संघ |
| ४ | बनुवा छाप चौखेटार नौविसे बत्ती सोलार कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ६,५००,००० | उत्तरगया ५ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१०,०००,०००** | | |
| **वडा नं. ५, सुचना प्रविधि** | | | | | | | | | | | |
| १ | वडा नं.५ भरी ल्याण्डलाइन फोन जडान एवं इन्टरनेट विस्तार | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | | | गा.पा. प्रदेश र संघ |
| | **वडा नं. ५ को भौतिक पुर्वाधारको जम्मा** | | | | | | | | **५६८,५००,०००** | | |
| | **भौतिक पुर्वाधार क्षेत्रको जम्मा बजेट** | | | | | | | | **१०,४७३,६००,०००** | | |

# परिच्छेद-७
## उर्जा विकास योजना

### ७.१ वस्तुस्थिति विश्लेषण

#### पृष्ठभूमि

भौतिक संरचना तथा पूर्वाधार विकास क्षेत्रको विकासले गाउँपालिकाको सामाजिक, आर्थिक, वन तथा वातावरण लगायतका क्षेत्रमा सेवा प्रवाह गर्न महत्वपूर्ण स्थान ओगटेको हुन्छ। गाउँपालिकालाई समृद्धिको दिशातर्फ अघि बढाउनकालागि अन्य पूर्वाधारका साथै विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि जस्ता विषयहरु पर्दछन्। उत्तरगया गाउँपालिकाको समग्र विकासलाई टेवा पुऱ्याउने यस क्षेत्रको सम्भावना र अवसर, समस्या तथा चुनौती र चाल्नु पर्ने रणनितिक कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ।

#### ७.१.१ विद्युत तथा उर्जा

##### क. सम्भावना, अवसर र विद्यमान अवस्था

यस गाउँपालिकामा करीब ६७.१ प्रतिशत घरहरुमा राष्ट्रिय प्रशारणबाट उत्पादित विजुलीबाट विद्युतीकरण भएको छ। ४३.७३ प्रतिशत घरहरुमा सोलारबाट विद्युत आपूर्ति गरिएको छ। ५०० मी. सडकमा ३१ वटा सोलार बत्ती भएको राखिएको छ। २०० बाटको सोलार सुविधा विभिन्न ८ वटा स्थानमा राखिएको छ। ३ फेजको लाइन वडा नं १ मा बाहेक अन्य वडामा पुगेको छ। ८ वटा हाइड्रोपावरले इजाजत पत्र लिएको छ।

##### ख. समस्या तथा चुनौती

भौगोलक विकटताले गर्दा विद्युतीकरणमा कठिनाई हुने गरेको छ। ट्रान्सफर्मरको क्षमता कम हुँदा भोल्टेज कम हुन गई बेला बेलामा विद्युत आपूर्ति अवरुद्ध हुने गरेको छ। हावाहुरीको कारणले विद्युत आपूर्तिमा समस्या हुने गरेको छ। सुधारिएको चुल्हो प्रयोग गर्ने घरधुरीहरु भुकम्पमा भत्किएपछि नयाँ बनेका घरहरुमा सुधारिएको चुल्हो निर्माण गरिएको छैन।

### ७.२ लक्ष्य

यस गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ।

- सौर्य, वायु र जलश्रोतको प्रयोगबाट उर्जा उत्पादनमा वृद्धि गरी उत्पादन र रोजगारीमा वृद्धि गर्नु

### ७.३ उद्देश्य

गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन।

- विद्युतको उत्पादन र उपलब्धतमा वृद्धि भएको हुनेछ।
- वैकल्पिक उर्जाको प्रवर्द्धन र विस्तार भएको हुनेछ।

### ७.४ रणनीति तथा कार्यनीति

दीर्घकालीन सोचतर्फ उन्मुख भई उत्तरगया विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न उत्तरगया गाउँपालिकाले उर्जा विकासको क्षेत्रमा देहायानुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्नेछ।

**तालिका २१: विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति**

| विषयगत रणनीति | कार्यनीति |
|---|---|
| **विद्युत तथा उर्जा** | |
| • गाउँका सबै घर तथा सार्वजानिक स्थानहरुमा विद्युत सेवाको पहुँच अभिवृद्धि गर्ने | • विजुलीको तारलाई रुखले छुने स्थानमा इन्सुलेटरले ढाकिएको कालो तार प्रयोग गरिने छ।<br>• प्रत्येक टोलमा ३ फेजको तारबाट विद्युत लाइनको विस्तारका लागि पहल गरिनेछ।<br>• सार्वजानिक चोक तथा धार्मिक स्थलहरुमा सौर्य बत्ती जडान गरी उज्यालो गाउँपालिका अभियान सञ्चालन गरिनेछ। |

# परिच्छेद-८
## वन तथा वातारण व्यवस्थापन योजना

### ८.१ वस्तुस्थिति विश्लेषण

#### पृष्ठभूमि

नेपालको संविधानको भाग ३, धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको मौलिक हक प्रदान गरेको छ। प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान राखेको छ। विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारीसम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयनमार्फत् प्रभावकारी विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय सहितको विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ। वातावरण व्यवस्थापन, राष्ट्रिय वन नीति, कार्बन सेवा, वातावरण अनुकूलन संघको एकल अधिकार क्षेत्रभित्र राखेको छ भने प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभलाई संघ तथा प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ।

वर्तमान संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ। अनुसूची ६ ले प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन प्रदेशको अधिकार सूची अन्तर्गत राखेको छ। यस परिवेशमा यस योजनामा प्रस्तावित कार्यक्रमहरु स्थानीय वन समूहहरुलाई क्षमता विकासमा सहयोग गर्ने तथा सम्बन्धित तह, निकायसँग सहकार्य गर्ने दृष्टिकोणले तय गरिएका छन्।

गाउँपालिकाले दीगो विकासको लक्ष्यसहितको दीर्घकालीन सोच कायम गरेर अगाडि बढिरहेको तथा संविधान तथा प्रचलित ऐन, कानुनले लिएका लक्ष्य तथा दीगो विकास लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्यहरूसमेत हासिल गर्न वर्तमान संघीय व्यवस्थामा स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन, क्षेत्रका लागि आवधिक विकासको मार्गचित्र स्पष्ट गर्न आवधिक योजनाको विषय क्षेत्रगत योजनाका रुपमा यो योजना तर्जुमा गरिएको छ। यस योजनामा उल्लिखित क्षेत्रहरूमा यस गाउँपालिकाका सम्भावना तथा अवसर र समस्या तथा चुनौती सहित विद्यमान अवस्था तथा रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरूसमेत संलग्न गरी यो योजना तर्जुमा गरिएको छ।

#### ८.१.१ वन तथा जैविक विविधता

**क. सम्भावना, अवसर र विद्यमान अवस्था**

नेपालको वन क्षेत्रलाई ४० प्रतिशतमा कायम गर्ने नेपाल सरकारको नीति रहेको छ। यस गाउँपालिका कुल जमिनमध्ये ७३.८१ प्रतिशत भूमि (२२६.८३ व.कि.मी.) वनजंगल र ६.३५ प्रतित (२५.४० ब.कि.मि.) झाडी बुट्यानले ढाकेको छ। यहाँ पाइने रुखका प्रमुख प्रजातिमा चिलाउने, सल्लो, उत्तीस, साल, सिरिस, धूपी, काल्दा, कटुस, बकाइनो, बर, पिपल, बडहर, खनायो, कुटमिरो, दार, पयुऊ, मयल, चुलेत्रो, काइँयो, गुराँस, चिउरी, धँगेरो, काफल रहेका छन् भने झाडीअन्तर्गत खर्सु, चुत्रो, रुङरुङ, सिङकेन, मलायो, अँगेरी, ऐसेलु, वनमारा प्रमुख छन्। उपलब्ध वनको वैज्ञानिक व्यवस्थापन गरी आय आर्जन तथा जीविकोपार्जनमा टेवा पुऱ्याउन सकिने सम्भावना रहेको छ। यहाँको वनमा कालिज, ढुकुर, डाँफे, वनकुखुरो, परेवा, भँगेरा, सारौ, काग, चिवेचरो, काफलपाक्यो चरी, जुरेली, टोङ्केचरो, गिद्द, पानीहाँस, बकुल्ला, कोइली, सुगालगायतका चराचुरुङ्गी तथा वन्यजन्तुमा दुम्सी, बँदेल, भालु, चितुवा, हिमचितुवा, वनबिरालो, बाँदर (रातो, कालो, सेता), मृग, घोरल, चित्तल पाइन्छ। लाङटाङ राष्ट्रिय निकुञ्जको नजिक रहेको तथा हरियाली क्षेत्र रहेको, विभिन्न वन्यजन्तु तथा चराचुरुङ्गी पाइने हुँदा पर्यापर्यटनको विकास गरी जीविकोपार्जनका अवसरहरु विविधिकरण गर्न सकिने सम्भावना रहेको छ। गैरकाष्ठ वन पैदावारका लागि पनि यहाँको वन सम्भावना बोकेको क्षेत्र हो। जडीबुटीका लागि पनि यो गाउँपालिका धनी रहेको छ। यहाँका वनमा पाइने जडीबुटीमा चिराइतो, हर्रो, बर्रो, भुइँझार, सर्पगन्धा, टिमुर, बोझो, तुलसी, तेजपात, पुदिना, पाखनवेद, ठूलोओखती, अमला, घीउकुमारी प्रमुख छन्। फलफूल उत्पादनका दृष्टिकोणले समेत यहाँको वन सम्भाव्य रहेको छ। वन क्षेत्रमा अतिक्रमण, चोरी निकासी छैन साथ तुलनात्मक रुपमा सुरक्षित रहेको छ।

यहाँको वनमा स्पष्ट सीमाङ्कन रहेको छ र वन समूहहरुबीच कुनै सीमा विवाद रहेको छैन। गाउँमा ग्याँसको प्रचलन बढ्दै गएको छ र परिणामतः दाउराको माग कम हुन गई वनमाथिको चाप घट्दै गएको छ। समग्रमा यहाँको वन क्षेत्र तुलनात्मक रुपमा सुरक्षित रहेको छ।

गाउँपालिकामा कुल २१ वटा सामुदायिक र १ वटा निजि वन गरी जम्मा २२ वटा रहेका छन्। वनमा आधारित उद्योगअन्तगर्त ३ वटा फर्निचर उद्योग रहेका पाइन्छ। वन क्षेत्रले ग्रामीण जीवनमा दैनिक आवश्यक पर्ने घाँस दाउराका अतिरिक्त वर्षाको पानीले निम्त्याउन सक्ने भूक्षयको नियन्त्रण गरेको छ।

**ख. समस्या तथा चुनौती**

गाउँपालिकाका विभिन्न ठाउँमा पहिरो गएको छ र यसबाट वन तथा जैविक विविधता क्षय भएको छ। यस्ता स्थानहरुमा भूक्षय, पहिरोका कारण रुख विरुवा तथा जैविक विविधतामा क्षति पुग्न गएको छ। हरेक वर्षजसो हुने अनियन्त्रित वन डढेलोले पनि वन क्षयीकरण भइरहेको छ तर वन

डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा पालिकास्तरीय कार्ययोजना समेतको अभाव रहेको छ साथै वन्यजन्तु र चराचुरुङ्गींको वासस्थानमा क्षति भएको छ। सडक निर्माण अघि प्रारम्भिक वातावरणीय परीक्षण नहुनु तथा प्रतिवेदनका सुझावहरु पालना नहुनाले वातावरणीय जोखिम बढेको छ। गाउँपालिकामा रहेको वन तथा जैविक विविधतासम्बन्धी अभिलेख नहुँदा लोपोन्मुख प्रजातिको पहिचान तथा संरक्षणको कार्य अघि बढाउन कठिन अवस्था रहेको छ। जडीबुटीको सम्भाव्यता अध्ययन, जडीबुटी प्रशोधन तथा बजारीकरण हुन सकेको छैन। खेतीपातीमा बढी रसायनिक मलको प्रयोग गर्नाले फलफूलमा समस्या पैदा हुँदै गएको, लोप हुँदै गएको छ। भूकम्पपश्चात्का सुरुका वर्षहरुमा वन विनास थपियो। वन व्यवस्थापनमा वैज्ञानिकता नभएको हुँदा वन क्षेत्रको उत्पादन, उत्पादकत्व कम रहेको छ। परम्परागत घाँस दाउराबाहेक वन क्षेत्रबाट समुदाय अन्य आयआर्जनका क्रियाकलाप गरी लाभान्वित हुन सकेको छैन। जलवायुजन्य अतिशय परिणाम (Climate Extremities) तथा अनिश्चिततालाई सम्बोधन गर्न गाउँपालिका तथा स्थानीय नागरिकहरूमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ। अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार विकासमा वृद्धि, प्राकृतिक श्रोतहरूको अनियन्त्रित दोहन, वन वातावरणसम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु लगायतका कारणले वन व्यवस्थापन थप प्रभावकारी हुन सकेको छैन।

### ८.१.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

#### क. सम्भावना, अवसर र विद्यमान अवस्था

जलस्रोतका दृष्टिकोणले यो गाउँपालिका सम्पन्न रहेको छ। त्रिशुली नदी, फलाखु खोला वर्षैभरि पानी बग्ने यहाँका नदी हुन् भने अन्य खोला खोल्सामा काभ्रे खोला, राम्चे खोला, मैलुङ खोला, काम्लुङ खोला, अँधेरी खोला, करेली खोला प्रमुख छन्। भूक्षय नियन्त्रणका कार्यका लागि तारजाली, बायोइञ्जिनियरिङका कामहरु विगतदेखि भइरहेका छन्। खानेपानीका मुहानहरु संरक्षित गरिएका छन्, भइरहेका छन्। गाउँपालिकाको ठूलो हिस्सामा वन, झाडी तथा घाँसे क्षेत्र रहेको हुँदा जमिनमा पानी सिंचन (infiltration) भई जलभण्डार बढाउन र भूसंरक्षणमा योगदान पुगेको छ। जैविक विविधताको दृष्टिकोणले समेत धनी क्षेत्र रहेको हुँदा पर्यापर्यटनको प्रवर्द्धन गरी स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने सम्भावना बोकेको छ।

#### ख. समस्या तथा चुनौती

गाउँपालिकाको छुट्टै जलाधार व्यवस्थापन योजना र कार्यक्रम रहेको छैन र जमिन र जलाधार क्षेत्रको वैज्ञानिक तथा दीगो संरक्षण सुनिचित हुन सकेको छैन। भूसंरक्षणका लागि पर्याप्त बजेट आवश्यक पर्ने र सोअनुसार स्रोत उपलब्ध नभएको हुँदा आवश्यक सबै ठाउँमा भूसंरक्षणका कार्यक्रमहरू सञ्चालन गर्न सकिने अवस्था रहेको छैन। नदी खोलाको कटानी नियन्त्रणका लागि पर्याप्त काम हुन सकेको छैन। सूक्ष्म तथा उपजलाधार क्षेत्रहरु पहिचान गरी संरक्षण तथा व्यवस्थापन गर्नुपर्ने खाँचो रहेको छ। जमिन र पानीको व्यवस्थापन गरी पानीको भण्डारण बढाउनुपर्ने तथा जमिनको उर्वराशक्ति बढाउनुपर्ने खाँचो रहेको छ। प्रारम्भिक वातावरणीय परीक्षण सबै निर्माण कार्यमा कार्यान्वयनमा आउन सकेको छैन। सडक निर्माणमा क्रममा कटान भएको क्षेत्रमा उचित संरचनायुक्त टेवा पर्खाल नलगाइनु तथा त्यस्ता क्षेत्रलाई नाङ्गै छोड्नाले भूक्षयका साथै निर्मित सडकहरु समेत हरेक वर्ष क्षय हुने गरेको छ।

### ८.१.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

#### क. सम्भावना, अवसर र विद्यमान अवस्था

भूमिको ठूलो हिस्सामा वन क्षेत्र रहेको छ। समग्र वातावरणीय प्रदुषण तुलनात्मक रुपमा कम रहेको छ तथा जल, जमिन, वायु सामान्यतया स्वच्छ अवस्थामा रहेको छ। प्रदूषण प्रारम्भिक अवस्थामा रहेको हुँदा समयमै उपयुक्त व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने सम्भावना रहेको छ। ग्याँसको प्रचलन बढ्दै गएको हुँदा वन क्षेत्रमाथिको चाप घट्दै गएको छ। ल्याण्डफिल साइटका लागि सम्भाव्य जमिन रहेको छ। खुला दिशामुक्त ठाउँ भएको हुँदा स्वच्छ वातावरण कायम राख्न सहयोग पुगेको छ। घाँसे भूमि तथा झाडीयुक्त सुन्दर वन क्षेत्र रहेको हुँदा पर्यापर्यटनको विकास गर्न सकिने सम्भावना पनि रहेको छ।

#### ख. समस्या तथा चुनौती

फोहोरको वर्गीकरण र कुहाउने पद्धति संस्थागत र व्यापक हुन सकेको छैन। गाउँमा प्लाष्टिक तथा बोतलहरुको मात्रा निरन्तर बढ्दै गएको छ। दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतलहरु जथाभावी फाल्ने प्रचलन रहेको हुँदा वस्ती तथा बाटोमा फोहोर बढ्दै गएको छ। गाउँमा प्लाष्टिक, सिसा तथा बोतल निरन्तर बढ्दै जाँदा प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरु डढाउने परिपाटी रहेको हुँदा वायु प्रदूषित हुनुका अतिरिक्त मानव स्वास्थ्यमा समेत असर पुग्ने भएकाले फोहोर व्यवस्थापनका लागि स्पष्ट अवधारणा र प्रक्रियासहित अघि बढ्नुपर्ने खाँचो रहेको छ। पशुपालनको कमी हुँदै जाँदा कृषि भूमिमा जैविक मलको प्रयोग घट्दै गएको छ र रासायनिक मलको प्रयोग अनियन्त्रित रुपमा बढ्दै गएको छ। यसबाट कृषि भूमिको गुणस्तरमा ह्रास हुँदै गएको छ। स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापनका लागि प्रभावकारी पद्धति नहुँदा प्रदुषण बढ्दै गएको छ। खोला खोल्सामा जथाभावी फोहोर फाल्ने तथा फोहोर जम्मा गरेर नदी, खोलामा बगाउने चलन रहेको हुँदा प्रदूषित हुने क्रम बढ्दो छ।

### ८.२ लक्ष्य

यस गाउँपालिकाको वन तथा वातावरण क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- वन, जैविक विविधता, जमीन र जलश्रोतको दीगो उपयोग गर्नु

### ८.३ उद्देश्य

गाउँपालिकाको वन तथा वातावरण क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन र उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुनेछ।
- भू तथा जलाधार क्षेत्रको संरक्षण र भूक्षयमा न्यूनीकरण भएको हुनेछ।
- जलवायु परिवर्तनको प्रभाव न्यून भएको हुनेछ।

### ८.४ रणनीति तथा कार्यनीति

दीर्घकालीन सोचतर्फ उन्मुख भई उत्तरगया विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न उत्तरगया गाउँपालिकाको संस्थागत क्षमता विकास एवं सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारी अभिवृद्धि गरी आवधिक विकास योजनाको प्राथमिकता तथा रणनीति कार्यान्वयन गरिनेछ। योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि विषयगत क्षेत्रगत रुपमा देहायानुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ।

**तालिका २२: विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति**

| विषयगत रणनीति | कार्यनीति |
|---|---|
| **८.१ वैज्ञानिक वन व्यवस्थापन** | |
| • वैज्ञानिक व्यवस्थापन मार्फत् वन स्रोतलाई जीविकोपर्जनसँग आवद्ध गर्ने | • डिभिजन वन कार्यालय तथा लाङटाङ राष्ट्रिय निकुञ्जसँग समन्वय गरी साझेदारीमा कार्यक्रममार्फत वन व्यवस्थापनलाई सुदृढ बनाइनेछ।<br>• वैज्ञानिक वन व्यवस्थापन सुरु गर्नुअघि सरोकारवाला तथा विज्ञहरुसँग पर्याप्त छलफल गरी नमुनाका रुपमा सानो क्षेत्रबाट वैज्ञानिक वन व्यवस्थापनको काम सुरु गरिनेछ।<br>• जडीबुटीको व्यवसायिक खेती प्रवर्द्धन गर्नका लागि युवा वर्गलाई अनुदानमूलक कार्यक्रम मार्फत आकर्षित गरिनेछ तथा राम्रो प्रतिफल देखाउने युवा व्यवसायीलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।<br>• वातावरणीय परीक्षण मूल्यांकन र त्यसका सिफारिशलाई अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।<br>• कार्बन व्यापारबाट गाउँपालिकालाई पूँजीगत लाभका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय/पहल गरिनेछ। |
| **८.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन** | |
| • जलाधार क्षेत्रको सहभागितामूलक व्यवस्थापन गरी भूमिको उत्पादन र उत्पादकत्व वृद्धिमा टेवा पुऱ्याउने | • नदी तटबन्धन तथा पहिरो नियन्त्रणका लागि स्थानीय समुदायसँग सहकार्य गरी साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।<br>• खोला खोल्साको किनारलगायत जोखिम क्षेत्रमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दीगोपन सुनिश्चित गर्ने प्रयास गरिनेछ।<br>• स्थानीयस्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी नाङ्गा डाँडाहरूमा हरियाली र समग्रमा वन क्षेत्रको गुणात्मक वृद्धि गरिनेछ। |
| **८.३ वातावरण संरक्षण तथा स्वच्छता अभिवृद्धि** | |
| • जनचेतना तथा जिम्मेवारीबोध अभिवृद्धि गरी वातावरणीय स्वच्छता कायम गर्ने। | • टोलस्तरीय विपद् व्यवस्थापन समितिहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाइका काम नियमित रुपमा सञ्चालन गरिनेछ।<br>• जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ।<br>• गाउँपालिकाभित्र प्लाष्टिकका गिलास तथा प्लेटजस्ता वस्तुको उपयोगमा नियन्त्रण गर्दै वैकल्पिक उपायहरु कार्यान्वयनमा ल्याइनेछ।<br>• टोलस्तरीय प्रतिस्पर्धा कार्यक्रम सञ्चालन गरी समुदाय र घर सरसफाइको अभियान सञ्चालन गरिनेछ। |

| ८.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन | |
|---|---|
| • समुदाय तथा सरोकारवालाहरूसँगको साझेदारी तथा सहकार्य गर्ने तथा विपद् व्यवस्थापनका अवधारणाहरुलाई सबै विषयगत क्षेत्रमा मूल प्रवाहीकरण गर्ने | • वडास्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदलहरू गठन गरिनेछ।<br>• समिति तथा कार्यदलहरूलाई तालिमलगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। |
| | • स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ।<br>• प्रमुख वस्तीहरूमा उद्दार सामग्रीहरू भण्डारण गरी नियमित अद्यावधिक गरिनेछ।<br>• बायोइन्जिनिङ प्रविधि प्रवर्द्धन नदी तटबन्धन तथा पहिरो नियन्त्रणलाई दिगोपन दिइनेछ।<br>• हरेक किसिमका विकासका गतिविधि सञ्चालन गर्दा विपद् जोखिमका अवधारणाहरूलाई सम्बोधन गरिनेछ।<br>• आवश्यक पूर्वाधारसहितका सामुदायिक आश्रयस्थलहरू निर्माण गरी आपत्कालका लागि सामुहिक सुरक्षित आवासको प्रवन्ध गरिनेछ।<br>• गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिको प्रतिनिधिलाई गाउँ, वडा तथा वस्तीस्तरीय कार्यक्रमहरूमा अनिवार्य रुपमा सहभागी गराई विपद् व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ। |

# परिच्छेद-९
## विपद् व्यवस्थापन योजना

### ९.१ वस्तुस्थिति विश्लेषण

#### पृष्ठभूमि

सुरक्षित साथ जिउन पाउने मौलिक हकको व्यवस्था नेपालको संविधानले गरेको छ। प्राकृतिक प्रकोप तथा विपद जुनसुकै बेला, जहाँपनि र जो कोहीलाई असर पार्ने गरी जान सक्छ। विगतका अनुभवहरु र जनताले सुरक्षित स्थानमा बसोबास गर्न पाउने मौलिक हकलाई मध्यनजर गरी विपद् व्यववस्थापन ऐन, २०७५ जारी भैसकेको छ। यो ऐनले स्थानीय तह र सरकारलाई विपद् व्यवस्थापनको सबै भन्दा महत्वपूर्ण र जिम्मेवार बनाएकोले आवधिक विकास योजनामा समेत विपद् व्यवस्थापन योजना तयार गरिएको छ।

#### ९.१.१ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

#### क. सम्भावना, अवसर र विद्यमान अवस्था

भूकम्पपश्चात बनेका घरहरु भूकम्प प्रतिरोधी रहेका हुँदा भूकम्पीय जोखिमका दृष्टिकोणले पहिलेभन्दा तुलनात्मक दृष्टिकोणले सुरक्षित रहेका छन्। वडास्तरसम्म विपद् व्यवस्थापन समितिहरु गठन भएका छन्। आपत्कालीन अवस्थामा प्राथमिक उपचारका लागि स्थानीय स्वयम्सेविकाहरु तथा स्वास्थ्यकर्मीको उपलब्धता रहेको छ तथा ३ वटा स्वास्थ्य चौकी रहेका छन्। आपत्कालीन खोज उद्दारका लागि स्थानीय स्तरमा दुईवटा प्रहरी चौकी रहेको छ तथा थप एकवटा अस्थायी प्रहरी पोष्ट रहेको छ। विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय स्तरमा विभिन्न संघ संस्थाले विभिन्न किसिमका तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि अन्य कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। स्थानीय समुदायमा विपद् व्यवस्थापनका लागि परम्परागत ज्ञान, सीप रहेको छ।

#### ख. समस्या तथा चुनौती

गाउँपालिकामा मुख्यतया भूकम्प, पहिरो, बाढी, खडेरी, आगलागी, हावाहुरी, महामाहारी तथा बाँदर अतिक्रमण मुख्य विपद्का रुपमा रहेका छन्। विश्वभरि नै विपद्जन्य घटनाका आवृत्ति (Frequency) तथा सघनता (Intensity) बढ्दै गएको छ र गाउँपालिकास्तरमा पनि अनावृष्टि, अतिवृष्टि, खण्ड वृष्टिलगायत जलवायुका विषयमताहरु बढ्दै गएको महसुस गरिएको छ तर विपद्सम्बन्धी पर्याप्त ज्ञान र सूचनाको कमी रहेको छ र विकास प्रक्रिया विपद् उत्थानशील हुन सकेको छैन। खोज उद्दार गर्न सक्ने जनशक्तिको कमी रहेको छ। आपत्कालका लागि सामुहिक आश्रयस्थलहरुको कमी रहेको छ। उपलब्ध गराइएका आपत्कालीन खोज उद्दार सामग्रीहरुको व्यवस्थापन तथा नियमित अद्यावधिकरण हुन सकेको छैन। खानेपानीका मुहानहरु सुक्दै गएका छन्। जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन। एक दर्जन जोखिमपूर्ण वस्तीहरुमा (गोगने, करुमन्याङ, काम्लुङ, मैलुङ, चिप्लेटी, धार्ना, डाँडागाउँ, ठूलोगाउँको लयुँ, पहिरेबेसी, कुवापानी, पारीपाखा, भोगटेघारी) बसोवास रहेको छ तथा यी वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि पर्याप्त योजना र स्रोतको कमी रहेको छ।

### ९.२ लक्ष्य

यस गाउँपालिकाको विपद व्यवस्थापन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- विपद् व्यवस्थापनको आधार तयार गर्नु

### ९.३ उद्देश्य

गाउँपालिकाको विपद व्यवस्थापन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- विपद् जोखिम तथा विपद्जन्य क्षति न्यूनीकरण भएको हुनेछ।

### ९.४ रणनीति तथा कार्यनीति

दीर्घकालीन सोचतर्फ उन्मुख भई उत्तरगया विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न उत्तरगया गाउँपालिकाको संस्थागत क्षमता विकास एवं सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारी अभिवृद्धी गरी आवधिक विकास योजनाको प्राथमिकता तथा रणनीति कार्यान्वयन गरिनेछ। योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि विषयगत क्षेत्रगत रुपमा देहायानुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ।

तालिका २३: विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति

| विषयगत रणनीति | कार्यनीति |
|---|---|
| **९.१ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन** | |
| • समुदाय तथा सरोकारवाला हरूसँगको साझेदारी तथा सहकार्य गर्ने तथा विपद् व्यवस्थापनका अवधारणाहरुलाई सबै विषयगत क्षेत्रमा मूल प्रवाहीकरण गर्ने | • वडास्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदलहरू गठन गरिनेछ।<br>• समिति तथा कार्यदलहरूलाई तालिमलगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।<br>• स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचनाअनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ।<br>• प्रमुख बस्तीहरूमा उद्दार सामग्रीहरू भण्डारण गरी नियमित अद्यावधिक गरिनेछ।<br>• बायोइन्जिनियरिङ प्रविधि प्रवर्द्धन नदी तटबन्धन तथा पहिरो नियन्त्रणलाई दिगोपन दिइनेछ।<br>• हरेक किसिमका विकासका गतिविधि सञ्चालन गर्दा विपद् जोखिमका अवधारणाहरूलाई सम्बोधन गरिनेछ।<br>• आवश्यक पूर्वाधारसहितका सामुदायिक आश्रयस्थलहरू निर्माण गरी आपत्कालका लागि सामुहिक सुरक्षित आवासको प्रवन्ध गरिनेछ।<br>• गाउँपालिकास्तरीय विपद् व्यवस्थापन समितिको प्रतिनिधिलाई गाउँ, वडा तथा वस्तीस्तरीय कार्यक्रमहरूमा अनिवार्य रुपमा सहभागी गराई विपद् व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ। |

## ९.५ प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजना (कार्यान्वयन योजना)

आवधिक योजनाका विपद व्यवस्थापन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ/ संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता आधारमा देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ।

## तालिका २४: आवधिक योजनाको नतिजा प्राप्तिको लागि तर्जुमा गरिएका कार्यक्रम तथा योजना

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहाने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| **वडा नं. १ (वन तथा वातावरण)** | | | | | | | | | | | |
| १ | वृक्षारोपण कार्यक्रम | १५००० विरुवा | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ५००,००० | तिरु, गोगने, सिरुचेत करुमर्याङ, डिजो | गा.पा. प्रदेश र संघ |
| २ | नर्सरी | २०००० विरुवा | १ | १ | १ | १ | १ | ५ | ५००,००० | करुमर्याङ, तिरु | गा.पा. प्रदेश र संघ |
| ३ | पहिरो नियन्त्रण (मैलुङ्ग) | २०० मि. | | २ | | | | २ | ५०,०००,००० | लामाचिमा भिर | गा.पा. प्रदेश र संघ |
| ४ | सिरुचेत पहिरो नियन्त्रण | १०० मि. | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | सिरुचेत मुनी | गा.पा. प्रदेश र संघ |
| ५ | यालवर्याङ पहिरो नियन्त्रण | ३०० मि. | १ | १ | १ | १ | १ | ५ | १५,०००,००० | यालवर्याङ | गा.पा. प्रदेश र संघ |
| ६ | तिरु सिरुचेत पहिरो नियन्त्रण | १००० मि. | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | सिरु ढुप्चे पाखा | गा.पा. प्रदेश र संघ |
| ७ | कदोखर्क (व्रायोप) पहिरो नियन्त्रण | ५०० मि. | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | कदोखर्क (व्रायोप) | गा.पा. प्रदेश र संघ |
| ८ | गोगने पहिरो नियन्त्रण | ३५० मि. | १ | १ | १ | १ | १ | ५ | ३५,०००,००० | म्राङग्रेन | गा.पा. प्रदेश र संघ |
| ९ | गोगने पहिरो नियन्त्रण | २०० मि. | १ | १ | १ | १ | १ | ५ | २०,०००,००० | मोतेम्राङ | गा.पा. प्रदेश र संघ |
| १० | करुमर्याङ (स्याउचेत) पहिरो नियन्त्रण | ३०० मि. | १ | १ | १ | १ | १ | ५ | ३०,०००,००० | नुङमाङ, स्याउचेत | गा.पा. प्रदेश र संघ |
| ११ | कामलुङ पहिरो नियन्त्रण | १०० मि. | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | कामलुङ | गा.पा. प्रदेश र संघ |
| १२ | जोखिम बस्ती व्यवस्थापन | | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | तिरु, गोगने, ब्रागु करुमर्याङ, सिरुचेत, मैलुङ, यालवर्याङ, कामलुङ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२२६,०००,०००** | | |
| **वडा नं. १ , मुहान संरक्षण** | | | | | | | | | | | |
| १ | पाङग्राचेत गुण्डा पानी संरक्षण | ५०० मि. | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | तिरु, गोगने, क्रागु सिरुचेत, खोच्याङ्वा | गा.पा. प्रदेश र संघ |
| २ | दुमसाङ माथि (कुण्ड) | ४०० मि. | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | करुमर्याङ, कामलुङ, ग्याङसोलुङ, दुम्साङ | गा.पा. प्रदेश र संघ |
| ३ | खोजी खोला | २५० मि. | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | व्राजु, वागु, खोच्याङ्वा | गा.पा. प्रदेश र संघ |
| ४ | व्याङ्त्याङ खोला | १५० मि. | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | सिरुचेत, ओली, तिरु | गा.पा. प्रदेश र संघ |
| ५ | वादीसोङ खोला (भूमेस्थान) | २०० मि. | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | गोगने, ओली | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५,०००,०००** | | |
| **वडा नं. १** | | | | | | | | | | | |
| १ | आगलागी नियन्त्रण | पटक | १ | १ | १ | १ | १ | ५ | ५००,००० | तिरु, गोगने, सिरुचेत, करुमर्याङ, रारे, भदौरे | गा.पा. प्रदेश र संघ |
| २ | तिरु वस्ती फोहोरमैला व्यवस्थापन कार्यक्रम चलाउने (अभिमुखीकरण) | पटक | १ | १ | १ | १ | १ | ५ | ५००,००० | मैलुङ, तिरु, सिरुचेत गुम्बा, नागथान, कल्चेत | गा.पा. प्रदेश र संघ |
| ४ | सुधारिएको चुलो | ३०० घर | १ | १ | १ | १ | १ | ५ | ३,३००,००० | तिरु, गोगने, सिरुचेत, करुमर्याङ, डिजो, भदौरे, कामलुङ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **४,३००,०००** | | |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहाने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| **वडा नं. १** | | | | | | | | | | | |
| १ | वैकल्पिक उर्जाका स्रोतहरु (प्रयोग) | ६७२ घर | १ | १ | १ | १ | १ | ५ | ३३०,००० | तिरु, गोगन, सिरुचेत, करुमर्‍याङ व्रागु, डिजो | गा.पा. प्रदेश र संघ |
| २ | विद्युतीय सवारी साधनको उपयोग (इलेक्ट्रिक) सम्बन्धी संचेतिकरण कार्यक्रम | ६७२ घर | १ | १ | १ | १ | १ | ५ | १००,००० | सचेतिकरण वडा भरी | गा.पा. प्रदेश र संघ |
| ३ | कम्पोष्ट मलको उपयोग | ५०० घर | १ | १ | १ | १ | १ | ५ | १००,००० | करुमर्‍याङ, सिरुचेत, तिरु, गोगने, डिजो | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५३०,०००** | | |
| **वडा नं. १** | | | | | | | | | | | |
| १ | कम्पोष्ट मल | ५०० घर | १ | १ | १ | १ | १ | ५ | १००,००० | तिरु, गोगने, सिरुचेत, करुमर्‍याङ, रारे | गा.पा. प्रदेश र संघ |
| २ | गोठ सुधार | १५० घर | १ | १ | १ | १ | १ | ५ | १,५००,००० | सबै ठाउँ | गा.पा. प्रदेश र संघ |
| ३ | चर्पीको व्यवस्थापन | घरधुरी | ५० | १०० | ५० | ० | ० | २०० | ८००,००० | सबै ठाउँ | गा.पा. प्रदेश र संघ |
| ४ | घरवरिपरी अक्सिजनयुक्त विरुवा रोपण गर्ने (जनचेतनामूलक कार्यक्रम) | ६७२ घर | १ | १ | १ | १ | १ | ५ | २००,००० | सबै ठाउँ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२,६००,०००** | | |
| **वडा नं. १** | | | | | | | | | | | |
| १ | खोला व्यवस्थापन (दलढुङ्गा खोला) | ६०० मिटर | १ | १ | १ | १ | १ | ५ | ६०,०००,००० | तिरु, गोगने, व्रागु, क्रोच्याङ्वा | गा.पा. प्रदेश र संघ |
| २ | भलपानी व्यवस्थापन कार्यक्रम | १००० मिटर | १ | १ | १ | १ | १ | ५ | ५००,००० | तिरु, गोगने, करुमर्‍याङ, भदोरे, सिरुचेत | गा.पा. प्रदेश र संघ |
| ३ | नाला व्यवस्थापन | ५०० मिटर | १ | १ | १ | १ | १ | ५ | ३००,००० | कामलुङ, ओली, डिजो, सिरुचेत, ग्यालसेलुङ | गा.पा. प्रदेश र संघ |
| ४ | मैलुङ खोला व्यवस्थापन | ७०० मिटर | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | मैलुङ खोला | गा.पा. प्रदेश र संघ |
| ५ | कामलुङ खोला व्यवस्थापन | ५०० मिटर | १ | १ | १ | १ | १ | ५ | ५००,००० | करुमर्‍याङ, कामलुङ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **६२,३००,०००** | | |
| **वडा नं. १** | | | | | | | | | | | |
| १ | जोखिम वस्तीको नक्साङ्कन पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | ३००,००० | सबै ठाउँ | गा.पा. प्रदेश र संघ |
| २ | जोखिम स्थानहरुको न्यूनीकरण (बोट विरुवाहरु रोपण) | ५००० विरुवा | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | सबै ठाउँ | गा.पा. प्रदेश र संघ |
| ४ | आपतकालीन कोषको स्थापना | १ | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | वडा स्तर | गा.पा. प्रदेश र संघ |
| ५ | सुरक्षित स्थानको पहिचान, अस्थायी आवासको निर्माण | १ | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | सबै ठाउँ | गा.पा. प्रदेश र संघ |
| ६ | खाद्यान्नको व्यवस्थापन | १ | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | तिरु, गोगने, करुमर्‍याङ, सिरुचेत, व्रागु | गा.पा. प्रदेश र संघ |
| ७ | खाद्य तथा गैर खाद्य सामग्रीको भण्डार | १ | १ | १ | १ | १ | १ | ५ | | | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहाने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| ८ | कार्यदलहरुको लागि आवश्यक सामग्रीको व्यवस्थापन | १ | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | खाल्टे, तिरु, करुमर्‍याङ | गा.पा. प्रदेश र संघ |
| ९ | पूर्व सूचना प्रणालीको व्यवस्थापन (सञ्चार संयन्त्रको निर्माण) | १ | १ | १ | १ | १ | १ | ५ | ५००,००० | मैलुङ | गा.पा. प्रदेश र संघ |
| १० | भूउपयोगको योजना तर्जुमा र कार्यान्वयन | १ | १ | १ | १ | १ | १ | ५ | १५०,००० | वडा भरी | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२६,९५०,०००** | | |
| | **वन, वातावरण तथा विपद व्यवस्थापन जम्मा** | | | | | | | | **३२७,६८०,०००** | | |
| **वडा नं. २, (वन तथा वातावरण क्षेत्रका योजना)** | | | | | | | | | | | |
| १ | सल्लो, साल, सिसौ, पैयु बास, अलैची, अमृसो, जडिबुटी जातका हाइड्रो, भूकम्प र आगलागीबाट भएको ठाउँमा वृक्षारोपण | विरुवा | १ | १ | १ | १ | १ | ३६००० | २,०००,००० | चमेरे पातल, सेबेढाड ओखलढुङ्गा, पोरेली पाखा, देउराली डाडा, कुनाधारी | गा.पा. प्रदेश र संघ |
| २ | सामुदायिक वन क्षेत्रफल विभाजन (तारवार) तथा उत्कृष्ट समितिलाई प्रोत्साहन पुरस्कार | पटक | १ | १ | १ | १ | १ | १२ | २,४००,००० | करेलीपाँखा, कुनाधारी, बोक्सी डाँडा, चिप्लेटी पातल | गा.पा. प्रदेश र संघ |
| ३ | समय समयमा सुपरिवेक्षण अनुगमन, रेखदेख | पटक | १ | १ | १ | १ | १ | ५ | ५००,००० | धार्ना पाखा, पञ्चलिङ्गे ब.उ., माहादेब थान | गा.पा. प्रदेश र संघ |
| ४ | सामुदायिक वन उपभोक्ता समितिको क्षमता विकास (तालिम भ्रमण) | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | वडा नं. २ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५,९००,०००** | | |
| **वडा नं. २ , जलाधार संरक्षण** | | | | | | | | | | | |
| १ | बास्तोला मुहान संरक्षण गरी समुदायसम्म व्यस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | २,०००,००० | वडा नं. २ | गा.पा. प्रदेश र संघ |
| २ | कपेको फेद मुहान संरक्षण | पटक | | १ | १ | १ | | ३ | १,०००,००० | वडा नं. २ | गा.पा. प्रदेश र संघ |
| ३ | करेलीखोलाा दोभान संरक्षण | पटक | | | १ | | | १ | १,०००,००० | वडा नं. २ | गा.पा. प्रदेश र संघ |
| ४ | गट्टीढाँड मुहान संरक्षण | पटक | | | | १ | | १ | १,०००,००० | वडा नं. २ | गा.पा. प्रदेश र संघ |
| ५ | ठुलो सीम मुहान संरक्षण | पटक | | | १ | १ | १ | १ | १,०००,००० | वडा नं. २ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **६,०००,०००** | | |
| **वडा नं. २** | | | | | | | | | | | |
| १ | जनचेतना मूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | उतरगया- २ | गा.पा. प्रदेश र संघ |
| २ | वन जंगल संरक्षण र त्यसबाट प्राप्त हुने उत्पादनको प्रयोग र व्यवस्थाभपनको कार्यविधि, निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १५०,००० | वडा नं. २ सबै | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहाने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| ३ | सडक किनारामा वृक्षरोपण | पटक | १ | १ | १ | १ | १ | ५ | २००,००० | वस्तीहरु | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१,३५०,०००** | | |
| **वडा नं. २** | | | | | | | | | | | |
| १ | जलवायु परिवर्तन सम्बन्धी जनचेतना मूलक कार्यक्रम | घरधुरी | १ | १ | १ | १ | १ | २०० | २,०००,००० | उतरगया-२ | गा.पा. प्रदेश र संघ |
| २ | वन जंगल संरक्षण | पटक | १ | १ | १ | १ | १ | | | उतरगया-२ | गा.पा. प्रदेश र संघ |
| ३ | जलवायु परिवर्तनलाई अनुकूलन हुने गरी खेती प्रणालीमा परिवर्तनका लागि सम्भाव्यता, अध्ययन र अभ्यासको थालनी | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | उतरगया-२ | गा.पा. प्रदेश र संघ |
| ४ | प्रकृति मैत्री विकास निर्माण प्रकृति स्रोत सम्पदाको संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५००,००० | उतरगया-२ | गा.पा. प्रदेश र संघ |
| ५ | डडेलो नियन्त्रण तथा गाउँघरमा निस्कने फोहोरमैलाको वर्गीकरण र उचित व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५००,००० | उतरगया-२ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **४,०००,०००** | | |
| **वडा नं. २, फोहोरमैला** | | | | | | | | | | | |
| १ | फोहोरमैला व्यवस्थापनका लागि उचित स्थान पहिचान तथा संरक्षण निर्माण | वस्ती | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | | गा.पा. प्रदेश र संघ |
| २ | फोहोरमैलाको वर्गीकरण तथा उचित व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | | | गा.पा. प्रदेश र संघ |
| ३ | फोहोरमैला व्यवस्थापनका लागि Dustbin वितरण (घरघरमा) | स्थान | १ | १ | १ | १ | | ५० | ५००,००० | | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१०,५००,०००** | | |
| **वडा नं. २** | | | | | | | | | | | |
| १ | बाढी तथा पहिरो सम्भावित क्षेत्र पहिचान गरी संरक्षणका कार्य गर्ने (डाडागाउँ स्वास्थ्य चौकी, कुवापानी टोल, भाङ्गे झर्ना पातले सिरान, खडकु, पुछार लाम्चे ढुङ्गामा वस्ती संरक्षण गर्ने) | वस्ती | १ | १ | १ | १ | १ | १६ | ११०,०००,००० | उत्तरगया- २ मा पर्ने वस्तीहरु | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **११०,०००,०००** | | |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहाने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| वडा नं. २ | | | | | | | | | | | |
| १ | खोला, खोल्सी नजिक तटबन्ध निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | २००,०००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| २ | पूर्व सूचना, प्रणाली सञ्चालन तथा सूचना प्रवाह | पटक | १ | १ | १ | १ | १ | ५ | | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| ३ | Rapid response team निर्माण क्षमता विकास र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| ४ | हरेक वर्ष भौगर्विक अध्ययन गर्ने र अध्ययनबाट जोखिम पहिचान भएका वस्ती संरक्षणका कार्य नियमित गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| ५ | वडा स्तरमा विपद व्यवस्थापन कोष निर्माण र परिचालन विपद पूर्व तयारी र प्रतिकार्यका लागि आवश्यक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | उत्तरगया- २ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२०२,५००,०००** | | |
| | **वन क्षेत्रको जम्मा** | | | | | | | | **३४०,२५०,०००** | | |
| **वन, वातावरण तथा विपद व्यवस्थापन** | | | | | | | | | | | |
| **वडा नं. ३, (वन तथा भूसंरक्षण)** | | | | | | | | | | | |
| १ | वृक्षारोपण | पटक | १ | १ | १ | १ | १ | १ | १,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| २ | वन्यजन्तु आतङ्क नियन्त्रण सम्बन्धी कार्यक्रम | खेतवारी | १ | १ | १ | १ | १ | १ | १,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ३ | ग्याविङ जाली व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १ | ५०,०००,००० | ठोस्नेघारी, लयुंग, सालिभित्ता, गणेश ढुङ्गा, पैरे पुच्छार | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५२,०००,०००** | | |
| **वडा नं. ३, जलाधार संरक्षण** | | | | | | | | | | | |
| १ | ठोस्नेघारी मुहान संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | ठोस्नेघारी | गा.पा. प्रदेश र संघ |
| २ | बुढीचोक मुहान संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | २०,०००,००० | बुढीचोक | गा.पा. प्रदेश र संघ |
| ३ | मुलपानी ढाड मुहान संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | मुलपानी ढाड | गा.पा. प्रदेश र संघ |
| ४ | गणेश ढुङ्गा मुहान संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | गणेश ढुङ्गा | गा.पा. प्रदेश र संघ |
| ५ | निम्सो मुहान संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | निम्सो खोला | गा.पा. प्रदेश र संघ |
| ६ | तेन्जेको सिम मुहान संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | तेन्जेको सिम | गा.पा. प्रदेश र संघ |
| ७ | भुमेस्थान पुछार सिम, सिस्नेरी सिम मुहान संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | २०,०००,००० | पैरे सिरान | गा.पा. प्रदेश र संघ |
| ८ | देवी थान मुहान संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ९ | गलुलुङ मुहान संरक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | १७२,०००,००० | | |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहाने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| **वडा नं. ३, , वातावरण संरक्षण** | | | | | | | | | | | |
| १ | नर्सरी उत्पादन | पटक | १ | १ | १ | १ | १ | ५ | २,५००,००० | भूमेस्थान | गा.पा. प्रदेश र संघ |
| २ | वृक्षारोपण | वन | १ | १ | १ | १ | १ | ५ | २,५००,००० | आवश्यकता अनुसार | गा.पा. प्रदेश र संघ |
| ३ | आगलागी नियन्त्रण सामग्रीहरु खरिद | वन | १ | १ | १ | १ | १ | ५ | ५००,००० | | गा.पा. प्रदेश र संघ |
| ४ | वन फडानी नियन्त्रण (हेरालु) | वन | १ | १ | १ | १ | १ | ५ | ५००,००० | | गा.पा. प्रदेश र संघ |
| ५ | घेराबार व्यवस्थापन वार्षिक क्रमागत | वन | १ | १ | १ | १ | १ | ५ | २,०००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **८,०००,०००** | | |
| **वडा नं. ३** | | | | | | | | | | | |
| २ | जलाधार क्षेत्रको संरक्षण (सिमसार) | वन | १ | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ५ | रासायनिक तथा विषादी मुक्त कृषि प्रणाली | वन | १ | १ | १ | १ | १ | ५ | १००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **६००,०००** | | |
| **वडा नं. ३, फोहरमैला व्यवस्थापन** | | | | | | | | | | | |
| १ | कुहिने वस्तु र नकुहिने वस्तु सम्बन्धी सचेतना कार्यक्रम तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | २००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| २ | टोलटोलमा फोहोरमैला व्यवस्थापन गर्न डस्बिन निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **७००,०००** | | |
| **वडा नं. ३** | | | | | | | | | | | |
| १ | सम्भावित स्थानहरुको जोखिम नक्साङ्कन | पटक | १ | १ | १ | १ | १ | १ | ३००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| २ | सुरक्षित स्थान र रुट पहिचान र अस्थायी आवास | पटक | १ | १ | १ | १ | १ | १ | ५००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ३ | आपतकालीन कोषको स्थापना | पटक | १ | १ | १ | १ | १ | १ | ३००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ४ | पूर्व सूचना तथा वर्षामापन केन्द्रको स्थापना | पटक | १ | १ | १ | १ | १ | १ | ५००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ५ | वडास्तरमा खोज तथा उद्धार प्राथमिक उपचार र पूर्व सूचना कार्यदलको गठन र तालिम + सामग्री | पटक | १ | १ | १ | १ | १ | १ | ५००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ६ | विपद् व्यवस्थापन पूर्व तयारी र खाद्य, गैर खाद्य भण्डारण | पटक | १ | १ | १ | १ | १ | १ | ५००,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| ७ | वडा स्तरमा भूउपयोग कार्यान्वयन समिति गठन र क्षमता वृद्धि तालिम | पटक | १ | १ | १ | १ | १ | १ | २०,००० | उत्तरगया- ३ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२,६२०,०००** | | |
| | **वनक्षेत्रको जम्मा** | | | | | | | | **२३५,९२०,०००** | | |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहाने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| **वन, वातावरण, विपद व्यवस्थापन** | | | | | | | | | | | |
| **वडा नं. ४, वातावरण** | | | | | | | | | | | |
| १ | वृक्षारोपण | स्थान | १ | १ | १ | १ | १ | १० | १०,०००,००० | ढुङ्गे, विमिरे, मजुवा, चौरखर्क पैरेबेसी, मनिगाउँ, निग्लिनेपाखा | गा.पा. प्रदेश र संघ |
| २ | काँटछाँट | वटा | १ | १ | १ | १ | १ | १० | ५,०००,००० | मनिगउँ, अर्चले | गा.पा. प्रदेश र संघ |
| ३ | नर्सरी स्थापना | वटा | १ | १ | १ | १ | १ | ५ | २,५००,००० | मनिगउँ, अर्चले, बुर्लुङ्ग | गा.पा. प्रदेश र संघ |
| ४ | घेराबार | वटा | १ | १ | १ | १ | १ | १० | १००,०००,००० | मनिगउँ, अर्चले, बुर्लुङ्ग | गा.पा. प्रदेश र संघ |
| ५ | सामुहिक खेती (कृषि वन पद्धति) | वटा | १ | १ | १ | १ | १ | १० | ५,०००,००० | मनिगउँ, अर्चले, बुर्लुङ्ग | गा.पा. प्रदेश र संघ |
| ६ | डडेलो नियन्त्रण | वटा | १ | १ | १ | १ | १ | १० | २,०००,००० | पाँचमुरे मनिगाउँ, ढुङ्गे विमिरे पैरेबेसी | गा.पा. प्रदेश र संघ |
| ७ | पहिरो नियन्त्रण | वटा | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | पाँचमुरे मनिगाउँ, ढुङ्गे विमिरे पैरेबेसी | गा.पा. प्रदेश र संघ |
| ८ | अग्नि रेखा निर्माण | वटा | १ | १ | १ | १ | १ | १० | ५,०००,००० | अम्फे खोला गुहीप खोला काभ्रे खोला पाँचमुरे | गा.पा. प्रदेश र संघ |
| ९ | तटबन्धन (ग्याविन वाल) | वटा | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | पैरेवेसी पाँचमुरे | गा.पा. प्रदेश र संघ |
| १० | नदी नियन्त्रण (R.C.C.) | वटा | १ | १ | १ | १ | १ | २ | २०,०००,००० | पैरेवेसी | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२४९,५००,०००** | | |
| **वडा नं. ४ (जलाधार संरक्षण)** | | | | | | | | | | | |
| १ | पानीको मुहान व्यवस्थापन तथा संरक्षण | वटा | १ | १ | १ | १ | १ | २० | | छहरे खोला, ओवारे, काल्सीङ्ग बाँसी खोला, काली खोला | गा.पा. प्रदेश र संघ |
| २ | पहिरो नियन्त्रण | वटा | १ | १ | १ | १ | १ | ५ | | काभ्रे खोला जमरी ढुङ्गे धारा, चुवाबोट | गा.पा. प्रदेश र संघ |
| ३ | मुहान संरक्षण | वटा | १ | १ | १ | १ | १ | ५ | | सिम्लाबोट स्कुल छेउ | गा.पा. प्रदेश र संघ |
| ४ | वृक्षारोपण | वटा | १ | १ | १ | १ | १ | ५ | | कोषधारा दुप्चेखोला पुरानो पँधेरा पहिरो मुहान चुवाबोट | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | | | |
| **वडा नं. ४ (फोहोरमैला व्यवस्थापन)** | | | | | | | | | | | |
| १ | सार्वजनिक शौचालय | वटा | | १ | १ | १ | १ | ५ | ५,०००,००० | ढुङ्गे कर्मिडाँडा मनिगाउँ, भलाडाँडा | गा.पा. प्रदेश र संघ |
| २ | सडकको किनारामा वृक्षारोपण | वटा | | | १ | १ | १ | १ | १,०००,००० | ढुङ्गे देखि मनिगाउँ पैरेबेसी सडक र साखा सडकहरु | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहाने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| ३ | सचेतना कार्यक्रम (सुचनामुलक), टोल टोलमा सुचना पाटी | वटा | १ | १ | १ | १ | १ | ५ | ५००,००० | ढुङ्गे देखि मनिगाउँ पैरेबेसी सडक र साखा सडकहरु | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **६,५००,०००** | | |
| **वडा नं. ४** | | | | | | | | | | | |
| १ | गोठ सुधार कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | ५ | ५०,०००,००० | साविक ४ वटै वडा भरी | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५०,०००,०००** | | |
| **वडा नं. ४** | | | | | | | | | | | |
| १ | कार्यदल गठन र आवश्यक तालिम | वटा | १ | १ | १ | १ | १ | ५ | १,०००,००० | साविकका ४ वटा वडाहरु | गा.पा. प्रदेश र संघ |
| २ | जोखिम क्षेत्र नक्साङ्कन र पहिचान | वटा | १ | १ | १ | १ | १ | १० | १,०००,००० | वडा भित्रका जोखिम क्षेत्रहरु | गा.पा. प्रदेश र संघ |
| ३ | वडा तहमा आपतकालिन कोष स्थापना | वटा | १ | १ | १ | १ | १ | १४ | १,०००,००० | वडा कार्यालय | गा.पा. प्रदेश र संघ |
| ४ | सुरक्षित स्थान पहिचान र अस्थायी आवास व्यवस्थापन | वटा | १ | १ | १ | १ | १ | २ | ४०,०००,००० | साविकका ४ वटा वडा | गा.पा. प्रदेश र संघ |
| ५ | खाद्य + गैह्र खाद्य सामग्री वडा तहमा भण्डारणको व्यवस्थापन | वटा | १ | १ | १ | १ | १ | ५ | २,०००,००० | वडा कार्यालय | गा.पा. प्रदेश र संघ |
| ६ | खोज उद्धार, प्राथमिक उपचार तालिम | वटा | १ | १ | १ | १ | १ | ४ | १,०००,००० | साविक ४ वडा | गा.पा. प्रदेश र संघ |
| ७ | पूर्व सूचना सामग्री व्यवस्थापन | | | | | | | | | उत्तरगया ४ | गा.पा. प्रदेश र संघ |
| ८ | विपद् संवेदनशील कृषि प्रणाली खेती तालिम | वटा | १ | १ | १ | १ | १ | ३२ | ५००,००० | साविक वडामा ८०० घरधुरी | गा.पा. प्रदेश र संघ |
| ९ | प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई विपद्सँग जोडेर काम गर्ने | वटा | १ | १ | १ | १ | १ | ५ | | साविकका ४ वटै वडाहरु | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **४६,५००,०००** | | |
| | **वन, वातावरण तथा विपद व्यवस्थापनको जम्मा** | | | | | | | | **३५२,५००,०००** | | |
| **वडा नं. ५ (वन, वातावरण तथा विपद व्यवस्थापन)** | | | | | | | | | | | |
| १ | भूक्षय भएको ठाउँमा पहिरो नियन्त्रण गर्ने | समूह | १ | १ | १ | १ | १ | १ | ५,०००,००० | रातमाटे वन, पालेको वन, वागे ओडार वन | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **५,०००,०००** | | |
| **वडा नं. ५, जलाधार संरक्षण** | | | | | | | | | | | |
| १ | काप्रेखोला जलाधार संरक्षण | समूह | १ | १ | १ | १ | १ | १ | २०,०००,००० | पैरेबेसी काप्रेखोला | गा.पा. प्रदेश र संघ |
| २ | ठूलोपनेरो खानेपानी संरक्षण | समूह | १ | १ | १ | १ | १ | १ | ५,०००,००० | माझगाउँ | गा.पा. प्रदेश र संघ |
| ३ | खानेपानी कोदारी खोल्सा | समूह | १ | १ | १ | १ | १ | १ | ५,०००,००० | कैदबेयर | गा.पा. प्रदेश र संघ |
| ४ | जुगेधारा खानेपानी योजना | समूह | १ | १ | १ | १ | १ | १ | ३,०००,००० | बोगटीटार | गा.पा. प्रदेश र संघ |
| ६ | काप्रेखोला बनुवा थोपा सिचाई मुहान संरक्षण | समूह | १ | १ | १ | १ | १ | १ | १५०,०००,००० | बनुक | गा.पा. प्रदेश र संघ |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहाने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| ७ | ठूलो पधेँरो माझगाउँ थोपा सिंचाई | समूह | १ | १ | १ | १ | १ | १ | ७,०००,००० | माझगाउँ | गा.पा. प्रदेश र संघ |
| ८ | जमरि मुहान गरी छाप, वनुवा सिंचाई | समूह | १ | १ | १ | १ | १ | १ | २०,०००,००० | बनुवा | गा.पा. प्रदेश र संघ |
| ९ | बेतेगौंडा सिंचाई मुहान संरक्षण | समूह | १ | १ | १ | १ | १ | १ | १०,०००,००० | पैरेबेसी देखि कैदलेबर सम्म | गा.पा. प्रदेश र संघ |
| १० | कालिखोला मुहान संरक्षण | समूह | १ | १ | १ | १ | १ | १ | १५,०००,००० | बोगटीयर | गा.पा. प्रदेश र संघ |
| **वडा नं. ५** | | | | | | | | | | | |
| १ | आवश्यक वडा भरिनै सार्वजनिक वनमा वृक्षारोपण | पटक | १ | १ | १ | १ | १ | १ | ५,०००,००० | वडाका सबै ठाउँमा | गा.पा. प्रदेश र संघ |
| २ | सडकको दायाँबायाँ विरुवा वृक्षारोपण | पटक | १ | १ | १ | १ | १ | ५ | २,०००,००० | वडाका सबै ठाउँमा | गा.पा. प्रदेश र संघ |
| ३ | सबै सार्वजनिक सडक तथा कार्यालयमा फोहोर व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ३,०००,००० | वडाका सबै ठाउँमा | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१०,०००,०००** | | |
| **वडा नं. ५** | | | | | | | | | | | |
| १ | जलवायु परिवर्तन र यसका असरबारे जनचेतना मूलक कार्यक्रम | स्थल | १ | १ | १ | १ | १ | ५ | १,५००,००० | साविक वडा नं. १, २, ३, ९ | गा.पा. प्रदेश र संघ |
| २ | वन संरक्षण तथा वृक्षारोपण कार्यक्रम | स्थल | १ | १ | १ | १ | १ | ५ | ५,०००,००० | साविक वडा नं. १, २, ३, ९ | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **६,५००,०००** | | |
| **वडा नं. ५** | | | | | | | | | | | |
| १ | वस्ती देखि कम्तीमा २ कि.मि. पर फोहोरमैला व्यवस्थापन स्थल निर्माण | संख्या | १ | १ | १ | १ | १ | ५ | १०,०००,००० | आपसी समझदारी सरसल्लाह | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **१०,०००,०००** | | |
| **वडा नं. ५** | | | | | | | | | | | |
| १ | पालेवन सिमक्षेत्र संरक्षण | स्थान | १ | १ | १ | १ | १ | १ | २०,०००,००० | उत्तरगया- ५ सालेवन सिम | गा.पा. प्रदेश र संघ |
| २ | पहरे खोला- बागे ओडार वन संरक्षण | स्थान | १ | १ | १ | १ | १ | १ | १०,०००,००० | बनुवा/छाप | गा.पा. प्रदेश र संघ |
| ३ | बगैंचा खोला पालेवन संरक्षण | स्थान | १ | १ | १ | १ | १ | १ | १०,०००,००० | बोगतीटार/कैदलटार | गा.पा. प्रदेश र संघ |
| ४ | रातमाटे वन कदम खोल्चा संरक्षण | स्थान | १ | १ | १ | १ | १ | १ | २०,०००,००० | बनुवा/नैविसे | गा.पा. प्रदेश र संघ |
| ५ | पालेवन - साउने खोला संरक्षण | स्थान | १ | १ | १ | १ | १ | १ | १०,०००,००० | बोगतीटार/कैदलटार | गा.पा. प्रदेश र संघ |
| ६ | रातामाटे वन डाडखोला संरक्षण | स्थान | १ | १ | १ | १ | १ | १ | ३०,०००,००० | बनुवा | गा.पा. प्रदेश र संघ |
| ७ | पालेवन/आमभन्ज्याङ फलाखु खोला संरक्षण | स्थान | १ | १ | १ | १ | १ | १ | ५०,०००,००० | जुडी/काडेपानी/क्षेत्रवति | गा.पा. प्रदेश र संघ |
| ८ | बाघेओडार सुक भञ्ज्याङ संरक्षण | स्थान | १ | १ | १ | १ | १ | १ | ५०,०००,००० | बाघओढार | गा.पा. प्रदेश र संघ |
| | **जम्मा** | | | | | | | | **२००,०००,०००** | | |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | बार्षिक लक्ष्य | | | | | | अनुमानित लागत रु. | कार्यान्वयन हुने स्थान | श्रोत व्यहाने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | | |
| **वडा नं. ५, विपद व्यवस्थापन** | | | | | | | | | | | |
| १ | वन क्षेत्र भित्रको विपद व्यवस्थापनको कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | २०,०००,००० | उत्तरगया- ५ | गा.पा. प्रदेश र संघ |
| | जम्मा | | | | | | | | २०,०००,००० | | |
| | वडा नं. ५ को वन, वातावरण तथा विपद व्यवस्थापनको जम्मा | | | | | | | | २५१,५००,००० | | |
| | **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको जम्मा बजेट** | | | | | | | | **१,५०७,८५०,०००** | | |

# परिच्छेद-१०
## संस्थागत विकास तथा सुशासन योजना

### १०.१ वस्तुस्थिति विश्लेषण

#### पृष्ठभूमि

लामो राजनीतिक अस्थिरता पश्चात नेपालमा संघीय व्यवस्था सहितको संविधान जारी भयो जसले स्थानीय सरकारलाई जनताको नजिकको सरकारको रुपमा स्थापित गर्ने व्यवस्था गरेको छ। यो शासन पद्धतिमा स्थानीय सरकारका पदाधिकारीहरुलाई नागरिकका अपेक्षा सम्बोधनका सम्भावनाहरु सोचनीय छन्। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यापक रुपमा स्थानीय तहको अधिकारका क्षेत्रहरु तोकिदिएको छ। राजनैतिक अस्थिरताको बिचबाट मौलाएको कुशासनका प्रभावहरुलाई निर्मुल पार्दै लानु पर्ने अर्को जिम्मेवारी पनि थपिएको छ स्थानीय सरकारलाई। यसका साथै कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास निर्माणको प्रभावकारी व्यवस्थापन गर्नु स्थानीय सरकारको अहम् दायित्व बनेको छ। सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनले जनचेतना र सुशासनप्रतिको जनचाहना पनि व्यापक रुपमा बढेको छ। बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरु अवलम्वन गर्न जरुरी देखिएको छ। संस्थागत क्षमता विकास, कर्मचारी व्यवस्थापन र साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ स्थानीय सरकारले विशेष ध्यान दिन आवश्यक रहेको छ। यसलाई मध्यनजर गरी सेवा प्रवाह र विकास व्यवस्थापन प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण गरिएको छ।

#### १०.१.१ सुशासन, ऐन कानून तथा जवाफदेहिता

**क. विद्यमान स्थिति, सम्भावना तथा अवसर**

यस गाउँपालिकाले हाल सम्म ५१ वटा विभिन्न कानुन कार्यविधि तथा ऐन नियमहरु बनाइ स्थानीय सरकारको सेवालाई प्रभावकारी बनाएको छ साथै सरकारले कार्यान्वयनमा ल्याएका ऐन नीति कानुन र नियमहरुको विवरण तपसिलमा उल्लेख गरिएको छ :

| सि.नं. | ऐन कानुन, निर्देशिका र कार्यविधिको नाम | कैफियत |
|---|---|---|
| १ | विकास समिति गठन तथा सञ्चालन नियमावली २०७९ | |
| २ | टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि २०७९ | |
| ३ | खेलकुद सम्बन्धी कार्यविधि २०७९ | |
| ४ | विधायन समिति गठन तथा सञ्चालन कार्यविधि २०७९ | |
| ५ | स्वास्थ्य बीमा संयोजन समिति गठन संचालन कार्यविधि २०७९ | |
| ६ | विकास तथा सुशासन समिति गठन तथा सञ्चालन कार्यविधि २०७९ | |
| ७ | विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्ने बनेको ऐन २०७९ | |
| ८ | लेखा समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९ | |
| ९ | माटो परिक्षण प्रयोगशाला सञ्चालन कार्यविधि २०७९ | |
| १० | बिउ आलु भण्डारणको लागि कोल्ड स्टोर शुल्कमा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९ | |
| ११ | उत्तरगया गाउँपालिका छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९ | |
| १२ | मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि | |
| १३ | उत्तरगया गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी २०७९ | |
| १४ | उत्तरगया गाउँपालिका साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ | |
| १५ | आर्थिक ऐन, २०७९ | |
| १६ | लैंगिक समानता तथा सामाजिक समावेशिकरण रणनीति, २०७९ | |
| १७ | भवन निर्माण संहिता मापदण्ड तथा नक्सा पास कार्यविधि २०७८ | |
| १८ | विनियोजन ऐन,२०७८ | |
| १९ | आर्थिक ऐन २०७८ | |
| २० | अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधी , २०७५ | |

| सि.नं. | ऐन कानुन, निर्देशिका र कार्यविधिको नाम | कैफियत |
|---|---|---|
| २१ | वन ऐन, २०७६ | |
| २२ | उत्तरगया गाउँपालिकाको सहकारी ऐन, २०७६ | |
| २३ | व्यवसाय दर्ता तथा नविकरण कार्यविधी, २०७६ | |
| २४ | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण कार्यविधि,२०७६ | |
| २५ | उत्तरगया गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७६ | |
| २६ | उत्तरगया गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन , २०७६ | |
| २७ | उत्तरगया गाउँपालिकाको संस्था दर्ता ऐन, २०७६ | |
| २८ | उत्तरगया धाम क्षेत्र विकास कोष गठन, परिचालन तथा व्यवस्थापन कार्यविधी, २०७५ | |
| २९ | उत्तरगया गाउँ कार्यपालिकाको वैठक संचालन सम्बन्धी कार्यविधी, २०७४ | |
| ३० | गाउँ कार्यपालिका कार्यविभाजन नियमावली , २०७४ | |
| ३१ | गाउँपालिका पूर्वाधार विकास व्यवस्थापन ऐन, २०७६ | |
| ३२ | उत्तरगया गाउँपालिकाको प्रशासकीय कार्यविधी ऐन (नियमित गर्ने) २०७४ | |
| ३३ | गाउँ कार्यपालिका नियमावली(कार्यसम्पादन) २०७४ | |
| ३४ | असङ्गठित क्षेत्रमा कार्यरत वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी उत्तरगया गाउँपालिकाको मापदण्ड, २०७६ | |
| ३५ | उत्तरगया गाउँसभा सञ्चालन कार्यविधि, २०७५ | |
| ३६ | उत्तरगया गाउँपालिका मर्मत सम्भार विशेष कोष सञ्चालन सम्बन्धी कार्यविधी,२०७५ | |
| ३७ | उत्तरगया गाउँपालिकाका पदाधिकारीहरुको आचार संहिता,२०७४ | |
| ३८ | उत्तरगया गाउँपालिकाको आर्थिक ऐन, २०७७ | |
| ३९ | एम्बुलेन्स संचालन सम्बन्धी कार्यविधि,२०७६ | |
| ४० | लकडाउनमा कार्यालयबाट सेवा प्रवाह गर्दा पालना गर्नुपर्ने आचारसंहिता (सावधानी) | |
| ४१ | विपद् व्यवस्थापन तथा आर्थिक सहायता सम्बन्धी ऐन, २०७६ | |
| ४२ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी,२०७४ | |
| ४३ | होम क्वारेन्टिन सम्बन्धी मापदण्ड,२०७७ | |
| ४४ | असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी उत्तरगया गाउँपालिकाको मापदण्ड, २०७६ | |
| ४५ | रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ | |
| ४६ | उत्तरगया गाउँपालिकाको आर्थिक ऐन,२०७६ | |
| ४७ | उत्तरगया जलश्रोत कार्यविधी, २०७५ | |
| ४८ | उत्तरगया गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ | |
| ४९ | उत्तरगया गाउँपालिका शिक्षा सम्बन्धि अन्तरिम कार्यविधि, २०७४ | |
| ५० | स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ | |
| ५१ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि | |

श्रोतः गाउँपालिकाको वेबसाईट

### ख. समस्या तथा चुनौती

नेपालको संविधान, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन, संघीय कानून बमोजिम गाउँपालिकाले कृषि प्रसार तथा व्यवसाय, आधारभूत स्वास्थ्य तथा सरसफाई, पूर्वाधार विकास, महिला, बालबालिका र सशक्तिकरण लगायतका विषयमा ऐन, नीति, नियम, कार्यविधि र मापदण्ड तर्जुमा हुन सकेको छैन। तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको कार्यान्वयन तथा पालनाको स्थिति सुधारोन्मुख छ। गाउँपालिकामा हुने निर्णयहरुलाई तत्काल सार्वजनिक गर्ने अभ्यासमा कमि छ। न्यायिक समिति पूर्ण रुपमा व्यवस्थित भइ सञ्चालन हुने क्रममा छ। गाउँपालिकाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन गाउँपालिकाको कार्यालयको प्रशासनिक भवन व्यवस्थित हुन सकेको छैन भने वडा कार्यालय तथा अन्य भौतिक संरचनाहरु निर्माण हुने क्रममा छ।

## १०.१.२ संस्थागत क्षमता विकास

### क. विद्यमान स्थिति, सम्भावना तथा अवसर

ऐन, नियमावली र निर्देशिकामा व्यवस्था भएका गाउँपालिका भित्रका विभिन्न समितिहरु गठन भइ क्रियाशिल छन्। गाउँपालिका भित्र ५ वटा विषयगत शाखा अन्तर्गत ११ वटा ईकाई र ५ वटा वडा कार्यलय स्थापना भई सञ्चालनमा रहेको छ। यी शाखा, वडा र इकाइहरुसमेतमा गरी कुल ८६ जना कर्मचारी कार्यरत छन्। गाउँ सभा नियमित रुपमा हुने गरेको छ।

### ख. समस्या तथा चुनौती

कार्यापालिका कार्यालय, वडा कार्यालय र इकाईहरुमा विषयगत विज्ञता र दरबन्दी अनुसार कर्मचारीको पूर्णरुपमा पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाई देखिएको छ। २ वटा वडा कार्यालयको आफ्नै भवन नभएको र भएका वडा कार्यालय पनि कामचलाउ मात्रको हुदा सेवा प्रवाहमा समस्या रहेको छ। जनप्रतिनिधि तथा कर्मचारीहरुको कानुन निर्माणमा कमजोर दक्षतामा सेवा प्रवाह समन्वय र विकासमा केही असर परेको देखिन्छ।

## १०.१.३ वित्तीय श्रोत परिचालन

### क. विद्यमान स्थिति, सम्भावना तथा अवसर

गाउँपालिकाको वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन राजस्व परिचालन कार्यविधि तयार हुनुका साथै राजस्व सुधार कार्ययोजना बनेको छ र वार्षिक योजना तयार गर्नु पूर्व राजस्व प्रक्षेपण गर्ने गरिएको छ। विकास साझेदारको बजेट विकास निर्माणमा परिचालन हुने गरेको देखिन्छ। संघ र प्रदेश सरकारसँग समपूरक तथा उपभोक्ताहरुसँगसमेत लागत सहभागिताको अभ्यास रहेको छ। आर्थिक व्यवस्थापनलाई व्यवस्थित गर्न कम्प्यूटरमा आधारित लेखा प्रणाली लागु भैसकेको छ।

### ख. समस्या तथा चुनौती

गाउँपालिकामा स्थानीय गैसस, व्यावसायी र लगानीकर्तालाई प्रभावकारी रुपमा आकर्षित गर्न सकिएको छैन। आन्तरिक राजस्व प्रभावकारी रुपमा सङ्कलन हुन सकेको छैन। गाउँपालिकाको जिम्मेवारी व्यापक हुनु तथा संघ र प्रदेश सरकारबाट प्राप्त हुने अन्तरसरकारी वित्त हस्तान्तरमा सशर्त बजेटको अनुपात धेरै हुनुले स्थानीय आवश्यकताअनुरुपको विकास गर्न कठिनाई देखिन्छ।

## १०.१.४ योजना व्यवस्थापन

### क. विद्यमान स्थिति, सम्भावना तथा अवसर

गाउँपालिकाको योजना व्यवस्थापनको क्षेत्रलाई हेर्दा उत्तरगयाधाम आवधिक योजना बनाई लागु भएको छ भने ३ वटा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार भएको देखिन्छ। गाउँपालिकास्तरीय तथा वडास्तरीय अनुगमन समितिहरु गठन भई आयोजनाहरुको अनुगमनमा क्रियाशिल रहेका छन्। योजना तर्जुमा प्रकृयामा, सबै संघसंस्थालाई सहभागी गराउने गरेको अभ्यास रहेको छ। तिन लाख भन्दा माथिका योजनाको निर्माणास्थलमा होर्डिङ बोर्ड लगाउने गरेको छ भने आयोजनाहरुको सार्वजनिक परीक्षण गर्ने प्रचलन रहेको छ।

### ख. समस्या तथा चुनौती

गाउँपालिकाले गर्ने विकासका क्रियाकलापमा स्थानीय गैह्रसरकारी संस्था, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन। अनुगमन समितिहरु भए पनि गुणस्तर अनुगमन सम्बन्धी प्राविधिक क्षमताको अभावले प्रभावकारी अनुगमन हुन सकेको छैन। एकीकृत योजनाको अवधारणालाई आत्मसाथ गर्न नसक्दा टुक्रे योजनाको माग बढि आउने भई लागत प्रभावकारीतामा कमी आएको छ। सार्वजनिक परीक्षण गर्ने गरिए पनि प्रभावकारी हुन सकेको छैन।

## १०.२ लक्ष्य

यस गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- स्थानीय सेवा सुविधा, कार्य सम्पादन र जवाफदेहिताको स्तरमा वृद्धि गर्न'

## १०.३ उद्देश्य

गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- कार्य सम्पादन, तथा संचालन प्रक्रिया सरल, स्पष्ट र पारदर्शी भएको हुनेछ।
- स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि भएको हुनेछ।
- गाउँपालिकाको आन्तरिक तथा वाह्य श्रोतमा वृद्धि भएको हुनेछ।
- स्थानीय विकास व्यवस्थापन प्रणाली सूचना प्रविधिमा आधारित, सहभागितामूलक तथा नतिजामूलक भएको हुनेछ।

## १०.४ विषयगत रणनीति तथा कार्यनीति

योजनाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना संचालन देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ।

**तालिका २५: विषयगत क्षेत्र/उपक्षेत्रअनुसार रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **१०.१ कानून, नीति तथा सुशासन** | |
| • स्थानीय कानून, नीति, नियम, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी, जवाफदेही बनाउने | • स्थानीय तहको अधिकार क्षेत्रका विषयमा ऐन, नीति, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड निर्माण, प्रकाशन र प्रवोधीकरण गरी परिपालनामा अभिवृद्धि गरिनेछ।<br>• स्थानीय सरकारको जवाफदेहिता अभिवृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ।<br>• आयोजनाको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी स्तरीय कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्था मार्फत सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिवृद्धि गर्ने |
| • स्थानीय नीति, कानून तथा निर्णय प्रक्रियामा लक्षित समुदाय तथा आम नागरिकको सुझाव प्राप्त गर्ने र अपनत्व वृद्धि गर्ने | • गाउँपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादनबारे सेवाग्राहीसँग मत सर्वेक्षण गरी यस सम्बन्धमा पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ।<br>• स्थानीय सरकारको जवाफदेहिता अभिवृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ।<br>• स्थानीय तहको ऐन, नीति, नियम, कार्यविधि र मापदण्ड बारे पदाधिकारी तथा कर्मचारीको क्षमता विकास गरिनेछ। |
| **१०.२ संगठन तथा क्षमता विकास** | |
| • स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राही मैत्री बनाउने | • गाउँपालिकाको स्थायी केन्द्र तोकेर गाउँ कार्यपालिका र वडा कार्यलयहरुको एकीकृत सेवा प्रवाह सहितको सुविधा सम्पन्न भवन बनाई स्थानीय सरकारको संगठनात्मक क्षमता अभिवृद्धि गरिनेछ।<br>• सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बाल, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक मैत्री र महिलामैत्री रुपमा निर्माण गरिनेछ।<br>• सेवा प्रवाह र प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा क्रमशः वृद्धि गरिनेछ।<br>• वडा कार्यालयमा कम्प्यूटर अपरेटर सहित वडा कार्यलयमा कर्मचारी व्यवस्थापन गरिनेछ।<br>• सेवा प्रवाहको सहजता र सुविधाकोलागी सरोकारवालाको समन्वयमा कम्तीमा बर्षमा १ पटक घुम्ति सेवा शिविरको सञ्चालन गरिने छ।<br>• विकास कार्यमा समुदायको सहभागिता वृद्धि गर्न, वडास्तरका आयोजना संचालन गर्न र संचालित आयोजना संचालन प्रक्रिया तथा गुणस्तरमा समुदायको निगरानी बढाउन वडाका प्रत्येक टोलमा टोल सुधार समिति गठन गरी परिचालन गरिनेछ।<br>• उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाई क्षेत्रमा सेवा केन्द्र तथा इकाई स्थापना गरी सेवा सञ्चालन गरिनेछ। |
| • कार्यविधि निर्माण गरी सेवा प्रवाहलाई व्यवस्थित गर्ने | • स्थानीय तहको अधिकार क्षेत्रका विषयमा कार्यविभाजन तथा कार्यसम्पादन नियमावली अनुसार सरल र स्पष्ट कार्यविधि निर्माण गरी कार्य सम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ।<br>• नियमित क्षमता विकास कार्यक्रममा समावेश गरी स्वीकृत कार्यविधिको बारेमा जनप्रतिनिधि, कर्मचारी तथा नागरिक समाजलाई अभिमुखिकरण गरिनेछ।<br>• एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहिन, विस्थापित तथा विपन्नहरुको संस्था तथा सञ्जाल निर्माण र क्षमता विकास गरिनेछ। |
| • गाउँ कार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने। | • संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यविभाजन र कार्यसम्पादन नियमावली अनुसार संगठन संरचना, दरबन्दी र तह निर्धारण गरिनेछ।<br>• संगठन संरचना अनुसार विषय क्षेत्र समिति, शाखा, इकाई तथा वडा कार्यालय तथा कर्मचारीको कार्यविवरण तयार गरिनेछ।<br>• कार्यालयमा एकीकृत सेवाको लागि लेआउट सहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय सहित कार्यकक्षको व्यवस्था गरिनेछ।<br>• संगठन तथा क्षमता विकास रणनीति सहित गाउँपालिकाको विस्तृत क्षमता विकास योजना तयार गरी कार्यान्वयन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| • सरकारी सम्पत्तीको अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने | • स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि व्यवस्थापन गरिनेछ। |
| | • कार्यविधि तर्जुमा गरी गाउँपालिकाको सम्पत्तीको भाडा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ। |
| | • सरकारी जग्गाहरु पहिचान गरी हालसाविक गरिनेछ। |
| **१०.३ श्रोत परिचालन तथा व्यवस्थापन** | |
| • राजस्वको आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने | • कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, नियम तथा कार्यविधिबारे जनप्रतिनिधि, कर्मचारी र करदारताको क्षमता विकास गरिनेछ।<br>• स्थानीय आन्तरिक राजस्व परिचालनको सम्भाव्यताता अध्ययन, विश्लेषण, तथा नियमित छलफल गरिनेछ। |
| | • व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा, जानकारी र प्रचार प्रसार गर्ने<br>• नीजि क्षेत्रलाई कर परामर्श सेवा केन्द्र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।<br>• राजस्व सम्बन्धी आधार सूचना, अभिलेख, राजश्व सङ्कलन, प्रशासन र खर्च व्यवस्थापमा सुधार गरिनेछ। |
| • आन्तरिक राजस्व वृद्धिमा जोड गर्ने | • राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन, नियम र कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>• सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको सङ्कलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ।<br>• राजस्व परामर्श समितिको क्रियाशिलतामा अझ वृद्धि गरिनेछ।<br>• आन्तरिक तथा वाह्य स्रोत परिचालनका लागि संभावित छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारका कार्यालय तथा निकायसँग नियमित वैठक तथा छलफल गरिनेछ। |
| • गैसस, समुदाय, विकास साझेदार, नीजि क्षेत्र, प्रदेश र संघीय सरकारका निकायसँग साझेदारी विकास गर्ने | • नीजि क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग नियमित बैठक, छलफल र संचार समन्वय र साझेदारी गरी स्रोत परिचालनमा वृद्धि गरिनेछ।<br>• करदाता शिक्षा र राजस्व सङ्कलनलाई अभियान रुपमा संचालन गरिनेछ।<br>• व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा, जानकारी र प्रचार प्रसार गरिनेछ।<br>• नीजि क्षेत्रलाई कर परामर्श सेवा केन्द्र संचालन गर्न प्रोत्साहन गरी सेवाग्राहीलाई सहजीकरण गरिनेछ। |
| **१०.४ विकास व्यवस्थापन** | |
| • योजना व्यवस्थापन प्रक्रियालाई सरल, सेवाग्राहीमैत्री र पारदर्शी बनाउने | • योजना बैंक सम्बन्धी कार्यविधि तयार गरी योजना बैंक तयार गरिनेछ र डिपिआर तयार तथा सम्भाव्यताता अध्ययन भएका आयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ।<br>• कार्यविधि तयार गरी डिपिआर तयार तथा सम्भाव्यताता अध्ययन भएका आयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ।<br>• आयोजनाको प्राविधिक लगत ईस्टिमेट नेपाली भाषामा तयार गर्ने व्यवस्थालाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ।<br>• पूर्वाधार विकास गर्दा अपाङ्ग तथा बालमैत्री अवधारणा लागु गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| • योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने | • योजना तर्जुमा तथा संचालन गर्दा जनसहभागिता अभिवृद्धि गरिनेछ।<br>• आयोजना कार्यान्वयनलाई व्यवस्थित, गुणात्मक र परिणाममुखी बनाइनेछ।<br>• आवधिक योजना र मध्यकालिन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा वार्षिक योजना तर्जुमाको गरिनेछ।<br>• १५ लाख भन्दा माथिका लागतका आयोजनाको स्वतन्त्र प्राविधिक परीक्षकद्धारा प्रभाव मूल्याङ्कन गरिनेछ।<br>• नीति, योजना तथा कार्यक्रमको नियमित, वार्षिक, मद्यावधी र आवधिक अनुगमन तथा मूल्याङ्कन कार्यविधि निर्माण, अनुगमन योजना तयार तथा चौमासिक र वार्षिक समीक्षा र प्रमुख आयोजनाको प्रभाव मूल्याङ्कन गरिनेछ। |
| • गैसस, नीजि क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने | • गैसस तथा समुदायमा आधारित संस्था समन्वय कार्यविधि तयार गरी नियमित बैठक तथा अन्तरक्रिया संचालन गरिनेछ।<br>• गैसस, समुदाय, विकास साझेदार, नीजि क्षेत्र, प्रदेश र संघीय सरकारका निकायसँग समन्वय बैठक तथा साझेदारीका क्षेत्रबारे अन्तरक्रिया गरिनेछ। |
| • सडक, भवन तथा पूर्वाधार निर्माण मापदण्ड तयार गर्ने | • जमिनको भूबनौट, क्षमता, वर्तमान उपयोग तथा गाउँपालिकाको आवश्यकता अनुसार भूक्षेत्र निर्धारण गरी भू-उपयोग क्षेत्र निर्धारण र योजना तर्जुमा गरी लागू गरिनेछ।<br>• भूउपयोग योजना र निर्धारित क्षेत्र अनुसार वस्ती विकास तथा पूर्वाधार विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>• सडकको वर्गीकरण, नामाकरण र मापदण्ड सहित प्राथमिकता निर्धारण गर्ने |

## १०.५ प्रमुख रणानीतिक कार्यक्रम आयोजना तथा लगानी योजना

आवधिक योजनाको संस्थागत विकास र सुशासन क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिका स्रोत, स्थानीय संघ संस्था, समुदाय, नीजि क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता आधारमा संस्थागत विकास तथा सुशासनको देहायअनुसारको रणनीतिक कार्यक्रम तथा आयोजना संचालन गरिनेछ।

## तालिका २६: प्रमुख रणनीतिक कार्यक्रम आयोजना तथा लगानी योजना

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | |
| १ | पन्जीकरण व्यवस्थापन तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ७५०,००० | समानीकरण अनुदान |
| २ | सामाजिक सुरक्षा भत्ता सम्बन्धी सचेतना कार्यक्रम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,०००,००० | समानीकरण अनुदान |
| ३ | घटना दर्ता तथा MIS सम्बन्धी कर्मचारी क्षमता विकास तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,०००,००० | समानीकरण अनुदान |
| ४ | घटना दर्ता सम्बन्धी वडा स्तरीय सचेतना कार्यक्रम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,०००,००० | समानीकरण अनुदान |
| ५ | सामाजक सुरक्षा भत्ता वितरणमा EFT System संचालन सम्वन्धी अभिमुखीकरण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,०००,००० | समानीकरण अनुदान |
| ६ | O & M survey | पटक | गाउँपालिका स्तरीय | ✔ | | | | | ५ | १,०००,००० | गाउँपालिका |
| ७ | जनप्रतिनिधिहरुलाई क्षमता विकास तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | | | | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ८ | कर्मचारी क्षमता विकास तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ९ | न्यायिक समितिको क्षमता विकास तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | | | | ✔ | ५ | ५००,००० | समानीकरण अनुदान |
| १० | हेल्पडेस्क स्थापना | पटक | गाउँपालिका स्तरीय | ✔ | | | | ✔ | ५ | ३००,००० | गाउँपालिका |
| ११ | लोकसेवा तयारी कक्षा | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,०००,००० | गाउँपालिका |
| १२ | शिक्षक सेवा तयारी कक्षा | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,०००,००० | गाउँपालिका |
| १३ | कर्मचारी सेवाकालिन तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| १४ | जनप्रतिनिधि र कर्मचारीहरुलाई मोटिभेसनल तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | | | | ✔ | ५ | ७००,००० | गाउँपालिका |
| १५ | वित्तीय जोखिम न्यूनीकरण कार्यक्रम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| १६ | लैससास सम्बन्धी कार्यक्रम कर्मचारी तथा जनप्रतिनीधि | पटक | गाउँपालिका स्तरीय | ✔ | | | | ✔ | ५ | ८००,००० | गाउँपालिका |
| १७ | कर्मचारी बैठक (सबै) | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ६००,००० | समानीकरण अनुदान |
| १८ | डेस्कटप कम्प्युटर खरिद | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,०००,००० | समानीकरण अनुदान |
| १९ | ल्यापटप, प्रिन्टर | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,५००,००० | समानीकरण अनुदान |
| २० | फर्निचर खरिद (दराज, टेबल, कुर्सी) | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३,०००,००० | गाउँपालिका |
| २१ | शिक्षाको गुरुयोजना/सम्भाव्यताता अध्ययन | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,०००,००० | गाउँपालिका |
| २२ | कृषिको/पशुको आवधिक योजना/सम्भाव्यताता अध्ययन | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,०००,००० | गाउँपालिका |
| २३ | स्वास्थ्य आवधिक योजना/सम्भाव्यताता अध्ययन | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,०००,००० | गाउँपालिका |
| २४ | MTEF मध्यम कालिन संरचना निर्माण र अद्यावधिक | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | समानीकरण अनुदान |
| २५ | योजना बैंक अद्यावधिक | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | |
| २६ | डिजिटल नागरिक वडापत्र गा.पा मा | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| २७ | सबै विद्यालयहरुमा नेटको विस्तार | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,०००,००० | गाउँपालिका |
| २८ | सेवाप्रवाहलाई डिजिटल वेश बनाउने | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,५००,००० | गाउँपालिका |
| २९ | डिजिटल प्रयोग सम्बन्धी जनप्रतिनिधि तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ३० | राजश्व सुधार योजना निर्माण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ७००,००० | समानीकरण अनुदान |
| ३१ | राजश्व सफ्टवेयर तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | समानीकरण अनुदान |
| ३२ | करदाता शिक्षा तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | समानीकरण अनुदान |
| ३३ | सरोकार निकायहरु बिच स्थानीय राजश्व सम्बन्धी अन्तरक्रिया कार्यक्रम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | समानीकरण अनुदान |
| ३४ | वडा सचिव र जनप्रतिनीधिहरुलाई आर्थिक ऐन कार्यान्वयन सम्बन्धी अभिमुखीकरण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | समानीकरण अनुदान |
| ३५ | जनप्रतिनिधिलाई वित्तीय अनुशासन सम्बन्धी तालम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ३६ | कर्मचारी अनुशासन सम्बन्धी तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ३७ | महालेखा परीक्षणका विषयमा अभिमुखिकरण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ३८ | गाउँपालिकाको सार्वजनिक लेखा परीक्षण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ३९ | सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ४० | सहकारीको लेखा परीक्षण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | समानीकरण अनुदान |
| ४१ | विद्यालयको लेखा परीक्षण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | समानीकरण अनुदान |
| ४२ | उपभोक्ता समितिलाई योजना संचालन तथा व्यवस्थापन सम्वन्धी तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | समानीकरण अनुदान |
| ४३ | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन र वित्तीय उत्तरदायित्व ऐन सम्बन्धी अभिमुखीकरण तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ४४ | कर्मचारीको कार्यविवरण तयारी सम्बन्धी तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | २००,००० | सम्मानीकरण अनुदान |
| ४५ | खरिद योजना निर्माण तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १००,००० | सम्मानीकरण अनुदान |
| ४६ | विपद् जोखिम नक्सांकन तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ७००,००० | गाउँपालिका |
| ४७ | LISA तयारी सम्बन्धी तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | सम्मानीकरण अनुदान |
| ४८ | प्रस्तावना लेखन तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ४५०,००० | गाउँपालिका |
| ४९ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धी अभिमुखीकरण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ५० | प्रतिवेदन लेखन तालिम अनुगमन सुपरीवेक्षण समितिलाई | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | २००,००० | गाउँपालिका |
| ५१ | स्थानीय तहले निर्माण गरेका कानुनहरूको अभिमुखीकरण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | सम्मानीकरण अनुदान |
| ५२ | स्थानीय कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका गठन र अधिकारबारे तालिम (शासकीय प्रणाली) | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,०००,००० | सम्मानीकरण अनुदान |
| ५३ | सुशासन, पारदर्शीता र जवाफदेहिताबारे तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | गाउँपालिका |

| क्र.सं. | विषयगत क्षेत्र र योजना तथा कार्यक्रम | इकाई | कार्यान्वयन हुने स्थान | लक्ष्य | | | | | | अनुमानित लागत रु. | श्रोत व्यहोर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | लक्ष्य | | |
| ५४ | सार्वजनिक सम्पत्तिको संरक्षण र जिन्सी व्यवस्थापन तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | गाउँपालिका |
| ५५ | पूर्ण सरसफाइ सम्बन्धी अभिमुखीकरण रणनीति कार्यान्वयन | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | गाउँपालिका |
| ५६ | आधारभूत मानव अधिकार तथा सामाजिक न्यायका लागि नगरपालिका स्तरको सामाजिक समस्याको न्यूनीकरण तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,५००,००० | गाउँपालिका |
| ५७ | दण्ड पुरस्कारका मापदण्ड र मूल्याङ्कन प्रक्रियाबारे अभिमुखीकरण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ५८ | अनुगमन सुपरीवेक्षण एवम् प्रतिवेदन सम्बन्धी अभिमुखीकरण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | गाउँपालिका |
| ५९ | वातावरणीय प्रभाव मूल्याङ्कन तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | गाउँपालिका |
| ६० | खरिद कार्यविधि, आलेप कार्यविधी, कर्मचारी प्रशासन नियमावली सम्बन्धी तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | गाउँपालिका |
| ६१ | कानुन मस्यौदा तयारी तथा विधेयक प्रस्तुति तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ६२ | आन्तरिक अध्ययन अवलोकन भ्रमण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | गाउँपालिका |
| ६३ | बाह्य मुलुकमा अध्ययन अवलोकन भ्रमण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | गाउँपालिका |
| ६४ | गाउँपालिका एवम् वडास्तर स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (LDCRP) निर्माण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | गाउँपालिका |
| ६५ | आपत्कालीन कार्य सञ्चालन केन्द्र (LEOC) स्थापना | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | गाउँपालिका |
| ६६ | गाउँपालिका यातायात आवधिक योजना अध्यावधिक गर्ने | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | गाउँपालिका |
| ६७ | दीगो विकास लक्ष्यको स्थानीयकरण सम्बन्धी तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | सम्मानीकरण अनुदान |
| ६८ | मेलमिलाप कर्ताहरूलाई मेलमिलाप सम्बन्धी तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | सम्मानीकरण अनुदान |
| ६९ | मेलमिलाप कर्ताहरूलाई प्रविधिको प्रयोग गरी अभिलेखीकरण गर्नका लागि तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ७० | न्याय सम्पादन तथा मस्यौदा लेखन तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | सम्मानीकरण अनुदान |
| ७१ | टोल विकास संस्था परिचालन तालिम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ७२ | विद्यालय स्तरीय खानेपानी तथा सरसफाइ (तीन तारे मोडेल) सम्बन्धी अभिमुखीकरण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १,५००,००० | गाउँपालिका |
| ७३ | घरदैलो सामाजिक सुरक्षा वितरण कार्यक्रम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ७४ | सामाजक सुरक्षा भत्ता सम्बन्धी सचेतना कार्यक्रम | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ५००,००० | गाउँपालिका |
| ७५ | नियमित कर्मचारी बैठक (सबै) | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | ३००,००० | गाउँपालिका |
| ७६ | गाउँपालिका भवन निर्माण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | १४,१९,००,००० | साझेदरी संघ प्रदेश स्थानीय |
| ७७ | वडा कार्यालय भवन निर्माण | पटक | गाउँपालिका स्तरीय | ✔ | ✔ | ✔ | ✔ | ✔ | ५ | २५,०००,००० | संघीय |
| | **सुशासन तथा संस्थागत विकासको जम्मा बजेट** | | | | | | | | | **१७,,००,००,०००** | |

# परिच्छेद-११
## कार्यान्वयन योजना

### ११.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना

संघीय तथा स्थानीय कानूनको दायरामा रही तयार गरिएको यस आवधिक योजनाको सफलता यसको प्रभावकारी कार्यान्वयनमा भर पर्दछ। जननिर्वाचित प्रतिनिधिको नेतृत्वमा गाउँपालिका सञ्चालनमा आउनु आफैमा महत्वपूर्ण विषय हो । ऐन, नियमावली र निर्देशिकामा व्यवस्था भएका गाउँपालिका भित्रका विभिन्न समितिहरु गठन भई क्रियाशिल छन् । गाउँपालिका भित्र ५ वटा शाखा अन्तर्गत ११ वटा ईकाई र ५ वटा वडा कार्यालय स्थापना भई सञ्चालनमा रहेको छ । यी शाखा र उपशाखामा विभिन्न तह र पदका कर्मचारी कार्यरत छन् । त्यसरी नै ५ वटा वडा कार्यालयमा समेत वडा सचिव सहित विभिन्न विषयगत कर्मचारी कार्यरत रहेका छन् । समग्रमा गाउँपालिकाको कार्यन्वयन क्षमता राम्रो रहेको छ। स्थानीय तहको स्वःमुल्यांकनले समेत उत्तरगया गाउँपालिकाको सुशासनको अवस्था मध्यम खालको रहेको देखाएको छ।

### ११.२ स्रोत अनुमान तथा प्रक्षेपण

उत्तरगया गाउँपालिकाको यस दोश्रो आवधिक विकास योजना गाउँपालिका लगायत स्थानीयस्तरका सबै सरोकारवालाहरुको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ। नतिजा तालिकामा उल्लेखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाको आन्तरिक र वाह्य श्रोत तथा सरोकारवालाको लगानी स्रोतहरुको प्रक्षेपण गरी योजनाको लागि उपलब्ध हुन सक्ने कूल स्रोतको प्रक्षेपण गरिएको छ।

प्रक्षेपण गर्ने क्रममा आन्तरिक आय र रोयल्टी बाँडफाँडबाट प्राप्त हुने बजेट १० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। त्यसरी नै संघ र प्रदेशबाट प्राप्त हुने समानीकरण र सशर्त अनुदानमा १० प्रतिशतले र विकास साझेदार, निजि क्षेत्र र समुदायको सहभागितामा १० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ। यस आँकलनको आधारमा आगामी रु. १६,७३,७२,९१,१६५ बजेट प्रवाह हुने देखिन्छ। साथै यो रकम तीनै तहको सरकार, गैह्र सरकारी संस्थाहरु, निजी क्षेत्र लगायतको कुल लगानी हुने प्रक्षेपण गरिएको छ।

### ११.३ आय-व्ययको प्रवृत्ति र प्रक्षेपण

गाउँपालिकाको आवधिक योजना अवधिको आयव्ययको वित्तीय विश्लेषण गर्नको लागि २०७७/०७८ देखि २०७९/०८० सम्मको आयव्ययको तथ्यांक संकलन विभिन्न स्रोतबाट गरिएको र त्यसका आधारमा आगामी २०८०/०८१ देखि २०८४/०८५ गरी जम्मा ५ वर्षको लागि आयव्ययको वित्तीय विश्लेषण र प्रक्षेपण गरिएको छ। आयव्ययको वित्तीय विश्लेषण र प्रक्षेपण क्रमशः तपसिलको तालिकामा राखिएको छ।

## तालिका २७: प्रक्षेपण गरिएको आवधिकरबार्षिक बजेट (रु.)

| आय तर्फ | | | | ५ वर्षको आय प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शीर्षक र स्रोत | आ.व. २०७७/२०७८ को यथार्थ | आ.व. २०७८/२०७९ को यथार्थ | आ.व २०७९/२०८० को अनुमान | आ.व. २०८०/२०८१ को प्रक्षेपण | आ.व. २०८१/२०८२ को प्रक्षेपण | आ.व. २०८२/२०८३ को प्रक्षेपण | आ.व. २०८३/२०८४ को प्रक्षेपण | आ.व. २०८४/२०८५ को प्रक्षेपण | ५ वर्षको जम्मा |
| **संघीय सरकार** | **२२८,७४३,५४०** | **२१४,०८०,३४०** | **२३२,१९७,०००** | **२८३,८५०,९५४** | **३१२,२३६,०५०** | **३४३,४५९,६५५** | **३७७,८०५,६२०** | **४१५,५८६,१८२** | **१,७३२,९३८,४६२** |
| समानीकरण अनुदान | ७८,९००,००० | ८१,९००,००० | ७६,३००,००० | ८३,९३०,००० | ९२,३२३,००० | १०१,५५५,३०० | १११,७१०,८३० | १२२,८८१,९१३ | ५१२,४०१,०४३ |
| सशर्त अनुदान चालु | १२९,८४३,५४० | १११,९५२,३८६ | १३४,४९७,००० | १४७,९४६,७०० | १६२,७४१,३७० | १७९,०१५,५०७ | १९६,९१७,०५८ | २१६,६०८,७६३ | ९०३,२२९,३९८ |
| सशर्त अनुदान पुँजीगत | | १४,३७८,६३२ | २१,४००,००० | २३,५४०,००० | २५,८९४,००० | २८,४८३,४०० | ३१,३३१,७४० | ३४,४६४,९१४ | १४३,७१४,०५४ |
| विशेष अनुदान चालु | २०,०००,००० | | | २२,०००,००० | २४,२००,००० | २६,६२०,००० | २९,२८२,००० | ३२,२१०,२०० | १३४,३१२,२०० |
| विशेष अनुदान पुँजीगत | | ५,८४९,३२२ | | ६,४३४,२५४ | ७,०७७,६८० | ७,७८५,४४८ | ८,५६३,९९३ | ९,४२०,३९२ | ३९,२८१,७६७ |
| **प्रदेश सरकार** | **३२,२५३,०००** | **२३,६७८,६१५** | **४७,४७८,०००** | **५२,२२५,८००** | **५७,४४८,३८०** | **६३,१९३,२१८** | **६९,५१२,५४०** | **७६,४६३,७९४** | **३१८,८४३,७३२** |
| समानीकरण अनुदान | ९,९५७,००० | ६,५१६,००० | ७,६७६,००० | ८,४४३,६०० | ९,२८७,९६० | १०,२१६,७५६ | ११,२३८,४३२ | १२,३६२,२७५ | ५१,५४९,०२२ |
| सशर्त अनुदान चालु | १७,२९६,००० | १२,५००,६३१ | १९,८०२,००० | २१,७८२,२०० | २३,९६०,४२० | २६,३५६,४६२ | २८,९९२,१०८ | ३१,८९१,३१९ | १३२,९८२,५०९ |
| विशेष अनुदान चालु | ५,०००,००० | ४,६६१,९८३ | २०,०००,००० | २२,०००,००० | २४,२००,००० | २६,६२०,००० | २९,२८२,००० | ३२,२१०,२०० | १३४,३१२,२०० |
| राजश्व बाँडफाँड | ४४,४१३,७०१ | ५७,३७२,५२० | ५६,६४८,९७१ | ६३,१२४,७४५ | ६९,४३५,०५६ | ७६,३८०,५१३ | ८४,०१८,५६४ | ९२,४१८,०४२ | ३८५,३७६,९१९ |
| बाँडफाँड भइ प्राप्त हुने मूल्य अभिवृद्धि कर | २६,६०८,५१४ | २९,९५५,६७३ | २८,६९७,०८२ | ३१,५६६,७९० | ३४,७२३,४६९ | ३८,१९५,८१६ | ४२,०१५,३९७ | ४६,२१६,९३७ | १९२,७१८,४०८ |
| बाँडफाँड भइ प्राप्त हुने अन्तः शुल्क | ७,७०२,३८० | ९,७०१,७१५ | १०,०१८,६४२ | ११,०२०,५०७ | १२,१२२,५५७ | १३,३३४,८१३ | १४,६६८,२९४ | १६,१३५,१२४ | ६७,२८१,२९५ |
| बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ७,१५४,९४१ | ९,३७८,९१९ | ८,९६७,६२७ | ९,८६४,३८९ | १०,८५०,८२८ | ११,९३५,९११ | १३,१२९,५०२ | १४,४४२,४५३ | ६०,२२३,०८४ |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | ८४,३३९ | ६४,५७५ | २०२,७८० | २२३,०५८ | २४५,३६४ | २६९,९०० | २९६,८९० | ३२६,५७९ | १,३६१,७९० |
| बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | २,१२१,३४७ | ८,२७१,५६६ | ८,७६०,९८८ | ९,६३७,०८७ | १०,६००,७९५ | ११,६६०,८७५ | १२,८२६,९६२ | १४,१०९,६५९ | ५८,८३५,३७८ |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ७३७,१६० | | | ८१०,८७६ | ८९१,९६४ | ९८१,१६० | १,०७९,२७६ | १,१८७,२०४ | ४,९५०,४७९ |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ५,०२० | ७२ | १,८५३ | २,०३८ | ७९ | २,०३८ | २,२४२ | ८७ | ६,४८५ |
| **आन्तरिक श्रोत** | **२७,३३८,१७५** | **४३,३१६,९५६** | **३५,८९०,८७५** | **४०,३१३,२६२** | **४४,३४४,५८९** | **४८,७७९,०४७** | **५३,६५६,९५२** | **५९,०२२,६४७** | **२४६,११६,४९८** |
| भूमिकर/ मालपोत | २८३,०५९ | २४७,३८३ | १५६,०५७ | १७१,६६३ | १८८,८२९ | २०७,७१२ | २२८,४८३ | २५१,३३२ | १,०४८,०१९ |
| घरबहाल कर | २९०,७२२ | ३९१,००६ | २९४,५६३ | ३२४,०१९ | ३५६,४२१ | ३९२,०६३ | ४३१,२७० | ४७४,३९७ | १,९७८,१७० |
| वहाल विटौरी कर | ५४८,००५ | | | ६०२,८०६ | ६६३,०८६ | ७२९,३९५ | ८०२,३३४ | ८८२,५६८ | ३,६८०,१८८ |
| नक्सा पास दस्तुर | ५२,३७८ | ३२,८३५ | ४१,४२१ | ४५,५६३ | ५०,११९ | ५५,१३१ | ६०,६४४ | ६६,७०९ | २७८,१६७ |
| सिफारिश दस्तुर | ३५६,००५ | ४४५,१३६ | ३२२,०९९ | ३५४,३०९ | ३८९,७४० | ४२८,७१४ | ४७१,५८५ | ५१८,७४४ | २,१६३,०९१ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ५९,२८३ | १२६,८०० | १२५,२०० | १३७,७२० | १५१,४९२ | १६६,६४१ | १८३,३०५ | २०१,६३६ | ८४०,७९४ |
| नाता प्रमाणित दस्तुर | ६,१०० | १४,९०० | ५,६०० | ६,१६० | ६,७७६ | ७,४५४ | ८,१९९ | ९,०१९ | ३७,६०७ |
| अन्य दस्तुर | २२३,७५० | १४३,८०२ | ६९,५०० | ७६,४५० | ८४,०९५ | ९२,५०५ | १०१,७५५ | १११,९३० | ४६६,७३५ |

| आय तर्फ | | | | ५ वर्षको आय प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शीर्षक र स्रोत | आ.व. २०७७/२०७८ को यथार्थ | आ.व. २०७८/२०७९ को यथार्थ | आ.व २०७९/२०८० को अनुमान | आ.व. २०८०/२०८१ को प्रक्षेपण | आ.व. २०८१/२०८२ को प्रक्षेपण | आ.व. २०८२/२०८३ को प्रक्षेपण | आ.व. २०८३/२०८४ को प्रक्षेपण | आ.व. २०८४/२०८५ को प्रक्षेपण | ५ वर्षको जम्मा |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३१,५६६ | १३०,९०० | २१०,००० | २३१,००० | २५४,१०० | २७९,५१० | ३०७,४६१ | ३३८,२०७ | १,४१०,२७८ |
| न्यायिक दण्ड, जरिवाना र जफत | | | १२,००० | १३,२०० | १४,५२० | १५,९७२ | १७,५६९ | १९,३२६ | ८०,५८७ |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ४,०२६ | १६०,७५० | | १७६,८२५ | १९४,५०८ | २१३,९५८ | २३५,३५४ | २५८,८८९ | १,०७९,५३४ |
| अन्य राजश्व | १,३४२,३३५ | २,८७४,७०३ | ८८०,३९७ | ९६८,४३६ | १,०६५,२८० | १,१७१,८०८ | १,२८८,९८९ | १,४१७,८८७ | ५,९१२,४०० |
| बेरुजू | १२,५५० | ४८,७९० | | ५३,६६९ | ५९,०३६ | ६४,९३९ | ७१,४३३ | ७८,५७७ | ३२७,६५५ |
| बैंक मौज्दात | २४,१२८,३९७ | ३८,६९९,९५२ | ३३,७७४,०३९ | ३७,१५१,४४२ | ४०,८६६,५८७ | ४४,९५३,२४५ | ४९,४४८,५७० | ५४,३९३,४२७ | २२६,८१३,२७१ |
| **जम्मा आय रु. मा** | **३३२,७४८,४१५** | **३३८,४४८,४३०** | **३७२,२१४,८४७** | **४३९,५१४,७६१** | **४८३,४६४,०७५** | **५३१,८१२,४३३** | **५८४,९९३,६७६** | **६४३,४९०,६६५** | **२,६८३,२७५,६११** |

## तालिका २८: व्ययको अनुमान/प्रक्षेपण

| व्यय तर्फ | | | | ५ वर्षको व्यय प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| खर्च शीर्षक | आ.व. २०७७/०७८ यथार्थ | आ.व. २०७८/०७९ को यथार्थ | आ.व. २०७९/०८० को अनुमान | आ.व. २०८०/०८१ को प्रक्षेपण | आ.व. २०८१/०८२ को प्रक्षेपण | आ.व. २०८२/०८३ को प्रक्षेपण | आ.व. २०८३/०८४ को प्रक्षेपण | आ.व. २०८४/०८५ को प्रक्षेपण | जम्मा |
| **क. चालु खर्च तर्फ** | **१७९६१९४६३.४** | **१९२१७००४७.३** | **१८६८७५३५६.८** | **२०५५६२८९२.४** | **२२६११९१८१.७** | **२४८७३१०९९.८** | **२७३६०४२०९.८** | **३००९६४६३०.८** | **१२५४९८२०१५** |
| **ख. पुँजीगत खर्च तर्फ** | **७६०८७०५०** | **११२५२३७८४** | **६८८७७०६५** | **२८९०८९८९३८** | **२८७०३४२६४८** | **२८४७७३०७३०** | **२८२२८५७६२०** | **२७९५४९७१९९** | **१४२२७३२७१३५** |
| क. आर्थिक विकास | १७५५२६४० | २१३१९०५३ | १०७००१०० | ५१७५९१८३० | ५१७५९१८३० | ५१७५९१८३० | ५१७५९१८३० | ५१७५९१८३० | २५८७९५९१५० |
| ख. सामाजिक विकास | १३००६६५४५ | १७०१००३१८ | १४६९५३०५९ | १६८२००००० | १६८२००००० | १६८२००००० | १६८२००००० | १६८२००००० | ८४१०००००० |
| ग. शहरी विकास तथा पूर्वाधार | ५५८३६१५९ | ५१९५७२१८ | २९५०२८९१ | २०९४७२०००० | २०९४७२०००० | २०९४७२०००० | २०९४७२०००० | २०९४७२०००० | १०४७३६००००० |
| घ. वन, वातावरण तथा विपद व्यवस्थापन | ६४८३९१० | ३५१००३३ | ६६३७२६३ | ३०१५७०००० | ३०१५७०००० | ३०१५७०००० | ३०१५७०००० | ३०१५७०००० | १५०७८५०००० |
| ङ. संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४५७६७२५९ | ५७८०७२०९ | ६१९५९१०९ | १४३८०००० | १४३८०००० | १४३८०००० | १४३८०००० | १४३८०००० | ७१९००००० |
| **जम्मा व्यय रु. (क र ख को योग)** | **२५५७०६५१३** | **३०४६९३८३१** | **२५५७५२४२२** | **३०९६४६१८३०** | **३०९६४६१८३०** | **३०९६४६१८३०** | **३०९६४६१८३०** | **३०९६४६१८३०** | **१५४८२३०९१५०** |
| **पुग तथा अपुग बजेट** | | | | **(२६५६९४७०६९)** | **(२६१२९९७७५५)** | **(२५६४६४९३९७)** | **(२५११४६८१५४)** | **(२४५२९७११६५)** | **(१२७९९०३३५३९)** |

माथिको तालिकामा उत्तरगया गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ देखि २०७९/०८० सम्मको यथार्थ आय व्ययको वित्तीय विश्लेषण गरिएको छ । यस अन्तर्गत संघ तथा प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत् प्राप्त समानीकरण, सशर्त, समपुरक, विशेष अनुदान, राजश्व बाँडफाँड, गाउँपालिकाको आन्तरिक स्रोत, संचित कोष, संघीय सरकारका गौरवका परियोजनामा गरिएको वजेट विनियोजन र खर्चको आधारमा आगामी आर्थिक वर्ष २०८०/०८१ देखि २०८४/०८५ सम्मको अनुमानित बजेटको प्रक्षेपण गरिएको छ।

गाउँपालिका भित्र सामाजिक, आर्थिक, भौतिक, वन तथा वातावरण र संस्थागत विकासका विभिन्न क्षेत्रको विकासका लागि गैरसरकारी संस्था, निजी क्षेत्र, दातृ निकाय, वित्तीय संस्था, चन्दादाता र स्थानीय विकास साझेदारबाट सञ्चालन हुने कार्यक्रमहरूको अनुमानित बजेट, विकास निर्माणमा उनीहरूको नगद तथा अन्य सहभागितालाई ध्यानमा राखी आर्थिक वर्ष २०८०/८१ को लागि प्राप्त हुन सक्ने राजश्व र आयको अनुमान गरिएको छ। निजी क्षेत्रबाट जलविद्युत्, पर्यटन व्यवसाय, उद्योगधन्दा, कृषि तथा पशुपालनमा गाउँपालिका क्षेत्रभित्र भैरहेको र हुन सक्ने लगानी समेतलाई मध्यनजर राखी आर्थिक वर्ष २०८०/०८१ का लागि निजी क्षेत्रको कूल लगानीको अनुमान गरिएको छ। यस्तो लगानीका हकमा आगामी चार वर्षका लागि समेत समान लगानीको प्रक्षेपण गरिएको छ। तर योजना अवधिमा हुने गाउँपालिकाको आन्तरिक आय, संघ र प्रदेशबाट हुने वित्तीय हस्तान्तरण गैरसरकारी संस्थाबाट अपेक्षित कार्यक्रममा हुने खर्च र जनसहभागिताबाट हुने योगदान शीर्षकहरूमा प्रत्येक अघिल्ला वर्षहरूका लागि राजश्व र आम्दानीको प्रक्षेपण १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको छ । निजी लगानीकर्ताले योजना अवधिभर प्रत्येक वर्ष १० प्रतिशतका दरले लगानी वृद्धि गर्ने अनुमान र प्रक्षेपण गरिएको छ। निजी क्षेत्रको लगानी अनुमान गर्दा निजी क्षेत्रका लगानीकर्ताहरूबाट हाल गाउँपालिका क्षेत्रमा भइरहेको लगानी र भविष्यमा हुन सक्ने लगानीबारे सम्बन्धित व्यवसायीहरूसँगको छलफल र अन्तर्क्रियाबाट आएका तथ्य र सुझावहरूलाई समेत आधार मानिएको छ।

**यस आवधिक योजनामा कूल रु. १६ अर्ब ७३ करोड ७२ लाख एकानब्बे हजार एकसय पैसठ्ठी लगानीको अनुमान गरिएको छ जसमा प्रक्षेपित आयले रु २ अर्ब ६८ करोड ३२ लाख ७५ हजार छसय एघार (१६.०३ प्रतिशत) धान्ने देखिन्छ भने बाँकी अपुग रु. १४,०५,४०,१५,५५४ को हकमा,**

- **निजी क्षेत्रका आयोजना प्रवर्द्धकहरु, व्यावसायिक लगानीकर्ताहरु र उत्तरगयाबासी जनताले सम्बन्धित परियोजनाहरूमा गर्ने लागत सहभागिताबाट करिब २,८१,०८,०३,१११ (२० प्रतिशत) हुने अनुमान गरिएको छ ।**
- **यस बाहेक संघ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र तिनीहरूले सञ्चालन गर्ने विभिन्न कार्यक्रम र आयोजनाहरुमा १०,५४,०५,११,६६६ (७५ प्रतिशत) प्राप्त हुने अनुमान गरिएको छ ।**
- **त्यसैगरी योजना अवधि भरिमा गैरसरकारी संस्थाहरु र जनसहभागिता मार्फत् परिचालन हुने कूल आय ७०,२७,००,७७७ (५ प्रतिशत) अनुमान र प्रक्षेपण गरिएको छ ।**

उल्लेखित आय र लगानीको प्रक्षेपण गर्दा गाउँपालिकामा विगत आर्थिक वर्षमा भएको यथार्थ आय मार्फत भएको विकास खर्चको परिचालनको स्थितिलाई विश्लेषण गरिएको छ। गाउँपालिकाको वर्तमान नेतृत्वको दीर्घकालीन सोच, क्रियाशीलता संघ र प्रदेशले आफ्ना नीति, कार्यक्रम र बजेट मार्फत देखाएको मार्गदर्शन जनताका अपेक्षा र विकासमा सहभागिता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको प्रभावकारी परिचालन समेतलाई दृष्टिगत गर्दा योजना अवधिका लागि अनुमानित आय तथा लगानीको अनुमान र त्यसलाई पूर्ति गर्ने स्रोतहरू अपेक्षा गरे अनुरूप परिचालन हुने विश्वास गरिएको छ। गाउँपालिकाको योजना अवधिमा हुने कूल खर्च रु. १६ अर्ब ७३ करोड ७२ लाख एकानब्बे हजार एकसय पैसठ्ठी मध्ये नियमित चालु खर्चमा रु. १,२५,४९,८२,०१५ (७.५० प्रतिशत) र पुँजीगत खर्च रु १५,४८,२३,०९,१५० (९२.५० प्रतिशत) विनियोजन गरिएको छ। विनियोजित पुँजीगत खर्चमध्ये विकासका पाँचवटा क्षेत्रमा निम्न अनुसार प्रक्षेपण गरिएको छ :

| विषयगत क्षेत्र | जम्मा | प्रतिशत |
|---|---|---|
| क. आर्थिक विकास | २५८७९५९१५० | १६.७ |
| ख. सामाजिक विकास | ८४१०००००० | ५.४ |
| ग. शहरी विकास तथा पूर्वाधार | १०४७३६००००० | ६७.६ |
| घ. वन, वातावरण तथा विपद व्यवस्थापन | १५०७८५०००० | ९.७ |
| ङ. संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७१९००००० | ०.५ |

विगत ३ आ.व.हरूको आन्तरिक राजश्वको हिसाब गर्दा आ.व. २०७८/७९ मा रु ४,३३,१६,९५६ भएकोमा आ.व. २०७९/८० को अनुमान रु ३,५८,९०,८७५ भएको हुँदा यसको सरदर वृद्धि तथा न्यूनले एकरूपता नपाएको हुँदा चालु आ.व. २०७९/८० कै अनुमानलाई राजश्व सुधार कार्य योजना बनाएको खण्डमा औषत १० प्रतिशत वृद्धिका दरले आन्तरिक राजश्वबाट हुने आयलाई पनि सोहि अनुपातमा प्रक्षेपण गरिएको छ।

तालिका २९: आय प्रक्षेपण

| १. चालु आ.व. मा विभिन्न स्रोतको आयमा प्रति वर्ष १० प्रतिशत वृद्धिका आधारमा | |
|---|---|
| प्रथम वर्ष रू. | ४०,३१३,२६२ |
| दोस्रो वर्ष रू. | ४४,३४४,५८९ |
| तेस्रो वर्ष रू. | ४८,७७९,०४७ |
| चौथो वर्ष रू. | ५३,६५६,९५२ |
| पाँचौ वर्ष रू. | ५९,०२२,६४७ |
| **५ वर्षमा जम्मा रु** | **२४६,११६,४९८** |

### ११.४ लगानीको स्रोत र व्यवस्था

#### ११.४.१ लगानीको आवश्यकता र स्रोत

यो योजना कार्यान्वयन गर्न ५ वर्षका लागि चालु खर्चका अतिरिक्त आर्थिक, सामाजिक, शहरी तथा पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासन र अन्तर सम्बन्धित गरी कुल जम्मा रू १५,४८,२३,०९,१५० आवश्यक पर्ने र ५ वर्षमा हुने अनुमानित आय रू. २,६८३,२७५,६११ को अनुपातमा रू. १२,७९९,०३३,५३९ अपुग हुने देखिन्छ। अपुग स्रोतको परिपूर्तिका लागि निम्न विकल्प अनुसार व्यवस्थापन गरिनेछः

| | | |
|---|---|---|
| विकल्प १ | : | आवधिक योजनालाई संघ र प्रदेश सरकार समक्ष पेश गरी गौरवका योजनाहरूमा लगानी गर्न पहल गरेर, |
| विकल्प २ | : | चालु खर्च नियन्त्रण तथा पुँजीगत खर्च गर्दा न्यूनतम खर्चमा बढी उपलब्धि हुने ढंगबाट खर्च गरेर, |
| विकल्प ३ | : | आन्तरिक राजश्वका स्रोत पहिचान र वृद्धि गरेर, |
| विकल्प ४ | : | अन्य दातृ निकायसँग विकास आयोजनामा साझेदारी गरेर, |
| विकल्प ५ | : | कार्यरत संघ संस्थाहरूसँग सहकार्य बढाएर, |
| विकल्प ६ | : | लाभग्राहीहरू तथा स्थानीय सहकारीसँग लागत सहभागिता बढाएर, |
| विकल्प ७ | : | कम जरूरी र कम महत्वपूर्ण आयोजनालाई वार्षिक योजनामा पुनर्विचार गरेर। |

स्रोत आँकलनका विविध उपायहरू मध्ये बढी सरदर ५ वर्षका लागि उपलब्ध हुने भनि आ.व. २०७९/०८० को सिलिङ्गका आधारमा सामान्यतः प्रति वर्ष १० प्रतिशतका दरले सबै क्षेत्रबाट उपलब्ध हुने आय र अनुदान तथा राजश्व बाँडफाँटमा वृद्धि हुने अपेक्षाका आधारमा ५ वर्षका लागि आय प्रक्षेपण गरिएको छ आयको आधार र प्रक्षेपण गरिएका प्रतिफलहरूको प्राप्तिका प्रत्येक नतिजा र सो अन्तर्गतका कार्यहरूको अनुमानित सरदर लागत हिसाबका आधारमा ५ वर्षको खर्च प्रक्षेपण गरिएको छ। यसरी हिसाब गर्दा केहि भिन्नता आउने बजेट तल तालिकामा प्रस्तुत गरिएको छ। यसरी अपुग बजेटलाई गाउँपालिकाले माथि दिइएका विकल्पहरूको उपयोग गरेर घाटा पूर्ति गर्ने देखिन्छ।

#### ११.४.२ आन्तरिक स्रोतको व्यवस्था र परिचालन नीति

यस गाउँपालिकाको राजश्व परामर्श समितिको सिफारिसमा गाउँसभाले तोकेको दरमा गाउँपालिकाले राजश्व सङ्कलन गर्दछ। सामान्यतः उत्तरगया गाउँपालिका अन्तर्गत कर तथा गैर कर अन्तर्गत विभिन्न सिफारिस, व्यक्तिगत घटना दर्ता, व्यवसाय दर्ता, नवीकरण शुल्क, एकीकृत सम्पत्ति कर, घर बहाल कर, विज्ञापन कर, मालपोत तथा भूमि कर, व्यवसाय कर, औद्योगिक कर, निकासी कर जस्ता शीर्षकबाट प्राप्त आम्दानी गाउँपालिकाको आन्तरिक स्रोतहरू हुन्। यसरी प्राप्त स्रोतलाई यसै आवधिक योजनामा निर्दिष्ट गरिएका योजना तथा कार्यक्रमहरूमा परिचालन गरिनेछ।

#### ११.४.३ अन्तर सरकारी स्रोत परिचालन

सामान्यतः संघीय तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकमा गाउँपालिकाले बजेट प्राप्त गर्ने प्रावधान रहेको छ। राजश्व बाँडफाँडका अतिरिक्त अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट सशर्त अनुदान, वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, अन्तर स्थानीय तहबाट प्राप्त रकम, सामाजिक सुरक्षा भत्ता तथा संस्थागत सहभागिताबाट बजेट प्राप्त हुन्छ भने प्रदेश सरकारबाट पनि सवारी करको राजश्व बाँडफाँड तथा सशर्त अनुदान, वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान प्राप्त हुन्छ। यसरी प्राप्त स्रोतलाई पनि यसै आवधिक योजनामा निर्दिष्ट गरिएका योजना तथा कार्यक्रमहरूमा परिचालन गरिनेछ।

#### ११.४.४ जनसहभागिता परिचालन

गाउँपालिकाको विकासका लागि जनसहभागिता एक महत्वपूर्ण पक्ष हो। यो गाउँपालिका नागरिक र गाउँपालिका सँगसँगै भन्ने मान्यतामा काम गर्ने र जनताको विकासमा स्वामित्व बोध गराउन पनि जनताले धान्न सक्ने हदसम्मका उत्पादन तथा उत्पादकत्व बढाउने र रोजगारी सिर्जना गर्ने प्रकारका योजनाहरू लागत सहभागितामा पहिलो प्राथामिकताका साथ कार्यान्वयन गर्ने तर्फ उन्मुख हुने छन्।

#### ११.४.५ निजी तथा वित्तीय क्षेत्रको स्रोत परिचालन

निजी तथा वित्तीय क्षेत्र गाउँपालिकाको विकास योजनाहरूका लागि अर्को महत्वपूर्ण विकास साझेदार पक्ष हुन्। खास गरी वित्तीय क्षेत्र ग्रामीण अर्थतन्त्र चलायमान बनाउन महत्वपूर्ण अंग हुन्। नेपाल सरकारको तीन खम्बे अर्थ नीति अन्तर्गत सहकारी र निजी क्षेत्र एक महत्वपूर्ण अंग हुन्। तसर्थ गाउँपालिकाको आर्थतन्त्र मजबुत बनाउन निजी क्षेत्र र सहकारीसँगको सहकार्य बढाइने छ।

#### ११.४.६ संघ संस्थाको स्रोत परिचालन

स्थानीय स्तरमा कार्यरत संघ, संस्था र दातृ निकाय तथा अन्य संघसंस्थाहरू गाउँपालिकाको विकासका महत्वपूर्ण साझेदार पात्रहरू हुने छन्। विकास साझेदार तथा लागत साझेदारीमा यस्ता संघ संस्थाहरू सँगको सहकार्यलाई तीव्रता दिइने छ।

#### ११.४.७ अन्य स्रोत परिचालन

यो आवधिक विकास योजना कार्यान्वयन गर्न आवश्यकताका आधारमा योजनाको लक्ष्य प्राप्तिमा सहयोग गर्न चाहने र असल नियतबाट आउने जुनसुकै स्रोतलाई पनि स्वागत गरिनेछ।

#### ११.४.८ स्रोत साधनको बाँडफाँट तथा परिचालनका आधारहरू

स्रोत बाँडफाँटको मूल आधार वित्तीय व्यवस्थापनका न्यूनतम आधारहरू जस्तैः

**क. जनताको साधन जनताकै हितमा:**
जनताबाट माग भै आएका योजनालाई प्राथमिकीकरण गरी कार्यान्वयन गरिनेछ।

**ख. वित्तीय जवाफदेहिता:**
स्रोतहरूको परिचालन जनताले महशुस गर्ने गरी पारदर्शी र जवाफदेहि भएर गरिनेछ।

**ग. नीतिगत व्यवस्था प्रति अडिग:**
राजश्व सङ्कलन, लक्ष्य निर्धारण र खर्च निर्धारण स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८का प्रावधान अनुसार गरिनेछ।

**घ. प्राथमिकता केन्द्रित:**
योजनाहरूको प्राथमिकतामा खर्च गरिने छ।

**ङ. कार्य संचालनका लागि क्षमता विकास:**
स्थानीय सरकारको संस्थागत र मानव संसाधनको क्षमताले कार्यलाई असर पार्ने हुँदा यस तर्फ पनि ध्यान दिइने छ। कार्यान्वयन कार्य योजना, कार्य जिम्मेवारी निर्धारण, नतिजा र सूचकहरूको निर्धारण प्रष्ट पारिने छ।

**च. जवाफदेहिता मापन:**
आय व्ययको लेखा परीक्षण, आय व्ययको सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाइका माध्यमबाट जवाफदेहिता मापनको व्यवस्था गरिनेछ।

प्रस्तुत गरिएका योजनाहरूमा लाग्ने अनुमानित लागत नै हो। खास गरी कृषिको यान्त्रिकीकरणका माध्यमबाट व्यावसायीकरण, पशु पालनमा व्यावसायीकरण, स्थानीय स्रोत साधनमा आधारित उद्यम व्यवसायको स्थापना, सम्पदामैत्री पर्यटन विकास, सामाजिक क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, दिगो पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन, अन्तर सम्बन्धित विषयहरू, सेवा प्रवाह र सुशासन जस्ता विषयहरूको एकीकृत विकास गर्ने लक्ष्य तथा प्रतिफल प्राप्तिका लागि तयार गरिएको खर्च योजना नै स्रोत साधनको बाँडफाँटका मूल आधारहरू हुन्।

स्रोत साधनहरूको बाँडफाँटलाई निम्न संवैधानिक, कानुनी र नीतिगत आधार समेतलाई ख्याल गरिएको छ,

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,
- नेपाल सरकार तथा प्रदेश सरकारबाट आ.व. २०७९/०८० को लागि प्रस्तुत भएको नीति तथा कार्यक्रम,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू,
- संघीय, प्रदेश तथा स्थानीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,
- स्थानीय तहको गुरुयोजना र आवधिक योजनाले तय गरेका प्राथमिकताहरू,
- नेपाल सरकारको पन्ध्रौं योजना (२०७६/२०७७–२०८०/२०८१)
- दिगो विकास लक्ष्य २०३०

## ११.५ सार्वजनिक खर्च र राजश्व परिचालन नीति:

### ११.५.१ सार्वजनिक खर्च नीति

उत्तरगया गाउँपालिकाको सार्वजनिक खर्चको मूल नीति भनेको गाउँपालिकाबासीको वृहत्तर हित र उनीहरूकै सरोकारका योजनाहरूमा पारदर्शी ढंगबाट खर्च गरिने नीति लिइने छ। थोरै लागतमा धेरै प्रतिफल प्राप्त हुने प्रकारका गतिविधिहरूमा खर्च गरी लेखा परीक्षण तथा सार्वजनिक सुनुवाइको माध्यमबाट पारदर्शी बनाइने नीति लिइएको छ।

### ११.५.२ राजश्व नीति

आन्तरिक राजश्व गाउँपालिकाको अभिन्न अंग हो र विकासका लागि ज्यादै महत्वपूर्ण अंश हो। सम्भावित र वर्तमानमा उपलब्ध राजश्वलाई व्यवस्थित रूपमा नियन्त्रण, व्यवस्थापन गर्नु आवश्यक छ। गाउँपालिकाको आफ्नो सार्वजनिक खर्च नियमावली तयार गरिएको छ र सोको मातहतमा रहेर राजश्व खर्च गरिने छ।

## ११.६ निजी क्षेत्रको स्रोत परिचालन नीति

योजनाका कतिपय गतिविधिहरू लागत साझेदारीमा संचालन गरिने छन्। खास गरी व्यवसायिक कृषि तथा पशुपालन, सिंचाईका लागि पोखरी निर्माण, होम स्टे र ऊर्जा क्षेत्रको विकास गरिने छ। यस्ता प्रकारका गतिविधिहरूमा निजी क्षेत्रको स्रोत परिचालनलाई प्राथमिकतामा राखिएको छ।

## ११.७ सहकारी क्षेत्रको स्रोत परिचालन नीति

ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन सहकारीको निकै ठूलो भूमिका छ। सहकारीमा जनताको पहुँच वृद्धिका साथै आय आर्जनका क्षेत्रमा सहकारीबाट व्यवसाय विकास र ऋण प्रवाहलाई जोडिने छ।

## ११.८ जनसहभागिता परिचालन नीति

जनताले धान्न सक्ने हदसम्मका उत्पादन तथा उत्पादकत्व बढाउने र रोजगारी सिर्जना गर्ने प्रकारका योजनाहरू लागत सहभागितामा पहिलो प्राथामिकताका साथ कार्यान्वयन गर्ने नीति लिईने छ।

## ११.९ संघ संस्थाको स्रोत परिचालन नीति

योजनामा अनुमान गरिएका अपुग स्रोत जुटाउन र लागत साझेदारीमा कार्य गर्न स्थानीय संघ संस्थासँगको सहकार्य बढाइने छ। आवधिक योजना कार्यान्वयनका लागि उपरोक्त नपुग श्रोत रकमको परिचालनका लागि देहायअनुसारको रणनीति अख्तियार गरिनेछ।

- आन्तरिक श्रोत (सम्पत्ती कर, व्यवसाय कर, सेवा शुल्क, नदीजन्य पदार्थ बिक्री) दायरा र दर बढाउने तथा प्रक्रिया व्यवस्थित गर्ने
- संघीय र प्रदेश सरकारसँग अनुदान रकम बढाउन पैरवी गर्ने
- गैसस तथा विकास साझेदारसँग साझेदारी र सहकार्य वृद्धी गर्ने
- स्वदेश तथा विदेशमा भएका संस्था तथा व्यक्तिबाट सहयोग जुटाउने
- जनश्रम, स्थानीय स्रोत र सामग्री योगदानमा वृद्धि गर्ने
- निजी क्षेत्रको लगानी र साझेदारी अभिवृद्धि गर्ने
- संघ तथा प्रदेश सरकारसँग समपुरक साझेदारी गरी आयोजना संचालन गर्ने
- उत्पादनमूलक आयोजनामा नेपाल सरकारको स्वीकृती लिई ऋण परिचालन गर्ने
- लगानी सम्मेलन तथा पैरवी गरी लगानी भित्र्याउने

## ११.१० आवधिक विकास योजना कार्यान्वयन

आवधिक योजनामा आधारित भई वार्षिक योजना तथा बजेट तर्जुमा गरी आवधिक योजनाको कार्यान्वयन गरिनेछ। यसरी वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, नीति तथा कार्यनीति एवं कार्यक्रमलाई आधार लिईनेछ।

आवधिक विकास योजनामा आधारित भई तीन वर्षको खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्च संरचना तयार गरिनेछ र सो बमोजिम प्राथमिकता प्राप्त कार्यक्रममा वार्षिक योजना तथा बजेट तर्जुमा गरी कार्यान्वयन गरिने छ। यसरी वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, विषयक्षेत्रगत उद्धेश्य तथा कार्यक्रमलाई आधार लिईने छ।

आवधिक विकास योजनाको स्वीकृती पछि गाउँ कार्यपालिकाले सवै विषयगत समिति एवं शाखा, सबै वडा कार्यालय तथा सम्बन्धित सरोकारवालालाई वार्षिक योजना मार्फत योजनाको कार्यान्वयनको लागि लिखित जानकारी गराइने छ। आवधिक विकास योजनको लक्ष्य, उद्देश्य, रणनीति, नतिजा तालिका तथा भौतिक लक्ष्य र कार्यक्रमका आधारमा सहभागितात्मक प्रक्रिया मार्फत वार्षिक योजनाको तर्जुमा गरी आवधिक योजनाको कार्यान्वयन सुनिश्चित गरिने छ।

# परिच्छेद-१२
## अनुगमन तथा मूल्याङ्कन योजना

### १२.१ पृष्ठभूमि

गाउँपालिका क्षेत्रको समग्र विकासका लागि निर्धारित लक्ष्य, उद्धेश्य तथा अपेक्षित प्रतिफलहरु प्राप्तिमा प्रभावकारी अनुगमन हुन आवश्यक छ। आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक योजना तर्जुमा तथा कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ भएको प्रगति सुनिश्चित गर्नुपर्ने देखिन्छ। कार्यान्वयनका दौरान आइपर्ने समस्याहरुको समस्या समाधान एवं गरिएको लगानी तथा साधनको प्रवाह आशातित ढंगबाट भए नभएको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ। तसर्थ गाउँपालिकाले आवधिक विकास योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने एवं सोका लागि वार्षिक योजना कार्यान्वयन तालिका समेत तयार गर्नेछ। यसरी तयार भएको कार्यान्वयन तालिकामा अनुगमन तथा मूल्याङ्कनका कार्यहरूसमेत निर्दिष्ट गर्ने एवं सो अनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनेछ।

### १२.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

आवधिक विकास योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा संचालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ। प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ भने यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गर्नेछ। गाउँपालिकाको आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहायअनुसार रहेको छ।

- गाउँ कार्यपालिका तथा विषयगत समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- जिल्ला समन्वय समिति
- विषयगत शाखा उपशाखा, परियोजना, संघ, संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

### १२.३ अनुगमन तथा मूल्याङ्कन विधि तथा प्रक्रिया

आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका औजार तथा विधि देहायअनुसार रहनेछ।

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगति विच तुलना
- नागरिक अनुगमन
- नतिजामा आधारित ढाँचा अनुसार बार्षिक समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक मध्यावधि समीक्षा
- नतिजामूलक ढाँचा अनुसार सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक तथा वार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा तथा प्रक्रिया देहायअनुसार हुनु पर्नेछ।

**तालिका ३०: आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया**

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| प्रभाव तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम वर्ष | • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>• सहभागितामूलक छलफल गर्ने<br>• अध्ययन तथा सर्वेक्षण गर्ने |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | बार्षिक, मध्यावधि र अन्तिम वर्ष | • सहभागितामूलक छलफल गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने<br>• नमूना सर्वेक्षण गर्ने |
| प्रतिफल अनुगमन | गाउँ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधि | • स्थलगत अनुगमन गर्ने<br>• वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने |

## सन्दर्भ सामग्री


- नेपालको संविधान २०७२
- राष्ट्रिय योजना आयोगको पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६-७७-२०८०-८१)
- वागमती प्रदेश योजना आयोगको प्रथम पञ्चवर्षीय योजना (२०७६-७७-२०८०-८१)
- दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्र सन् २०१६-२०३०
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- उत्तरगया गाउँपालिकाको २० वर्षे गुरुयोजना २०८०
- संघ प्रदेश र स्थानीय तह वीचको समन्वय र अन्तर सम्वन्ध सम्वन्धि ऐन, २०७७
- प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायि बजेट नमुना निर्देशिका, २०७७

**उत्तरगया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल
फोन नं : ०१०-५९२७७७
ईमेल : info@uttargayamun.gov.np, uttargayarm@gmail.com
वेबसाइट : www.uttargayamun.gov.np